
एवं मे सुतं.................

# बुद्धोपस्थापक भिक्षु आनन्द महास्थविर

गणेगम सरणंकर महानायक महास्थविर



अनुवादक:

**भिक्षु पञ्ञामूर्ति**

Downloaded from http://dhamma.digital

एवं मे सुतं................

# बुद्धोपस्थापक भिक्षु आनन्द महास्थविर

## गणेगम सरणंकर महानायक महास्थविर

Dhamma.Digital

अनुवादक:

**भिक्षु पञ्ञामूर्ति**

Downloaded from http://dhamma.digital

| | |
|---|---|
| प्रकाशक | आनन्दकुटी विहार<br>स्वयम्भू, काठमाडौं, नेपाल |
| अनुवादक | भिक्षु पञ्ञामूर्ति<br>nkpmurti@hotmail.com |
| सम्पादन सहयोगी | श्री अष्टमुनि गुभाजु |
| प्रथम संस्करण | १००० |
| बुद्ध सम्बत् | २५५८ |
| विक्रम सम्वत् | २०७१ |
| नेपाल सम्वत् | ११३४ |
| इसवी सम्वत् | २०१४ |


| | |
|---|---|
| सर्वाधिकार | अनुवादकमा सुरक्षित |


| | |
|---|---|
| कम्प्यूटर सेटिङ्ग | भिक्षु पञ्ञामूर्ति |
| सहयोग मूल्य | १६०/- (सहयोग रकम अर्को पुस्तक प्रकाशनार्थ उपयोग गरिनेछ) |
| मुद्रक | आइडियल प्रिन्टिङ्ग प्रेस,<br>फोनः ५००७५६३ (ग्वार्को), २१२०२३५ (पुल्चोक शाखा) |



Dhamma Digital

Downloaded from http://dhamma.digital

# समर्पण

अनेक दुःख कष्ट भोगेर हुर्काउनुहुने,

सहनशीलताका साथ जिउन सिकाउनुहुने,

सँधै प्रगतिको बाटो देखाउँदै,

आशिर्वाद दिइरहनुहुने,

प्रातः स्मरणीय मेरा दिवंगत पूजनीय मातापिताको,

श्री चरणकमलमा यो पुस्तक

सादर समर्पण ।

Dhamma.Digital

- भिक्षु पञ्ञामूर्ति

Downloaded from http://dhamma.digital



बुबा रत्नबहादुर (जन्म १९७८ - दिवंगत २०३५/११/२०)
आमा इन्द्रमाया तण्डुकार (जन्म १९८० - दिवंगत २०४३/११/१९)

Downloaded from http://dhamma.digital

# मन्तव्य

भगवान् बुद्धको बुद्धत्व प्राप्ति र वहाँको पहिलो उपदेश धर्मचक्रप्रवर्तनपश्चात् बुद्धशासनमा अनेकौं प्रभावशाली व्यक्तित्वले भरेका बुद्धका श्रावक शिष्यहरू एक पछि अर्को देखा पर्न आए । उनीहरूबाट महत्त्वपूर्ण योगदानहरू पनि बुद्धशासन उत्तरोत्तर उन्नति र प्रगतिको लागि एवं चिरस्थायीको लागि पुऱ्याइए । अग्रश्रावक रूपमा आयुष्मान् सारिपुत्र र आयुष्मान् महामौद्गल्यायनहरू, महाश्रावकहरूको रूपमा महाकाश्यपादि ८० श्रावकहरू, आर्यश्रावकको रूपमा त लाखौंको संख्यामा थिए । ती मध्येमा आयुष्मान् आनन्दको व्यक्तित्व अति महत्त्वपूर्ण विशेषताले परिपूर्ण थिए ।

आयुष्मान् आनन्द भगवान् बुद्धको कान्छो काका अमितोदनको सुपुत्र हुनुहुन्थ्यो । भावी बुद्ध, बोधिसत्त्व, महासत्त्वको जन्म भएको दिनमै वहाँको पनि जन्म भएको थियो । तसर्थ वहाँ उमेरको हिसाबले बुद्धकै समवयस्क थिए । रूपलावण्यमा पनि वहाँ सुवर्णवर्ण भएको मनमोहक, आकर्षक सौन्दर्यले युक्त थियो । वहाँ पाँच हात्तीको बल हुने बलिस्थ कायधारी पनि हुनुहुन्थ्यो । एउटा पौरखले सम्पन्न पुरुषार्थवान् पुरुषमा हुनुपर्ने क्षमता, योग्यता, शक्ति सामर्थ्य, पराक्रम सबैले वहाँ सुसम्पन्न हुनुहुन्थ्यो । शारीरिक दृष्टिकोणले आवश्यक सर्वलक्षणसम्पन्न वहाँ हुनुहुन्थ्यो । त्यसैले श्रमण, प्रव्रजित, साधुसन्त अवस्थामा रहनु भए तापनि आफूमा कामरागप्रति कुनै किसिमको लगाव वहाँमा पटक्कै नभए तापनि नारीवर्ग वहाँप्रति आसक्त र आकर्षित भइरहन्थे । बुद्धशासनभित्र (मा) प्रवेशपछि जुन बेलादेखि श्रोतापन्न आर्यश्रावकको रूपमा बुद्धको उपस्थापकको कार्यभार वहाँले सम्हाल्नुभएको थियो । वहाँमा कामरागसम्बन्धी चिन्तन कहिल्यै उत्पन्न भएको थिएन । त्यसैले महारानीहरूदेखि लिएर दरवारिया महिलाहरूलाई दरवारमा उपदेश दिलाउनुपर्ने अवस्था आउने बेलामा जहिले पनि भगवान् बुद्धले आयुष्मान् आनन्दलाई नै त्यो जिम्मा बहन गर्न निर्देशन दिने गर्नुहुन्थ्यो र राजा-महाराजाहरूले पनि निराशंक भई आयुष्मान् आनन्दलाई सहर्ष स्वीकार गर्ने गर्थे र खुशीसाथ दरवारभित्र विना रोकतोक आयुष्मान् आनन्दको प्रवेशलाई समर्थन गर्दथे । राजा-महाराजाहरू महिलाहरूको सम्बन्धमा अति नै शंकालु खालका हुन्थे र बाह्य पुरुषहरूको सम्पर्कबाट दरवारिया महिलाहरूलाई कडाईका साथ पर राखिएका हुन्थे । अन्तःपुरभित्र अति विश्वस्त पुरुषहरू बाहेक अन्य पुरुषहरू निषेधित गरिएका हुन्थे । कोही कतै फेला परेमा प्राणदण्डका भागी हुन्थे । त्यस किसिमको कडा निगरानी रहने ठाउँमा गई रानी-महारानीहरूलाई उपदेश दिनु भनेको अत्यन्त खतरापूर्ण रहेको स्पष्ट छ । त्यस्तो स्थितिलाई पनि आयुष्मान् आनन्दले सहजरूपमा निभाउनुहुन्थ्यो । कोशलराजा प्रसेनजित्को दरबारमा, कोशाम्बीका वत्सराज उदेनको दरवारमा पाँच-पाँचसय रानी-महारानीहरूलाई उपदेश दिन जानुहुने कोही बुद्धकालीन भिक्षु छन् भने त्यो अत्यन्त स्मृतिवान्, धैर्यधारी, गतिमान्, प्रज्ञावान्, आयुष्मान् आनन्द नै हुनुहुन्थ्यो । वहाँ जस्तो आदर्शमय मर्यादा पुरुषोत्तम को हुनसक्ला ! काम विषयमा वहाँ जस्तो संयमी को हुनसक्ला ! किनभने वहाँ त्यो बेलामा अनागामी, अरहन्त अवस्थामा पुगेको थिएन । काम विषयलाई हटाइसकेको वहाँ हुनुहुन्नथ्यो । श्रोतापन्नमा कामराग यथावत् नै रहिरहन्छ । अलिकति पृथग्जनहरूमा भन्दा कमी हुनु मात्र हो ।

जतिजति आयुष्मान् आनन्दको परिचय हामीले लिँदै जान्छौं, त्यति त्यति नै हामी आयुष्मान् आनन्दप्रति

Downloaded from http://dhamma.digital

श्रद्धा विभोर हुँदै जान्छौं । असाधारण व्यक्तित्वको धनी वहाँ हुनुहुन्थ्यो । त्यसैले त बुद्धशासनमा सबभन्दा बढी **एतदग्ग-पद** हासिल गर्नसक्ने वहाँ बाहेक अरु कोही हुन सकेन । वहाँ भगवान् बुद्धको प्रशंसा-पात्र नै हुनुहुन्थ्यो । बेलाबेलामा भिक्षुसमूहबीच आनन्दको प्रशंसा भगवान् बुद्धले गर्दै गर्नुहुन्थ्यो **"आनन्द प्रत्युत्पन्नमति छ । राम्रो व्यवहार भएको हो, धारण शक्ति सम्पन्न छ र आफ्नो निर्णयमा दृढ रहने व्यक्ति हो ।"**

भगवान् बुद्धको उपदेशहरूलाई टेपमा भरे जस्तै जस्ताको त्यस्तै स्मरण गरिराख्नसक्ने सामर्थ्य भएको हुनाले आयुष्मान् आनन्द धर्मभण्डागारिक पदवीले विभूषित हुनुहुन्थ्यो । एकचोटी सुनिसकेको कुरा कहिले पनि बिर्सनुहुन्नथ्यो ।

आयुष्मान् आनन्द ज्ञानी-गुणी मात्रै नभई अति विवेकशील व्यक्ति पनि हुनुहुन्थ्यो । जब भगवान् बुद्धले आफ्नो उमेर ६० वर्ष पुगेको बेला आफ्नो लागि स्थायी उपस्थापक चाहिएको कुरा महसूस गरेर भिक्षु परिषद् भित्र व्यक्त गर्नुभो । आयुष्मान् सारिपुत्रदेखि लिएर महाश्रावकहरूले समेत बुद्धको उपस्थान गर्न चाहेको विचार व्यक्त गरे । कसैले पनि एक उपस्थापकमा हुनुपर्ने कर्तव्याकर्तव्यको कुरा अगाडी सार्नुभएको थिएन । आयुष्मान् आनन्द पनि त्यस समूहमा समावेश थिए । सबै साथी भिक्षुहरूले आनन्दलाई पनि त्यो पद माग्न आग्रह गरे, घच्घच्याए । तर आयुष्मान् आनन्द मौन साधेर नै बसे । **"मागेर लिएको पद अस्तित्वरहित हुन्छ"** भन्ने भावना आयुष्मान् आनन्दमा थियो । आफ्नो मर्यादामा बसेर काम गर्नुपर्छ भन्ने सही सोच वहाँमा थियो । अमर्यादित रूपमा काम गर्नु गौरवनीय हुँदैन; वहाँको धारणा थियो । त्यसैले जब भगवान् बुद्ध स्वयंले वहाँमाथि दृष्टि पुऱ्याए, त्यो बेलामा पनि वहाँले त्यो पदलाई सहज रूपमा स्वीकार्नुभएन । दूरदर्शितापूर्वक विवेकशील भई वहाँले आठ वरहरू मागी हाले । वर भने तापनि त्यो आफ्नो कर्तव्य र अधिकारभित्र पर्नजाने अति संवेदनशील विषय थियो । सकारात्मक पक्षका ४ वर र नकारात्मक पक्षका ४ वर । यी आठ वरहरू कत्तिको महत्त्वको विषय हो, सबै विज्ञजनहरूले महसूस गरेकै होलान् । सच्चा सेवक बन्न चाहने व्यक्तिहरूमा नभई नहुने यी गुणहरू हुन् । आयुष्मान् आनन्दले बाहेक आजसम्म इतिहासमा यस्तो किसिमको सोचाई राखी कसैले कसैको सेवा उपस्थान गरेको कहिं कतै पाउन सकिन्न । त्यसैले बुद्धिमानी मात्रै बनेर पुग्दैन, साँचो अर्थमा सही विवेकी भई काम गर्न सकेमा मात्र त्यो निर्दोषपूर्ण काम हुन्छ र त्यसबाट आफूले गरेको सेवा उपस्थानप्रति ममता जाग्छ, गौरवको अनुभूति हुन्छ । सन्तोषको सास फेर्न पाउँछ ।

नकारात्मक पक्षका चार वरहरू हुन् :-

१) बुद्धलाई प्राप्त भएको उत्तम बस्तु मलाई नदिनु ।

२) बुद्धको लागि भनेर लाभ भएको उत्तम भोजन मलाई नदिनु ।

३) गन्धकुटीमा निवास गर्न नदिनु ।

४) निमन्त्रणामा सँगै नलैजानु ।

यो आयुष्मान् आनन्दको कस्तो वर हो ? आजको सेवाको संकल्प गर्नेहरूका मानसपटलमा अथवा हृदयमा यसको लागि ठाउँ होला ? यो संसारको कोही पनि सेवकहरूले सायद नै यस्तो वर मागेको होला,

Downloaded from http://dhamma.digital

आयुष्मान् आनन्दको आत्मगौरवको रक्षा र स्वविवेकको भरोसामा बाँच्न चाहने योभन्दा बलियो आधार र प्रमाण कहाँ होला ? वर्तमानको प्रसन्नतामा अवश्यम्भावी अपवादले दिने भविष्यको खिन्नतालाई बिर्सने खालको व्यक्ति आयुष्मान् आनन्द होइन । नकारात्मक वर माग्नुमा यही तथ्य अन्तरनिहित रहेको छ ।

आयुष्मान् आनन्दले माग्नुभएको सकारात्मक अन्य ४ वर हुन् -

१) तपाईंको लागि मैले स्वीकार गरिराखेको निमन्त्रणामा तपाईं जानुपर्छ ।

२) तपाईंको दर्शनार्थ आउने श्रद्धालुहरूलाई मैले प्रार्थना गर्दा दर्शन दिनुपर्ने हुन्छ ।

३) कुनै बेलामा पनि तपाईं समक्ष आउन मलाई रोकतोक हुनुहुँदैन ।

४) तपाईंले मेरो अनुपस्थितिमा दिनुभएको धर्मदेशना पुनः एकपटक मलाई देशना गर्नुपर्दछ ।

आयुष्मान् आनन्दका यी वरहरूको मागमा आनन्दको विवेक-ज्ञान औचित्ययुक्त विचारहरूको प्रशस्त झलक पाइन्छ । यस मागमा आनन्दप्रति बुद्धको विश्वास पनि प्रतिबिम्बित भइराखेको छ । तसर्थ माग प्रस्तावित हुने बित्तिकै भगवान् बुद्धले सहजै त्यसलाई स्वीकृति प्रदान गर्नुभएको थियो । यही प्रार्थनाको फल नै हो, तथागतको महापरिनिर्वाणपछि जब प्रथम संगायन हुनथाल्यो आयुष्मान् आनन्दले त्यसमा ठूलो सहयोग पुऱ्याउन सक्नुभयो ।

आफूले प्रार्थना गरेअनुसार आठ वर प्राप्त भइसकेपछि आनन्दले विभोर भई आयुष्मान् आनन्दले त्यस बेलादेखि २० वर्षसम्म निरन्तर तथागत सम्यक्सम्बुद्धको उपस्थान यस्तो किसिमले गर्नुभयो कि यो एउटा विषयमा त कमी कमजोरी देखापऱ्यो, यो एउटाको आपूर्ति राम्रोसँग भएन, यो काम गरेकोमा अलिकति मिलेन, यसको अभावले मलाई अप्ठेरो पऱ्यो भनेर गुनासो गर्नुपर्ने अवस्था नै बुद्धको अगाडी तेर्सिन पुगेन । छाँया जस्तो भई कहिले अंगरक्षकको रूपमा, कहिले सम्वाददाताको रूपमा, कहिले सल्लाहकारको रूपमा, कहिले हितैषीको रूपमा, कहिले घनिष्ट मित्रको रूपमा, कहिले दूतको रूपमा, कहिले सन्देशवाहकको रूपमा, कहिले मध्यस्तकर्ताको रूपमा, कहिले सहयोगीको रूपमा, कहिले छोरोको रूपमा, कहिले भाईको रूपमा, कहिले मायालुको रूपमा, कहिले जीवनदाताको रूपमा, विभिन्न रूपमा रही वहाँले बुद्धको सेवा उपस्थान गर्नुभएको थियो । २० वर्षको दौरानमा वहाँले बुद्धप्रति कुनै किसिमको खोट देख्नुभएन, कहिल्यै अवगुण देख्नुभएन, कहिल्यै कुनै किसिमको दोष देख्नुभएन । बुद्धप्रतिको श्रद्धा र आस्था दिन दुई गुणा रात चौगुणा भने जस्तै झन् झन् बढ्दै गयो, बढ्दै गयो । बुद्ध महापरिनिर्वाण हुन लाग्नुहुँदा त आयुष्मान् आनन्द यति शोकग्रस्त हुनुभएको थियो, बिह्वल हुनुभएको थियो, वहाँको मनमा आघात् पुगेको थियो कि वहाँले आफूले आफूलाई थम्याउन सक्नुभएन र धुरुधुरु रूँदै कराउँदै विलाप गर्न थाल्नुभयो । आमासित बिछोड्नु परेको एक्लो सानो बालकले जस्तै बिलौना गर्नुभयो । बुद्धप्रति वहाँमा कत्रो स्नेह, माया-ममता थियो भन्ने कुरा यसबाट प्रष्ट हुन्छ । बुद्धप्रति वहाँको श्रद्धा त अचल, अटल, अकम्प्य दृढ श्रद्धा नै थियो ।

आयुष्मान् आनन्द बहुआयामिक व्यक्तित्वले सम्पन्न व्यक्ति भएको कुरा पुस्तकमै उल्लेखित रहेकोले यहाँ फेरि दोहऱ्याउनुपर्ला जस्तो लाग्दैन । पुस्तकले नै हामीलाई सम्पूर्ण विषयवस्तुको जानकारी दिइरहेकै छ । तसर्थ केही उल्लेख्य कुराहरू मात्रै यसमा समावेश गर्न खोजिएको छ ।

रोगीहरूप्रति सहानुभूति जगाउनु र उनीहरूको सेवा गर्नमा पनि आयुष्मान् आनन्द कहिले पनि पछि

Downloaded from http://dhamma.digital

पर्दैनथ्यो। साधारण व्यक्तिहरूप्रति अझ विशेष रूपमा कुनै किसिमको कठिनाई आइपर्ने बेलामा उनीहरूप्रति वहाँको मनमा कहिल्यै पनि सहानुभूति कम हुँदैनथ्यो। सानोतिनो कुरामा पनि ख्याल राख्ने बानी आनन्दको थियो। दर्शक, श्रोतागण परिषद्हरू फर्कने बेलामा समेत उनीहरूले केही चीजवस्तुहरू बिर्सेर छोडेर गएको छ कि छैन भनी रेखदेख गर्ने, छ भने ती चीज वस्तुहरू सम्हालेर राखिदिने बानी पनि आयुष्मान् आनन्दमा थियो। यस्तो काममा पनि वहाँ संलग्न हुनुहुन्थ्यो। म बुद्धको उपस्थापक हो, मैले अरुलाई किन वास्ता गर्नुपर्छ भन्ने किसिमको मान, अभिमान वहाँमा पटक्कै नभई करुणाभिषिक्त निराभिमानी भएको कुरा वहाँको यस्तो व्यवहारले पनि स्पष्ट पारिदिएको छ।

बुद्ध कतिको निर्दोष, स्मृतिवान्, समाधिवान्, प्रज्ञावान्, सम्प्रजन्ययुक्त हुनुहुन्छ, त्यो बुद्धसँग छाँया जस्तै भएर पछि-पछि लागी २० वर्षसम्म सँगसँगै हिँड्दा, बस्दा, खाँदा, रहँदा पनि वहाँको कुनै किसिमको दोष, अवगुण आयुष्मान् आनन्दले फेला पार्न नसक्नु, झन् झन् गुण मात्रै देख्दै जानु, श्रद्धामाथि श्रद्धा थप्दै जानु, आस्थामाथि आस्था वृद्धि हुँदैजानु, यो चानचुने, साधारण कुरा होइन। त्यस्तो किसिमको व्यक्तित्वले भरिपूर्ण निक्लेश, निर्दोष तथागत अरहत् सम्यक्सम्बुद्धको सेवा उपस्थान गर्न पाउनु आयुष्मान् आनन्दको कत्रो ठूलो सौभाग्य होला ! कत्रो महान् अवसर होला ! अनि त्यस्तो महान् व्यक्तित्वको सेवा, उपस्थान कुनै गुनासो नै नहुनेगरी गर्नसक्नु आयुष्मान् आनन्दको कस्तो खुबी होला ! कस्तो सचेतता, जागरुकता, होशियारीपन होला ! कल्पनातीत छ, वर्णनातीत छ ! आश्चर्य एवं अद्भूतको कुरा छ ! आयुष्मान् आनन्द कति स्मृतिवान् होला, कति धैर्यवान् होला, कति बुद्धिमान् होला, कति ज्ञानवान् होला, प्रज्ञावान्, विवेकी, उपाय कौशल्ययुक्त, स्थानास्थान ज्ञान सम्पन्न, संयमी, दक्ष, चक्षुमान्, सोचविचारपूर्ण व्यक्ति होला ! अहो अचम्म ! धन्य हो आयुष्मान् आनन्द ! धन्य हो आयुष्मान् आनन्द !

भगवान् बुद्धको अन्तिम समय महापरिनिर्वाणको निकट अवस्थामा वहाँले भिक्षुहरूसमक्ष गर्नुभएको आनन्द स्थविरको गुणगानद्वारा पनि भगवान् बुद्ध आयुष्मान् आनन्दको सेवा र उपस्थानद्वारा कत्तिको प्रसन्न हुनुभएको थियो, त्यो निम्न बुद्धवचनले स्पष्ट हुन्छ :-

**"भिक्षुहरू ! जो जो बुद्ध अतीतकालमा थिए; वहाँहरू सबैको उपस्थापक यतिकै उत्तम थिए जस्तो कि मेरो उपस्थापक आनन्द। भिक्षुहरू ! जो जो बुद्ध भविष्यमा हुनेछन्; वहाँहरूका उपस्थापक यस्तै प्रकारले उत्तम हुनेछन्, जस्तो कि मेरो उपस्थापक आनन्द। भिक्षुहरू ! आनन्द पण्डित हो, मेधावी हो। उनलाई यो थाहा छ कि कुन समयमा भिक्षुहरूलाई तथागतको दर्शन दिलाउनुपर्दछ; यसरी नै आनन्दलाई थाहा छ कि कुन समय भिक्षुणीहरू, उपासक-उपासिकाहरूलाई तथागतको दर्शन दिलाउनुपर्दछ; आनन्दलाई थाहा छ कि यो समय राजाहरूको, मन्त्रीहरूको, तैर्थिकहरूको तथा तीर्थक श्रावकहरूको।"**

भगवान् बुद्धले आनन्दको गुण वर्णन गर्नुहुने बेलामा यत्तिकैमा रोक्नुहुन्नथ्यो, वहाँले अगाडी भन्दै जानुहुन्छ **"भिक्षुहरू ! आनन्दका यी चार अद्भूत विशेषताहरू छन् :-**

**१) जो भिक्षु समूह आनन्दको दर्शनको लागि जान्छ, उनीहरू उनको दर्शनबाट सन्तुष्ट हुन्छ, उनको उपदेशद्वारा सन्तुष्ट हुन्छ। उनीहरूले उनको उपदेश जति सुनेता पनि उनीहरूको इच्छा पूरा हुँदैन।**

**२) यस्तै भिक्षुणी परिषद्।**

Downloaded from http://dhamma.digital

३) उपासक र

४) उपासिका परिषद् ।"

यसरी महान् व्यक्तित्व सम्पन्न आयुष्मान् आनन्दको विषयमा राम्ररी जानकारी दिलाउन सक्ने पुस्तक आज हाम्रो सामु देखापर्न आएको छ । यस पुस्तकको लेखक हुनुहुन्छ श्रीलंकाको ख्याति प्राप्त महास्थविर गणेगम सरणंकर महानायक महास्थविर । वहाँको श्रीलंकन् भाषामा लिखित यस पुस्तकलाई हाम्रो सहोदर भिक्षु पञ्ञामूर्तिले नेपाली भाषाभाषीहरूलाई पनि ज्ञान दिलाउन राष्ट्रभाषा नेपालीमा भाषान्तरण गर्नुभएर हाम्रो सामु प्रस्तुत गर्नुभएको छ । वहाँको यस कार्य सराहनीय मात्रै नभई प्रशंसनीय पनि छ । वहाँको नेपाली रूपान्तरणमा श्रीलंकन् भाषाको निकै प्रभाव परिरहेको पाइन्छ । जसले गर्दा अलिकति पाठकवर्गलाई अप्ठेरो जस्तो पर्नसक्छ । तर धैर्य राखी यहाँहरूले यसलाई स्वीकार गर्नेछ भन्ने मैले आशा लिएको छु । भाषान्तरणको काम सजिलो हुँदैन । कठीन छ । यो सहज स्वीकार्य कुरो हो । त्यसैले कहिलेकाहिँ त्यस विषयप्रति ध्यान पुऱ्याई पाठकवर्गले धैर्यपूर्वक ग्रहण गर्नसक्नु पाठकवर्गको विवेकपूर्ण सौहार्द्रता मान्नुपर्नेछ । यस पुस्तकको अध्ययनबाट हामीले पनि आयुष्मान् आनन्दमा रहेका महत्त्वपूर्ण गुणहरूलाई आत्मसात् गरी जीवनको प्रयोगमा ल्याउन सकिएको खण्डमा हाम्रो जीवन पनि केही न केही रूपमा सार्थक हुनेछ भन्ने आशा लिँदै आफ्नो मन्तव्य यहीं टुंग्याउन चाहन्छु । धन्यवाद !

सब्बे भवन्तु सुखिनो !

सबै सत्त्वप्राणी सुखी होऊन् !

Dhamma.Digital

मिति २०७१ वैशाख १५

भिक्षु ज्ञानपूर्णिक

विश्व शान्ति विहार, काठमाडौं ।

मीनभवन, नयाँ बानेश्वर

Downloaded from http://dhamma.digital

# अनुवादकको भनाई

दक्ष चित्रकारले आफ्नो कलाशिल्पद्वारा विभिन्न प्रकारका औजारहरू तथा रङ्गरोगनको प्रयोगबाट चित्ताकर्षक तथा मन लोभ्याउने खालका विभिन्न प्रकारका सजीवताले युक्त चित्र तथा मूर्तिहरू निर्माण गरेका हुन्छन् । त्यस्तै श्रेष्ठ मनुष्य जीवन निर्माण गर्न दक्ष चित्रकारले झैं तथागत गौतमबुद्धले आफ्ना भिक्षुगणलाई सम्बोधन गर्नुहुँदै **चरथ भिक्खवे** (भ्रमण गर भिक्षु हो !) **बहुजन हिताय** (धेरै जनको हितको लागि) **बहुजन सुखाय** (धेरै जनको सुखको लागि) **लोकानुकम्पाय** (लोकको अनुकम्पाको लागि) गाउँ, शहर आदिमा भ्रमण गर्न निर्देशन दिनुका साथै स्वयं आफू पनि भ्रमणमा निस्कनुभएको थियो । त्यसरी भ्रमणमा निस्कनुभएका भिक्षुगणले आफ्नो सरल ब्रम्हचर्या जीवनपद्धति, सहनशीलता, उपेक्षा, मैत्री, संयमता तथा प्रेम आदि गुणधर्महरूद्वारा आफूहरूलाई देख्ने, भेट्नेहरूको मन प्रसन्न पार्नुभएको थियो । जसले गर्दा विभिन्न समाज तथा जातिका मानिसहरूमा रीस, राग, इर्ष्या, क्रोध, अभिमान, अहंकार आदि जस्ता दुर्गुणहरू हटेर असल चरित्रद्वारा युक्त हुँदै जानुका साथै भिक्षुसंघ पनि क्रमशः वृद्धि हुँदै गएको तथ्य हामी सामु ताजै छ ।

सारिपुत्र, महामौद्गल्यायन, अनुरुद्धादि अग्रमहाश्रावकहरू तथा महाप्रजापति गौतमी, यशोधरा, उप्पलवण्णा, खेमादि अग्रमहाश्राविकाहरू जस्ता श्रेष्ठ व्यक्तिहरूको निर्माण तथागत गौतमबुद्धले गर्नुभएको थियो । दक्ष किसानले खेतमा उम्रेका विना कामको घाँसलाई एउटा पनि बाँकी नराखी उखेलेर आफ्नो बालिलाई सपारे झैं आफ्ना भिक्षुसंघलाई पनि धर्म तथा विनयद्वारा सुशिक्षित पार्नुभएको थियो । ती श्रेष्ठ गुणधर्मद्वारा युक्त भिक्षु तथा भिक्षुणीहरूको जीवनी अध्ययन गर्ने जो कोहीको पनि मन प्रफुल्लित तथा चित्ताकर्षण गराउने खालको छ । जसले गर्दा हामीहरुलाई पनि त्यस प्रकारका श्रेष्ठ गुणधर्महरूको अभ्यास गराउन निरन्तर प्रेरित गराउँदछ । त्यस प्रकारका श्रेष्ठ गुणधर्मले परिपूर्ण हुनुभएका अग्रमहाश्रावक तथा श्राविकाहरू बीच आनन्द महास्थविर पनि एकजना हुनुहुन्थ्यो ।

उच्च ओहदा तथा नेता आदि पदमा आसिन्न हुने जो कसैले पनि आनन्द महास्थविरको जीवनीलाई आदर्शको रूपमा लिएमा त्यस पद वा ओहदामा बस्ने व्यक्तिहरूको जीवन पनि सफल हुनेमा कुनै दुई मत छैन । भिक्षु आनन्द महास्थविरले आफूले प्राप्त गरेको पदलाई आफ्नो स्वार्थसिद्धिको लागि कदापि दुरूपयोग वा गलत तरिकाले प्रयोग गर्नुभएको थिएन । त्यतिमात्र नभई त्यस पदबाट प्राप्त हुनसक्ने लाभसत्कारलाई समेत सशर्त इन्कार गर्नुभएको घटना **"उपस्थापक पदमा नियुक्तिको लागि आठवटा वर आवश्यक छ"** जस्ता सशर्तहरूबाट पुष्टि हुन्छ । पुनश्चः तथागत गौतमबुद्धको उपस्थापक रहेर पनि वहाँमा लेशमात्र पनि अहंकार, घमण्ड वा स्वार्थ थिएन, साथै कसैलाई पनि हिंसा, पीडा गर्न वा दिनको लागि आफुले सम्हालेको पदको दुरूपयोग गरेको थिएन र अक्षरशः इमान्दारिताका साथ आफ्नो कर्तव्य पूरा गर्नुभएको थियो । पच्चीस (२५) वर्षसम्म तथागत गौतमबुद्धसँग आश्रय गर्नुभएका भिक्षु आनन्द महास्थविर स्वयंले नै आफूमा कामचेतना तथा कुचेष्टा आदि पापचेतना कदापि श्रृजना नभएको कुरा दृढताका साथ व्यक्त गरिएको कुरा पनि त्रिपिटकमा समुल्लेख छ ।

बौद्ध संस्कृत ग्रन्थ दिव्यावदानमा उल्लेखित आनन्द महास्थविरको कथा महाकवि टैगोरले चण्डालिका नामबाट दृश्यकाव्यको रूपमा रचना गरिएको थियो । चण्डालिकाकी आमाले आफ्नो मन्त्र जप गरेपछि

Downloaded from http://dhamma.digital

विहारमा बसिरहनुभएका भिक्षु आनन्द चण्डालिकाको घरमा विक्षिप्त भई पुगेको घटना त्यस ग्रन्थमा उल्लेखित छ । तर पालि त्रिपिटकमा त्यस चण्डालिकाको कथा कहीं कतैपनि उल्लेख भएको पाईंदैन । तथापि यस पुस्तकमा त्यस कथालाई **"भिक्षु आनन्द तथा अछूत नारी"** को रूपमा प्रस्तुत गरिएको छ । जहाँ मानिसमा ऊँच-नीच भन्ने जात हुँदैन, सबै मानव समान हुन, सबैको रगत रातो नै हुन्छ । तसर्थ मान्छेमा भेद देख्दिन भनी अछूत महिलाको हातबाट भिक्षु आनन्दले पानी ग्रहण गर्नुभएको थियो भने ती अछूत महिला भिक्षु आनन्दलाई प्रेम गर्न पुगेकी थिइन् । अन्तमा ती अछूत महिलालाई सत्यबोध गराउन भिक्षु आनन्द महास्थविर मार्गदर्शक बन्नुभएको थियो ।

भिक्षु आनन्द महास्थविरले महिलाहरूको मुक्तिको लागि महिलाहरूलाई पनि भिक्षुणी बनाउन तथागत गौतमबुद्धसँग आग्रह गर्नुभएको थियो ।

भिक्षु आनन्द महास्थविर अटूटरूपमा (२५ वर्षसम्म) तथागत गौतमबुद्धको जीवनपर्यन्तसम्म उपस्थान गरेका उपस्थापक भिक्षु हुनुहुन्छ । भिक्षु आनन्द महास्थविरले नै तथागत गौतमबुद्धद्वारा देशित देशनाहरू प्रथम संगायनामा **"एवं मे सुतं ..... मैले यस्तो सुनें....."** द्वारा सज्झायना गर्नुभएको थियो ।

बौद्ध इतिहासमा उल्लेखनीय श्रावक-श्राविका र उपासक-उपासिकाहरूको जीवनी धेरै जसो बौद्धहरूले पढिसकेको र सुनिसकेको छ । जस्तै महाकाश्यप, सारिपुत्र चरित्र र श्रावक-श्राविका चरित्रादि हुन् । क्षेत्रिय कुलमा जन्मेका तीक्ष्ण बुद्धि, ज्ञान, मननशक्ति, शोभनीय रूप-शोभा, वाक्चातुर्य आदि गुणहरूद्वारा युक्त आनन्दको जीवनी शोभनीय छ । त्यसकारण नै विद्वानहरूलाई, धर्मकथिकहरूलाई र युवा-वृद्ध सबै समुदायलाई आकर्षित पार्ने क्षमता वहाँसँग रहेको देखिन्छ । आनन्द महास्थविरको बारेमा श्रीलङ्काका दिवंगत अतिपूज्य गणेगम श्री सरणंकर महानायक महास्थविरद्वारा रचित **"आनन्द हामुदुरुवो"** नामक पुस्तक नेपाली भाषामा **"बुद्धोपस्थापक भिक्षु आनन्द महास्थविर"** नामबाट म स्वयं अनुवादक नेपालमा रहँदा नै अनुवाद कार्य सकेको थिएँ । यसका केही परिच्छेदहरू **"आनन्दभूमि"** तथा **"धर्मकीर्ति"** बौद्ध मासिक पत्रिकामा पनि प्रकाशित गरेको थिएँ साथै **"भिक्षु आनन्द तथा अछूत नारी"** कथामा आधारित नाटक राष्ट्रिय नाचघरमा केही वर्ष यता मञ्चन भइसकेको कुरा यहाँहरूलाई अवगत गराउन पाउँदा अत्यन्त गर्व महसूस गरेको छु ।

यस **"बुद्धोपस्थापक भिक्षु आनन्द महास्थविर"** पुस्तक मेरा अति पुज्य दिवंगत पिता श्री रत्नबहादुर तथा माता श्रीमती इन्द्रमाया तण्डुकारद्वय सहित परिवारका अन्य दिवंगत भएका सदस्यहरू जेठा दाजु देवदास तण्डुकार, भाउजु नानीमैयाँ तण्डुकार, साहिँला दाजु रामशरण तण्डुकार, कान्छी दिदी सीता राणा, सानी छोरी सरी तण्डुकारहरूको संस्मरणमा धेरै वर्ष पहिले नै प्रकाशित गर्ने अभिलाषा लिएको थिएँ तथापि आफ्नो पढाई तथा समयको अभावले गर्दा यथासमयमा प्रकाशमा ल्याउन सकेको थिएन साथै यस ग्रन्थमा श्रीलङ्काको पुरानो भाषा पनि हुनु, अनुवाद कार्य सोचे जस्तो सजिलो नहुनु, बसाईं सराई हुनु तथा केही चित्रहरू समावेश गर्ने सोचाई आदिले गर्दा पनि प्रकाशमा ल्याउन केही समय ढिला हुन पुग्यो ।

थाइलैण्डको राजधानी शहर **बैंककस्थित वातसाकेत राजवरमहाविहारका विहाराधिपति अतिपुज्य His Holiness Somdet Phra Buddhacharya, Acting Supreme Patriarch of Thailand** को छत्रछाँयामा रही **Mahachulalongkornrajavidyalaya University, Bangkok** मा अध्ययन

Downloaded from http://dhamma.digital

गरिरहँदा यस ग्रन्थलाई पूर्णता दिने सौभाग्य प्राप्त भयो । जसको लागि श्रीलङ्काली साथीहरू, थाई साथीहरू तथा अन्य कल्याणमित्रजनहरूबाट आवश्यक सरसल्लाह तथा सहयोग प्राप्त भएको थियो । विशेषत: यस पुस्तकको लागि आफ्नो अमूल्य समयको ख्याल नगरी प्रूफरिडिङ्ग तथा संशोधन गरिदिनुका साथै सम्पादन सहयोग गर्नुहुने श्री अष्टमुनि गुभाजु साधुवादको पात्र हुनुका साथै यस पुस्तकको लागि आवश्यक चित्रहरू कोर्न सहयोग गर्नुहुने थाई मित्र श्री Dr. Suwat Suriyasangpetch तथा उनका साथी चित्रकार श्री Mr. Seksan Muenwiset द्वयलाई पनि भित्री हृदयदेखिको साधुवाद छ, साथै यस पुस्तकको लागि आवश्यक चित्रहरू समावेश गर्न Ven. W. Sarada Maha Thero सँग अनुमति लिईदिनु हुने राकेश महर्जन तथा Mr. Yeow Foo द्वय पनि साधुवादका पात्र हुनुहुन्छ ।

अन्तमा गहन भूमिका लेखिदिनुहुने संघउपनायक श्रद्धेय भिक्षु ज्ञानपूर्णिक महास्थविरलाई पनि हार्दिक साधुवाद टक्र्याउन चाहन्छु । प्रकाशन कार्यको लागि सहयोग गर्नुहुने आईडियल प्रिन्टिङ्ग प्रेस परिवारलाई पनि साधुवाद छ ।

भवतु सब्ब मङ्गलं

सबै सत्त्वप्राणीहरू मंगल होउन्

Dhamma.Digital

भिक्षु पञ्ञामूर्ति
बैंकक
२०७१ वैशाख १५

Downloaded from http://dhamma.digital

# विषयसूची


| | | पेज नं. |
|---|---|---|
| १. | आनन्दको चरित्रबाट प्रतिबिम्बित भएका श्रेष्ठ मानव गुण | १ |
| २. | भिक्षु आनन्द | २ |
| ३. | भिक्षु आनन्द तथा अछूत नारी | ३ |
| ४. | आनन्द कुमार प्रव्रजित हुन्छ | १३ |
| ५. | भिक्षु आनन्द श्रोतापन्न हुनुभयो | १४ |
| ६. | भिक्षु आनन्द तथागत गौतमबुद्धको अग्रोपस्थापक पदमा | १५ |
| ७. | उपस्थापक पदमा नियुक्तिको लागि आठवटा वर आवश्यक | १६ |
| ८. | भिक्षु आनन्द उपस्थापक पदमा कार्यरत | १८ |
| ९. | भिक्षु आनंन्द पाँचवटा कारणले अग्रस्थानमा | १९ |
| १०. | महिलाहरूको अति प्रिय भिक्षु आनन्द | २१ |
| ११. | कोसल राजाका अग्रमहिषीद्वयले भिक्षु आनन्दबाट धर्म अध्ययन गर्छिन् | २२ |
| १२. | उदेन राजाका अन्त:पुरका महिलाहरूले पनि भिक्षु आनन्दलाई धर्मदेशनाको निम्ति माग्छे | २२ |
| १३. | भिक्षु आनन्द अन्त:पुरका राज महिषीहरूलाई धर्मदेशना गर्नुहुन्छ | २३ |
| १४. | अन्त:पुरका महिलाहरूले भिक्षु आनन्दको जस्तै अनुहार भएका छोराहरू पाउँछिन् | २४ |
| १५. | महाकाश्यप महास्थविरले भिक्षु आनन्दलाई उपदेश गरेको सुनिरहेकी भिक्षुणी क्रोधित हुन्छे | २७ |
| १६. | भिक्षुणीहरूले महाकाश्यप महास्थविरलाई भन्दा भिक्षु आनन्दलाई सत्कार संग्रह गर्छिन् | २८ |
| १७. | राजदरबारमा भिक्षु आनन्दले भोग्नुपरेका समस्या | २९ |
| १८. | भिक्षु आनन्द भिखारीहरूलाई रोटी बाँड्नुहुन्छ | ३० |
| १९. | विशाखाले गहना बिर्सिन्छिन्, भिक्षु आनन्दले टिपेर राखी पुन: दिनुहुन्छ | ३० |
| २०. | भिक्षु आनन्दको हातले छोएको गहना लिलाम गरी पुन: खरीद गरेर त्यस पैसाबाट विहार निर्माण गर्छे | ३१ |
| २१. | भिक्षु आनन्द रोइरहेकी युवतीलाई फकाउनुहुन्छ | ३३ |
| २२. | एक राजमहिषी नारी स्वतन्त्रताको लागि संघर्ष गर्छे | ३३ |
| २३. | राजदरबारमा दोस्रो क्रान्ति | ३४ |


Downloaded from http://dhamma.digital

२४. भिक्षुणी भिक्षु आनन्दलाई वशीभूत गर्न झूठो रोगीको बहाना गर्छे ३६
२५. भिक्षु आनन्द अनाथ बालकद्वयलाई प्रव्रजित गर्नुहुन्छ ३७
२६. तथागत गौतमबुद्ध तथा महिलाहरू ३८
२७. भिक्षु आनन्द तथा महिलाहरू ३९
२८. भिक्षुहरूलाई प्रातिमोक्ष देशना गर्नुहुन निवेदन ४१
२९. तथागत गौतमबुद्धले कोकोहोलो गरेका भिक्षु समूहलाई धपाएर पठाउनुहुन्छ ४२
३०. भिक्षु आनन्द वैशाली महानगरमा त्रिविधभय शान्त पार्न परित्राण पाठ गर्नुहुन्छ ४३
३१. भिक्षु आनन्द गौतमबुद्धलाई छोपिराखेको इनारबाट पानी प्रदान गर्नुहुन्छ ४५
३२. बिसञ्चो हुनुभएका तथागत गौतमबुद्धसँग प्रश्न सोद्धा भिक्षु आनन्दले रोक्नुहुन्छ ४६
३३. भिक्षु आनन्द गौतमबुद्धको सट्टा धर्मदेशना गर्नुहुन्छ ४६
३४. भिक्षु आनन्द परिव्राजकाराममा ४७
३५. भिक्षु आनन्दको धर्मदेशना श्रवण गरेका कोसल राजा हृदयदेखि प्रशंसा गर्नुहुन्छ ४७
३६. तथागत गौतमबुद्ध भिक्षु आनन्दसँग रोगीको सेवा गर्नुहुन्छ ४८
३७. भिक्षु आनन्द तथागतको उपदेशानुसार चीवर सिउने क्रम निर्माण गर्नुहुन्छ ४९
३८. तथागत गौतमबुद्धले भिक्षु आनन्दलाई साँप देखाउनुहुन्छ ५०
३९. भिक्षु आनन्दले पकाएको औषधी जाउला तथागतले प्रतिक्षेप गर्नुहुन्छ ५१
४०. भिक्षु आनन्द भिक्षु वंगीशलाई अववाद-उपदेश गर्नुहुन्छ ५२
४१. भिक्षु आनन्द ब्राम्हणलाई उपकार गर्नुहुन्छ ५२
४२. भिक्षु आनन्द भिखारीलाई प्रव्रजित गर्नुहुन्छ ५३
४३. तथागत गौतमबुद्ध भिक्षु आनन्दसँग भिक्षु अनिरुद्धको चीवर सिउन सहयोग गर्नुहुन्छ ५४
४४. भिक्षु आनन्द “मानिसहरूले गालि गर्ने हुनाले हामी अर्को शहरमा जाऔं” भनी बुद्धसँग अनुरोध गर्छ ५५
४५. महाप्रजापति गौतमीले पूजा गरेको वस्त्र दुइजोर गौतमबुद्धले प्रतिक्षेप गर्नुहुन्छ। भिक्षु आनन्द त्यो स्वीकारी दिन आग्रह गर्नुहुन्छ। ५६
४६. भिक्षु आनन्दले तथागत गौतमबुद्धलाई पंखा हम्काउँदै गर्दा पाँचजना उपासकहरू धर्म श्रवण गर्छन् ५९
४७. तथागत गौतमबुद्ध वृद्ध हुनुभयो भनी भिक्षु आनन्द दु:खित हुनुहुन्छ ६१
४८. भिक्षु आनन्दले प्रतीत्यसमुत्पाद धर्म अत्यन्त सजिलो छ भन्नुहुन्छ ६१


Downloaded from http://dhamma.digital

४९. तथागत गौतमबुद्धले भिक्षु आनन्दलाई इन्द्रिय भावना सिकाउनुहुन्छ ६२
५०. तथागत गौतमबुद्ध तथा भिक्षु आनन्द बीच संवाद ६३
५१. तथागत गौतमबुद्धले भिक्षु आनन्दसँग प्रश्न गर्नुहुन्छ ६५
५२. तथागत गौतमबुद्धको महापरिनिर्वाण ६८
५३. भिक्षु आनन्द रुवाबासी गर्नुहुन्छ ७०
५४. भिक्षु आनन्द अरहत् हुनुभयो ७३
५५. भिक्षु आनन्द तथा प्रथम धर्म संगायना ७६
५६. महास्थविरहरू भिक्षु आनन्दलाई दोषारोपण गर्नुहुन्छ ७७
५७. भिक्षु आनन्द तथा भिक्षु सारिपुत्र महास्थविर ७८
५८. भिक्षु आनन्द तथा भिक्षु महाकाश्यप महास्थविर ७९
५९. भिक्षु आनन्द महास्थविर परिनिर्वाण हुनुहुन्छ ७९
६०. आनन्दबोधि (आनन्द पीपलबोट) ८०
६१. भिक्षु आनन्दको अतीत जीवनी ८३
६२. भिक्षु आनन्दको तथागत गौतमबुद्धसँग पूर्वसम्बन्ध ८४
६३. भिक्षु आनन्द उदान ८६
६४. भिक्षु आनन्द राजाको रूपमा जन्मेको देखाइएका जातक कथाहरू ९०
६५. भिक्षु आनन्द सत्त्वको रूपमा जन्मेको देखाइएका जातक कथाहरू ९१
६६. भिक्षु आनन्द तथा बोधिसत्त्वसँग सम्बन्ध देखाइएका अर्को पनि जातक कथाहरू ९१

Downloaded from http://dhamma.digital

# १. आनन्दको चरित्रबाट प्रतिबिम्बित भएका श्रेष्ठ मानव गुण

१. अटल, निस्वार्थी, अनुपम स्वामी वा गुरुभक्ति भएको व्यक्ति,

२. पदवी प्राप्त हुने बेलामा सगौरव स्वीकार्ने,

३. पदवीको लागि झैं-झगडा नगरी योग्यतानुसार प्रदान नगरुन्जेलसम्म निस्तब्ध रहिरहने,

४. प्राप्त भएको पद (सगौरव, सुविनित) अक्षरसः सुरक्षा गर्ने,

५. पदवीको नित्य कार्यभार अक्षरसः पालन गर्ने,

६. पदवीबाट प्राप्त हुनसक्ने लाभसत्कार कुनै पनि नस्वीकार्ने,

७. पदवीले गर्दा अहम् भावना नराख्ने, घमण्डी नबन्ने,

८. पदवीलाई कुनै पनि कारणवश अरुलाई सताउन शस्त्रसरि प्रयोग नगर्ने,

९. पदवीलाई पेशाको रूपमा नअँगाली कर्तव्यको रूपमा स्वीकार्ने,

१०. आफ्नो गुरुमा विद्यमान श्रेष्ठ गुण वा शक्ति कहिले पनि आफ्नो स्वार्थको लागि प्रयोग नगर्ने अर्थात् दुरूपयोग हुने गरी प्रयोग नगर्ने,

११. आफ्नो गुरुको लागि स्वयं बलिदान हुन पनि सदा तत्पर रहने,

१२. कदापि कुनै कारणवश पनि गुरुसामु अज्ञानि नभई अथवा गुरुको मन दुख्ने जस्ता केही क्रियाकलाप नगर्ने,

१३. परोपवादमा नफस्ने अर्थात् अर्काको विवादमा नअल्झने,

१४. गुरुलाई भेट्न आउने साना-ठूला जोसुकै आगन्तुकहरूको भए पनि चित्त नदुखाउने र उनीहरूको मनोआकांक्षा निष्फल नपार्ने,

१५. भिक्षु आनन्दलाई देख्नासाथ वा वहाँसँग कुरा गर्नासाथ नै अतिथिहरू प्रसन्न हुने,

१६. भिक्षु आनन्दलाई देख्नासाथ बुद्धलाई देख्दा झैं अतिथिहरू प्रसन्न हुने,

१७. तथागत गौतमबुद्धसँग आश्रय गरेको २५ वर्षसम्म कहिले पनि आफ्नो मनमा कामुकभाव नजगाउने,

१८. सँधै स्वामि चरित्र (बुद्धचरित्र) अनुसरण गर्ने,

१९. सेवा गर्दा थकित भए पनि त्यसबारे मनन नगर्ने, दुःख कष्ट पर्वाह नगर्ने,

२०. बहुजन हितार्थ बुद्धवचन धारण गरी प्रथम संगायनमा प्रस्तुत गर्ने व्यक्ति,

२१. जाति, गोत्र, कुल आदिमा कुनै भेदभाव नराख्ने,

२२. तत्कालीन समाजद्वारा तिरस्कृत र घृणित नारीहरूको स्वतन्त्रताको लागि मद्दत गर्नु,

२३. नारी समुदायमा प्रतिष्ठित भएर पनि कुनै नारीप्रति कदापि कुदृष्टि नराख्ने,


Downloaded from http://dhamma.digital

२४. २५०० वर्षपछि पनि सगौरव स्मरणीय महान् व्यक्ति हुनु, गुणानुस्मरण गरी वन्दना गर्न अति सुहाउँदो व्यक्ति हुनु र भविष्यका भिक्षु परम्परालाई आदर्शको रूपमा लिन योग्य श्रेष्ठ चरित्रले भरिपूर्ण हुनु,

२५. यस संसारमा सत्संगत गर्नुपर्ने सर्वपूजित महामानव गौतमबुद्धसँग आश्रय पाएकोमा विशेष भाग्यशालि व्यक्ति हुनु ।

# २. भिक्षु आनन्द

मानव इतिहासमा उल्लेखित अतिश्रेष्ठ मनुष्यहरूमा विद्यमान केही श्रेष्ठ गुणधर्मबारे विमर्शनशील हुँदा तथागत गौतमबुद्धका अग्रोपस्थापक हुनुभएका भिक्षु आनन्दमा विद्यमान स्वामीभक्ति मात्र भए पनि २५०० वर्ष पश्चात् पनि वहाँको (नाम) गुणानुस्मरण गर्न पर्याप्त छ । भिक्षु आनन्द उपस्थापकको रूपमा, सेवकको रूपमा, सहयोगीको रूपमा, अंगरक्षकको रूपमा तथा निजी सचिवको रूपमा तथागत गौतमबुद्धप्रति देखाउनुभएका अटलभक्ति, गौरव तथा प्रेम मानव समाज रहुन्जेलसम्म बिर्सन सकिँदैन । आफ्ना स्वामीप्रति कसरी सेवा गर्नुपर्छ, कसरी व्यवहार गर्नुपर्छ र स्वामीको मन कसरी राख्नुपर्छ भन्ने राम्रो उदाहरण भिक्षु आनन्द हुनुहुन्छ ।

स्वामीप्रति आस्था वा भक्ति नभएका सेवकलाई र सेवकप्रति दया वा करुणा नभएका स्वामीलाई पनि तथागत गौतमबुद्ध तथा भिक्षु आनन्दबाट लिन सकिने आदर्श अप्रमाण छ । स्वामी, प्रमुख तथा नायक आदि रूपमा केलाउँदा तथागत गौतमबुद्ध जस्ता श्रेष्ठ स्वामी, प्रमुख तथा नायक अहिलेसम्म मानव इतिहासमा जन्मिएको छैन भन्नु अत्युक्ति नहोला । तथागत गौतमबुद्धप्रति आनन्दमा भएका अत्यन्त आश्चर्ययुक्त स्वामीभक्तिले तथागत गौतमबुद्ध कस्ता श्रेष्ठ व्यक्ति हुनुहुन्छ र भिक्षु आनन्द कस्ता श्रेष्ठ व्यक्ति होला भन्ने छर्लङ्ग्याउँछ । कोही प्रमुख, कोही नेताहरूसँग घनिष्ट भई आश्रय गरेमा तिनीप्रति पहिला भएका आदर, गौरव कम भएर जानु वा बिलाएर जानु सर्वसुलभ कुरा हो । तथागत गौतमबुद्धसँग २५ वर्षसम्म अत्यन्त घनिष्ठ भई आश्रय गर्नुभएका भिक्षु आनन्दमा तथागत गौतमबुद्धप्रति भएका भक्तिभाव, श्रद्धा तथा गौरव दिन प्रति दिन वृद्धि हुँदै गयो, कम भएको थिएन । यसरी हेर्दा यस संसारमा मानिसहरू बीच अत्यन्त समीप भई अत्यन्त श्रेष्ठ, उत्तम मानिससँग अत्यन्त घनिष्ठ भई आश्रय गर्नसक्ने दुर्लभ भाग्य वा मौका पाउनुभएका श्रेष्ठ व्यक्ति भिक्षु आनन्द हुनुहुन्छ । पद प्राप्त गर्दा पदको गौरवलाई पनि, आफ्नो गौरवलाई र आफ्ना स्वामीको गौरवलाई पनि अक्षरसः रक्षा गर्नुभएका, लिखित इतिहासमा उल्लेखित कर्मचारीहरूमध्ये भिक्षु आनन्द अत्यन्त श्रेष्ठ व्यक्तित्व हुनुहुन्छ ।

बुद्धकालीन समयमा बुद्धश्रावकहरू मध्ये अत्यन्त जनप्रसिद्धि पाएका श्रावक भिक्षु आनन्द हुनुहुन्छ । जनप्रसिद्धि तथा रूपशोभाद्वारा वहाँ दोस्रो हुनुभएको तथागत गौतमबुद्धलाई मात्र हो । जन्मसिद्ध राजसुकोमलद्वारा युक्त हुनुभएका वहाँको शरीर स्वर्णमय वर्णले टल्किएको थियो । (**आयस्मा किर आनन्दो समन्त पासादिको, अभिरूपो, दस्सनीयो, बहुस्सुतो, संघ सोभनो** - मनोरथपूरणी चतुक्क निपात पेज - ५३३)

**"आयुष्मान् आनन्द ! साँच्चै नै प्रशंसनीय छ, अत्यन्त रूपवान् छ, दर्शनीय छ, बहुश्रुत हुनुहुन्छ, संघप्रति सोभनीय छ ।"**


Downloaded from http://dhamma.digital



Downloaded from http://dhamma.digital



चन्डाली आमा मन्त्र जप गर्दै

Downloaded from http://dhamma.digital

अस्सी वर्ष पुग्नुभएका तथागत गौतमबुद्ध परिनिर्वाण हुनुभएको समयमा, भिक्षु आनन्द सानो बालक जस्तै हिकी हिकी गर्दै रुनु, बुद्ध-जीवनी जस्तै भिक्षु आनन्द जीवनी पढ्ने श्रद्धावान् पाठकहरूको हृदय कम्पन् गराउने खालको छ । भिक्षु आनन्द जस्तै वहाँको यस रोदन पनि बौद्धहरू माझ अति नै प्रख्यात देखिन्छ । श्रेष्ठ गुणधर्मरूपी सुगन्धले युक्त, अत्यन्त राम्रो पुष्पहरूले मानव तथा मानव इतिहास अलंकृत गर्नुभएका श्रेष्ठ मनुष्यहरूमध्ये एक मनुष्य हुनुभएका भिक्षु आनन्द त्रिपिटकमा अर्थात् बौद्ध साहित्यमा देखिने स्वरूप यहाँदेखि प्रारम्भ हुन्छ ।

## ३. भिक्षु आनन्द तथा अछूत नारी

एकदिन भिक्षु आनन्द भिक्षाटन गरी विहारमा फर्की भोजन गर्नुभै पिउनको निम्ति पानी लिन पात्र बोकेर बाहिर जानुभयो । बाहिर नजिकैको बाटो किनारमा रहेको इनारबाट पानी तानिरहेकी युवतिलाई देख्नुभयो र त्यस इनारछेउमा जानुभई हातमा पात्रसहित भिक्षु आनन्द भुईंमा निहुरेर टोलाई रहनुभयो ।

प्रकृति - तिमीलाई के चाहियो ?

आनन्द - मलाई पानी अलिकति दिनुभए हुन्थ्यो ।

प्रकृति - म अछूत (चण्डाली) नारी हुँ ।

आनन्द - मलाई आवश्यक केवल पानी मात्र ।

प्रकृति - म अछूत (चण्डाली) नारी हुँ । कसैले पनि हामीबाट पानी पिउँदैनन् ।

आनन्द - मलाई आवश्यक मेरो प्यास मेटाउन पानी अलिकति मात्र हो । पानीले कसैको जातभातको ख्याल नगरी सारा प्राणीको प्यास एक नाशकासाथ मेटाउँछ ।

प्रकृति - म तल्लो (अछूत) जातकी नारी हुँ । हाम्रो इनारमा पानी जति सफा भए तापनि कुलीनहरूलाई फोहर नै लाग्छ । हाम्रा जातकाहरूले बाहेक अरू कसैले पनि यस इनारबाट पानी पिएको छैन ।

आनन्द - मैले तिमीसँग जातभातबारे केही प्रश्न गरेको छैन । मलाई आवश्यक अलिकति पानी मात्र न हो ।

प्रकृति - किन ! तिमीलाई थाहा छैन ? यस देशमा कुलीन र कुलहीन (अछूत) जात भनी दुईटा जात छन् भनेर ? म अछूत जातकी नारी हुँ ।

आनन्द - मलाई तिम्रो जातभातले केही फरक पार्दैन । केवल मलाई आवश्यक पानी अलिकति मात्र हो ।

प्रकृति - म, तिमीलाई पानी कसरी दिउँ ? म अछूत नारी हुँ । उ ..... टाढा देखिने ती ठूल-ठूला गाउँघरमा बस्ने, कुलीन जातका मानिसहरू हुन् । तिनीहरूलाई हेर्न पनि हामीलाई हक, अधिकार छैन । तिनीहरूले हामीहरूको छायाँ मात्र पनि कुल्चिँदैनन् । हामीहरूले आवत्जावत् गर्दासमेत तिनीहरूले हामीलाई नदेखुन् भन्नाको लागि बाटो छल्छन् । हामीलाई देख्यो भने अछूतलाई देखियो भनी सुगन्धमिश्रित



Downloaded from http://dhamma.digital

पानीले मुख धुन्छन् । त्यसकारण म तिमीलाई कसरी पानी दिउँ ? तिमीलाई पानी दिन म तिम्रो सामु कसरी आउने ? मेरो छाँयाले तिमीलाई ढाक्यो भने तिमी पनि म जस्तै अछूत हुनेछौ ।

आनन्द - मलाई जातभातबारे केही पनि थाहा छैन । तिमी पनि म जस्तै एउटी मानव प्राणी हौ भन्ने मात्र थाहा छ । मानिस-मानिसबीच जातभातले फरक हुन्छ भनी मैले कहिले पनि सुनेको छैन । म त्यस्ता कुराप्रति विश्वास गर्दिन र स्वीकार्दिन पनि । अहिलेसम्म मैले देखेका र भेटेका सबै मानवजाती स्त्री-पुरुषहरूमा दुइटा हात, दुइटा खुट्टा, दुइटा आखाँ, दुइटा कान र नाक, मुख नै छन् । अछूत जातका मानिसहरूलाई मात्र सूर्य उदाउने पश्चिमबाट होकि ? तिनीहरूलाई सुख दुःखको अनुभव बेग्लै तरिकाले हुने होकि ? खाना खाएमा तिनीहरूको पेट भर्दैनन् कि ? तिनीहरूसँग के कस्तो फरक छ ? मलाई त केही थाहा छैन ।

प्रकृति - त्यसरी देख्नमा र हेर्नमा केही फरक छैन । त्यसो भए तापनि कुलीनहरूले धेरै पुण्य गरेको कारणले कुलीन भयो र हामीले पाप गरेको हुनाले अछूत भई जन्मनुपर्‍यो । तिनीहरूको जन्म महाब्रम्हाको मुखबाट हुन्छ रे, हाम्रो चाहीं महाब्रम्हाको पैतलाबाट रे ! हामीलाई शुद्ध वेदविद्या पढ्न निषेध गरेको छ । त्यसकारण हामी सबैतिरबाट तल्लो, अछूत जातका वसल (चण्डाल) नै हौं ।

आनन्द - मैले वसलहरूको विषयमा मेरो गुरुबाट सुनिराखेको त त्यसरी हैन ।

गाथा भन्छ -

**न जच्चा वसलो होति - न जच्चा होति ब्राम्हणो**
**कम्मना वसलो होति - कम्मना होति ब्राम्हणो ॥**

जातले कोही पनि वसल हुँदैन र जातले कोही पनि ब्राम्हण हुँदैन । काम र कुराले नै कुनैपनि व्यक्ति वसल हुन्छ र काम र कुराले नै ब्राम्हण हुन्छ ।

त्यसकारण मलाई तिम्रो अछूत जातबारे केही लाग्दैन । पानी अलिकति दिनुस् ।

(प्रकृति यताउति हेरी भयभीतका साथ लाजले काम्दै टाढादेखि निहुरिएर गाग्री आनन्दको भिक्षापात्र नजिक ल्याएर पात्रभरि पानी खन्याइदिन्छिन् । भिक्षु आनन्दले पुण्यानुमोदन गरी पानीका साथ फर्किन्छ । प्रकृति चाहिं पानी लिएर जानुभएका भिक्षु आनन्दलाई टोलाएर हेरिरहन्छिन् र यसरी सोच्न पुग्छिन् ।)

प्रकृति - पानी अलिकति पाए हुन्थ्यो ! पानी अलिकति पाए हुन्थ्यो ‼ पानी अलि ... ‼! अहो ... कस्तो सुमधुर, मीठो, नरम बोलि । कस्तो शान्त स्वभाव, कस्तो सुन्दर शरीर । यस श्रावस्ती शहरमा अर्को कतै इनार छैन होला र ? पानी, यस इनारमा मात्र भएको हो र ? किन, त्यो व्यक्ति पानी माग्न मकहाँ नै आउनुभएको होला ⁉ श्रावस्ती शहरमा बस्ने नारी ममात्र हुँ र ⁉ मेरो हातबाट पानी पिउन चाहेको । सायद ! म अछूत नारी भनेर थाहा नपाएर होला, हैन... हैन.. थाहा पाएकै थियो । मेरो पहिरनले नै म अछूत नारी भन्ने कुरा बाल-बच्चाहरूलाई समेत थाहा छ । त्यस्तो सुन्दर पुरुष को होला ⁉ कहाँदेखि आएको होला ⁉ अँ ... फेरि पानी खोजेर यहिं आए कस्तो मज्जा हुन्थ्यो । म पनि एक मानवको छोरी भनेर बुझेको ऊबाट नै हो । मैले यतिबेलासम्म सोचेको त म मानव नै नभई पशु भनेर ... ! उसको सुन्दर अनुहार, करुणा जाग्ने आँखा, सुन्दर स्वर्णमय हृष्टपुष्ट शरीर मैले फेरि कसरी देख्न पाउँ ? सुमधुर मीठो बोली कैले सुन्न पाउँ ?



Downloaded from http://dhamma.digital

उसलाई नदेखी म बस्न सक्दिनँ । अहो ... जहिले पनि उसलाई पानी दिन पाए, सँधै उनीसँग कुराकानी गरी बस्न पाए, फेरि आयो भने म उसलाई पठाउँदिन । घरमा लगेर राख्नेछु । उसलाई हेरेर बस्न पाए खानपान नगरिकनै भएपनि बस्न सक्नेछु । "पानी अलि पाए बेश होला ! पानी अलि पाए बेश होला !!" त्यो सुमधुर नरमस्वर अहिले पनि मेरो कानमा गुन्जिँदैछ ।

चण्डाली आमा - प्रकृति .... ! प्रकृति ...!! ए ... प्र... कृ ... ति ....!!! उनी कहाँ गई होली ! उनलाई के भयो होला ! इनारमा पानी लिन गएकी घण्टौं-घण्टा भैसक्यो । त्यहिं मर्यो कि ? अझ पनि आएकी छैन । कस्तो निजमारी बसिरहेकी होली ! इनारमा पानी लिन गयो भने सँधै त्यसै गर्छिन् । छरछिमेकीका महिलाहरूसँग चाहिंदो-नचाहिंदो गफ गरिरहेकी होली ! प्रकृति ...! प्रकृति ...!! ए ... प्र...कृ...ति....!!!

प्रकृति - आएँ आमा ! आ... मा ... ... म यहाँ छु !

चण्डाली आमा - तँ कहाँ छस् हँ !

प्रकृति - यहाँ इनार नजिक छु !

चण्डाली आमा - यस्तो मध्यान्हमा चर्को घामले तातिएको भुईंमा खुट्टा टेक्न पनि मुश्किल भैसक्यो । पानी लिन गएका सारा छरछिमेकीका महिलाहरू सबै गइसके । तँमात्र त्यहाँ एक्लै के गर्दैछस् हँ !

प्रकृति - आमा.... आ...मा... अहो ! कस्तो नरम, मीठो बोलि ! "पानी अलि दिए बेश होला ।"

चण्डाली आमा - पानी अलि दिए बेश होला रे ! कस्ले तँसँग पानी माग्न आएको छ र ? सायद ! त्यो हाम्रै जातको कोही हुनुपर्छ ।

प्रकृति - कस्तो राम्रो सुन्दर युवक ! खरमुण्डा, गेरुवस्त्र पहिरिएको, हातले पात्र बोकेको, कोमल, शान्त स्वभावले युक्त भएको युवक !

चण्डाली आमा - कस्तो कपाल लेश मात्रपनि नभएपछि युवक के राम्रो होला र ? कपाल खौरने त नराम्रो हुनलाई भनी तँलाई थाहा छैन कि कसो ?

प्रकृति - मलाई थाहा छैन । मलाई त धेरै नै राम्रो लाग्छ । स्वर्णमय हृष्टपुष्ट शरीर, कोमल नजर, मीठो बोलि, करुणायुक्त स्वभाव इत्यादि । असल गुणको प्रतिमूर्ति जस्तै मैले देखें ।

चण्डाली आमा - उ हाम्रो जातको नै हो कि ?

प्रकृति - हो, उसले भनेथ्यो "म पनि तिम्रो जातको नै हुँ" भनी ।

चण्डाली आमा - के हो त्यो जात ?

प्रकृति - मानव जात !

चण्डाली आमा - तैंले आफ्नो जातलाई लुकाएर कुरा गर्‍यौ कि कसो ? यस देशमा धेरै जसो अछूतहरूले आफ्नो जात के हो भनी अरुलाई भन्न हिच्किचाउँछन् । त्यो राम्रो बानि हैन । सबैले आ-आफ्नो जातलाई माया गर्छ, रुचाउँछ भने अछूत जात भन्ने शब्द पनि अवश्यमेव लोप भएर जानेछ । त्यसकारण


Downloaded from http://dhamma.digital

तैंले तँ अछूत जातकी भनेर भनेनौ होला ?

प्रकृति - मैले भनेकी थिएँ । म अछूत नारी हुँ भनेर ! उनले विश्वासै गरेन । फे-फेरि पनि मसँग पानी माग्न आयो । उसले पढे अनुसार वसल वा ब्राम्हण जातिले नभई कर्म र कार्यले हुन्छ भनी भन्यो ।

चण्डाली आमा - अरु के के भन्योनि ?

प्रकृति - स्वतन्त्रलाई मुट्ठिमा लिएर जन्मेका मानव, आफ्ना स्वतन्त्रताको अधिकार अरुलाई सुम्पिनुहुन्न रे । आफूले नै आफू अछूत जात भनी विचार गर्ने, डराउने, हेला गर्ने, कायर बन्ने इत्यादिले आफूले आफैलाई नै मृत्युदण्डरूपि सजाँय दिनुभन्दा पनि बढि पाप लाग्छ रे । आफ्नो इज्जतलाई हेला गर्नु आत्महत्या गर्नुभन्दा पनि कुकर्म अरु छैन रे । सारा मानव स्वतन्त्रतालाई काखी च्यापेर स्वतन्त्ररूपमा यस धरतीमा जन्मेका हुन्छन् रे । यसरी जन्मेपछि समाजद्वारा जाति, गोत्र, धर्म, भाषा, चाडपर्व, रीतिरिवाज, आमाबाबु, गुरुवर्ग, पूजक, पारम्परिक चिन्तनरूपी साङ्लोले मानवको स्वतन्त्रतालाई बाँधेर राखेको देखिन्छ भन्यो । समाजका रीतिरिवाज रूपी अंकुशले झोसेको साँढे जस्तै मैले यतिखेरसम्म आफ्नोबारे सोचेकी थिएँ । सडकको फोहर डुंगुरमा छ्यानेर खाना खोज्दै खाने भुस्याहा कुकुर जस्तो भनी यतिखेरसम्म मैले आफूलाई सोचिरहेकी थिएँ । मलाई उज्यालो दिनुभएको छ वहाँले । मैले नयाँ जीवन पाए जस्तो भयो आज । म पनि मानव समाजका सामाजिक प्राणी हुँ भनी थाहा पाएको आज नै हो । वहाँ मेरो ज्योति हो, दीप हो । "पानी अलिकति दिनुस् ! पानी अलिकति दिनुस् !" कस्तो सुमधुर, नरम मीठो बोलि !

चण्डाली आमा - उसलाई अछूत जातबारे थाहा नभए पनि मलाई राम्ररी थाहा छ । कर्मको फलले गर्दा नै अछूत जातमा जन्मिन्छ ।

प्रकृति - त्यसो भए कुलीन जातमा जन्मेकाहरूले के गरेर त्यसरी जन्मेको त ?

चण्डाली आमा - त्यो पनि कर्मफलको विपाक नै हो ।

प्रकृति - त्यसो भए तापनि मसँग पानी मागेको युवकले त मानिस जातले ठूलो वा सानो हुँदैन भनेको थियो । महाराजा, ब्राम्हण, मन्त्री, धनी र गरीब जोसुकै भए तापनि प्राणीहिंसा गर्दछ भने, चोरी गर्छ, व्यभिचार गर्छ, झूठो बोल्छ र मादकपदार्थ सेवन गर्छ भने तिनीहरू वसल, चण्डाल हुन्छ भनी भनेको थियो ।

चण्डाली आमा - त्यै त होनि कर्मविपाकको फल भनेको ।

प्रकृति - अँ ... आमा ! कर्मविपाकको फलले हैन सबै हुने, हामीहरूलाई तल्लो जातमा राखिएको कर्मविपाकको फलले हैन, समाजले हो । अँ यो त्यो हैन । मलाई आवश्यक छ त्यो मसँग पानी माग्न आएको युवकको नाम थाहा पाउन, र उसले के काम गर्छ भनी जान्न चाहन्छु ।

चण्डाली आमा - मै...ले त्यसको खोजिनीति गरिसकें, उसको नाम "आनन्द" हो । ऊ गौतमबुद्धको चेला र शाक्यवंशीय युवक हुन् ।

प्रकृति - अनि ... ऊ के गर्छ नि आमा ?



Downloaded from http://dhamma.digital

चण्डाली आमा - ऊ प्रव्रजित भिक्षु हो। गृहस्थ जीवन त्यागेर प्रव्रजित भएका भिक्षु हुन्।

प्रकृति - अँ ... आमा ! उ साह्रै असल, राम्रो युवक रहेछ, उ जेसुकै भएपनि, कसैको कोही भएपनि मलाई त्यसको केही परवाह छैन। म उसलाई हेरी-हेरी बस्न चाहन्छु। ऊ नभए म बस्न सक्दिन, जे गरेर भएपनि मलाई आनन्द चाहिन्छ। नत्र म भोकै बसी मर्नेछु। तपाईंले जान्ने तन्त्रमन्त्र विद्या पाठ गरी मलाई आनन्द ल्याइदिनुस् न आमा ! त्यसो भएन भने तिम्री एकलौटी छोरी मरिन् भनी सोचे पनि हुन्छ। आनन्द नआएसम्म म खाना नै खाँदिन।

चण्डाली आमा - हाम्रो देशका राजा, **कोशल राजा** श्रमण गौतमका प्रमुख दाता हुनुहुन्छ। दिनहुँ तथागतलाई भेट्न जानुहुन्छ। यदि तैंले भिक्षु आनन्दलाई प्रेम गरेको खबर थाहा पाइयो भने हाम्रा अछूत जातीय (कुलहीन) गाउँ नै जलाएर सखाप पारिदिनेछ। हामीलाई मात्र नभई, हाम्रा कुलका सारालाई नै यस देशमा चयनसाथ बस्न दिने छैन, तैंले त हामी सबैको विनाश गर्न खोज्दैछस्।

प्रकृति - अँ ... आमा ! त्यसोभए तपाईंले जान्ने मन्त्र जप गर्नुस् न। अनि आनन्द यहाँ आइहाल्छ। उनलाई पाउन सकेन भने म मर्नेछु।

चण्डाली आमा - गौतमबुद्ध वीतरागी हुनुहुन्छ। वहाँ **बुद्धमन्त्र** जान्नुहुन्छ। त्यस मन्त्रको सामु अरु कुनै पनि तन्त्रमन्त्रको केही सीप लाग्दैन। ठीक छ, म मेरो मन्त्र जप गरेर हेरौंला ! (चण्डाली आमा आफ्नो घरको आँगनमाझ गोबर र रातो माटोले भुईं लिपपोत गरी सफा गरेर कुशको घाँस बिछ्याएर आगो बाल्दै सूर्यफुल १०८ वटा लिई) मन्त्र जप गर्न थाल्छिन्।

**"अमले चिमले कुंकुमे सुमने, येन बद्धासि विधुत् इच्छया देवो वर्षति, विद्योतति गर्जति, विष्मयन् महाराजस्य समभिवर्धयितुं देवेभ्यो, मनुष्येभ्यो, गन्धर्वेभ्यः शिखिग्रहा देवा, विशिखिग्रहा देवा, आनन्दस्यागमनाय संगमनाय क्रमणाय ग्रहणाय जुहोमि स्वाहा"** भनी मन्त्र जप गर्दै एउटा एउटा गरी फूल आगोमा होमिन्छे। चण्डाली आमाले यस मन्त्र जप गर्दा विहारमा बसिरहनुभएका भिक्षु आनन्दको मनस्थिति विक्षिप्त हुँदै जान्छ। बिस्तारै भिक्षु आनन्द विहारबाट निस्की अछूतहरूको छाप्रोतिर लाग्छ। चण्डाली आमाले टाढैबाट भिक्षु आनन्द आइरहेको देखेर छोरीलाई डाकी कोठामा खात तयार पार्न अह्राइन्। प्रकृति अत्यन्त सन्तोषले प्रफुल्लित भै राम्ररी सिंगारपतार गरेर तन्ना खातमा ओछ्याउँदै खात तयार पार्छिन्। भिक्षु आनन्द अछूतको घर नजिक आएर तुष्णिम्भूत भई, आश्चर्यका साथ टोल्हाइरहन्छ। प्रकृतिको कोमल उतौलो हाँसो र उनकी आमाको केही मायाजाल दृश्य देखेर भिक्षु आनन्दलाई आफू समस्याको जालमा अल्झिन लागेको महशूस हुन्छ। तुरुन्तै गौतमबुद्धको स्मरण गरी सहयोगको प्रार्थना गर्छ। गौतमबुद्धले पनि भिक्षु आनन्द समस्याको जालमा अल्झिरहेको दिव्यज्ञानद्वारा देख्नुभएर, बुद्धमन्त्र यसरी पाठ गर्नुहुन्छ।

**"स्थिति र च्यूतिः सुनीतिः स्वस्ति सर्व प्राणीभ्यः सरः प्रसन्नं निर्दोषं प्रशान्तं सर्वतोभयम् ईतयो यत्र शाम्यन्ति भयानि चलितानि च तद्वै देवा नमस्यन्ति सर्व सिद्धाश्च योनिनः एतेन सत्य वाक्येन स्वस्त्यानन्दाय भिक्षवे"**

यस बुद्धमन्त्रद्वारा चण्डाली आमाको मन्त्र शक्ति क्षीण हुँदै जान्छ र भिक्षु आनन्दलाई पूर्ण होश आउँछ र तुरुन्तै जेतवनारामतिर फर्कन्छ। त्यस दृश्यलाई देखेर प्रकृति आनन्द फर्केर जेतवनतिर हिंड्यो


Downloaded from http://dhamma.digital

भनी आमालाई भन्छिन् । मन्त्र जप गरिरहेकी उनकी आमा त्यसलाई रोकेर, श्रमण गौतमको मन्त्र (पाठ) संसारका सारा तन्त्रमन्त्रभन्दा सत्यले युक्त छ र तीक्ष्ण पनि । निश्चय नै आनन्दले **बुद्धमन्त्र** जप गऱ्यो होला भनी छोरीलाई भन्न पुग्छिन् ।

चण्डालीको मोहनी मन्त्रबाट बचेर आउनुभएका भिक्षु आनन्द जहाँ गौतमबुद्ध बसिरहनुभएथ्यो त्यहाँ गई तथागत गौतमबुद्धलाई शाष्टाङ्ग दण्डवत्का साथ अभिवादन गरी एक छेउमा बस्छन् । तथागत गौतमबुद्ध आनन्दलाई सम्बोधन गर्नुहुँदै, आनन्द ! तिमी यस **षड्क्षरी विद्या** सुन र कण्ठ पारिराख । यस विद्या तिम्रो र भिक्षु-भिक्षुणी, उपासक-उपासिकाहरूको पनि हितार्थको लागि, सुखार्थको लागि उपकारी हुनेछ । आनन्द ! यो **षड्क्षरी विद्या** छ जना सम्यक्सम्बुद्धहरूद्वारा देशित, चारजना आरक्षक देवताहरूद्वारा, शक्रदिव्यराज र सहम्पति महाब्रम्हाद्वारा तथा शाक्यमुनि बुद्ध हुनुभएका मैबाट पनि देशना भइसकेको छ । आनन्द ! तिमीले पनि यस विद्या धारण गरी प्रयोग गर्नु । त्यो यस्तो छ -

**"अण्डरे पाण्डरे कारण्डे, केयूरेर्चि हस्ते स्वर ग्रीवे बन्धुमती वीरमती धर विध चिलिमिले विलोडय, विषाणी लोके विष चल चल, गोलमती गण्डविले चिलिमिले सातिनिमेन यथा संविभकेत गोलमति गण्डविलायै स्वाहा ।"**

आनन्द ! कसैले पनि यस षड्क्षरी विद्या पाठ गर्छ भने ऊ मृत्युदण्डमा फसिरहेको छ भने त्यसबाट मुक्त हुनेछ । सजाँयको भागि बनिरहेको छ भने त्यसबाट मुक्त हुनेछ, डर-त्राशले ग्रसित छ भने त्यसबाट मुक्त भइदिन्छ । आनन्द ! यस षड्क्षरी विद्या पाठ गरी सुरक्षा लिएकाले विना पूर्वकर्मको फल अरु कुनै पनि बिध्नबाधा र कुकार्यले व्याकुल पार्न सक्दैन, कुनै पनि कार्यमा कसैले पनि अनर्थ सिद्ध गर्न सकिदैन ।

भिक्षु आनन्द चण्डाली आमाको मन्त्रबाट बच्नुभयो । तर प्रकृतिले भिक्षु आनन्दलाई गरेको प्रेमलाई रोकिएको थिएन । एकदिन भिक्षु आनन्द भिक्षाटन गर्दै हिँड्नुभएको बेलामा प्रकृतिले देखिन् र उनको पिछा गर्न थालिन् । त्यो देखेर भिक्षु आनन्द लाजले काम्दै चा-चाँडै भिक्षाटन कार्य सिध्याएर विहारमा फर्कनुभयो र तथागत गौतमबुद्धसमक्ष शाष्टाङ्ग दण्डवत् गरी एकछेउमा बस्नुभयो । एकछेउमा बस्नुभएका भिक्षु आनन्दलाई गौतमबुद्धले सम्बोधन गर्नुहुँदै भिक्षाटन कार्य तथा कुशल वार्ता गर्नुभयो । भिक्षु आनन्दले प्रकृतिसम्बन्धी खबर तथागत गौतमबुद्धसमक्ष प्रस्तुत गर्नुभयो । प्रकृति पनि भिक्षु आनन्दलाई पिछा गर्दै विहारसम्म पुगी ढोकानिर उभिएर हेरिरहिन् । तथागत गौतमबुद्धले खबर पठाउनुभई उनलाई भित्र डाक्नुभयो र यसरी प्रश्न गर्नुभयो ।

गौतमबुद्ध - के तिमी भिक्षु आनन्दको पिछा गर्छौ रे । त्यो कुरा सत्य हो ?

प्रकृति - हो हजुर, मैले उनको पिछा गरेकी हुँ ।

गौतमबुद्ध - त्यसो किन नि ?

प्रकृति - आनन्दलाई मेरो पति बनाई लिनलाई !

गौतमबुद्ध - के तिम्रा आमा-बा यस कुरामा राजी छन् त ?

प्रकृति - राजी छन् हजुर !



Downloaded from http://dhamma.digital



भिक्षु आनन्द अछूतको घर नजिक आएर तुष्णिम्भूत भई

Downloaded from http://dhamma.digital



प्रकृति–भो शास्ता ! हजुरबाट आज्ञा भएअनुसार मैले गरें ।
अब मलाई आनन्द दिनुहोस्

Downloaded from http://dhamma.digital

गौतमबुद्ध - त्यसरी हुँदैन ? तिम्रा आमा-बालाई सँगै यहाँ लिएर आऊ । (प्रकृति चा-चाँडै घर गई आमा-बालाई गौतमबुद्धले विहारमा डाक्नुभएको छ भनी तयार गर्न लगाई साथमा लिएर तथागत गौतमबुद्धसमक्ष पुग्छिन् ।)

गौतमबुद्ध - तिम्री छोरीले त यो भिक्षु आनन्द चाहन्छु भन्छिन् नि । के तिमीहरू त्यसमा राजी छौ ?

चण्डाली आमा - हो, हजुर ! हामी राजी छौं । हाम्री छोरीले भिक्षु आनन्द नपाए बाँच्न सक्दिन, आत्महत्या गर्छु भन्छिन् ।

गौतमबुद्ध - हुन्छ, प्रकृति यहाँ बस्दै गर । तिमीहरू जान सक्छौ । (प्रकृतिका आमा-बुबाद्वयले श्रमण गौतमलाई अभिवादन गरी फर्किन्छन् ।)

गौतमबुद्ध - श्रावस्ती नगरमा अप्रमाण युवाहरू छँदाछँदै पनि तिमी प्रव्रजित भएका भिक्षु आनन्दलाई नै किन प्रेम गर्छौ ?

प्रकृति - म वहाँलाई अत्यन्त मन पराउँछु । रुचाउँछु । माया अनि प्रेम गर्छु । मेरो यस मनमा ज्ञानको ज्योतिले उज्यालो पार्नुभएको छ वहाँले । मैले स्वतन्त्र रूपमा सोच्न र विचार गर्न सिकेको वहाँबाट नै हो । म पनि मानव जातका सामाजिक प्राणी भनी बुझाइदिनुभएको छ वहाँले । मानिसलाई हुनुपर्ने सारा अधिकार, सारा स्वतन्त्रता मलाई पनि छ भनी सिकाउनुभएको छ वहाँले । जहाँतहिं डुली हिँड्ने भुस्याहा कुकुर जस्तै समाजद्वारा जात, कुल, भेदभाव रूपी अंकुशले झोसेर कुनै कुनामा, फोहरमा मिल्काई, पन्छाएर राखेको थियो मलाई । स्वतन्त्र मानव समाजका म पनि एक सामाजिक हो भनी बुझाइदिनुहुने व्यक्ति वहाँ नै हुनुहुन्छ । त्यसकारण वहाँ मेरो दीप हो, ज्योति हो । वहाँ यो मेरो नयाँ जीवन हो । वहाँ विना मेरो बाँच्नुमा केही सार छैन । वहाँको रूपले मेरो आँखा रमाउँछ । वहाँको सुमधुर बोलिले मेरो कान गुन्जायमान हुन्छ । वहाँको संयमित स्वभाव, शान्तमय दृष्टि, करुणामय सुमधुर बोलिले मेरो मनमा काउकुति लाग्ने गर्दछ । मलाई आनन्द चाहिन्छ ।

गौतमबुद्ध - ठीक छ । म तिमीलाई भिक्षु आनन्द दिनेछु तर मैले भने बमोजिम गर्नुपर्छ नि ।

प्रकृति - हजुरले मलाई आनन्द दिनुहुन्छ भने हजुरले भन्नुभएको जेसुकै पनि गर्न तयार छु ।

गौतमबुद्ध - तिमीलाई आनन्द चाहिन्छ भने तिमीले पनि आनन्दलाई सुहाउँदो खाले लुगा लाउनुपर्छ । आनन्दको टाउको खौरेको छ । तिमीले पनि खौरनुपर्छ । आनन्दले गेरुवस्त्र लाएको छ, तिमीले पनि गेरुवस्त्र लाउनुपर्छ । त्यसो गऱ्यो भने तिमीले आनन्दलाई पाउनेछौ ।

प्रकृति - हुन्छ ! म घर गएर त्यसरी लाएर आउनेछु ।

(प्रकृति चा-चाँडै घर जान्छिन् । आमालाई यो खबर सुनाउन पुग्छिन् । आमाले उनलाई गालि गर्छिन् । प्रकृति रूँदै विलाप गर्छिन् । निराहार बस्छिन् ।)

चण्डाली आमा - छोरी ! तँ पागल त भएनौ ? तँ निराहार भई मर्न चाहन्छौ कि कसो ?

प्रकृति - अँ ......, आमा ! मेरो कपाल खौरिदिनुस् । नत्र म मर्नेछु ।



Downloaded from http://dhamma.digital

चण्डाली आमा - किन मुर्ख आइमाई, आइमाईहरूमा भएको अति सुन्दर बस्तु नै केशकलाप हैन र ! आइमाईहरूले कपाल खौरेपछि कस्तो नराम्रो हुन्छ ? तेरो आँखा अन्धो त भएन ? आइमाईहरूलाई नराम्रो हुनको लागि त्योभन्दा अरु केही छ ? तेरो यो सुन्दर कपाल काटेमा, त्योभन्दा अझ त कपाल नै खौरेपछि कस्तो नराम्रो होली ? तँ जस्ती राम्री केटी यस श्रावस्ती शहरभरि नै छैन ! तँलाई म राम्रो, अति सुन्दर केटा खोजेर विवाह गरिदिन्छु। हतार नगर, अलि सहेर बस। अनुहारमा लेशमात्र पनि जुँगा नभएका, कपाल खौरेका केटा के नै राम्रो छ र ? पागल नबन।

प्रकृति - मलाई अरु कोही पनि चाहिँदैन। मलाई आनन्द नै चाहिन्छ। ऊ मलाई अति राम्रो, सुन्दर लाग्छ। उसको अनुहार सुन जस्तै टल्किन्छ। उसको शान्त हेराई, सुमधुर स्वर, शान्त स्वभावको उठ-बस् अनि हिँडाई आदि मलाई धेरै नै मन पर्छ। यस संसारमा उसलाई छोडेर अरु कोही पनि चाहिँदैन मलाई।

चण्डाली आमा - ठीक छ, तँ खाना खाऊ।

प्रकृति - मेरो कपाल नखौरेसम्म म खाना खाँदिन।

(प्रकृति केही दिनसम्म खाना नखाइकन बस्छिन्। अन्तमा उनी मर्लो भनी डराएकी चण्डाली आमाले कपाल खौरिदिन्छिन्।)

चण्डाली आमा - तँ अहिले त साँच्चै नै भिक्षुणी जस्तै भइन्। तँ अब त्यस श्रमणहरूको जालमा फँसिन्छौ। त्यो आनन्दको गुरुको मायाजाल न हो। उसको हातमा फँसेका कोही पनि फेरि घर फर्कदैनन्। उसँग आवर्तनी मायाजाल छ रे।

प्रकृति - केही छैन, मैले आनन्द पाउँछु भने जे भए पनि केही फरक पर्दैन। उसँग बाटोमा गएर मागेर खानु परे पनि केही छैन। आमा म जान्छु जेतवनाराममा।

चण्डाली आमा - हुन्छ जा ! हेर न तँलाई के-के हुन्छ भनेर।

प्रकृति - मलाई जे भए पनि केही छैन यदि आनन्द पाएमा।

(कपाल खौरिएकी प्रकृति गेरुवस्त्र पहिरिएर जेतवनाराममा गई तथागत गौतमबुद्धलाई वन्दना गरेर एकछेउ बस्न पुग्छिन्। भिक्षु आनन्दसहित सयौं भिक्षुहरूका साथ गौतमबुद्ध बसिरहनुभएको हुन्छ।)

प्रकृति - भो शास्ता ! हजुरबाट् आज्ञा भएअनुसार मैले गरें। अब मलाई आनन्द दिनुहोस्।

गौतमबुद्ध - ठीक छ, आनन्दलाई प्राप्त गर्न तिमी अब योग्य छौ। ऊ तिमीलाई जिम्मा दिनु अघि मलाई तिमीसँग केही प्रश्न गर्नुछ।

प्रकृति - ठीक छ, सोध्नुहोस्।

गौतमबुद्ध - तिमी आनन्दलाई उसको कहाँनिर त्यतिको माया गर्छौ ? रूपलाई कि ? अनुहारलाई कि ? आँखा दुइटालाई कि ? गर्ने कुरा गराइलाई कि ? हिँडाई, बसाईलाई कि ? केलाई ?

प्रकृति - मलाई आनन्दको अनुहार राम्रो लाग्छ। नाक पनि राम्रो छ। आँखा दुइटा पनि राम्रो छ। कान दुइटा पनि राम्रो छ। स्वर पनि मधुर छ। बिचार पनि साधारण छ। देखाईमा पनि अति सुन्दर छ।



Downloaded from http://dhamma.digital

त्यसकारण म आनन्दको सारा ठाउँलाई मन पराउँछु ।

गौतमबुद्ध - तिमीलाई राम्रो लाग्ने आनन्दको शरीरको छालामा अलि घाउ भएमा खून बग्छ । औषधी नलगाई बसेमा पाक्छ, दुख्छ, पीप बग्न थाल्छ, तिमीले राम्रो छ भनी भनेको यो माथिबाट देखिने छालाको रंगलाई हो । त्यसकारण राम्रो भन्ने छालासम्बन्धी विभिन्न व्यक्तिलाई विभिन्न प्रकारमा देखिने कल्पित छ, मनस्कल्पित छ । राम्रो छ भन्ने जोसुकै व्यक्तिको शरीरमा भएका छाला निकालेर झिकिदियौ भने कोही पनि त्यसको अगाडीसम्म गएर हेर्न रुचाउँदैनन् । केही भएर यो शरीरको भित्री भागलाई बाहिर पर्ने गरी उल्टाई दियो भने त्यहाँ रहेका काग र भुस्याहा कुकुरहरूलाई लखेट्न लट्टी ठटाएर बसेपनि पुग्दैन । यो शरीर मोतिको दानाले, मणिले, हिराले, सुनले, चाँदीले, ढलोटले निर्माण गरिएको होइन । हाड, छाला, नशा, मासु, रगत, थुक, न्याल, पित्त, केही पानी जस्तै झोलपदार्थ अर्थात् अशूचि, रौं, कपाल, नङ्, दाँत, किड्नी, पित्ताशय, पेट, आन्द्रा, भुँडी, पसिना, आँसु, सिंगान, गिजा, मासी, इत्यादिद्वारा निर्माण भएका हुन् । जति-जति हेर्दै गयो त्यति-त्यति नै असार छ । जति-जति गहिरिएर सोच्छौ त्यति त्यति नै घृणा उत्पन्न गराउँछ । मिथ्यादृष्टि भएसम्म शुभ, सार र राम्रो भनी ग्रहण गर्दछ, पानीको फोका जस्तै विद्युत् तरंग जस्तै, इन्द्रजाल जस्तै, सपनामा देखिने रूप जस्तै अस्थिर, अशुभ, असत्य, दुर्गन्धमा आधारित छ । अशुचिमा आधारित छ । मलमूत्र तथा दुर्गन्धले युक्त छ । रोग जस्तै छ । यात्रा गरी हिँड्ने अशुचिको राश जस्तै छ । आफू-आफैलाई शत्रुसमान छ । आफू-आफैलाई विषयुक्त छ । आफू-आफैलाई अग्निज्वाला जस्तो छ । भित्र अशुचिले भरी बाहिर मात्र सजाइएका, रंगाइएका घ्याम्पोसरि छ । एकदिन ननुहाएमा, एकदिन दाँत नमाझेमा आफू-आफैलाई अशुचिको खाल्टो जस्तै लाग्नेछ, फोहर पानीको ढल जस्तै लाग्नेछ । कानमा कानेगुजि जस्तै अशुचिले युक्त छ । आँखामा हुने चिप्रो जस्तै अशुचिले युक्त छ । नाकको सिंगान जस्तै, दाँतको मालि जस्तै गुदमार्गबाट निस्कने दिसा आदि सारा अशुचिले युक्त रोगको आधार, शोकको आधार, भय त्राशको आधार, उपद्रवको माध्यम रहेको छ । आज मर्छ कि भोलि मर्छ भन्न सकिन्न । आफ्नो अशुची आफैलाई सहन नसक्ने दुर्गन्धले युक्त छ । मृत्युपश्चात् एकछिन पनि घरमा राख्न नसकिने, यदि राखेको खण्डमा घर नै स्मशान जस्तो देखिने यस शरीरलाई लिन सकिन्न । दिन सकिन्न, सोच्न र लैजान सकिन्न ।

मुखको दाँतलाई छोडेर अस्थि (हाड) ३०० वटाले निर्मित छ । अस्थिपञ्जिर हो यो शरीर । १८० स्थानमा यस अस्थिपञ्जर एक आपसमा जोडिएको छ । नशाहरू ९०० ले बेरिएको छ । ९०० टुक्रा मासुले टाँसिएको छ । बाहय छालाले त्यसभित्र रहेका सारा अशुचिलाई नदेख्ने गरी ढाकिएको छ । त्यो छाला अलि टल्किनको लागि मसिना छालाले ढाकेको छ । यस शरीरमा स-साना प्वाल, छिद्राहरू लाखौं विद्यमान छ । घिउ, तेलले भरिभराउ भएको भाँडाको तल र माथिबाट तेल चुहिएर टप्किए जस्तै यस शरीरबाट पनि नाना प्रकारका अशुचिहरू टप्किन्छन् । लाखौं-लाख साना-ठूला कीटफत्याङ्ग्राहरूको आधार भएको छ यो शरीर । रुवाई, कराई, दु:ख, पीडा आदिले युक्त भएको छ यो शरीर । अशुची निस्कने द्वार ९ वटाले[१] युक्त अशुचीले भरिपूर्ण भाँडो जस्तो छ । ९९ हजार भुत्लाले युक्त, फोहरयुक्त पसिना बग्दछ ।

यस शरीरबाट प्राणवायु निस्केपछि त्यस शरीरमाथि छुन समेत डराउनेछौ । केही दिन वितेपछि दुर्गन्ध फैलिने, सडेर गलेर गएको मृत शरीरको रूपमा परिवर्तन हुन पुग्छ । शरीरले शरीरलाई गर्ने प्रेममा र मृत शरीरले मृत शरीरलाई गर्ने प्रेममा केही मात्र फरक देखिन्छ । तृष्णाले गर्दा प्रेम जाग्छ । विना तृष्णा

१ अशुची निस्कने द्वार ९ वटा छन् -नाकको प्वाल दुईटा, कानको प्वाल दुईटा, दुईटा आँखा, मुख, गुदमार्ग, र जनेन्द्रिय हुन् ।


Downloaded from http://dhamma.digital

प्रेमको श्रृजना हुँदैन । जहाँ प्रेम हुन्छ त्यहाँ शोक हुन्छ । तिमी जुन दिनदेखि आनन्दलाई प्रेम गर्न थाल्यौ त्यस दिनदेखि अहिलेसम्म तिमीले भोगेका मध्ये शोक गर्नु, रुनु, बिलाप गर्नु, चिन्ता गर्नु, निँद मार्नु, निराहार भई बस्नु, दुब्लाउनु, ठाक्नु इत्यादि यी मध्ये एउटामा पनि सुख छैन । त्यसकारण आनन्दको शरीरलाई प्रेम, माया र ममता गरी राख्नुपर्ने बस्तु हो कि ? भनेर सम्यक्‌दृष्टिपूर्वक, होशमा रही ज्ञानबुद्धिले विचार गरी हेर ।

प्रकृति - भो शास्ता ! हजुरको देशनाले मलाई सत्य ज्ञानको बोध भयो । रूपसम्बन्धी बोध भयो । मेरो मनलाई अति नै शान्ति प्राप्त भयो । हजुरले भन्नुभएका सारा कुरा राम्ररी बुझें ।

गौतबुद्ध - अँ ! त्यसो भए म तिमीलाई आनन्द दिनेछु भनेको बचन पूरा गर्छु । अब त आनन्दलाई सँगै लिएर गए पनि केही फरक पर्दैन ।

प्रकृति - भो शास्ता ! मलाई अब भिक्षु आनन्द चाहिँदैन । हजुरको बचनले मेरो मनको आँखा खुल्यो । प्रेम जस्ता सारा क्लेश मेरो मनबाट हटेर गइसक्यो । मलाई दया गर्नुभई भिक्षुणी शासनमा प्रव्रजित गर्नुहोस् ।

गौतमबुद्ध - हो ! मेरो शासन साँच्चै नै महासागर जस्तै छ । गंगा, यमुना, अचिरवती, सिन्धु, गोदावरी आदि गंगाहरूको पानी बगेर महासमुद्रमा मिसिएर आ-आफ्ना सबै नाम हटेर **"महासागर"** भन्ने एउटै नामले परिचित हुन्छ । त्यस्तै अनेक प्रकारका जाति, कुल, गोत्र, वर्ग, देश आदिका मानिसहरू मेरो शासनमा प्रवेश गर्छन् । तिनीहरू मेरो शासनमा प्रवेश भएपछि जाति, गोत्रादि सारा भेदभाव सदाको लागि लोप भएर जानेछ । एउटा बाबुको एकलौटी बालक जस्तै एक आपसमा मिलेर **"संघ शासन"** भन्ने एउटै नामले, एउटै परिवारको सदस्य हुन जानेछ । ती सबै शाक्यपुत्र, बुद्धपुत्र हुन जान्छ । त्यसकारण तिमी भिक्षुणी शासनमा प्रव्रजित भएर बस्नलाई केही पनि बाधा छैन ।

प्रकृति भिक्षुणी शासनमा प्रव्रजित भई अरहत्व प्राप्त गरेकी भिक्षुणीको रूपमा चीरपरिचित हुन पुगिन् ।

Dhamma.Digital

गौतमबुद्धले प्रकृति नामकी अछूत नारीलाई प्रव्रजित गराउनुभएको कुरा सारा नगरमा एक कान दुई कान गरी फैलिन्छ । श्रावस्ती नगरवासी क्षेत्री, ब्राम्हण, गृहपति, महासाल जस्ता कुलीन जातिहरूले यस समाचारलाई सुनेर, **"अछूत नारी प्रव्रजित भए पछि, उनी कुलीनहरूको घरमा कसरी प्रवेश गर्छिन् ? कुलीनहरू उनको नजीक कसरी जान्छन् ? तिनीहरूबाट लाभ सत्कार तथा संग्रह कसरी प्राप्त गर्छिन् ?"** इत्यादि प्रश्न गर्दै विक्षिप्त हुँदै कोशल राजाकहाँ गई बिन्ति चढाइन् । त्यस खबर सुनेर कोशल राजा, श्रावस्तीवासीहरू सारा जेतवनाराम विहारमा पुगी तथागत गौतमबुद्धलाई भेटी यससम्बन्धी प्रश्न गर्छन् । तथागत गौतमबुद्धले प्रकृति भिक्षुणी, भिक्षु आनन्दसहित श्रावकहरूलाई आफ्नो अगाडी बोलाउनुभई कोशल राजासहित उपस्थित सबैको अगाडी प्रकृति भिक्षुणीको पूर्वजन्मको कथा सुन्न मन पर्छ कि भनी प्रतिप्रश्न गर्नुहुन्छ । उपस्थित सबैले सुन्ने इच्छा जाहेर गरेकाले गौतमबुद्धले उनको अतीत कथा बताउनुहुन्छ ।


Downloaded from http://dhamma.digital

# अतीत कथा

अतीत समयमा गंगा भन्ने नदीको आसपासमा अछूतहरूको गाँउमा त्रिशंकु नामको अछूत नेता बास गर्दथ्यो । उनको त्रिवेदसहित अनेक शास्त्रमा पारंगत भएका शार्दुलकर्ण नामको अत्यन्त रूपशोभाले युक्त छोरा थियो । आफ्ना छोरा उमेरले परिपक्व भई सकेपछि उसको शिक्षा तथा रूपशोभालाई सुहाउँदो केटी विवाह गरीदिने विचारमा मग्न हुँदै त्रिवेदमा पारंगत भएका पुष्करसारी नामको ब्राम्हणको अत्यन्त रूपशोभाले सम्पन्न प्रकृति नामकी छोरीलाई देखेर उनी आफ्नो छोरासँग शरणबन्धनमा बाँधिदिनको निम्ति पुष्करसारी ब्राम्हणसँग इच्छा जाहेर गरे । पुष्करसारी उनको इच्छा तथा योजना सुनेर अत्यन्त क्रुद्ध हुँदै गालिगलौज गर्दै प्रतिक्षेप गर्छ । त्यसबेला त्रिशंकु नामको अछूत नेताले कुल भेदभावमा हुने विपत्तिबारे अनेक प्रकारका व्याख्या गर्दै बुझाउनुभयो । पशुपंक्षीहरूमा तथा वृक्षलतादिमा अनेक प्रकारको भेदभाव भए तापनि मानिसहरू जहाँ बसे पनि, जुनसुकै देशको भए तापनि, जेसुकै रूपशोभाले युक्त भए तापनि, धनी वा गरीब भए तापनि, पढेलेखेका वा अनपढ भए तापनि सबभन्दा पहिला उ मानव नै हुन् भनी बुझाउनुभयो । त्रिशंकुकै ज्ञानवर्धक देशना सुनेर प्रसन्न भएका पुष्करसारी ब्राम्हण आफ्ना रूपशोभाले युक्त छोरी त्रिशंकुका छोरा शार्दुलकर्णलाई विवाह गरी दिन अन्तमा राजी भए । त्यस समयमा पुष्करसारी नामका कुलीन ब्राम्हणकी प्रकृति नामकी छोरी अहिले यहाँ उपस्थित भएकी प्रकृति नामकी भिक्षुणी हुन् । त्रिशंकु नामको अछूत नेताको शार्दुलकर्ण नामको छोरा चाहिँ यही भिक्षु आनन्द हुन् । त्रिशंकु नामको अछूत नेता हाल तथागत गौतमबुद्ध हुनुभएका म नै हुँ भनी यसरी तथागत गौतमबुद्धले अतीत कथा सुनाउनुभएपछि कोशल राजासहित सारा परिषद् अत्यन्त आश्चर्य चकित हुँदै केही बोल्न नसकी आ-आफ्नो बाटो लागे ।

(दिव्यावदानमा-शार्दुलकर्णावदानबाट सम्पादन गरिएको)

# ४. आनन्द कुमार प्रव्रजित हुन्छ

Dhamma.Digital

सुद्धोधन महाराजाको सहोदर अमितोदन राजाबाट वहाँको अग्रमहिषी गर्भवती भई एघार महिनापछि **कलियुग वर्ष २४७८ बैशाखपूर्णिमा शुक्रवारका दिन अर्थात् हाम्रा बोधिसत्त्व जन्मनुभएको दिनमा पुण्यवान् कुमारको जन्म भयो** । सबै ज्ञातिबन्धुहरूलाई सन्तोष तथा आनन्द पार्दै जन्मिएको हुनाले उनलाई आनन्द भनी नामाकरण गरियो । त्यस आनन्द कुमार दिव्यसुख जस्ता राज्यसुख भोग गर्दै हुर्किनुभयो । त्यस समयमा हाम्रा बोधिसत्त्व महाभिनिष्क्रमण गरेर बुद्धत्व प्राप्त गर्नुभई प्रथम भ्रमण किम्बुलवत् नगरमा ज्ञातिबन्धुहरू तथा शहरवासीहरूको आदरसम्मान ग्रहणपश्चात् केही समयपछि नै किम्बुलवत् नगरबाट निस्कनुभई मल्ल राजाहरूका अनुपिय भन्ने आँपको बगैंचामा जानुभयो । सिद्धार्थ कुमारको लक्षण हेर्ने दिनमा अस्सी हजार जति ज्ञातिबन्धुहरूको कुलद्वारा चक्रवर्ती राजा होस् वा बुद्ध होस् क्षेत्रीय परिवारसहित नै वास गर्नेछ भनी प्रतिज्ञा गर्नुभयो । वहाँ बुद्ध हुनुभएपश्चात् त्यस कुलपुत्रहरूबाट धेरैजसो प्रव्रजित नभएका हुनाले सुद्धोधन महाराजाले पुनः राजकुमारहरूलाई जम्मा गराउनुभई यदि मेरो छोरा घरगृहस्थीमा बसेको भए चक्रवर्ती राजा हुने थियो । त्यसबेला तिमीहरू उसको अनुचर हुने थियौ । अहिले भने वहाँ बुद्ध हुनुभयो । तसर्थ चक्रवर्ती राजा भएको भए जति अनुचर हुने थियो अहिले पनि त्यति नै हुनुपर्छ । त्यसकारण तिमीहरू सबैको


Downloaded from http://dhamma.digital

कुलबाट एक एकजना कुमार दिनु भनी भन्नुभयो । त्यसबेला प्रसिद्धि पाएका हजार जति राजकुमारहरू प्रव्रजित हुनुभयो । केही कुलबाट कोही पनि प्रव्रजित भएनन् । त्यसरी प्रव्रजित नभएका कुलका व्यक्तिहरू तथागत गौतमबुद्धको ज्ञाति हुने छैन भन्ने कुरा उठेपछि तिनीहरू पनि आ-आफ्नो कुलबाट एक एकजना कुमार प्रव्रजित गराउन इच्छुक भयो ।

त्यस समयमा यो आनन्द कुमार, भद्दिय, अनुरुद्ध, भगु, किम्बिल, देवदत्त आदि क्षत्रीय राजकुमारहरू पाँचजना उपालि हजामसँगै अनुपिय भन्ने आँपको **बगैंचामा** गई तथागत गौतमबुद्धसमक्ष प्रव्रजित हुनुभयो । यसरी प्रव्रजित हुँदा **बेल्लट्ठिसीस** स्थविर भिक्षु आनन्दको उपाध्याय हुनुभयो भने **मन्तानी** भन्ने ब्राम्हणीकी छोरा **मन्तानीपुत्त पुण्ण** स्थविर आचार्य हुनुभयो । प्रव्रजित भएको केही दिनपश्चात् आफ्नो आचार्य हुनुभएका पुण्ण स्थविरको धर्मदेशना सुनी श्रोतापन्न हुनुभयो ।

(श्रावक चरित)

# ५. भिक्षु आनन्द श्रोतापन्न हुनुभयो

मन्तानिपुत्त पुण्ण महास्थविरले भिक्षु आनन्द नवक समयमा नै वहाँलाई धर्मदेशना गर्नुभयो । त्यस धर्मदेशना सुनी भिक्षु आनन्द श्रोतापन्न हुनुभयो । पुण्ण महास्थविरले भिक्षु आनन्दलाई सम्बोधन गर्नुभई "आनन्द ! म भन्ने अहम् के कारणले गर्दा हुन्छ ?" भनी सोध्नुभयो । "रूपको कारणले गर्दा हुन्छ । त्यस्तै वेदना, संज्ञा, संस्कार, विज्ञानको कारणले म भन्ने अहम् हुन्छ ।" भनी भिक्षु आनन्दले उत्तर दिनुभयो । त्यसपछि भिक्षु पुण्ण महास्थविरले भिक्षु आनन्दलाई धर्मदेशना गर्नुहुँदै यसरी व्यक्त गर्नुभयो । "आवुसो आनन्द ! राम्ररी सजिएको स्त्री, पुरुष वा युवा, युवतीले ऐना लिएर त्यसबाट प्रतिबिम्बित भएको आफ्नो अनुहार हेर्छ । त्यसरी हेर्नुको कारण रूपले गर्दा नै हो । त्यसकारण "म" भन्ने अहम् श्रृजना हुनुको कारण रूपले गर्दा नै हो । त्यस्तै वेदना, संज्ञा, संस्कार, विज्ञान आदिको कारणले गर्दा "म" भन्ने मान उत्पन्न हुन्छ । आवुसो आनन्द ! रूप नित्य छ कि ? अनित्य छ ?"

Dhamma.Digital

भिक्षु आनन्द - अनित्य छ ।

भिक्षु पुण्ण - कुनै चीज अनित्य छ भने, त्यो दुःख हो कि सुख हो ?

भिक्षु आनन्द - दुःख हो ।

भिक्षु पुण्ण - कुनै चीज अनित्य छ भने, दुःख छ भने, परिवर्तनशील छ भने "यो म" "यो मेरो" "यो मेरो आत्मा" भनी सोच्नु राम्रो छ ?

भिक्षु आनन्द - छैन ।

भिक्षु पुण्ण - वेदना, संज्ञा, संस्कार, विज्ञान नित्य छ कि अनित्य ?

भिक्षु आनन्द - अनित्य छ ।

भिक्षु पुण्ण - केही चीज अनित्य छ भने त्यो दुःख हो, केही अनित्य भए, दुःख भए, परिवर्तनशील स्वभावको छ भने, "म, मेरो" भनी सोच्नु राम्रो छ ?


Downloaded from http://dhamma.digital



आनन्दकुमार, भद्दिय, अनुरुद्ध, भगु, किम्बिल, देवदत्त आदि क्षेत्रिय राजकुमारहरु पाँचजना उपालि हजामसँगै अनुपिय भन्ने आँपको बगैंचामा

Downloaded from http://dhamma.digital



भिक्षु पुण्ण महास्थविरले भिक्षु आनन्दलाई धर्मदेशना गर्नुहुँदै

Downloaded from http://dhamma.digital

भिक्षु आनन्द - छैन ।

भिक्षु पुण्ण - त्यसकारण आफ्नो वा अर्काको वा राम्रो वा जस्तोसुकै रूप देखे तापनि, त्यो **"मेरो पनि हैन, उसको पनि हैन, उनको पनि हैन, नित्य पनि छैन, परिवर्तनशील छ"** भनी ज्ञानद्वारा यथाभूत ज्ञानले अर्थात् यथातत्वाकारले कल्पना गरेर हेरेमा, रूप, वेदना, संज्ञा, संस्कार, विञ्ञाण आदि यस पञ्चस्कन्धप्रतिको मोह घट्नेछ, मोह घटेमा त्यसप्रति आशक्ति हुने छैन । आशक्ति नभएमा त्यसबाट मुक्त हुनेछ । मुक्त भएमा यथातत्वज्ञान प्राप्त हुनेछ । सत्यबोध हुनेछ । मन्तानिपुत्त पुण्ण महास्थविरको यस धर्मदेशना श्रवण गरेका भिक्षु आनन्द श्रोतापन्न हुनुभयो ।

(संयुक्त निकाय-खन्ध संयुक्त-थेरवग्ग)

## ६. भिक्षु आनन्द तथागत गौतमबुद्धको अग्रोपस्थापक पदमा

तथागत गौतमबुद्ध ऐश, आरामदायी जीवन, महेशाक्य, सुपेच्छल, बेफुर्सती, सुप्रख्यात जीवनमा अनुभवि श्रेष्ठ साधुसन्त भए तापनि वहाँको कीर्ति, प्रशंसा पवनवेगसरि देशको कुनाकाप्चामा फैलिएको हुनाले वहाँको दर्शन गर्ने अभिलाषाले, भेटेर कुशलवार्ता गर्ने सदिच्छाले, गम्भीर प्रश्नको विचार विमर्श गर्नलाई र दानादि धर्मकर्म गर्नलाई टा-टाढादेखि विभिन्न देश-देशान्तरबाट वहाँसमक्ष आउनुहुने श्रद्धालुहरूको घुईंचो दिन प्रतिदिन बढ्दै गएका थिए । एकान्त जीवनयापन गर्न रुचाउनुभएका र त्यसबाट हुने लाभ अनुभवद्वारा बोध गर्नुभएका वहाँ जहाँ जानुभए तापनि वहाँसमक्ष भेला हुने श्रद्धालुहरूको घुईंचो भने दिन प्रतिदिन बढ्दै गएका थिए । सामान्य गरीब तथा किसानदेखि लिएर मान्यजन, राजा-महाराजादेखि अनेकौं पँक्तिका श्रद्धालुहरू भेट्न आउने गर्दथ्यो । ती सबैलाई एकैचोटी भेट्नु वहाँको आरामलाई बाधा भएको हुनाले भेट्न आउने हुललाई व्यवस्थित गर्नु जरूरी थियो । यसको लागि वहाँले सिपाहिँहरूलाई परिचालन गर्ने विषयमा कहिले पनि सोच्नुभएको थिएन । आफूलाई भेट्न आउनुहुने श्रद्धालुहरू, भक्तजनहरू, जुनसुकै पँक्तिका भए तापनि कुनै पनि भेदभावको भावना नराखी करुणायुक्त वचनद्वारा सौहार्द्रपूर्ण कुशलवार्ता गर्नमा कहिले पनि हिचकिचाउनुभएको थिएन । जुन तथागत गौतमबुद्धको दिनचर्याको एक हिस्सा थियो । त्यसोभए तापनि तथागत गौतमबुद्ध वृद्ध हुँदै गएको हुनाले वहाँलाई भेट्न आउनुहुने श्रद्धालुहरूलाई स्वागत गरी भेट्न र आफ्नो दिनचर्या गर्नलाई वहाँलाई सेवा गर्ने उपस्थापक वा निजी उपस्थापकको खाँचो भयो । हुन पनि गाउँ-गाउँमा र शहर-शहरमा दुई, तीन किलोमिटर यात्रा गर्नुभई धर्म प्रचार गर्नुहुने तथागत गौतमबुद्धलाई निजी उपस्थापकको खाँचो देखिन्थ्यो । प्रथम बीसवर्षसम्म नागसमाल, नागिक, उपवान, चुन्दसमणुद्देश, सागत, राघ र मेघिय आदि स्थविरहरूले तथागत गौतमबुद्धको पात्र चीवर लैजाने आदिद्वारा उपस्थापकको रूपमा पालै-पालो सेवा गर्नुभएको थियो तापनि तथागत गौतमबुद्धको रुचि र चाहनाअनुरूप त्यस उपस्थान राम्ररी पूरा भएको थिएन । एकदिन नागसमाल स्थविरसँग नगर परिक्रमा गर्दै हिँड्नुभएका तथागत गौतमबुद्ध दोबाटो नजिक पुग्नुभयो र आफू जानुपर्ने बाटोमा जानलाग्दा नागसमाल स्थविरले **"म त त्यस बाटोबाट जान सक्दिन, म यस बाटोबाट जान चाहन्छु"** भनी भन्यो । तथागत गौतमबुद्धले आफूलाई त्यस बाटोबाट जान अनावश्यक भएको सुनाउँदा **"त्यसो भए तपाईं त्यस बाटोबाट जानुस्, म यस बाटोमा लाग्नेछु"** भनी तथागत गौतमबुद्धको पात्र चीवरलाई अनादर गरी दोबाटो बीच भुईंमा छाडेर अन्यत्र लाग्यो ।



Downloaded from http://dhamma.digital

यस्ता बाधा अड्चनहरू उपस्थापकहरूबाट अनेकौं समयमा तथागत गौतमबुद्धले खप्नु परेको थियो। यसरी २० वर्ष बितिसकेपछि एकदिन भिक्षुसंघलाई सम्बोधन गर्नुहुँदै "भिक्षुगण ! म अब साह्रै वृद्ध भएँ। मलाई सेवा गर्न आउने भिक्षुहरू हामी यस बाटोबाट जाऔं भन्दा पनि ऊ अर्को बाटो लाग्छ। कोही त मेरो पात्र चीवरलाई समेत अनादर गरी भुईंमा छाडेर जान्छन्। **त्यसकारण मलाई नित्य रूपमा सेवा गर्ने भिक्षुको जरूरी भयो**" भनी भन्नुभयो। तथागत गौतमबुद्धको यस प्रकाशनबाट सारा भिक्षुगणलाई महाधर्मसंवेग उत्पन्न गराएको थियो। भिक्षु सारिपुत्र तत्क्षणमा नै उठ्नुभई "भो शास्ता ! म आजदेखि हजुरको स्थायी निजी सेवक बन्नेछु" भनी व्यक्त गर्नुभयो। त्यसपछि तथागत गौतमबुद्धले "सारिपुत्र ! तिमीद्वारा सेवा गराई लिने मेरो इच्छा वा बिचार छैन ! तिमी जुन ठाउँ वा प्रदेशमा छौ त्यस ठाउँ वा प्रदेश खालि छैन। **तिम्रो उपदेश मेरो उपदेशसरि समान छ।** त्यसकारण तिम्रो सेवा मलाई जरूरी छैन।" त्यसपछि महामौद्गल्यायण महास्थविर उठ्नुभई आफ्नो इच्छा व्यक्त गर्नुभयो। यसरी अस्सी महाश्रावकहरू मध्ये धेरैजसो उठेर तथागत गौतमबुद्धलाई सेवा गर्नमा आ-आफ्नो दृढ इच्छा जाहेर गर्नुभयो। तथागत गौतमबुद्धले ती सबैका इच्छालाई इन्कार गर्नुभयो। तर भिक्षु आनन्द चाहिं उठ्नुभएको थिएन, तसर्थ सारा भिक्षुहरूले "आनन्द ! सारा भिक्षुहरू तथागत गौतमबुद्धलाई सेवा गर्नको निम्ति स्थायी निजी सेवकको पद माग्दैछन्। तिमी मात्रै निशब्दसाथ बस्दैछौ ! तिमीले किन माग्दैनौ ?" भनी प्रश्न गरियो। अनि भिक्षु आनन्दले "प्रिय मित्र स्थविरहरू ! **मागेर प्राप्त गर्ने पदहरूको महत्त्व हुँदैन**। तथागत गौतमबुद्धलाई मेरो बारे राम्ररी थाहा छ। यदि वहाँ मलाई रुचाउनुहुन्छ भने "आनन्द तिमी मेरो स्थायी निजी सेवक बन्नु" भनी मलाई आज्ञा हुनुहुनेछ।

## ७. उपस्थापक पदमा नियुक्तिको लागि आठवटा वर आवश्यक

तथागत गौतमबुद्धको स्थायी निजी सेवकको पद माग्नु भनी संघसभाले भिक्षु आनन्दलाई जोडदारका साथ आग्रह गरियो। तर पनि भिक्षु आनन्द मौन रहनुभएको थियो। यस दृश्यलाई हेरी रहनुभएका तथागत गौतमबुद्धले "भिक्षुगण ! आनन्द, तिमीहरूले उक्साउनुपर्ने व्यक्ति हैन। उनलाई नै बोध भएपछि मलाई उपस्थान सेवा गर्नेछ अर्थात् मेरो स्थायी निजी सेवक (सचिव) बन्नेछ" भनी आज्ञा हुनुभयो। त्यो सुनी अन्य भिक्षुगणले "आनन्द उठ ! आनन्द उठ !! तथागत गौतमबुद्धको स्थायी निजी सेवकको पद मागेर लिनू" भनी आग्रह गर्दै रहे। भिक्षु आनन्द पनि संयमका साथ उठ्नुभई "भो शास्ता ! मलाई मन नपर्ने चारवटा कुरा र मलाई मन पर्ने चारवटा कुरा यी आठवटा कुरामा हजुर सहमत हुनुहुन्छ भने म हजुरको स्थायी निजी सेवक भई सेवा गर्नेछु" भनी बिन्ति गऱ्यो।

गौतमबुद्ध - तिमीलाई मन नपर्ने चारवटा कुरा के के हुन् ?

भिक्षु आनन्द - भो शास्ता !


१. हजुरलाई प्राप्त हुने राम्रा-राम्रा चीवर मलाई प्रदान नगर्नुहोस्।

२. हजुरलाई प्राप्त हुने प्रणीत खाद्यपदार्थ आदि मलाई प्रदान नगर्नुहोस्।

३. हजुर बसोबास गर्नुभएका गन्धकुटीमा मलाई बसोबास नगराउनुहोस्।



Downloaded from http://dhamma.digital



सारा भिक्षुहरुले – आनन्द ! सारा भिक्षुहरु बुद्धलाई सेवा गर्नको निम्ती निजी सेवकको पद माग्दैछन् ।

Downloaded from http://dhamma.digital



गौतमबुद्ध - तिमीले मागेका आठ प्रकारका कुराहरु साधारण छ। बुद्धिपूर्ण छ।
म त्यसकुराहरु सन्तोषका साथ प्रदान गर्दछु।

Downloaded from http://dhamma.digital

४. हजुरलाई प्राप्त निमन्त्रणामा मलाई साथ नलैजानुहोस् ।

गौतमबुद्ध - ठीक छ ! तिमीले भनेका ती चारवटा कुरा तिम्रो इच्छा नभएका कुराहरू हुन् । तिम्रो इच्छा भएका कुराहरू के के हुन् नि ?

भिक्षु आनन्द -

१. मैले स्वीकार गरेको निमन्त्रणामा हजुर पनि उपस्थित हुनुपर्नेछ ।

२. हजुरको दर्शन गर्न धेरै टाढादेखि आउनुहुने श्रद्धालुहरूलाई जुन बेलामा पनि हजुरसमक्ष उपस्थित गराउने अनुमति हुनुपर्दछ ।

३. मलाई कुनै प्रकारको शंका लागेमा हजुरसँग त्यसको यथार्थ मर्म बुझिलिन जुनसुकै समयमा पनि हजुरलाई भेटी कुशलवार्ता गर्न सक्ने अनुमति हुनुपर्दछ ।

४. हजुरले मेरो अनुपस्थितिमा कुनै ठाउँमा देशना गर्नुभएका धर्मदेशना वा घटेका घटनाहरू सबै सविस्तार मलाई बताई दिनुपर्नेछ ।

गौतमबुद्ध - आनन्द ! पहिलेका चारवटा कुरा तिमी किन मन पराउँदैनौ ?

भिक्षु आनन्द - भो शास्ता ! मैले हजुरलाई प्राप्त हुने प्रणीत खाद्यपदार्थ, राम्रा प्रणीत चीवर, परिभोग गर्दै एउटै विहारमा वास बस्दै, हजुरलाई प्राप्त भएका निमन्त्रणामा जाँदै हजुरको सेवा गर्दा अन्य व्यक्तिहरू (संघ तथा महाजन) ले भन्नेछ कि "त्यस प्रकारको लाभ, सत्कार र फाइदा पाउनेछ भने को हिचकिचाउनेछ र तथागत गौतमबुद्धलाई सेवा गर्न ।" त्यसकारण त्यस्ता आरोपलाई म रुचाउँदिन ।

गौतमबुद्ध - ठीक छ । त्यसो भए तिमीले अन्य चारवटा कुरा के लाभ, फाइदा अर्थात् आनिशंसलाई मध्य नजर गरी माग गरेको नि ?

भिक्षु आनन्द - "भो शास्ता ! हजुरलाई भेट्न आउन असमर्थ भएका श्रद्धालुहरूले मलाई भेटी तथागत गौतमबुद्धका साथ हाम्रो घरमा भोजनलाई पाल्नुस्" भनी निमन्त्रणा गरेको खण्डमा म हजुरलाई साथमा लिएर त्यस घरको निमन्त्रणामा उपस्थित हुन सक्नुपर्नेछ । त्यसो गर्न नसकेको खण्डमा हजुरको सेवकको नाताले म अपहेलित हुनेछु । हजुरलाई भेट्न आउनेहरूलाई हजुरसमक्ष जुन बेलामा पनि उपस्थित गराउनसक्ने हुनुपर्दछ । कुनै पनि धर्म वा घटनाबारे, कुनै पनि प्रश्नबारे मलाई शंका लागेमा तत्क्षणमा नै हजुरलाई भेटी त्यस शंकाको निवारणका निम्ति हजुरसँग कुशलवार्ता गर्न सक्ने हुनुपर्दछ । त्यसो गर्न नसकेको खण्डमा म अवहेलित हुनेछु । क-कसैले यो गाथा, यो सूत्र, यो जातक, कथा तथागत गौतमबुद्धले कहाँ, कसलाई र कसको बारे देशना गर्नुभएको ? भनी मसँग प्रश्न गर्नेछ । त्यसरी प्रश्न गरेको खण्डमा त्यसको जवाफ मैले दिन सकेन भने म अवहेलित हुनेछु । त्यसकारण म नभएको समयमा देशना गर्नुभएका धर्मदेशना र कुनै घटना मलाई पुनः देशना गर्नुहोस् र मैले पनि जानी बुझिराख्नु अति आवश्यक ठान्दछु ।"

गौतमबुद्ध - तिमीले मागेका आठ प्रकारका कुराहरू साधारण छ । बुद्धिपूर्ण छ । त्यसकारण म त्यस कुराहरू सन्तोषका साथ प्रदान गर्दछु । आजदेखि तिमीलाई मेरो उपस्थापक पदमा नियुक्त गर्दछु ।


Downloaded from http://dhamma.digital

भिक्षु आनन्दले त्यस श्रेष्ठ पद अत्यन्त हर्षविभोरका साथ सन्तोषपूर्वक स्वीकार्नुभयो। सारा भिक्षुगणले योग्य व्यक्तिलाई योग्य पद प्राप्त भयो भनी प्रीति घोषणा गर्नुभयो।

भिक्षु आनन्दको यस सत्कार्यले पद प्राप्त गर्नेहरूलाई तथा पद प्रदान गर्नेहरूलाई राम्रो शिक्षा सिकाइन्छ। आफूमा योग्यता हुँदाहुँदै पनि भिक्षु आनन्दले पद नमाग्नुभएको, मागेर प्राप्त गर्ने पदमा केही महत्त्व नभएकोले हो। माग्नु नै अयोग्यताको पहिचान हो। योग्य व्यक्तिलाई योग्य पद जिम्मा दिनु पद प्रदान गर्ने प्रमुखको, पालकको तथा नायकको प्रथम कर्तव्य हुन आउँछ। जुनसुकै पदमा अयोग्य व्यक्तिको नियुक्ति गर्नु नै संघसंस्थाको, समाजको परिहानिको, विनाशको कारक बन्नेछ भने क्षम्य गर्न नसक्ने ठूलो गल्ति पनि हो। तथागत गौतमबुद्धले नेता, प्रमुख व्यक्ति, पालकको रूपमा अस्सी महाश्रावकहरू मध्ये तिनीहरूको क्षमतानुसार योग्य व्यक्तिलाई योग्य पदमा नियुक्त गर्नुभयो। पद प्रदान गर्दा कदापि अनुहार हेरी प्रदान गर्नुभएको थिएन। (**न भिक्खवे, मुखं ओलोकेत्वा दम्मि**) योग्य र दक्ष व्यक्तिलाई पद प्रदान गर्ने कार्य तथागत गौतमबुद्धले आजभन्दा २५०० वर्ष अघि नै व्यावहारिक रूपमा देखाउनुभएको थियो जुन आधुनिक युगमा समेत स्वीकारेका श्रेष्ठ कार्य भएको छ। उल्लेखित ८ वटा कुरा प्राप्त गर्नुभएका भिक्षु आनन्द तथागत गौतमबुद्धको सेवकमात्र नभई निजी सचिव पनि हुन्। तथागत गौतमबुद्धले देशना गर्नुभएका धर्म साकच्छा, वादविवाद, सोधेका प्रश्न, दिएका उत्तर र घटेका घटनादि सारा कुरा विस्तृत रूपमा भिक्षु आनन्दले अत्यन्त चतुर लेखकसरि आफ्नो मनरूपि कापीमा लेखी धारण गरी सम्झी राख्नुभएको थियो। कण्ठ गर्नुभएको थियो। **"एवं मे सुतं ....."** आदि उल्लेखित सारा सूत्र भिक्षु आनन्दले सम्झी, धारण गरी राखेका हुन् जुन तथागत गौतबुद्धबाट श्रवण गरेका थिए। कलमले कापीमा नलेखे तापनि सारा त्रिपिटक नै भिक्षु आनन्दको कृति हुन्। भिक्षु आनन्दले हामीलाई दिनुभएको श्रेष्ठ उपहार हुन् त्रिपिटक।

मानव मस्तिष्कले धारण गरी राख्न सक्ने, मानिसको मनमा सम्झिराख्न सक्ने उच्चतम परिमाण भनी भन्न सक्ने भिक्षु आनन्दले धारण गरी राख्नुभएका, सम्झिराख्नुभएका त्रिपिटक नै हो। यस वीर्यपुरुषको दक्षता बारेको एउटा संस्मरण वा अभिलेख नै हुन आउँछ। यस प्रकारको दक्षता भिक्षु आनन्दले बाहेक मानव इतिहासमा कसैले पनि राखेको देखिंदैन।

अग्रोपस्थापक पदमा नियुक्ति हुँदा पनि संसारमा यतिका पद प्राप्त गरेका मध्ये कसैले पनि नगरेका विशेष संस्मरण वा अभिलेख राख्नुभएको थियो। जुन पद प्राप्त भएपछि कीर्ति, प्रशंसा, लाभ तथा हरेक प्रकारका मानसम्मान समेत प्रतिक्षेप गर्नु वा स्वीकार नगर्नु हो। यो पनि मानव समाजमा देख्न पाउने अत्यन्त दुर्लभ गुण हो।

## ८. भिक्षु आनन्द उपस्थापक पदमा कार्यरत

भिक्षु आनन्द समय-समयमा, बेला-बेलामा, पुनः पुनः तथागत गौतमबुद्धलाई उपस्थान गर्नुभए तापनि स्थायी रूपमा त्यस पदमा आसीन भएपछि अक्षरसः त्यस कार्यभार शिरोपर गरी सम्हाल्नुभएको थियो। लाखौं कल्पसंख्य पारमी धर्म पूरा गरी प्राप्त गर्नुभएको यस श्रेष्ठ पदका सारा कार्यभारहरू यथेष्ट रूपमा पूरा गर्नुभएको थियो। तथागत गौतमबुद्धलाई चीसोपानीको आवश्यक भएमा चीसोपानी,


Downloaded from http://dhamma.digital

तातोपानीको आवश्यक भएमा तातोपानी र मनतातो पानीको आवश्यक भएमा मनतातो पानी तयार गरी चढाउनुहुन्थ्यो । तथागत गौतमबुद्ध विहार गर्नुभएको गन्धकुटीमा सँधै साँझ, बिहान सफासुग्घर गरी अत्यन्त पवित्र गरी राख्नुहुन्थ्यो । फलानो बस्तु ल्याई दिनु भनी गुनासो गरिरहनुपर्ने मौका बुद्धलाई कदापि दिनुभएको थिएन । "आनन्द" भनी दुइचोटी डाक्नुपर्ने अवस्था वा मौका कहिले पनि बुद्धलाई दिनुभएको थिएन । तथागत गौतमबुद्धको अनुभव, क्रियाकलाप र जीवनशैलीसम्बन्धी यथोचित ज्ञानका साथ कार्यइष्ट गर्नुभयो । प्रत्येक दिन दिनरात नाना प्रकारका व्यक्तिहरू तथागत गौतमबुद्धलाई भेट्न आउँथ्यो । ती मध्ये राजा, महाराजा, साहुमहाजनहरू, मन्त्री-महामन्त्री, त्रिवेद पारंगत भएका ब्राम्हणहरू अनेक प्रकारका ऋषि, तपस्वीहरू, राजमाता, राजकुमार, राजकुमारी, दुःखी, दरिद्रहरू, पक्षविपक्ष तथा बुद्धश्रावक इत्यादिहरू थिए । त्यसमध्ये पनि धेरै जसोलाई पहिले बुद्धले भेट्नु वा देख्नुभएको थिएन । तथागत गौतमबुद्धलाई तकलिफ नहुने तथा नठाक्ने गरी साथै अतिथिहरूको आशा, इच्छाआकांक्षा निष्फल नहुने गरी भिक्षु आनन्दले आफ्ना अतिथिहरूलाई तथागत गौतमबुद्ध भेट्ने समय यथोचित तरिकाले सम्पन्न गर्नुहुन्थ्यो । यसको लागि वहाँले आगत पतिपत्ति (लाइन राख्ने क्रम) हो वा अन्य क्रम हो भन्ने कुरा कतै उल्लेख भएको छैन । जे जसो भए तापनि तथागत गौतमबुद्धलाई भेट्न नसकेमा भिक्षु आनन्दलाई भेटी कुशलवार्ता गर्न पाएकोमा पनि धेरै जसो अतिथिहरू आफूलाई भाग्यमानी ठान्दथे । धेरै जसोले भिक्षु आनन्दलाई भेट्न पाएकोमा पनि सन्तोष व्यक्त गर्दथे । तथागत गौतमबुद्धको विश्रामलाई बाधा अड्चन नपुऱ्याउनुका साथै अन्य अतिथिहरूको मन पनि जित्नुभएको थियो भिक्षु आनन्दले । रातभरि नै मसाल बालेर नौ चोटी गन्धकुटीको वरिपरि हिँड्डुल गर्दै अत्यन्त श्रद्धाले युक्त भई इमान्दार चौकीदारले जस्तै तथागत गौतमबुद्धलाई सुरक्षा गर्नुभएको थियो । त्यस प्रकारका आश्चर्ययुक्त इमान्दारीपूर्ण सुरक्षा व्यक्तिले व्यक्तिलाई, सेवकले मालिकलाई, शिष्यले आचार्यलाई गरिएको प्रमाण अन्यत्र मानव इतिहासमा कतै पनि उल्लेख भएको पाईंदैन । भिक्षु आनन्दले बुद्धको श्रेष्ठत्वबाट अनैतिक रूपमा तथा अनावश्यक रूपमा फाइदा तथा लाभसत्कार लिने कार्य कदापि गर्नुभएको थिएन । त्यस श्रेष्ठत्व, नेतृत्वबाट आफूमा कहिले पनि अहंम्स्वभाव देखाउनुभएको थिएन । ठूल-ठूला मान्छेहरूको सत्संगत गर्नेहरूलाई, तिनीहरूसँग उठबस् गर्ने व्यक्तिहरूको निम्ति भिक्षु आनन्दको सुरिलो स्वभाव, कोमल स्वभाव र स्वामीप्रतिको गौरव स्वभावले हामीलाई राम्रो शिक्षा प्रदान गर्दछ ।

## ९. भिक्षु आनन्द पाँचवटा कारणले अग्रस्थानमा

**"एतदग्गं भिक्खवे, मम सावकानं भिक्खुनं बहुस्सुता नं यदिदं आनन्दो, सतिमन्ता नं यदिदं आनन्दो, गतिमन्ता नं यदिदं आनन्दो, धितिमन्ता नं यदिदं आनन्दो, उपत्थाकानं यदिदं आनन्दो ।"**

भिक्षु हो ! मेरा श्रावक भिक्षुहरू माझमा, बहुश्रुत भिक्षुहरूको अग्रस्थानमा भिक्षु आनन्द हुन् । स्मृति सम्पन्न भिक्षुहरूको माझमा, ञाणगति भएका भिक्षुहरूको माझमा, धुताङ्गले सम्पन्न भएका भिक्षुहरूको माझमा, उपस्थान गर्ने भिक्षुहरूको माझमा भिक्षु आनन्द अग्रस्थानमा छ ।

(अंगुत्तर निकाय एतदग्गपालि)

एकदिन गोपक मोग्गल्लान ब्राम्हण भिक्षु आनन्दकहाँ गएर "आयुष्मान् आनन्द स्थविर ! तपाई यस तथागत गौतमबुद्धको शासनमा बहुश्रुत भनी प्रख्यात हुनुहुन्छ । त्यसरी प्रख्यात हुन तथागत गौतमबुद्धले


Downloaded from http://dhamma.digital

तपाईंलाई के कति धर्मदेशना गर्नुभएको थियो ? तपाईंले के कति धर्म अभ्यास गर्नुभयो ?" भनी प्रश्न गऱ्यो । त्यसबेला भिक्षु आनन्दले जवाफ दिँदै भन्नुभयो -

**"द्वासीतिं बुद्धतो गण्हि - द्वे सहस्सानि भिक्खुतो**
**चतुरासीति सहस्सानि - ये मे धम्मा पवत्तीनो ॥"**

"ब्राम्हण ! मैले शास्ताबाट धर्मस्कन्ध बयासीहजार र सारिपुत्र आदि महास्थविरहरूबाट धर्मस्कन्ध दुइहजार अध्ययन गरें । चौरासीहजार धर्मस्कन्ध मलाई प्रगुण छ" भनी भन्नुभयो ।

"त्यस्तै श्रावक भाषितबाट प्रगुण तथा अभ्यास गराउनुभएका दुइहजार धर्मस्कन्धबाट सारिपुत्र सूत्र र आनन्द सूत्र तीनवटा असम, सुभ, बाहितिक, सेख, अट्ठकनागर, गोपकमोग्गल्लान, अञ्ञतितिथिय, भूमिज, निदान, भद्दजि, निघण्ठ आदि सूत्रहरू र दसधम्मादि नानानुसन्धि सूत्रहरूमा अनेक अनुसन्धिहरू र थेर गाथाका अनेक गाथाहरू र आनन्द स्थविरपादान इत्यादि सबै सूत्रहरू आनन्द स्थविरले नै देशना गर्नुभएको थियो । यसरी धर्म भण्डागारिक पदमा बसेर धर्म अध्ययन गर्नुभई सम्झी राख्नुभएको हुनाले साथै देशना गर्नुभएको हुनाले पनि वहाँ **बहुश्रुतहरू**मध्ये अग्र हुनुहुन्छ" भनी बुझ्नुपर्छ ।

भिक्षु आनन्द स्थविर स्मृति सम्पन्न हुनुभएका भिक्षुहरूमध्ये कसरी अग्र हुनुभएको थियो ? भने स्मृति सम्पन्न हुनुभएका अन्य भिक्षुहरू भए तापनि भिक्षु आनन्दसँग समान हुनुभएका अन्य भिक्षुहरू हुनुहुन्नथ्यो । वहाँ देशना गरिएका धर्मस्कन्ध स्वर्ण भाजनमा खन्याइएको सिंहतेल जस्तै एकथोपा पनि घटिबढी नहुने गरी धारण गर्ने, सम्झी राख्नसक्ने हुनाले वहाँमा बुद्ध वचन अध्ययन गरेर धारण गरी लिनुमा स्मरणशक्ति अन्य श्रावक भिक्षुहरूलाई भन्दा अत्यन्त उच्च थियो । त्यो त्यसरी नै ।

यस आनन्द महास्थविर पूर्वसञ्चय गर्नुभएका पुण्यसम्पत्तिले युक्त हुनुभई आचार्यको सम्मुख अध्ययन गर्नु, श्रवण, प्रतिप्रश्न तथा स्मरण गरी राख्नसक्ने जस्ता गुणले परिशुद्ध तथा परिपूर्ण हुनुभएको हुनाले र श्रोतापन्नभाव, बहुश्रुतभाव इत्यादि चारवटा कारणले सुसम्पन्न हुनुभएको हुनाले, अर्थगम्भीरता, धर्मगम्भीरता, देशनागम्भीरता र प्रतिवेधगम्भीरता आदि चार प्रकारले गम्भीर भएका धर्म प्रष्ट रूपमा बोध गरी लिनुभएको थियो ।

वहाँ धार्मिक सम्पत्ति, अवबोध गर्नसक्ने सम्पत्ति, पूर्वसञ्चित पुण्यसम्पत्ति, यथास्थानमा प्रतिप्रश्न गर्नसक्ने सम्पत्ति, तित्थवाससम्पदा योनिसोमनसिकारसम्पदा, बुद्धोपनिस्सयसम्पदा जस्ता सात प्रकारका सम्पत्तिले युक्त भएको हुनाले चार योजन (Cubit or a long Measure of 18 Inches) ठूलो भण्डागारमा दियो बाल्दा त्यहाँ भएका खात, मेच जस्ता सारा चीज वस्तुहरूको रूप प्रष्ट देखिने जस्तै वहाँलाई नाम, रूप धर्महरू प्रकट भएको थियो । त्यसो भएको हुनाले **वहाँ स्मृतिवान् भिक्षुहरू मध्येमा पनि वहाँ अग्र हुनुभएको थियो** भनी बुझ्नु ।

भिक्षु आनन्द महास्थविर **ञाणगति** भएका भिक्षुहरूमध्ये कसरी अग्र हुनुभयो भने ? ञाणगति भएका अन्य भिक्षुहरू भए तापनि वहाँसँग समान भएका अन्य कोही थिएन । वहाँ एक हरफदेखि लिएर साट्ठीहजार हरफ अर्थात् गाथा पन्ध्रहजार अध्ययन गर्नुहुँदै तथागत गौतमबुद्धले देशना गर्नुभएअनुसार नै सारा पद (गाथाहरू) सम्झी राख्नुभएको, धारण गर्नुभएको थियो । त्यसो भएको हुनाले **ञाणगति भएका**



Downloaded from http://dhamma.digital



भिक्षु आनन्द चिराग हातमा लिइ बुद्धको सुरक्षा गर्दै

Downloaded from http://dhamma.digital



कोसल राजा बुद्धसमक्ष जानुभई शास्ता ! रानीहरूले धर्म अध्ययन गर्न चाहन्छु भन्छिन्

Downloaded from http://dhamma.digital

**श्रावकहरूमध्ये अग्र हुनुभएको थियो** भनी बुझ्नु ।

आनन्द महास्थविर धैर्यसम्पन्न हुनुभएका भिक्षुहरूमध्ये कसरी अग्र हुनुहुन्छ ? भने धैर्यसम्पन्न भएका अन्य भिक्षुहरू भए तापनि भिक्षु आनन्दसँग समान भएका अन्य भिक्षुहरू कोही पनि थिएन । वहाँलाई बुद्धवचन अध्ययन गर्न, अभ्यास गर्न र धारण गर्नमा वीर्य र तथागत गौतमबुद्धलाई उपस्थान गर्नमा वीर्य अन्य श्रावकहरूलाई भन्दा अधिक थियो । त्यसो भएको हुनाले **धैर्यसम्पन्न भएका भिक्षुहरूमध्ये अग्र हुनुभएका थिए** भनी बुझ्नु ।

आनन्द महास्थविर उपस्थापकहरू मध्येमा कसरी अग्र हुनुभयो ? भने अन्य उपस्थापक भिक्षुहरू भए तापनि तथागत गौतमबुद्धको मनलाई सन्तोष पारी उपस्थान नगरेको हुनाले भिक्षु आनन्दसँग समान हुन सक्ने अन्य उपस्थापकहरू थिएनन् । बुद्धोपस्थापन गर्नेहरू मध्ये भिक्षु नागसमाल आदि अन्य भिक्षुहरूले जस्तै उपस्थान गर्नुभएको थिएन । बुद्धको मन पनि जित्न सकेको थिएन । त्यसो भए तापनि भिक्षु आनन्द उपस्थापक पदमा आसिन्न हुनुभएको दिनदेखि प्रारम्भ गरिएका वीर्यले (**आरब्ध वीर्य**) युक्त भई, प्रेमले भरीपूर्ण भई, सुशीलस्वभावका साथ अज्ञाकारी भई बुद्धको मन जितेर श्रद्धासम्पन्न भई सेवाटहल गरेका थिए । बुद्धलाई मार्नको निम्ति नालागिरी हात्ती आएको समयमा तथागत गौतमबुद्धको निम्ति आफ्नो ज्यान दिने दृढ संकल्पका साथ "**मेरा शास्ता हुनुभएका तथागत गौतमबुद्धलाई बचाउनेछु**" भनी शास्ताको अगाडी गई बस्नुभएको थियो । त्यसो भएको हुनाले उपस्थापक भिक्षुहरू मध्ये अग्र हुनुहुन्थ्यो भनी बुझ्नुपर्छ ।

(श्रावक चरित-मनोरथ पूरणी-एतदग्गपालि)

## १०. महिलाहरूको अति प्रिय भिक्षु आनन्द

भिक्षु आनन्दलाई जति महिलाहरूले प्रिय गरेका अरु भिक्षुहरू बुद्धशासनमा नै छैन । शाक्य राजकुमार हुनुभएका वहाँको मनमोहक रूपलावण्य, सुमधुर स्वर, नरम स्वभाव, स्नेहीस्वभाव र करुणा जस्ता गुणले गर्दा महिलाहरूले वहाँलाई भेट्न, भेटेर कुशलवार्ता गर्न अत्यन्त लालायित हुन्थे । राजाहरूका अग्रमहिषीहरू, अन्तःपुरका महिलाहरू र भिक्षुणीहरूले पनि वहाँबाट धर्मोपदेश सुन्ने आशा गरेकी थिइन् । भिक्षु आनन्द अरहत् हुनुभएको तथागत गौतमबुद्ध महापरिनिर्वाण हुनुभए पश्चात् हो । श्रोतापन्न मात्र हुनुभएका वहाँले कहिले पनि, कुनै पनि समय वा क्षणमा आफ्नो मनमा कामचेतना जगाउनुभएको थिएन । सायद भिक्षु आनन्दलाई अनेकौं महिला तथा भिक्षुणीहरूले प्रेम गरेको हुनसक्छ । त्यसो भए तापनि भिक्षु आनन्द तिनीहरूले गरेका प्रेम, मायालाई स्वीकार्नुभएको थिएन । भिक्षु आनन्दले आफ्नो मनमा एकक्षण, एकपल पनि कामचेतना जगाएको थिएन । यो भने निक्लेशी नभएका, शैक्ष भएका मनुष्य मनको अचम्मको स्वभाव हो । राजकुमार हुनुभएका वहाँले आफ्नो वंश कुलको गौरव, इज्जत र आफ्नो स्वामी, गुरु हुनुभएका तथागत गौतमबुद्धको इज्जत र गौरव, आफूले बहन गर्दै गरेको पदको मर्यादालाई र आफूले आश्रय गरिरहेका श्रेष्ठ व्यक्तिहरूको व्यक्तित्वलाई कहिले पनि भुल्नुभएको थिएन । महिलाको निम्ति आफ्नो श्रेष्ठभावलाई नाश गर्नुभएको थिएन । महिलाको निम्ति आफ्नो भिक्षुत्वलाई नाश गर्नुभएको थिएन । महिलाभन्दा आफ्नो भिक्षुभाव हजारौं गुणाले श्रेष्ठ छ भन्ने कुरा दृढ विश्वासका साथ आत्मसात् गर्नुभएको थियो ।



Downloaded from http://dhamma.digital

# ११. कोसल राजाका अग्रमहिषीद्वयले भिक्षु आनन्दबाट धर्म अध्ययन गर्छिन्

कोसल राजाका अग्रमहिषी हुनुभएका मल्लिकादेवी र वासभखत्तिया महारानीहरूलाई भिक्षु आनन्दले धर्म सिकाउनुभएको थियो । सद्धर्मरत्नावलीका लेखकले यस तथ्यलाई यसरी प्रस्तुत गर्नुभएको छ ।

"कोसल राजा बुद्धसमक्ष जानुभई शास्ता ! रानी मल्लिका र वासभखत्तियाद्वयले धर्म अध्ययन गर्न चाहन्छु भन्छिन् । पाँचसयजना श्रावकसंघसहित राजदरवार पाल्नुभई तिनीहरूलाई धर्म सिकाई दिनुस्" भनी प्रार्थना गरेका थिए । "महाराज ! सर्वज्ञहरूको वास सँधै एक स्थानमा रहने छैन, बहुजनको हितसुख नहुने हुनाले" भनी आज्ञा हुनुभयो । त्यसो भए "तथागत ! एकजना भिक्षुलाई आज्ञा भई जिम्मा लाइदिएमा बेश हुनेथियो" भनी प्रार्थना गर्नुभयो । तथागत गौतमबुद्धले पनि भिक्षु आनन्दलाई जिम्मा लाइदिनुभयो । भिक्षु आनन्द पनि सँधै राजदरबारमा जानुभई धर्म सिकाउनुहुन्थ्यो । तिनीहरू दुइजनामा अग्रमहिषी मल्लिकादेवीले अध्ययन गर्ने समयमा राम्ररी धर्म अध्ययन गर्दै, अभ्यास गर्दै, सम्झिनुका साथै वाचन गर्दछे, वासभखत्तिया अध्ययन गर्ने समयमा पनि राम्ररी अध्ययन गर्दैन, अभ्यास पनि राम्ररी नगर्नुका साथै सम्झँदैन र वाचन पनि गर्दैन थिए ।

एक दिन तथागत गौतमबुद्धले भिक्षु आनन्दलाई डाकी "कस्तो छ आनन्द ? अग्रमहिषीहरू धर्म अध्ययन गर्दछे ?" भनी प्रश्न गर्नुभयो । "भो शास्ता !" भनेपछि "तिनीहरू दुइजनामध्ये चित्त एकाग्र गरी धर्म अध्ययन गर्ने को हो ?" भनी प्रश्न गर्नुभयो । "भो शास्ता ! मल्लिकादेवी चित्त एकाग्र गरी राम्ररी धर्म अध्ययन गर्छे, अभ्यास गर्छे, सम्झन्छे र वाचन पनि राम्रो छ । हजुरको ज्ञातिबन्धुकी सुपुत्री हुनुभएकी वासभखत्तिया धर्म अध्ययन गर्ने समयमा, अभ्यास गर्ने समयमा, सम्झने समयमा र वाचन गर्ने समयमा पनि राम्ररी गर्दैन" भनी भन्नुभयो ।

(सद्धर्मरत्नावली-जयतिलक संस्करण, पेज ३२८–३२९)

Dhamma.Digital

# १२. उदेन राजाका अन्तःपुरका महिलाहरूले पनि भिक्षु आनन्दलाई धर्मदेशनाको निम्ति माग्छे

त्यस वचन सुनी महाराजा उदेनले बुद्धलाई पञ्चाङ्ग दण्डवत् गरी "भो शास्ता ! पाँचसय भिक्षुसंघसहित सँधै राजदरबारमा पाल्नुहोस् । श्यामावतीसहित पाँचसय महिलाहरू धर्मदेशना श्रवण गर्ने इच्छा प्रकट गर्दैछे" भनी जानकारी गराउनुभयो । त्यस समयमा तथागत गौतमबुद्धले "महाराज ! सर्वज्ञहरू त सारा प्राणीप्रति अनुकम्पा राख्ने हुन् । महाजनहरूले पनि सर्वज्ञहरूको दर्शन नै प्रार्थना गर्छन् । त्यसो भएको हुनाले एक ठाउँमा मात्र सँधै गयो भने अन्य वहुजनहरूले कसरी पुण्य सञ्चय गर्छन् त ?" भनी आज्ञा हुनुभयो । उक्त बुद्धवचन सुनी राजाले त्यसो भए "भो शास्ता ! श्यामावतीसहित पाँचसय महिलाहरूलाई प्रवचन गरीदिनुहुन कुनै एकजना भिक्षुलाई नियुक्त गरिदिनुभए बेश हुन्थ्यो" भनी अनुरोध गर्नुभयो । तथागत गौतमबुद्धले त्यस अनुरोधलाई सुन्नुभई भिक्षु आनन्दलाई डाक्नुभयो । **"आनन्द ! आजदेखि तिमी उदेन**



Downloaded from http://dhamma.digital



अन्तःपुरका महिलाहरूले पनि भिक्षु आनन्दलाई धर्मदेशनाका लागि माग्छे

Downloaded from http://dhamma.digital



भिक्षु आनन्द राजमहिषीहरूलाई धर्मदेशना गर्दै

Downloaded from http://dhamma.digital

**महाराजाको अन्तःपुरमा धर्मदेशना गर्न जानु"** भनी भिक्षु आनन्दलाई आज्ञा हुनुभयो । भिक्षु आनन्द पनि पाँचसयजना भिक्षुसंघसहित राजदरवारमा जानुभई सँधै धर्मदेशना गर्नुहुन्थ्यो । ती स्त्रीहरू पाँचसयजना निरन्तर भिक्षु आनन्दबाट धर्मदेशना श्रवण गर्ने गर्दथ्यो । एकदिन भिक्षु आनन्दको धर्मदेशना श्रवण गरी प्रसन्न भई ती पाँचसयजना महिषीहरूले पाँचसयवटा कसीसल (पस्मिना) ले पूजा गरिन् ।

(सद्धर्मरत्नावली-जयतिलक संस्करण पेज नं. ३२८- ३२९)

# १३. भिक्षु आनन्द अन्तःपुरका राजमहिषीहरूलाई धर्मदेशना गर्नुहुन्छ

एकदिन कोसल राजाका पाँचसयजना रानीहरू दिनका दिन विहारमा गई धर्मश्रवण गर्न नसकी राजाकहाँ गई "महाराज ! तपाई दिनको तीनचोटी बुद्धकहाँ जानुभई धर्मश्रवण गर्नुहुन्छ । यस नगरका विशाखा आदि अन्य महिलाहरू पनि रुचिअनुसार विहारमा गई धर्मश्रवण गरी धेरै कुशल पुण्य सञ्चय गरी लिनुहुन्छ । यहाँ हामीहरू तपाईंको अन्तःपुरमा जड् भई, इच्छानुसार गएर धर्मश्रवण गरी पुण्य सञ्चय गर्न असमर्थ छौं । यस नवौं बुद्धोत्पाद समयमा जन्मी असंख्य कल्पसमयमा "बुद्ध" भन्ने नाममात्र सुनेर थाम्न नसक्ने भएका छौं । लोकोत्तर तथागत गौतमबुद्ध गरीबहरूको घरमा दृश्यमान हुँदै गएका कल्पवृक्ष जस्तै, यस नगर सद्धर्मश्रीले सुशोभित भई लोकार्थ हुँदा पनि हामी अहिले समुन्द्रको बीचमा बसेर तीर्खाले छट् पटाएर दुःखी भएकाहरू जस्तै, आकाशमा उडेर पनि स्वतन्त्र हुन नसकेका गिद्ध जस्तै, पृथ्वीमा बसेर पनि कसैको सहारा नपाएर बेसहारा भए जस्तै, धेरै अकुशल पाप कर्म भएका हौं । पञ्जरामा कैद भएका पंक्षी जस्तै, कतै पनि भ्रमण गर्न नपाई कुशल मार्ग नपाई अत्यन्त दुःखित भएका छौं ।

तथागत गौतमबुद्धको सुमधुर स्वरमा देशित धर्मश्रवण गर्न नसक्ने भएको हुनाले कान भएर पनि बहिराहरू जस्तै हौं । त्रिरत्नमध्ये दिनको एकरत्न पनि देख्न नपाएको हुनाले आँखा भएर पनि अन्धा जस्तै हौं । बुद्धगुण अध्ययन गरी सिकेर लिन नसक्ने भएको हुनाले ज्यान भएर पनि जिउँदो लाश जस्तै हौं । सद्धर्मप्रीतिले मार्गफल प्राप्त गर्न नसक्ने भएको हुनाले मन नभएका जस्तै हौं । शास्ताकहाँ हिँडेर गई धर्मश्रवण गर्न नसक्ने भएको हुनाले खुट्टा भएर पनि अपाङ्गहरू जस्तै हौं । प्रतिदिन दर्शन गरी वन्दनामान पनि गर्न नसक्ने भएको हुनाले पञ्चस्कन्ध[२] नभएकाहरू जस्तै हौं । धर्मश्रवण गरी सोचे सोचे जस्तो वस्तुपूजा गर्न नसक्ने भएको हुनाले धनसम्पत्ति भए तापनि निर्धन जस्तै भएका हौं । त्यसो भएको हुनाले तपाईंले यत्तिका श्रीसम्पत्ति दिनुभई, जतिसुकै ऐश, आराम, श्रीसम्पत्ति भए तापनि पुण्य सञ्चय गरी लिन नसक्ने भएको हुनाले हामीले भोगेका दुःख नरकको दुःखभन्दा कम छैन भनी सोच्दछौं । स्वामी ! तपाईमा हामीहरूप्रति साँचैको दयामाया छ भने प्रत्येक दिन विहारमा जाने बेला हामीलाई पनि साथ लगी धर्मश्रवण गराउनुहोस् । त्यसरी पनि सहमत हुनुहुन्न भने प्रत्येक दिन हामीलाई पनि धर्मश्रवण गरी आउन आज्ञा होस्" भनी अनुनय विनय गरिन् ।

त्यस कुरा सुनी राजाले **"महिलाहरूसँग सँधै विहारमा जानु सुहाउँदैन, तिनीहरू सबैलाई धर्मश्रवण**

---

२ पञ्चस्कन्ध - रूप, वेदना, संज्ञा, संस्कार, विज्ञाण हुन् ।



Downloaded from http://dhamma.digital

**गर्ने व्यवस्था गरिदिन्छु"** भनी रानीहरूलाई शान्त्वना दिनुभई त्यस नगरभरि दक्ष रूपमा धर्मदेशना गर्नसक्नेको परीक्षा गरी "धर्मिष्ठ भएका, अनागामी मार्गफल प्राप्त गरेका छत्तपाणी भन्ने उपासक अत्यन्त कुशल, चतुर छ" भनी एकदिन उद्यानमा तथागत गौतमबुद्धबाट सुनेर ज्ञात भएका राजाले "छत्तपाणीलाई" राजदरवारमा डाकी तथागत गौतमबुद्धले तिम्रो धेरै गुण मलाई सुनाउनुभएको छ। एकदिन तिमी "धर्मिष्ठ" भनी भन्नुभएको थियो । "धर्मकथिक" भनेर पनि भन्नुभएथ्यो । "आर्य पुद्‌गल" (आर्य व्यक्ति) भनेर पनि भन्नुभएथ्यो । आजदेखि मेरो अन्तःपुरमा तिमीले नै धर्मदेशना गर्नू भनी भन्नुभयो । छत्तपाणीले त्यस कुरा सुनेर प्रतिउत्तर दिँदै "स्वामी ! राजाको अन्तःपुरमा धर्मदेशना गर्नु हामी जस्ता सेतो कपडा लाउने गृहस्थीहरूको निमित्त उचित छैन। तपस्वी वीरहरूलाई नै योग्य छ। महिलाहरू गृहस्थीहरूप्रति प्रेम गर्दैनन्। शीलवानहरूप्रति डराउँछे। त्यसकारण तथागत गौतमबुद्धबाट एकजना महास्थविरलाई मागी प्रत्येक दिन अन्तःपुरमा धर्मदेशना गर्ने व्यवस्था मिलाउनुभए बेश हुनेछ । त्यसो भएमा धर्मश्रवण गर्नेहरूलाई पनि, धर्मदेशना गर्नेलाई पनि कार्यसिद्ध हुनेछ र शीलमा प्रतिष्ठित व्यक्तिबाट धर्मश्रवण गरेको फल (आनिशंस) पनि अप्रमाण छ" भनी राजालाई राजी गराउनुभई आफू छलेर राजदरबारबाट निस्कनुभयो ।

त्यस समयमा राजाले कारण बुझी पाँचसय महिषीहरूलाई डाकी "तिमीहरू सबैलाई धर्मदेशना गराउनको लागि, महास्थविर एकजना माग्नको लागि तथागत गौतमबुद्धकहाँ जाँदैछु। कुन महास्थविरबाट धर्मश्रवण गर्न रुचाउछौ" भनी प्रश्न गर्नुभयो। **आनन्द महास्थविर बुद्ध शासनमा अत्यन्त भाग्य भएको हुनुहुन्छ। सारा महिला तथा पुरुषहरू वहाँप्रति प्रेम गर्दारहेछन् र मधुर स्वरले युक्त हुनुहुँदारहेछ।** त्यसकारण **महिलाजाति शब्दमा लोभी भएको हुँदा अन्य कुरा नगरी "त्यसो भए हाम्रा आयुष्मान् आनन्द महास्थविरबाट नै धर्मश्रवण गर्न इच्छुक छौं"** भनी भन्यो ।

(पूजावलि असदृश महादान कथा, पेज ४२१-४२२)

## १४. अन्तःपुरका महिलाहरूले भिक्षु आनन्दको जस्तै अनुहार भएका छोराहरू पाउँछिन्

त्यसै समयमा महाराजा जेतवनाराममा गई तथागत गौतमबुद्धलाई पञ्चाङ्ग दण्डवत् गरी "भो शास्ता ! मेरा अन्तःपुरवासी महिलाहरू भिक्षु आनन्दबाट नै धर्मोपदेश श्रवण गर्न चाहन्छिन् । वहाँले अन्तःपुरमा धर्मोपदेश गर्ने गरी आज्ञा हुनुहोस्" भनी निवेदन गर्नुभयो। तथागत गौतमबुद्धले राजा कुनै चीजमा विरक्त हुने देख्नुभई "राजन ! तपाईं त गोलो थाल जस्तै, नालीमा डुबाएको किला जस्तै इच्छित अनुसार पत्याउन वा लत्याउन सकिन्छ। भिक्षु आनन्द त श्रोतापन्न हुनुहुन्छ। त्यसबारे ज्ञात भई ऊप्रति परीक्षासहित हुनु। भिक्षु आनन्द तपाईंको अन्तःपुरमा धर्मोपदेश गर्न लायकको छ। तपाई नै स्मृतिवान् हुनु" भनी राजालाई बस्न लगाई आयुष्मान् आनन्दलाई डाक्नुहुँदै "आनन्द ! यस कोसल राजाको अन्तःपुरमा प्रत्येक दिन गई धर्मोपदेश गर्न जानु" भनी आज्ञा हुनुभयो । त्यस समयदेखि आनन्द महास्थविर प्रत्येक दिन पाँचसय रानीहरूलाई धर्मोपदेश गर्नुभई धेरै पुण्य सञ्चय गराउनुभयो। यसरी केही समय धर्मोपदेश गर्ने वेलामा ती पाँचसय रानीहरू वहाँको सुमधुर स्वरमा हस्तिकान्त वीणामा लिप्त भएका हात्तिहरू जस्तै, चित्रलता भन्ने



Downloaded from http://dhamma.digital



अन्तःपुरका महिलाहरूले भिक्षु आनन्दको जस्तै अनुहार भएका छोराहरू पाउँछिन्

Downloaded from http://dhamma.digital



गौतम बुद्ध एउटा वृक्षमुनि बस्नुभएको समयमा मैले मेरो रेशमीले बनाएको संघाटीलाई चारदोब्बर गरी पत्याएर आसन जस्तै बनाएँ

Downloaded from http://dhamma.digital

जङ्गलमा लोभिएकी दिव्याङ्गनाहरू जस्तै, **सद्धर्मप्रीतिको शब्दानुरागले गर्दा वहाँ (भिक्षु आनन्द) को जस्तै हातखुट्टा भएका एकसे एक समान भएका स्वर्णवर्ण पाँचसय जना छोराहरू जन्माइन् ।**

शब्दले गर्दा पनि गर्भवती हुन्छिन् र ? **महिलाहरूले बच्चा प्रसूत गर्ने कारणहरू नौवटा छन् ।** त्यो कसरी भने ? महिला-पुरुषहरूको अन्योन्य सम्पर्क वा **लोकास्वादरतिले** गर्दा गर्भवति हुन्छे । पुरुष **शरीरको स्पर्शले** गर्दा पनि गर्भवति हुन्छे । पुरुषको औंलाले महिलाको नाइटोमा स्पर्श गरेको **स्पर्शानुरागले** पनि गर्भवती हुन्छे । पुरुषको अनुहार एकनाश हेरेको **दृष्टिरागले** पनि गर्भवती हुन्छे । पुरुषले लाएको फूल-मालादिको सुगन्ध **आघ्राण रागले** मात्र पनि गर्भवती हुन्छे । पुरुषको स्वाद रहेको भोजनादि भएका **अनुभवानुरागले** गर्दा पनि गर्भवती हुन्छे । पुरुषले लाएको वस्त्राभरण लाउनाले श्रृजित **वस्त्रानुरागले** पनि गर्भवती हुन्छे । मेघ ऋतुमा (वर्षा ऋतुमा) बकुला (Flamingo) गर्भवती हुने सरि **ऋतु बदलिने रागले** पनि गर्भवती हुन्छे । पुरुषले गरेका मधुर शब्दध्वनिको **शब्दानुरागले** पनि गर्भवती हुन्छे आदि भनिन्छ ।

**"मेथुनं तनुसंसग्गो - नाभ्यामसन दस्सनं**
**घायनं सवनं पानं - पटिग्गाहं तथा उतु**
**नव हेतेहि थानेहि - गब्भं गण्हन्ति इत्थियो'ति ॥"**

इत्यादिले गर्दा रानीहरू पनि त्यस बेला भिक्षु आनन्दको शब्दमा अनुराग गरी वहाँ जस्तै एकसे एक समान भएका पाँचसय छोराहरू जन्माइन् । त्यस बेला धेरैजसो राजाकहाँ गई **"तपाईंकी रानीहरूले जन्माएकी बालकहरू तपाईं जस्तो देखिँदैन, आनन्द महास्थविर जस्तो देखिन्छ"** भनी मिथ्यादृष्टि लब्धिकहरू एकजूट भई राजालाई लज्जित गर्न थाल्यो । महाराजाले पनि त्यसमा शंका गर्नुभई तथागत गौतमबुद्धकहाँ जानुभई त्यस खबर अवगत गराउनुभयो । "तिम्रो स्वभाव तिमीलाई नै भन्नेछु" भनी विनयमा उल्लेख भए जस्तै क्रमानुसार राजाको शंका निवारण गर्नुभयो । त्यसै समयमा राजा भिक्षुप्रति प्रसन्नभई पञ्चाङ्ग दण्डवत् गरी क्षमा मागी **"तपाईंप्रति मैले अनाहक शंका गरेको गल्तिलाई यो सजाँय भयो" भनी पाँचसय राजकुमारहरू वहाँलाई जिम्मा** लगाई बुद्धशासनको लागि पूजा गर्नुभई **फर्कनुभयो** । त्यस पाँचसयजना राजकुमारहरू हुर्की आनन्द महास्थविर समक्ष भिक्षुत्व ग्रहण गरी अरहत् हुनुभयो ।

एकदिन कोसल राज्यबाट दशौं हजार मूल्यवान् हजारौं पस्मीनाको पछ्यौरा राजालाई ल्याइएको थियो । राजाले त्यस हजारौं पछ्यौरा हेरेर सन्तोष हुनुभई त्यसबाट पाँच सयवटा पछ्यौरा पाँचसय रानीहरूलाई प्रदान गर्नुभयो । तिनीहरूले आफूले पाएका ती पाँचसय पछ्यौरा त्यस दिन भिक्षु आनन्दबाट धर्मोपदेश श्रवण गरेर प्रसन्न भई वहाँलाई ती सबैबाट एकैचोटी पूजा गरी सबै रानीहरू पुरानो पछ्यौरा नै ओढेर राजाको भोजनागारमा गई बसिन् । राजाले पनि "तिमीहरूलाई मैले हिजो दिएको पछ्यौरा नओढी पुरानो पछ्यौरा ओढेर किन आएको ?" भनी प्रश्न गर्नुभयो । महिषीहरूले पनि "स्वामी ! हाम्रा भिक्षु आनन्दबाट धर्मोपदेश सुनेर वहाँलाई धर्मपूजा गरी प्रदान गरें" भनी भनिन् । राजा विस्मित भई "त्यो पाँचसय पछ्यौरा के भिक्षु आनन्दले नै ग्रहण गर्नुभयो त ?" भनी सोध्नुभयो । महिषीहरूले पनि "वहाँले ग्रहण गर्नुभयो" भनी भने पछि साँच्चै नै यतिका पछ्यौरा पाएर भिक्षु आनन्द कपडाको व्यापार गर्नुहुँदो हो कि भनी सोच्दै, धेरै लाभ प्राप्त गर्नु तपस्वीहरूको निम्ति योग्य हुँदैन भनी आनन्द महास्थविरप्रति आक्रोशित भई भोजन गरेर धोएको हातको पानी सुक्न नपाउँदै तुरून्त विहारमा गई सीधा तथागत गौतमबुद्धकहाँ



Downloaded from http://dhamma.digital

भेट्न नगई आनन्द महास्थविरको कुटीमा जानुभयो र भिक्षु आनन्द महास्थविरलाई पञ्चाङ्ग दण्डवत् गरी एकछेउमा बसी "स्वामी ! मेरा घरका रानीहरूले तपाईंसँग धर्मोपदेश सुन्छे, सोध्छे ?" भनी प्रश्न गर्नुभयो। भिक्षुले पनि "महाराज ! सोध्नुपर्ने ठाउँमा सोध्छे, सुन्नुपर्ने ठाउँमा सुन्छे" भनी जवाफ दिनुभयो।

फेरि पनि राजाले स्नेहले सोध्दै "कस्तो छ स्वामी ! के ती रानीहरूले तपाईंको सजिलो असजिलो (सुख-दुःख) सोध्नुहुन्छ ? लाउने, बिछ्याउने, चीवरशाटक आदि दिन्थ्यो कि दिनुहुन्नथ्यो ?" भनी सोध्नुभयो। त्यस बेला भिक्षुले पनि "दिन्छ महाराज ! हिजो साँझ हामीबाट धर्मोपदेश श्रवण गरी पाँचसयवटा पछ्यौराले पूजा गरेकी थिइन्" भनी भन्नुभयो। "ती सबै तपाईंले नै स्वीकार्नुभयो त ?" भनी सोध्नुभयो। "महाराज ! स्वीकारें" भनी भन्नुभयो। "तथागत गौतमबुद्धले एक भिक्षुलाई तीन चीवर आज्ञा हुनुभएको हैन र ? अतिरिक्त लाभ किन स्वीकार्नुभयो त ?" भनी सोध्नुभयो। "महाराज ! तथागत गौतमबुद्धले परिभोगको निम्ति तीन चीवरमात्र नियम हुनुभएको थियो। यति लाभ स्वीकार्ने भनी रोक लगाउनुभएको छैन। कोही-कोही भिक्षुहरूको श्रेष्ठ तथा शील संयमभाव अनुसार दान दिनेहरूको इच्छाबमोजिम तथा लाभकर्ताहरूको (प्रतिग्राहक) पुण्यानुसार लाभ प्राप्त भइरहन्छ। **वनवासी तिस्स** महास्थविरले **सातवर्षको बालक** समयमा हजारवटा क्षीरपात्र प्राप्त गर्नुभएको थियो। वहाँले त्यस क्षीरपात्र हजारवटा हजारजना भिक्षुहरूलाई प्रदान गर्नुभएको थियो। पुनश्च वहाँले नै एकदिन हजारौं पछ्यौरा स्वीकार्नुभयो। त्यो पनि हजारजना भिक्षुहरूलाई दान दिनुभएको थियो। त्यसो भएको हुनाले म पनि यस पाँचसयवटा पछ्यौरा स्वीकारेर जीर्णवस्त्र भएका पाँचसय भिक्षुसंघलाई दान दिनेछु महाराज" भनी भन्नुभयो। त्यसबेला राजाले नयाँ चीवर पाएपछि त्यस पुरानो चीवरहरूलाई भिक्षुहरूले के गर्नुहन्छ नि ? भनी प्रतिप्रश्न गर्नुभयो।

"महाराज ! पुरानो चीवर पुनः तालतुल गरेर लगाउँछ" भनी भन्नुभयो। "पुरानो लाएका चीवर के गर्नुहुन्छ" भनी सोद्धा, "महाराज ! त्यो नच्यातिएको ठाउँमा काटिएर अर्थात् बलियो र राम्रो ठाउँमा काटेर पुनः चीवर बनाई लाउँछ" भनी भन्नुभयो। "त्यो धेरै पुरानो भएको चीवर के गर्नुहुन्छ ?" भनी पुनः सोध्नुभयो। "महाराज ! त्यो धेरै पुरानो भएको चीवर ओछ्यौना र तन्नाको रूपमा प्रयोग गर्नेछ" भनी भन्नुभयो। "पुरानो ओछ्यौना र तन्नाहरू के गर्नुहुन्छ ?" भनी सोद्धा "महाराज ! पुरानो ओछ्यौना र तन्नालाई भुईंमा ओछ्याउने बनाउनेछ" भनी भन्नुभयो। "पुरानो भुईंमा ओछ्याउने कपडालाई के गर्नुहुन्छ ?" भनी पुनः प्रश्न गर्नुभयो। "महाराज ! पुरानो भएको भुईंमा ओछ्याउने कपडालाई खुट्टा पुछ्ने कपडाको रूपमा प्रयोग गर्नेछ" भनी भन्नुभयो। "पुरानो खुट्टा पुछ्ने कपडालाई के गर्नुहुन्छ ?" भनी पुनः प्रश्न गर्नुभयो। "महाराज ! श्रद्धावान्हरूले दान दिएको बस्तु त्यत्तिकै खेर फाल्नु उचित छैन। तसर्थ ती बस्तुहरूलाई कुशल पुण्यार्थ ती जीर्ण भएका खुट्टा पुछ्ने कपडा मसीनो गरी काटेर माटोसँग मुछेर सांघिक घरको भित्तामा वा बिग्रेको तथा खुइलेको भित्तामा लिपपोत गरिनेछ" भनी भन्नुभयो। त्यस कुरा सुनेर राजा भिक्षुप्रति प्रसन्न हुनुका साथै बुद्ध शासनमा अत्यन्त प्रसन्न भएर "स्वामी ! तपाईंको बुद्ध शासनमा प्राप्त भएका दानबस्तुहरू खुट्टा पुछ्ने कपडाबाट पनि खेर नजाने रहेछ, दान दिएकाहरूलाई कुशल पुण्य धेरै हुने कारण विशेष गरी जानी लिन पाएँ" भनी भिक्षुसंघको गुण गायन गर्दै "तपाईं जस्तो श्रेष्ठ व्यक्तिप्रति मैले विनसित्ति शंका गरेको गल्तिस्वरूप दण्ड गर्नेछु" भनी त्यहीं नै भुईंमा बसेर आफ्नो दूतलाई राजदरवारमा पठाई दरबारमा रहेका बाँकी पाँचसय पछ्यौरा पनि ल्याउन लगाई महास्थविरलाई पूजा गरी जानुभयो।

यसरी भिक्षु आनन्द महास्थविर बुद्ध शासनमा चीवर प्राप्त गर्नेहरूमा अग्र हुनुहुन्छ। यसरी त्यस



Downloaded from http://dhamma.digital

समयमा पाँचसय-पाँचसय गरेर पाँचसयचोटी नै पाँचसय पछ्यौरा प्राप्त गर्नुभएको थियो। बाँकी लाभसत्कार यति भनी यकीन गर्न नै सकिन्न। सेनाहरूले विना राजा राज्य विजय गरे तापनि फलाना राजाले राज्य विजय गऱ्यो भनी सेनाहरूले विजय गरेको युद्धले राजाको यश कीर्ति फैलिएसरि खेतमा धान राम्ररी सप्रिएमा त्यसको प्रसंशाताललाई गएसरि अर्थात् तालको गुण गायन गरेसरि तथागत गौतमबुद्धका श्रावकहरूले प्राप्त गरेका लाभसत्कारको प्रसंशा पनि तथागत गौतमबुद्धले प्राप्त गरेसरि प्राप्त हुने भएको हुनाले यस्तो यस्तो भएका लाभसत्कार प्राप्त गरेको हुनाले पनि यस्तो यस्तो भएका लाभसत्कार प्राप्त गर्न योग्य भएको हुनाले पनि मेरो शास्ता हुनुभएका तथागत गौतमबुद्ध यस यस कारणले पनि अरहत् हुनुहुन्छ।

(पूजावलि असदृश महादान पूजा कथा, पेज ४२३-४२६)

## १५. महाकाश्यप महास्थविरले भिक्षु आनन्दलाई उपदेश गरेको सुनिरहेकी भिक्षुणी क्रोधित हुन्छे

**महाकाश्यप** महास्थविर राजगृहनगर वेलुवनाराम कलन्दकनिवाप भन्ने स्थानमा वास गरिरहनुभएको समयमा भिक्षु आनन्द भिक्षुपरिषद्सहित दक्षिणागिरिमा भ्रमण गर्नुहुन्छ। यस परिषद्मा धेरैजसो युवा भिक्षुहरू ३५ जना जति चीवर छोडी गृहस्थी हुनगयो। तत्पश्चात् भिक्षु आनन्द महाकाश्यप महास्थविरलाई भेट्न गई पञ्चाङ्ग दण्डवत् गरी एक छेउमा बसी यो खबर बिन्ति गऱ्यो। उक्त खबर सुनी महाकाश्यप महास्थविर **"आयुष्मान् आनन्द !** नवक प्रव्रजित भएका, अनि संयम स्वभाव भनेको रत्तिपनि नभएका ती नवक युवा भिक्षुहरूसँग किन भ्रमणमा गएको ? मलाई लाग्छ तिमी पनि आफ्नो तत्त्वलाई नबुझिकन **"नवक भिक्षु"** जस्तै हिँड्दैछ।" भिक्षु आनन्द "स्वामी महाकाश्यप महास्थविर ! अहिले त मेरो कपाल पनि फुलिसक्यो। तैपनि हजुरले मलाई **"बच्चा"** जस्तै भन्नुहुन्छ।" त्यस पछि महाकाश्यप महास्थविरले "आयुष्मान् आनन्द ! तिमी केही संयमी नभएका, कुनै शिष्टता नभएका नवक प्रव्रजितहरूसँग भ्रमणमा गएमा त्यो त साँच्चै नै शस्य जाति (कोपिला) विनाश गर्नु जस्तो नै हो। दायक कुल विनाश गर्ने जस्तै हो अर्थात् दाताहरूलाई अप्रसन्न बनाउनु जस्तै हो। त्यस्ता व्यक्तिहरूसँग गएमा मानिसहरू अप्रसन्न हुनेछ।"

आयुष्मान् आनन्दलाई **"नवक भिक्षु"** जस्तै भनी महाकाश्यप महास्थविरले भनेको कुरा जसोतसो **थुल्लनन्दा भिक्षुणीले** थाहा पाइन्। तिनी त्यसबारे असन्तुष्ट भई "त्यो महाकाश्यप महास्थविर को हो ? अन्य तीर्थंकरहरूसँग बसिसकेपछि तथागत गौतमबुद्धकहाँ आई प्रव्रजित भएका, त्यस्ताले **"वेदेहमुनि"** भिक्षु आनन्दलाई त्यसरी भन्नु ठीक छ ?" महाकाश्यप महास्थविरले थुल्लनन्दा भिक्षुणीको कुरा सुनी "हेर आयुष्मान् आनन्द ! ती **थुल्लनन्दा**ले गरेको कुराको स्वभाव, म अन्य तीर्थंकरहरूको पछि लागेर आयो रे ? म जुन दिन प्रव्रजित भएको थिएँ। त्यो प्रव्रजित केवल तथागत गौतमबुद्धको निम्ति विना अन्य कसैको निम्ति हैन। तथागत गौतमबुद्ध बाहेक अन्य कोही पनि शास्ताहरूको बारे मलाई थाहा छैन। **थुल्लनन्दा**ले द्वेषसहगत चित्तले यसरी भनेकी हुन्। म प्रव्रजित भएको सम्पूर्ण रूपमा घरगृहस्थीबाट दिक्क भएर हो। ब्रम्हचर्यामा भएका आनिशंस देखेर नै हो। रेशमी कपडा, कसीसाटक, त्याग गरेर, काषायवस्त्र धारण गरी तथागत गौतमबुद्धलाई भेट्न जाँदा **राजगृहनगर** र **नालन्दा** बीच **बहुपुत्तक** चैत्यस्थानमा वहाँ बसिरहनुभएको


Downloaded from http://dhamma.digital

देखें र वहाँ समक्ष गई वन्दना गरी "यहाँ मेरो शास्ता हुनुहुन्छ। म प्रव्रजित भएको तपाईंको निमित्त" भनी भन्दै थिएँ। तथागत गौतमबुद्धले मलाई स्वीकार्नुभई मलाई धर्मदेशना गर्नुभएको थियो। सातदिनभित्र मैले अरहत्व ज्ञान प्राप्त गरी लिएँ।

तत्पश्चात् तथागत गौतमबुद्ध त्यहाँबाट जानुभई एउटा वृक्षमुनि बस्नुभएको समयमा मैले मेरो रेशमीले बनाएको संघाटिलाई चारदोब्बर गरी पत्याएर बस्नको निमित्त आसन जस्तै बनाएँ। तथागत गौतमबुद्ध त्यहाँ बस्नुभई त्यस रेशमको संघाटि स्पर्श गर्नुभई "आयुष्मान् ! यो चीवर धेरै नै नरम, हलुका छ" भनी भन्नुभएको बेला, मैले मेरो त्यो नरम, हलुका चीवर तथागत गौतमबुद्धलाई पूजा गरेर वहाँले लाउनुभएको पुरानो खस्रो चीवर लिई लाएको थिएँ। त्यसकारण आयुष्मान् आनन्द ! तथागत गौतमबुद्धको **औरसपुत्र, मुखबाट उत्पन्न व्यक्ति, सद्धर्मबाट श्रृजित व्यक्ति, धर्मबाट शान्त भएका व्यक्ति, धर्म नै दायाद अर्थात् दाइजो बनाइएका व्यक्ति, तथागत गौतमबुद्धले लाउनुभएको जीर्ण भइसकेको खस्रो चीवर स्वीकारेको व्यक्ति** भनी कसैको लागि भन्नुछ भने त्यो मेरो निम्ति नै हो" भनी महाकाश्यप महास्थविरले व्यक्त गर्नुभयो। "आयुष्मान् ! म आश्रव क्षय भएका अनाश्रव फल समाधि र फल प्रज्ञा यस आत्मभावमा नै स्वयम्भू ज्ञानद्वारा प्रत्यक्ष बोध गरिसकें। कसैले मेरो षड्भिज्ञालाई ढाक्न सकिन्छ भनी सोच्छ भने त्यसले सात योजन वा सात योजनको आधाभाग भएका ठूलो हात्तीलाई तालपत्रले छोप्न सकिन्छ भनी सोच्ने व्यक्ति जस्तै हुन्।" थुल्लनन्दा भिक्षुणी स्वयंको वाक् असंयमले गर्दा स्वयं दुःखित भई चीवर छोडी गइन्।

(संयुक्त निकाय, कस्सप संयुत्त-चीवर सूत्र)

## १६. भिक्षुणीहरूले महाकाश्यप महास्थविरलाई भन्दा भिक्षु आनन्दलाई सत्कार संग्रह गर्छिन्


महाकाश्यप महास्थविर श्रावस्ती नगर जेतवनाराममा बसिरहनुभएको बेला एकदिन भिक्षु आनन्द स्थविर महाकाश्यप महास्थविरकहाँ जानुभई "स्वामी ! भिक्षुणी आराममा गई भिक्षुणीहरूलाई धर्मदेशना गर्न जाऔं" भनी प्रस्ताव राख्नुभएको थियो। "कार्यबहुल पनि तिमी नै हौ। त्यसकारण तिमी नै जानु" भनी महाकाश्यप महास्थविरले भन्नुभयो। भिक्षु आनन्दले दुई तीनचोटी आग्रह गरेपछि महाकाश्यप महास्थविर सहमत हुनुभई आफू पछि पछि आउने आनन्द स्थविरसँग भिक्षुणी आराममा जानुभई भिक्षुणीहरूलाई धर्मदेशना गर्नुभयो। धर्मश्रवण गरेका भिक्षुणीहरू अत्यन्त सन्तोष भएकी थिइन्। तैपनि थुल्लतिस्सा भन्ने एकजना भिक्षुणी "त्रिपिटकधर धर्मभाण्डागारिक आनन्द स्थविरको अगाडी बनवासी पांशुकूलिक भिक्षु धर्मकथिक बन्न खोज्दछ। आनन्द स्थविरको अगाडी महाकाश्यप महास्थविरले धर्मदेशना गर्नु भनेको सीयो बनाउनेको अगाडी सीयो बेच्ने जस्तै भयो" भनी असन्तोषका साथ कुरा काटिन्। यस कुरा सुनिरहनुभएका महाकाश्यप महास्थविर "आनन्द ! त्यसो भए तिमी सीयो बनाउने, म चाहिं सीयो बेच्ने हैन र ?" भनी प्रश्न गर्नुभयो। भिक्षु आनन्दले "स्वामी ! महिलाहरू एकदम मुर्ख छन् **(बालो मातुगामो)**। उनको भनाइलाई वास्ता नगर्नु" भनी आग्रह गर्नुभयो। "आवुसो आनन्द ! भविष्यमा पनि तिमी भिक्षुणीहरूबारे भिक्षुसंघमा शंका


Downloaded from http://dhamma.digital



महाकाश्यप महास्थविरले भिक्षु आनन्दलाई उपदेश गरेको सुनिरहेकी भिक्षुणी क्रोधित हुन्छे

Downloaded from http://dhamma.digital



राजदरवारमा भिक्षु आनन्दले भोग्नुपरेका समस्या

Downloaded from http://dhamma.digital

नहुने गरी परीक्षाकारी बन्नू" भनी महाकाश्यप महास्थविरले भन्नुभयो (**आगमेहि त्वं आबुसो आनन्द, मा ते संघो उत्तरिं उपपरिक्खि**)।

"आबुसो आनन्द ! मन लागेसम्म वितर्क विचारसहित विवेकद्वारा श्रृजित प्रीतिसुख भएका प्रथम ध्यानमा बस्न सक्छु र आनन्द पनि त्यति नै समयसम्म त्यसरी बस्न सकिन्छ भनी तथागत गौतमबुद्धले भिक्षुसंघसमक्ष प्रकाश पार्नुभएको थियो ?" भिक्षु आनन्द, "छैन स्वामी !" "त्यसो भए आनन्द ! तथागत गौतमबुद्धले "भिक्षु हो ! म जबसम्म वितर्क विचारसहित विवेककासाथ श्रृजित प्रीतिसुख भएका प्रथम ध्यानमा बस्न सक्छु त्यति समयसम्म महाकाश्यपलाई पनि त्यसरी प्रथम ध्यानमा बस्न सकिन्छ" भनी संघसभामा प्रकाश पार्नुभएको थियो ? भिक्षु आनन्द ! तथागत गौतमबुद्धले भिक्षु हो ! म अर्हत् समाधिफलमा, अर्हत् प्रज्ञाफलमा प्रत्यक्ष रूपमा पुगिबस्छु र आनन्दलाई पनि त्यसरी गई बस्न सक्छ भनी प्रकाश गर्नुभएको छ ?" भिक्षु आनन्द, "छैन स्वामी" तरपनि आनन्द ! शास्ताले भिक्षु हो ! म अर्हत् समाधि मार्गफलमा, प्रज्ञाफलमा प्रत्यक्ष रूपमा बसोबास गर्छु र काश्यप पनि त्यसरी नै गई बस्नुहुन्छ भनी संघसभामा प्रकाश गर्नुभएको छ।

त्यसकारण आनन्द स्थविर, कसैले मेरो षड्अभिज्ञालाई ढाक्न सकिन्छ भनी सोच्छ भने त्यो साँच्चै नै सात योजन वा साढेसात योजन उँचाई भएका हात्तिलाई तालको पातले छोप्न सकिन्छ भनी सोचे जस्तो हुन्छ। थुल्लतिस्सा भिक्षुणी स्वयंको वाक् असंयमले गर्दा स्वयं ब्रम्हचर्याबाट च्यूत भइन् (चीवर छाडेर गइन्)

(संयुक्त निकाय कस्सपसंयुत्त-भिक्खुणुकस्सप सूत्र)

## १७. राजदरबारमा भिक्षु आनन्दले भोग्नुपरेका समस्या

कोसल राजाको आग्रहमा तथागत गौतमबुद्धद्वारा आनन्द स्थविरलाई अन्तःपुरका महिषीहरूलाई धर्मदेशनाको लागि खटाउनुभएको थियो । त्यसअनुसार आनन्द स्थविर बेलाबखतमा राजदरबारमा धर्मदेशनाको लागि जानुहुन्छ । एकदिन आनन्द स्थविर त्यसरी राजदरबारमा जाँदा राजा र मल्लिकादेवी सँगै खातमा बसिरहेको देख्नुभयो । भिक्षु आनन्द टाढादेखि आइरहनुभएको देखेकी मल्लिका महारानी चा-चाँडै खातबाट उठिन् । त्यसरी उठ्दा उनले माथि लाइराखेको स्वर्णवर्ण पातलो सारी शरीरबाट उप्किइ भुईंमा खस्न पुग्यो । त्यस दृश्यलाई देख्नुभएका आनन्द स्थविर त्यत्तिकै फर्केर विहारमा गई त्यस दृश्यबारे अन्य भिक्षुहरूलाई सुनाउनुभयो । भिक्षुहरूले त्यस खबर तथागत गौतमबुद्धलाई सूचित गर्न पुग्यो । तथागत गौतमबुद्धले आनन्दलाई डाकी "अबदेखि आफू फलाना दिनमा, हावल समयमा आउँछु भनी समयमा नै जानकारी नदिइ फेरि कुनै पनि दिनमा राजदरबारमा नजानू" भनी आज्ञा हुँदै शिक्षापद बनाइदिनुभयो । राजाको अन्तःपुरमा जानेहरूलाई हुने समस्याबाट श्रृजित हुने १० वटा विपाक बारेमा पनि तथागत गौतमबुद्धले व्याख्या गर्नुभयो ।

(पाचित्तिय पालि-भिक्खुविभङ्ग रजन्तेपुर सिक्खापदं)


Downloaded from http://dhamma.digital

## १८. भिक्षु आनन्द भिखारीहरूलाई रोटी बाँड्नुहुन्छ

तथागत गौतमबुद्ध **वैशालीको जङ्गलको कूटागारशालामा** बस्नुभएको थियो । त्यसबेला भिक्षुसंघलाई भोजन दान बाढीसरि प्राप्त हुनथाल्यो साथै भिक्षुसंघले भोजन गरिसकेपछि पनि भोजन, तरकारी र रोटी तथा फलफूल आदि बाँकी रहेको कुरा भिक्षु आनन्दले तथागत गौतमबुद्धलाई खबर गर्नपुग्यो । "तथागत गौतमबुद्धले ती खानेकुराहरू सबै याचकहरूलाई बाँडी दिनू" भनी आज्ञा हुनुभयो । भिक्षु आनन्दले पनि याचक याचिकाहरूलाई लाइनमा वस्न लगाई उक्त बाँकी भएका सबै रोटी एउटा थालमा राखेर तिनीहरू सबैलाई एउटा-एउटा गरी बाँड्दै जानुभयो । जसरी भएपनि अन्जानवश भिक्षु आनन्दले एकजना याचिकालाई रोटी दुइटा बाँड्न पुगेछ । यस दृश्यलाई हेरिरहेकी उनका साथी याचिकाले "तँलाई रोटी दुइटा दिएको भिक्षु आनन्द तेरो चोर पुरुष हो कि कसो ?" भनी प्रश्न गर्न पुगिन् । रोटी दुइटा पाएकी याचिकाले "हैन, एउटा लिँदा गल्तिवश दुइटा बाँड्न पुगेछ" भनी जवाफ दिइन् । जसरी भए तापनि दोस्रोपल्ट पनि बाँड्दा उनलाई नै फेरि दुइटा रोटी बाँड्न पुगेछ । दोस्रोपल्ट पनि सँगै बसेकी याचिका साथीले दोस्रोपल्ट पनि "तँलाईमात्र रोटी दुइटा बाँडेको भिक्षु आनन्द तेरो चोर पुरुष हो कि कसो ?" भनी दोस्रोपल्ट पनि प्रश्न गर्न पुगिन् । त्यसबेला पनि "गल्तिवश दुइटा रोटी बाँड्न पुगेछ" भनी जवाफ दिइन् ।

(पाचित्तिय पालि-अचेलक वग्ग, हे. तृ.मुद्रण, पेज १०३)

## १९. विशाखाले गहना बिर्सिन्छिन्, भिक्षु आनन्दले टिपेर राखी पुनः दिनुहुन्छ

विशाखा महोपासिका पनि **महालता पसाधन गहनाद्वारा** सुसज्जित भई विहारमा गइन् र बीच बाटोमा विहारको नजिक पुगेपछि आफूजस्तै पाँचजना हात्तिको शक्ति भएका दासीलाई डाकी "हे प्रिय दासी ! आचार्य गुरुहरूकहाँ जाँदा क्रीडामा जाने जस्तो गरी शिरदेखि पाउसम्म ढाक्ने गहना लाएर जानु हामी जस्ता व्यक्तिहरूलाई सुहाउँदैन" भनी गहना फुकालेर कपडामा पोको पारी दासीलाई सुम्पिँदै विहारबाट फर्किंदा फेरि लाउनुपर्छ भनी जिम्मा दिइन् । त्यस दासी र वहाँ बाहेक त्यस गहना (महालता पसाधन) लैजानसक्ने व्यक्ति अरु कोही थिएन । त्यस गहना दासीको हातमा दिई **"धनमट्टक-पसाधन"** भन्ने गहना लाएर बुद्धकहाँ गई धर्म श्रवण गरी अन्तमा शास्तालाई नमस्कार गरी घर फर्किन निस्कनुभयो । त्यस दासीले पनि बिना हिचकिचाहतकासाथ गहना परिषद्बीचमा राखेकी थिइन् । धर्म श्रवण गरी फर्किनेहरूले केही चीजवस्तु वा सरसामान बिर्सेर छोडेर गएमा भिक्षु आनन्दले टिपी राख्नुहुन्थ्यो । त्यस दिन महालता-पसाधन देखेर, "विशाखा महोपासिकाले महालता-पसाधन बिर्सेर गएछन्" भनी तथागत गौतमबुद्धकहाँ बिन्ति चढाए । तथागत गौतमबुद्धले "आनन्द ! उनको गहना भऱ्याङ्गमुनी राखिदिनु" भनी आज्ञा हुनुभयो । भिक्षु आनन्द पनि कायशक्तिमा पाँचजना हात्तिको बलशक्तिले युक्त हुनुहुन्थ्यो । त्यसकारण त्यस गहना लिएर भऱ्याङ्गमुनी सुरक्षित राखिदिनुभयो ।

विशाखा पनि **सुप्रिया** भन्ने उपासिकासँग आगन्तुक गमिक अर्थात् देश भ्रमण गरी विहारमा पाल्नुभएका



Downloaded from http://dhamma.digital

र यात्रा गर्न जानुहुनेहरू, रोगी भएका भिक्षुहरूलाई गर्नुपर्ने सेवा सुश्रुषा र सेवासत्कार र उपकार राम्ररी गरेकोछ, छैन भनी बुझ्न विहारमा जानुहुन्थ्यो । ती उपासिकाहरू विहारमा आएको देखेर स-साना श्रामणेरहरू थाल लिएर घ्यू, कस्ति, नौनिको लागि घेर्दथियो । त्यस दिन पनि त्यसरी नै घेरी लिएका थिए ।

विशाखा महोपासिका पनि रोगी, दुःखिहरूको बारे सोधपुछ गरी मूलढोकाबाट निस्की "प्रिय दासी ! आभूषण लाउनको लागि देऊ" भनी माग्यो । त्यसबेला बिर्सेर छोडेर आएको सम्झिइ "स्वामी ! बिर्सेर आएछु" भनी भनेछ । "त्यसोभए राखेको ठाउँमा नै छ भने लिएर आऊ ! आनन्द महास्थविरले त्यस गहना लगी अर्को ठाउँमा राखिसक्नुभएमा नल्याउनु त्यो भिक्षुसंघलाई नै दान गर्नेछु ।"

भिक्षु आनन्दले पनि दासी फर्केर आएको देखेर किन फर्केर आएको ? भनी सोध्नुभयो । "मेरो मालिकको गहना बिर्सेर गएछु" भनेपछि स्थविरले पनि "उ त्यहाँ भऱ्याङ्गमुनी राखिदिएको छु गएर लिनु" भनी भन्नुभयो । "यदि तपाईंले त्यस गहना स्पर्श गरिसक्नुभएमा फिर्ता नल्याउनु भनी भन्नुभएको छ" भनी खाली हातमा नै फर्किएर गइन् । दासी खाली हातमा नै फर्केर आएको देखेर विशाखाले किन, के भयो ? भनी सोद्धा सो खबर व्यक्त गरिन् । "मेरा आर्य भिक्षु आनन्द स्थविरले स्पर्श गरिसक्नुभएको त्यस गहना म लाउन सक्दिन । तसर्थ त्यस गहना आर्यहरूलाई नै भयो । तर आर्यहरूलाई त्यसको प्रयोजन छैन, तसर्थ उक्त गहना बेचेर उचित सामान किनेर दिनेछु" भनी "उक्त गहना लिएर आऊ" भनी आफ्ना दासीलाई पुनः पठाइन् । दासीले पनि ल्याएर दिइन् ।

विशाखा महोपासिकाले पनि उक्त गहना नलाइकन घरमा लगी सुनुवारलाई डाकी मोलतोल गराइन् नौकोटी मूल्याङ्कन गरिदिइसकेपछि गहना बेलगाडामा राखेर "यस गहना लगी बेचिदेऊ" भनी पठाउनुभयो । सारा नगरमा त्यत्तिको मोल तिरी किन्न सक्ने कोही पनि नभएपछि विशाखा स्वयंले नौकोटी एकलाख धन तिरेर किनेर लिनुभयो । यस पृथ्वीमा तीनजना महिलाहरू विशाखा महोपासिका, बिम्बिसार राजाकी छोरी चुन्दी राजकुमारी र प्रसेनजित् कोसलकी छोरी सुमना राजकुमारी बाहेक अरु कसैसँग पनि यस्ता गहना थिएन ।

Dhamma.Digital

(सद्धर्मरत्नावली, पेज ३४९–३५०)

## २०. भिक्षु आनन्दको हातले छोएको गहना लिलाम गरी पुनः खरीद गरेर त्यस पैसाबाट विहार निर्माण गर्छे

विशाखा महोपासिकाले महालता पसाधन गहनाको मूल्य गाडामा राखेर विहारमा गई तथागत गौतमबुद्धलाई पञ्चाङ्ग दण्डवत् गरी "आर्य आनन्द महास्थविरले स्पर्श गरिसक्नुभएको गहना लाउन उचित नभएकोले बेची भिक्षुसंघलाई उचित वस्तु व्यवस्था गराई दिनेछु भनी बेच्न पठाएकोमा त्यत्तिको मूल्य तिरेर किन्न सक्ने व्यक्ति यस शहरमा नभएको हुनाले, कथंकदाचित् किने तापनि लाउनलाई म जस्तो योग्य व्यक्ति अरु यस शहरमा नभएको हुनाले पनि, मैले नै त्यस गहनाको मूल्य तिरी किनेर त्यसको पैसा लिएर आएँ । भिक्षुसंघको लागि आवश्यक चतुप्रत्ययमध्ये कुनचाहिं प्रत्ययमा खर्च गरी दिए बेश हुनेछ शास्ता !" भनी सोधनि हुँदा तथागत गौतमबुद्धले "पूर्वदिशातिर भिक्षुसंघलाई बस्न पायकको विहार निर्माण गरिदिनु



Downloaded from http://dhamma.digital

बेश हुनेछ" भनी आज्ञा हुनुभयो । विशाखाले पनि विहार निर्माण गरिदिनेमा धेरै आनिशंस भएको थाहा भएको हुनाले अत्यन्त सन्तोष भई मन प्रसन्नताकासाथ जमिनदारहरूसँग नौकोटी धन दिई जमीन खरीद गरिन् । अर्को नौकोटी धन खर्च गरी विहार निर्माण गर्ने कार्य थालनि गर्नुभयो ।

एकदिन तथागत गौतमबुद्ध बिहानपख ध्यानद्वारा लोकतर्फ हेर्नुभएको समयमा देवलोकबाट च्यूत भई भद्रीय शहरमा महाजनको घरमा जन्मेका भद्रीय महाजनलाई अरहत् हुनको लागि उपनिस्सयसम्पत्ति (आर्यसत्य बोध गर्न सक्ने क्षमता) छ भन्ने देख्नुभई, तथागत गौतमबुद्ध, अनाथपिण्डिक महाजनको घरमा भोजन गर्नुभई नगरको उत्तरपट्टीको ढोकाबाट निस्कन लाग्नुभयो । स्वभावतः शास्ता विशाखाको घरमा भोजन गर्नुभई दक्षिण ढोकाबाट निस्केर जेतवनाराम विहारमा जानुहुन्थ्यो । उत्तरतिरको ढोकातिर हेर्दै तथागत गौतमबुद्ध निस्केमा भ्रमणको लागि निस्कँदै हुनुहुन्छ भन्ने कुरा विशाखालाई राम्ररी थाहा थियो । विशाखाले उत्तर ढोकातिर हेरी भ्रमण गर्न जानुहुनेछ भन्ने सुनी चा-चाँडै आई पञ्चाङ्ग दण्डवत् गरी "भ्रमणको लागि पाल्न लाग्नुभएको हो ?" भनी बिन्ति गर्दा "हो, विशाखे ! जान लागेको" भनी प्रत्युत्तर दिनुहुँदा "अहिलेसम्म अठाह्रकोटी धन खर्च गरी तपाईंको लागि विहार बनाउँदैछु । अतएव अनुकम्पा राख्नुभई यहीं बस्नुभए बेश हुने थियो" भनी बिन्ति गरिन् । "हे विशाखे ! यो मेरो भ्रमण फर्किनहुने वा पछि हट्न हुने भ्रमण हैन । यस भ्रमण रोक्न सकिने छैन ।" निर्वाण बोध गराउन योग्य ब्यक्ति देखेर नै भन्नुभएको होला भनी सोच्न पुगिन् विशाखाले । "पुनः नफर्कुन्जेल विहारको कार्य गर्न तथा हेरचाहको निम्ति कुनै एकजना भिक्षुलाई छोडेर जानुभए बेश हुन्थ्यो" भनी आग्रह गरिन् । "कसैलाई रोकिराख्ने इच्छा भएमा उसको पात्र लिनु" भनी आज्ञा हुनुभयो । उनी (विशाखा) भिक्षु आनन्दप्रति विशेष स्नेहयुक्त थिइन् । त्यसो भए तापनि महामौद्गल्यायन महास्थविर ऋद्धिवान् भएको हुनाले वहाँको ऋद्धिप्रभावद्वारा निर्माण कार्य चाँडै सक्याउनको निम्ति वहाँलाई निमन्त्रणा गरी पात्र मागिन् । महामौद्गल्यायन महास्थविरले तथागत गौतमबुद्धको मुख हेर्नुभयो । तथागत गौतमबुद्धले पनि "तिमी आफ्ना पाँचसय भिक्षु परिषद्का साथ यहीं बस" भनी आज्ञा हुनुभयो । तथागत गौतमबुद्धको आज्ञानुसार महामौद्गल्यायन महास्थविर आफ्ना भिक्षु परिषद्का साथ त्यहीं रोक्नुभयो । वहाँको ऋद्धिप्रभावद्वारा पचासौं योजन टाढा गई रूखहरू काट्ने र ल्याउने तथा ढुँगाहरू ओसार्ने इत्यादि कामहरू त्यसै दिनमा सरलतापूर्वक सम्पन्न भयो । गाडाहरूमा रूख, काठ तथा ढुङ्गादि चढाउँदा र ओसार्दा पनि कसैलाई कुनै किसिमको थकावट आदि लाग्दैनथ्यो । जत्तिसुकै भारी गाडामा चढाउँदा पनि गाडालाई केही भएन अर्थात् गाडा बिग्रिएन । यसप्रकार धेरै दिन नबित्दै चाँडै नै दुइतले विशाल विहार निर्माण कार्य सम्पन्न भयो । त्यस विहार, जमीन तलामा पाँचसय कोठाहरू र माथिल्लो तलामा पाँचसय कोठाहरू गरी एकहजार कोठाहरूले युक्त थियो ।

तथागत गौतमबुद्ध नौमहीनासम्म भ्रमण गर्नुभई श्रावस्तीमा फर्कनुभयो । विशाखा महोपासिकाले बनाइएका विहारको कार्य एक वर्षमा पनि नसकिने थियो । महामौद्गल्यायन महास्थविरको ऋद्धिप्रभावद्वारा, विशाखा महोपासिकाको पुण्यको प्रभावद्वारा, तथागत गौतमबुद्धको बुद्धानुभावद्वारा नौमहिनामै विहारको सम्पूर्ण निर्माण कार्य सम्पन्न भयो । विशाखा महोपासिकाले तथागत गौतमबुद्ध भ्रमणबाट फर्की जेतवन विहारमा जाँदै हुनुहुन्छ भन्ने खबर सुनी तथागत गौतमबुद्ध सम्मुख गई आफूले बनाइएका नवनिर्मित पूर्वाराम विहारमा पाल्नुहुन बिन्ति गर्दै "भो शास्ता ! भिक्षुसंघसहित यस चतुर्मासभरि कहीं कतै नजानुभई यस नवनिर्मित विहारमा बस्नुहोला, विहार महोत्सव पूजा पनि सम्पन्न गर्नेछु" भनी बिन्ति चढाइन् ।




Downloaded from http://dhamma.digital



भिक्षु आनन्द भिखारीहरूलाई रोटी बाँड्नुहुन्छ

Downloaded from http://dhamma.digital



विहारमा पाल्नुभएका विशाखाले गहना बिर्सिन्छिन्

Downloaded from http://dhamma.digital

तथागत गौतमबुद्धले पनि अनुमोदन गरी स्वीकार्नुभयो । विशाखा महोपासिकाले पनि त्यसदिनदेखि बुद्धप्रमुख भिक्षुसंघलाई कहीं कतै भिक्षा माग्न नपठाई त्यस चतुर्मासभरि विहारमा नै भोजनादि दान प्रदान गर्न थालिन् ।

(सद्धर्मरत्नावली जयतिलक संस्करण पे. ३५०)

## २१. भिक्षु आनन्द रोइरहेकी युवतीलाई फकाउनुहुन्छ

विशाखाकी एक साथी हजारौं मूल्य पर्ने एउटा गलैंचा साथमा लिएर आई विशाखालाई भनिन् "साथी विशाखे ! म यस कपडाको टुक्रा तपाईंले बनाउनुभएको प्रासादमा बिछ्याउन चाहन्छु तसर्थ यस गलैंचा कहाँ बिछ्याए ठीक होला ? तपाईं बताई दिनुहोस्" भनी आग्रह गरिन् । "हे साथी ! यदि मैले त्यस्तो गलैंचा बिछ्याउने कुनै ठाउँ खालि छैन भनौं भने तिमी त्यस्तो स्थान छैन भन्यो भनेर मन दुखाउनेछौ तसर्थ तिमी आफै प्रासादमा गई तल माथि सबै तलामा गई कुन स्थान उचित तथा खालि छ त्यहाँ राख्न जानुस्" भनी भनिन् । उनले पनि हजारौं मूल्यको गलैंचा साथमा लिई प्रासादको तल माथि सबै स्थानमा घुमी हेर्दा त्यस गलैंचाभन्दा कम मूल्यको र उपयुक्त स्थान कतै नदेखी यस पुण्यकार्यमा सामेल हुन पाएनौं भनी गलैंचा साथमा लिई एक कुनामा बसी दु:खित हुँदै रुँदै बसिन् । भिक्षु आनन्द महास्थविरले उनी रुँदै रहेको देख्नुभई सत्तुभत्त जातकमा ब्राम्हणको रूपमा जन्मिनुभएका आफूले पनि उनी रुनुको कारण सेनक पण्डित भई जन्मिनुभएका महाबोधिसत्त्वले प्रश्न गर्ने जस्तै गरी किन रोइरहेकी ? भनी प्रश्न गर्नुभयो । उनले त्यस प्रश्न सुनी आफू रुनुको कारण व्यक्त गरिए पछि, "तिमी दु:खी नहोऔं, म तिमीलाई उचित स्थान देखाई दिनेछु भनी भन्नुहुँदै तिमीले त्यो गलैंचा लिस्नोनिर ओछ्याइदेऊ । तथागत गौतमबुद्ध प्रमुख भिक्षुसंघ पाल्नुहुँदा खुट्टा धोई भित्र पस्ने बेलामा तिम्रै गलैंचालाई बुद्ध प्रमुख भिक्षुसंघले सर्वप्रथम परिभोग गरेको हुनेछ । अनि तिमीले ठूलो पुण्यफल पाउनेछौ" भनी विशाखा महोपासिकाले पनि विचार गर्न नसक्ने स्थान देखाउनुभई उनलाई पनि त्यस पुण्यकार्यमा सामेल गराउनुभयो ।

(सद्धर्मरत्नावली-जयतिलक संस्करण, पे. ३५१)

## २२. एक राजमहिषी नारी स्वतन्त्रताको लागि संघर्ष गर्छे

आज जस्तै तत्कालीन उत्तर भारतमा नदीको पानी ती ती राज्य तथा प्रान्तहरूमा भागबन्दा गरीलिने सम्बन्धमा कलह श्रृजना भएको थियो । बुद्धकालीन समयमा रोहिणी नदीको पानी सम्बन्धमा शाक्य कोलिय दुई पक्षबीच युद्ध श्रृजना भएको थियो । तथागत गौतमबुद्ध उक्त स्थानमा जानुभई पानीको मूल्यभन्दा मान्छेको जीवन मूल्यवान् हैन र ? भनी तिनीहरूसँग प्रश्न गर्नुभई तिनीहरूलाई सत्य बोध गराउनुका साथै धर्मदेशना गर्नुभई मेलमिलाप गर्नुभएको थियो । उक्त धर्मोपदेश सुनी राजपरिवारबाट ५०० राजकुमारहरू बुद्धसमक्ष प्रव्रज्यासंवर प्राप्त गऱ्यो । तिनीहरू प्रव्रजित भएपछि तिनीहरूका पत्नी तथा विवाह गरी बसेका राजकुमारीहरू पति नभएका हामीहरू घरमा बसिरहनुमा केही औचित्य छैन भनी महाप्रजापति गौतमी भेट्न गई "तपाईंको पति परमेश्वर सुद्धोदन महाराजा अरहत् हुनुभई परिनिर्वाण भैसक्नुभयो । अब तपाईं


Downloaded from http://dhamma.digital

पनि हामी जस्तै पति नभएकी पत्नी हौ। हाम्रा पतिहरू जस्तै हामी पनि प्रव्रजित हुन जाऔं। त्यसको लागि तपाई हाम्री नायिका बनीदिनु" भनी आग्रह गरिन्। महाप्रजापति गौतमी पनि त्यस आग्रहबाट राजी हुनुभई पाँचसय राजकुमारीहरूसँग तथागत गौतमवुद्धलाई भेट्न गइन्। तथागत गौतमबुद्धलाई भेटी पञ्चाङ्ग दण्डवत्का साथ अभिवादन गरी एकछेउमा बसिन् "भो शास्ता ! तपाईंको पिता, मेरा स्वामीपुरुष हुनुभएका सुद्धोधन महाराजा अरहत् भई हिजो अस्ति परिनिर्वाण हुनुभयो। नन्द, राहुल कुमारहरू पनि प्रव्रजित हुनुभयो। ममात्रै राजदरवारमा एक्लै कसरी बस्ने ? यी राजकुमारीहरूका स्वामीपुरुषहरू पनि तपाईंकहाँ प्रव्रजित हुनुभयो। तसर्थ यी राजकुमारीहरू पनि प्रव्रजित हुन इच्छुक छिन्। त्यसकारण हामीहरूलाई प्रव्रज्या गर्नुभई भिक्षुणी शासनमा प्रतिष्ठापन गरिदिनुस्" भनी आग्रह गरिन्। महिलाहरूलाई पनि स्वतन्त्रता हुनुपर्छ भनी अरुलाईभन्दा राम्ररी ज्ञात हुनुभएका तथागत गौतमबुद्धले भारतवर्षमा तत्कालीन प्रचलित महिलाहरूको बारे, समाजको धारणा र भिक्षुणी शासनको भविष्यको सुरक्षा आदि कारणसम्बन्धी कारणा-कारण विचारशील हुनुभई एकैचोटी स्वीकृति प्रदान गरी महिलाहरू प्रव्रजित भएमा श्रृजना हुने जटीलता वारे व्यक्त गर्नुभई उक्त आग्रह प्रतिक्षेप गर्नुभयो। महाप्रजापति गौतमीले दुई तीनचोटी मागिरहनुभयो। तर पनि वुद्धले प्रत्येक पल प्रतिक्षेप गर्नुभयो। आफ्नो इच्छा पूरा नहुने भन्ने थाहापाई महाप्रजापतिसहित राजकुमारीहरू पुनः आ-आफ्नो राजदरबार अथवा घर फर्किन्।

केही दिन पश्चात् तथागत गौतमबुद्ध कपिलवस्तु निग्रोधारामबाट निस्कनुभई वैशाली महानगरको कूटागारशालामा जानुभयो। महाप्रजापति गौतमी प्रमुख राजकुमारीहरू ५०० जना तथागत गौतमबुद्धको प्रतिक्षेप बावजूद पनि प्रव्रज्या लिने इच्छा आकांक्षालाई सम्पूर्ण रूपमा त्यागिएका थिएनन्। तिनीहरू जहिले भएपनि, जसरी भएपनि प्रव्रज्या लिनेछौं भनी अधिष्ठान गरिन्। तथागत गौतमबुद्धले हामीलाई प्रव्रजित नगर्ने हो भने हामी नै प्रव्रजित भेषमा बदलिऊँ भनी निश्चय गरी हजामहरूलाई डाकी आ-आफ्नो केश काट्न लगाई गेरुवस्त्र धारण गरी वैशाली महानगरतिर निस्कनुभयो।

## २३. राजदरबारमा दोस्रो क्रान्ति

सिद्धार्थ कुमार सवै राज्यसुख त्याग गर्नुभई महावनमा गएर तापस भेष लिनुभई, महानगरमा आएर भिक्षा मागी हिँड्नु र खानु नै **राजदरबारमा पहिलो क्रान्ति** थियो। महाप्रजापति गौतमी प्रमुख राजकुमारीहरू ५०० जना राजदरबार तथा अलंकृत वस्त्राभरण त्यागी कपाल खौरेर गेरुवस्त्र पहिरिएर कपिलवस्तु नगरमा राजदरबारको माथिल्लो बुईंगलबाट बाहिर निस्कनुभई महामार्गमा, भुईंतिर हेरेर, शान्तदान्त तथा संयमका साथ वैशाली महानगरतिर भ्रमण गर्नु **राजदरवारको दोस्रो क्रान्ति** थियो। २५०० वर्ष पहिले बसोबास गर्नुभएका यी श्रेष्ठ वंश उत्तर भारतका महिलाहरूले यस क्रान्ति गर्नुभएको **"महिलाहरूलाई स्वतन्त्रता प्रदान गर्नु ! हामीलाई प्रव्रजित हुन मौका प्रदान गर्नु ! हामीलाई पनि प्रव्रज्या दिनु ! हामीलाई प्रव्रजित नगर्ने हो भने हाम्रा पति हामीलाई सुम्पिदिनु !"** आदि नारा लगाएर नभई अत्यन्त शान्त तथा संयमित स्वभाव प्रदान गरेर हो।

महाप्रजापति गौतमीसहित राजकीय महिलाहरू ५०० जना कपाल खौरेर गेरुवस्त्र धारण गरी लाइन लागेर पदयात्राकासाथ वैशाली महानगरमा जाँदै हुनुहुन्छ भन्ने खबर सारा नगरमा पवनवेग जस्तै फैलिएर



Downloaded from http://dhamma.digital



राजमहिषीहरू नारी स्वतन्त्रताको लागि संघर्ष गर्छे

Downloaded from http://dhamma.digital



स्वतन्त्रताको लागि महिलाहरूको अद्वितीय क्रान्ति

Downloaded from http://dhamma.digital

गयो । दिव्याङ्गना जस्ता रूपस्वभाव भएका उत्तर भारतका राजकुमारीहरूलाई देशवासीहरूले दर्शन गर्न पाउने मौकासमेत थोरबहुत मिल्थ्यो । माथिल्लो बुईंगलबाट तल नझर्ने, अत्यन्त रूपवान्, राजसुकोमल यी राजकुमारीहरूलाई दर्शन गर्ने अभिलाषाले हजारौं देशवासीहरू उभयमार्गमा भेला भइरहेको थियो । यस आश्चर्यलाग्दो खबर सुनेर शाक्य, कोलिय राजाहरू अत्यन्त मूल्यवान् स्वर्णमय रथ पाँचसयवटा लिएर "भिक्षुणी हो ! यस रथबाट पाल्नुहोस्, भिक्षुणी हो ! ! यस रथबाट पाल्नुहोस्" भनी आग्रह गरिरहे । तथागत गौतमबुद्धले हामीहरूलाई प्रव्रजित नगर्नुभएको हामी अत्यन्त सुकोमल भनी सोच्नुभएकोले होला ! तसर्थ पदयात्रामा जानु नै सर्वश्रेष्ठ हुनेछ भनी त्यस पाँचसय रथ प्रतिक्षेप गर्नुभयो । वैशाली महानगरसम्म उभयमार्गमा उपस्थित महाजनहरूले यस प्रव्रजित भेष लिनुभएका राजकीय महिलाहरूको शान्त अनि संयमित हिँडाई देखेर अभिवादन गर्न थाल्यो, पूजोपहार गर्न थाल्यो । रथबाट पाल्नुहोस् भनी दृढताकासाथ एकै स्वरमा आग्रह गरिरह्यो । विना जुत्ता नाङ्गो खुट्टाले सुकोमल राजकीय महिलाहरूको पाइतलाबाट स-सानो खटेरा उठेर पाइतला चिरा चिरा परी फुटेर रगत बग्न थाल्यो । रगत बगेको सुकोमल पाइतला देखेका सबैको आँखामा आँसु रसाउन थाल्यो । यसरी कपिलवस्तु नगर र वैशाली महानगर बीचमा भएका उभयमार्गमा उपस्थित लाखौं लाख देशवासीहरूलाई रुवाउँदै, कम्पन गर्दै एकाउन्न योजन हिँडेर तथागत गौतमबुद्धलाई भेट्न ऐतिहासिक पदयात्रा अन्त्य गर्दै महाप्रजापति गौतमी प्रमुख यस वीर, धीर महिलाहरू ५०० जना कूटागारशालाको नजिक पुग्नुभयो । तर पनि तत्कालै तथागत गौतमबुद्धलाई भेट्न जानुभएको थिएन । केही क्षणपश्चात् **भिक्षु आनन्द महास्थविरले यस खबरको** जानकारी पाउनुभई, तुरुन्तै वहाँ तिनीहरूकहाँ जानुभयो । महाप्रजापति गौतमीसहित प्रव्रजित भेष लिएका राजकीय महिलाहरू ५०० जनालाई देखेर तिनीहरूका सुन्निएका खुट्टा तथा चिरा चिरा परी रगत बगेका खुट्टा, खटेरा, धुलो, धुँवा तथा पसिनाले अपवित्र भएका, गल्दै गएका शरीर, प्रव्रजित भेष देखेर अत्यन्त शोकाकूल हुनुभई "अहो ! माताजी, यो के हो ? यस पाइतला चिरा चिरा परी फुटेर रगत बग्नु, के भएर ? तपाईंहरू सबैले यस भेष लिनुभएको के क्षत्रीहरूलाई हानी, नोक्सानी भएर हो ? के तपाईंहरूलाई देश निकाला गऱ्यो कि ? यो कस्तो अनाथस्वभाव हो ? **विहारमा पाल्नुभएर पनि तथागत गौतमबुद्धलाई नभेटी यहाँ उपस्थित भएर बस्नुको कारण के हो ?**" तत्पश्चात् प्रजापति गौतमी "पुत्र आनन्द ! क्षत्री वंशलाई हानि नोक्सानी भएको पनि छैन । हामीलाई कसैले देश निकाला गरिएको पनि छैन । पुत्र आनन्द ! म योभन्दा पहिले तीनचोटी तथागत गौतमबुद्धबाट प्रव्रज्यासंवर प्राप्त नभएको हुनाले यसपालि स्वयं प्रव्रज्या भेष लिएर आएकी हुँ । यसपालि पनि प्रव्रज्यासंवर पाउँछ कि पाउँदैन भन्ने शंका लागेको हुनाले विहारभित्र नपसी यहिं बसेकी हुँ" भनी भनिन् । भिक्षु आनन्द "माताजी ! त्यसोभए एकछिन् आराम गर्नुहोस्" भनी तथागत गौतमबुद्धकहाँ गई एकछेउमा बसी "भो शास्ता ! तपाईंको सानी-आमा महाप्रजापति गौतमी क्षत्रिय महिलाहरू ५०० जनासँग प्रव्रज्या भेषकासाथ आउनुभई तपाईंबाट प्रव्रज्यासंवर पाउँछ कि पाउँदैन" भनी रुँदै हुनुहुन्छ । "शास्ता ! तिनीहरू ठूलो दुःख कष्ट गरी एकाउन्न योजन बाटो हिँडेर आउनुभएको छ । **क-कसैको पाइतला त चिरा-चिरा परी फुटेर रगत बग्दैछ । क-कसैको त खुट्टा सुन्निएको छ । कोही कोही त गलेर गई ठूलो दुःखपीडाले ग्रसित भइरहेका छन् ।** शास्ता ! तिनीहरूलाई यस शासनमा प्रव्रज्यासंवर प्रदान गर्नुभएमा अतिउत्तम हुने थियो" भनी अनुरोध गर्नुभयो ।

तथागत गौतमबुद्धले भविष्यमा हुनसक्ने कारणाकारण देखेर महिलाहरूको प्रव्रज्या दृढरूपमा कडा


Downloaded from http://dhamma.digital

गर्न "आनन्द ! महिलाहरूलाई प्रव्रजित गर्नको लागि उत्साहित नहुनु" भनी भन्नुभयो । भिक्षु आनन्दले दोस्रोपल्ट, तेस्रोपल्ट पनि आग्रह गरिरहे । तथागत गौतमबुद्धले दोस्रोपल्ट पनि इन्कार गर्नुभयो । भिक्षु आनन्दले तत्पश्चात् तथागत गौतमबुद्धसँग प्रश्न गर्नुभयो । **"भो शास्ता ! कोही महिला यस शासनमा प्रव्रजित भई विपस्सना भावना अभिवृद्धि गरिन्छ भने तिनलाई श्रोतापत्तिफलमा वा अनागामीफलमा वा अरहत् फलमा पुग्न सकिन्छ कि ?"**

बुद्ध - आनन्द ! यदि कोही महिला प्रव्रजित भई वीर्य वृद्धि गर्न सक्छिन् भने उनी मार्गफलमा पुग्न सकिन्छ ।

आनन्द - "भो शास्ता ! यदि महिलाहरू यस शासनमा प्रव्रजित भई मार्गफल बोध गर्न सकिन्छ भने तिनीहरूलाई प्रव्रज्या तथा उपसम्पदा शील प्रदान नगर्ने किन ? भो शास्ता ! महाप्रजापति गौतमीले तपाईंलाई धेरै उपकार गर्नुभएको छ । महामायादेवीको मृत्युपश्चात् आफूले जन्माएका नन्द कुमारलाई धाईआमाको जिम्मा लगाउनुभई तपाईंलाई आफ्नो रगत दूध गरी खुवाउँदै हुर्काउनुभएको थियो । त्यसकारण शास्ता ! तपाईंको सानी आमालाई प्रव्रज्या तथा उपसम्पदासंवर प्रदान गर्नुहोस्" भनी आग्रह गर्नुभयो ।

भिक्षुणी शासन प्रतिस्थापित गर्न हालसम्म गरिएका आग्रह तथा कार्यविधि नै प्रमाण छ भनी सोच्नुभएका तथागत गौतमबुद्ध भिक्षु आनन्दलाई सम्बोधन गर्नुहुँदै "आनन्द ! यदि महाप्रजापति गौतमी प्रव्रजित हुन इच्छुक छिन् भने तिनले पूर्व बुद्धहरूको श्राविकाहरूले स्वीकारेका **अष्टगरु धर्म** स्वीकारोस् । त्यही नै उनलाई प्रव्रज्या उपसम्पदा हुनेछ" भनी **अष्टगरु धर्म** देशना गर्नुभयो । त्यस पछि आनन्द महास्थविर प्रजापति गौतमीकहाँ जानुभई, "माताजी ! अतीतका बुद्धहरूले महिलाहरूको प्रव्रज्या तथा उपसम्पदाको लागि **अष्टगरु धर्म** आठवटा देशना गर्नुभएको छ । यदि तपाईं त्यस धर्म मबाट स्वीकार्ने हो भने तपाईंलाई प्रव्रज्या तथा उपसम्पदा प्राप्त हुनेछ । त्यसबाट भिक्षुणी शासन प्रतिष्ठापन हुनेछ" भनी आज्ञा हुनुभयो । प्रव्रज्या पाउनेछ भन्ने बचन सुन्नासाथ पाँचगुणा प्रीति हुनुभएका गौतमी त्यस अष्टगरु धर्म म शिरोपर गरी स्वीकार्नेछु भनी तीनचोटी उद्घोषणा गर्नुभई स्वीकार्नुभयो । त्यही नै उनको प्रव्रज्या तथा उपसम्पदा भयो । उनका पारिवारिक राजकुमारीहरू पनि त्यस अष्टगरु धर्म आठवटा स्वीकारेर भिक्षुसंघबाट प्रव्रज्या उपसम्पदा प्राप्त गर्नुभएको थियो । **यो भयो अतीतमा बुद्धकालीन महिलाहरूद्वारा स्वतन्त्रताको लागि गरिएको संघर्षपूर्ण अभिलेख तथा प्राप्त गरिएको विजय हो । यस विजयका दूत आनन्द महास्थविर हुनुहुन्थ्यो । त्यसकारण भिक्षु आनन्द भारतीय महिलाहरूलाई स्वतन्त्रता प्रदान गर्नुमा सहयोगी हुनुभएका वीर, धीर पुरुष हुनुहुन्थ्यो ।**

## २४. भिक्षुणी भिक्षु आनन्दलाई वशीभूत गर्न झूठो रोगीको बहाना गर्छे

भिक्षु आनन्द कौशाम्बी नगर घोषितारामामा बसोबास गर्नुभएको समयमा भिक्षुणी आराममा बास गर्नुभएकी एकजना भिक्षुणी भिक्षु आनन्दको रूपस्वभावमा मोहित भई गोप्य रूपमा वहाँलाई प्रेम गर्न पुगिन् । उनी भिक्षु आनन्दलाई मोहित पार्नको निम्ति उपक्रम गर्न थालिन् । तिनले चिनेका मान्छेलाई


Downloaded from http://dhamma.digital



भिक्षुणीले झूठो रोगीको बहाना गर्छे

Downloaded from http://dhamma.digital



भिक्षु आनन्द अनाथ बालकद्वयलाई प्रव्रजित गर्नुहुन्छ

Downloaded from http://dhamma.digital

डाकी कुरा सिकाइन् । "तिमी भिक्षु आनन्दलाई भेट्न गई वहाँलाई मेरो वचनद्वारा अभिवादन गरी यसो भन्नु- फलाना भिक्षुणी बिमारी भई एकदम कष्टमा छिन् ! उनले अन्तिम अवस्थामा तपाईंको दर्शन गर्ने अभिलाषा गर्दैछिन् । तसर्थ उनीमाथि दया राख्नुभई भिक्षुणी आराममा जानुभई उनलाई हेरी उनको मनलाई शान्त पारी उनको मन राखिदिनुहोस् ।" भिक्षु आनन्द त्यस आग्रह करुणासहगत चित्तले स्वीकार्नुभई, चीवर धारण गर्नुका साथै पात्र पनि साथमा लिई भिक्षुणी आराममा जानुभयो । भिक्षु आनन्द पाल्नुभएको टाढादेखि देखेकी भिक्षुणी आफ्नो कोठामा गई खातमा पल्टी चीवरद्वारा आफ्नो टाउको छोपेर सुतिरहेको बहाना गरिन् । त्यहाँ पुग्नासाथ भिक्षु आनन्दलाई यथार्थ बोध भइहाल्यो । खात नजिक राखिएको आसनमा बस्नुभई भिक्षु आनन्दले उनले सुन्ने गरी धर्मोपदेश गर्न थाल्नुभयो । "बहिनी ! यो शरीर आहारपानद्वारा विकसित भएको हो । त्यस आहारपानद्वारा नै आहारपानसम्बन्धी तृष्णा क्षीण गर्नुपर्छ । यस शासनमा प्रव्रजित भएका भिक्षु-भिक्षुणीले भोजन गर्ने ज्ञानद्वारा प्रत्यवेक्षणा गरेर हो । म यो भोजन ग्रहण गरी भोग गर्ने क्रिया गर्नको निम्ति हैन । कामाशय वृद्धि गर्नको निम्ति हैन । रूप शोभा सम्पन्न हुनको लागि हैन, अलंकृत हुनको लागि हैन । यस शरीरको विद्यमानताको निम्ति हो । जीवनचर्याको निमित्त हो । भोक, तिर्खा मेट्नको निम्ति हो । ब्रम्हचर्या पालन गर्नको निम्ति हो । प्रव्रज्याधर्म अभिवृद्धि गर्नको निम्ति हो । जीवन बिताउनको निम्ति हो भनी स्मरण गर्नलाई हो । ज्ञानद्वारा स्मरण गर्नलाई हो । बहिनी ! यो शरीरको तृष्णाले नै तृष्णा त्याग्नुपर्छ । यस शासनमा प्रव्रजित भएका भिक्षु आश्रवबाट, क्लेशबाट मुक्त भई चैतसिक विमुक्ति तथा प्रज्ञा विमुक्ति चक्षुसमक्ष विशेष ज्ञानद्वारा आफूले नै बोध गरी प्रत्यवेक्षणा गरी बस्नुहुन्छ भन्ने सुनेर आफू जहिले पनि त्यसरी वास गर्नेछु भनी मनन गरेर तृष्णालाई क्षय गरेमा यो शरीर तृष्णाले गर्दा श्रृजित भएको थियो र तृष्णाले नै तृष्णा क्षय गरिएको भनी भन्न सकिन्छ । बहिनी ! यो शरीर मानद्वारा वृद्धि भएको हो । मानद्वारा नै मान छेदन गर्नुपर्छ । त्यो गर्नु पनि पहिले भने जस्तै सबै क्लेश हटाएर विशेष ज्ञान हासिल गरेपछि हो । बहिनी ! यो शरीर मैथुनद्वारा श्रृजित हो । तथागत गौतमबुद्धले मैथुन संसर्गसम्बन्धी हेतु सबै मुख्यरूपमा, सदाको लागि नाश गरिसक्नुभयो । क्षय गरिसक्नुभयो ।"

भिक्षु आनन्दको यस धर्मोपदेश श्रवण गरी बसेकी, **रोगीको बहाना गरी बसेकी भिक्षुणी खातबाट तल झरी भिक्षु आनन्दको पाउ मुनि गई** "स्वामी ! मैले गल्ति गरें । त्यसको लागि मलाई माफ गर्नुहोस्" भनी माफी मागिन् । भिक्षु आनन्दले पनि उनलाई माफ गर्नुभयो ।

(अंगुत्तर निकाय चतुक्क निपात भिक्खुणी सुत्त)

## २५. भिक्षु आनन्द अनाथ बालकद्वयलाई प्रव्रजित गर्नुहुन्छ

भिक्षु आनन्दको हितैषी दाताको घरमा साना बालकहरू दुइजना बाहेक आमाबाबु आदि सबै नै अहिवातक रोगद्वारा मृत्यु हुनपुग्यो । ती बालकद्वय भिक्षुहरूलाई देख्नासाथ नजिक दौडेर आउँछन् । भिक्षुहरूले भने तिनीहरूलाई धपाएर पठाउँछन् । एकदिन यस दृश्यलाई देख्नुभएका भिक्षु आनन्दलाई तिनीहरूप्रति ठूलो दया तथा करुणा जाग्यो र प्रव्रजित गरेर भए पनि ती अनाथ बालकद्वयको जीवन उद्धार गरिदिनुपर्ला भन्ने मनसाय हुन पुग्यो । तर पनि "पन्ध्र वर्षभन्दा कम उमेरका बालकहरूलाई प्रव्रज्या नगर्नू" भनी तथागत गौतमबुद्धले नियम बनाई राख्नुभएको हुनाले भिक्षु आनन्दले बालकद्वयलाई तथागत गौतमबुद्धकहाँ लिएर


Downloaded from http://dhamma.digital

जाँदै तिनीहरूको समस्या अवगत गराउनुहुँदै प्रव्रज्या गर्न अनुमति माग्नुभयो । तथागत गौतमबुद्ध आफूले प्रज्ञप्तिएका नीति अवस्थानुसार फेरबदल गरी पन्ध्र वर्षभन्दा कम, तर पनि कागलाई ढपाउन सक्ने क्षमता भएका बालकलाई प्रव्रज्या गर्न अनुमति दिनुभयो । त्यसअनुसार भिक्षु आनन्द आमाबाबु आदि कोही पनि नभएका, कसैको सहारा नपाएका ती अनाथ बालकद्वयलाई प्रव्रजित गर्नुभयो ।

(महावग्गपालि-अभयूवर भाणवरं)

# २६. तथागत गौतमबुद्ध तथा महिलाहरू

महाप्रजापति गौतमीसहित देशका महिलाहरू ५०० जना प्रव्रजित हुन अनुरोध गर्दा पनि प्रव्रज्यासंवर नदिंदा पछि अनिच्छापूर्वक भिक्षु आनन्दको आग्रहले गर्दा प्रव्रज्या दिने मौका दिनाले पनि भिक्षु आनन्द महिलाहरूप्रति के कसरी व्यवहार गर्नुपर्छ भनी परिनिर्वाण मञ्चमा सोध्नुहुँदा, "तिनीहरूलाई नहेरी बस्नु नै जाति" भनी प्रकाश गर्नाले तथागत गौतमबुद्धले महिलाहरूबारे विशेष खोजिनीति तथा तिनीहरूलाई तल्लोस्तरको रूपमा व्यवहार गर्नुभएको भन्ने कसैलाई लाग्न सक्दछ । तर पनि वहाँले त्यसो गर्नुभएको महिलाहरूलाई अल्पमात्र भए पनि उपेक्षाभाव राखी गर्नुभएको थिएन । आफ्नो श्रावक समूहको संघशासनमा पवित्रता तथा दीर्घकालीन स्थिरताबारे बढि विमर्शनशील हुनाले नै हो ।

विमुक्ति मोक्ष, निर्वाण प्राप्त गर्नको निमित्त आवश्यक कुराहरू मध्ये पवित्र ब्रम्हचर्या प्रमुख हुने गर्छ । एक्लो जीवनमा पूर्ण स्वतन्त्रता तथा सार्वजनिक वा सामूहिक भन्ने हुन्छ । ऊ विवाह हुनासाथ उनमा भएको सामूहिक भावना व्यक्तिगतमा परिवर्तन हुन्छ । उसलाई छोराछोरी पाएपछि व्यक्तिगत स्वभाव कतिपय गुणा वृद्धि हुनजान्छ । स्वतन्त्रता रहँदैन । बन्धन तथा जिम्मेवारी बढि हुँदै जान्छ । सिद्धार्थ राजकुमारले आफ्नो पत्नी तथा छोरालाई त्यागेर जानुभएको पनि त्यही कारणले गर्दा नै हो । श्रेष्ठ पुरुषलाई उच्च परमार्थ सिद्ध गर्नलाई धेरै जसो आफ्ना पत्नी, छोराछोरी नै बाधक हुने गर्छ । तिनीहरूलाई त्यागेर नगएको भए सिद्धार्थ राजकुमारलाई कदापि बुद्धत्व प्राप्त हुने थिएन । यस अनुभव व्यवहारद्वारा राम्ररी ज्ञात भएका तथागत गौतमबुद्ध आफ्ना शिष्य श्रावकहरू कामान्ध जीवनवाट सम्पूर्ण रूपमा दूर राख्नको निम्ति लागू गर्न सक्ने हरेक नीति लागू गर्नुभएको थियो । महिला संसर्ग श्रमणभाव विरहित हुने प्रथम खुड्किलो पाराजिकाको रूपमा प्रस्तुत गर्नुभयो । घरपरिवार (श्रीमती, छोराछोरी) भएमा नित्य रूपमा समयानुकूल प्रव्रज्याधर्म वा श्रमणधर्म पूरा गर्न नसक्ने हुनाले नै हो । क्लेश क्षीण गर्न नसक्ने हुनाले हो । तृष्णालाई नाश गर्न नसकिने हुनाले हो । स्वभावमा नै जीवन् यापन गर्न नसकिने भएको हुनाले हो । तथागत गौतमबुद्धले निर्माण गर्नुभएको संघशासन हालसम्म विद्यमान रहनु पनि संघसमूह ब्रम्हचारी समूह भएकोले नै हो ।

तथागत गौतमबुद्धले महिलाहरूको दुर्गुण जस्तै गुण पनि राम्ररी देख्नुभएको थियो । तर पनि वहाँले महिलाहरूलाई घृणाको दृष्टिमा हेर्नुभएको थिएन । नीच रूपमा हेर्नुभएको थिएन । तत्काल भारतीय समाजले महिलाहरूलाई दिइराखेको स्थानभन्दा श्रेष्ठ स्थान तथागत गौतमबुद्धले प्रदान गर्नुभएको थियो महिलाहरूलाई । मल्लिका, श्यामावती जस्ता अग्रमहिषीहरूलाई धर्मोपदेश गर्नुभएको थियो । महाप्रजापति गौतमी जस्ती अरहत् भिक्षुणीहरूलाई दक्षतानुसार पद प्रदान गर्नुभएको थियो । किसागौतमी, पटाचारा



Downloaded from http://dhamma.digital

जस्ता शोकमग्न महिलाहरूको उद्धार गर्नुभएको थियो। अम्बपाली जस्ती गणिका (बेश्या) को समेत भोजन स्वीकार गर्नुभएको थियो।

एकदिन कोसल राजा तथागत गौतमबुद्धसँग छलफल गरिरहनुभएको समयमा राजपुरुष आई राजासँग कानेखुशी गर्नुभई "मल्लिका महारानीले छोरी जन्माइन्" भनी खबर गऱ्यो। त्यस खबर सुनेका राजाको मुखाकृति अँध्यारो भयो। त्यस दृश्य देख्नुभएका तथागत गौतमबुद्ध "राजपुरुषले भनेको रहस्यमय कुरा सुनेर मुख किन अँध्यारो पार्नुभएको ?" भनी प्रश्न गर्नुभयो। "भो शास्ता ! मल्लिकाले छोरी पाइछिन्" भनी राजाले जवाफ फर्काउनुभयो। "महाराज ! छोरी भए कति राम्रो नि ? तिनले पछि देश रक्षा गर्नसक्ने छोरालाई जन्माउला। त्यसकारण अत्यन्त प्रेम तथा स्नेहपूर्वक लालन पालन गर्नू" भनी तथागत गौतमबुद्धले कोसल राजालाई सान्त्वना दिनुभयो। महिलालाई नीचताको रूपमा हेर्ने समाजमा तिनको बारे तथागत गौतमबुद्धको प्रज्ञागोचर संकल्प कस्तो छ भन्ने कुरा यसबाट प्रस्फुटन हुन आउँछ। महाप्रजापति गौतमीसहित ५०० जना राजमहिलाहरूलाई प्रव्रज्या दिन पहिले इन्कार गर्नुभएको कारण तिनीहरूलाई प्रव्रजितै नगर्ने मनसायले नभई प्रव्रज्यामा निहित गम्भीरता देखाएर तिनीहरूलाई विनयद्वारा अत्यन्त संयम गराउनको लागि नै हो। भिक्षु-भिक्षुणी उभयपक्षमा एकदम सुरक्षा प्रदान गर्नको निमित्त हो। अरहत् भिक्षुणी महाप्रजापति गौतमी परिनिर्वाण हुनुभएको समयमा वहाँको मलामीमासमेत तथागत गौतमबुद्ध सरिक हुनुभएको थियो। दाहसंस्कारपछि अस्थिधातु भिक्षु आनन्दमार्फत् आफ्नो पात्रमा राख्न लगाउनु भई, लिच्छवी राजाहरूमार्फत् चैत्य बनाउन लगाई, अस्थिधातु त्यस चैत्यमा प्रतिस्थापन गर्न लगाई, त्यस चैत्यलाई नमस्कार गर्नुभएको थियो।

तथागत गौतमबुद्धले प्रज्ञप्त गर्नुभएका विनय नीतिहरूको विशेष लक्षण भने पुरुषहरूको श्रमणभाव, व्रम्हचरियाको निमित्त महिलाहरूसँग वढी घुलमिल तथा सामीप्यता महिलाहरूको श्रमणभाव, ब्रम्हचरियाको लागि पुरुषहरूको बढी घुलमिल तथा सामीप्यता अनि घुलमिल अत्यन्त बाधा छ भन्ने कुराको सत्यता वहाँले प्रकाश पार्नुभएको थियो। मार्ग दर्शन गराउनुभएको थियो।

Dhamma.Digital

## २७. भिक्षु आनन्द तथा महिलाहरू

भिक्षु आनन्दको बारे त्रिपिटकमा अनेकौं स्थानमा छरिएर रहेका निदान तथा कथाहरू अध्ययन गर्दा तत्कालीन समाज जम्बुद्वीपमा बास गर्नुभएका बौद्ध महिलाहरूको आश्चर्यका साथ, विशेष गौरव तथा स्नेह वहाँप्रति रहेको छर्लङ्गिन्छ।

**"आयस्मा आनन्दो महापुञ्ञो सम्भावितो नं राजराज महामच्चादयो निमन्त्वो अन्तो निवेसने निसीदापेति। सब्बालंकार पतिमण्डितादि इत्थियो थेरं उपसंकमित्वा, वन्दित्वा ताल वण्थेन विजेन्ति उपनिसिदित्वा पञ्हं पुच्छन्ति। धम्मं सुणन्ति"** - (संयुक्त निकायट्ठकथा वंगीस संयुत्त, पेज २१०)

"आयुष्मान् आनन्द स्थविर महापुण्यवान् हुनुहुन्छ। अत्यन्त मानसम्मान तथा गौरव गर्नुपर्ने हुनुहुन्छ। राजा, महाराजा तथा महामन्त्रीहरू वहाँलाई भोजनको लागि आमन्त्रण गर्दै आफ्नो घरमा विराजमान गराउनुहुन्छ। सर्वालंकारद्वारा सुशोभित भएका महिलाहरू वहाँकहाँ गई पञ्चाङ्ग दण्डवत् गरी हातेपंखाद्वारा



Downloaded from http://dhamma.digital

पंखा हम्काउँदै, समीपमा नै बसी अनेक प्रश्न गर्छे । धर्मोपदेश सुन्छे ।" महिलाहरूले भिक्षु आनन्दलाई गरिएको मानसम्मान यसबाट प्रष्ट देखिन्छ तर पनि भिक्षु आनन्द महिलाहरूको त्यस हेरचाह, गौरव तथा ममतामयी स्नेह कदापि दुरूपयोग तथा दुर्व्यवहार गर्नु त के त्यस्ता दुरूपयोग अनि दुर्व्यवहार गर्न सपनामा पनि चिताउनुभएको थिएन ।

**पण्ण वीसति वस्सानि - सेख भूतस्स मेसतो**
**न काम सञ्ञी उप्पज्जी - पस्स धम्म सुधम्मतं ॥**

इत्यादि **"स्रोतापत्तिफलमा** प्रतिस्थित हुनुभएका २५ वर्ष बित्दा पनि, कदापि कामसंज्ञा (कामतृष्णा) उत्पन्न भएको थिएन, धर्ममा भएका श्रेष्ठभाव हेर्नू" भनी भिक्षु आनन्द स्वयंको पवित्र चरित्रबारे घमण्डका साथ प्रीतिवचन व्यक्त गरिएको छ । भिक्षु आनन्दको बारे सबैलाई भन्दा राम्ररी ज्ञात भएका व्यक्ति तथागत गौतमबुद्ध हुनुहुन्छ । कोसल राजदरबार तथा उदेन राजाको दरबारको अन्तःपुरमा रहनुभएका राजदरबारका महिलाहरूलाई धर्मदेशना गर्नको लागि ती राजाहरू तथागत गौतमबुद्धसँग एकजना भिक्षुलाई मागिएको समयमा तथागत गौतमबुद्धले त्यसको लागि नियुक्त गर्नुभएको सारिपुत्र, महामौद्गल्यायन आदि अरहत् भिक्षुहरूलाई नभई **अरहतै नभएका भिक्षु आनन्दलाई** हो । सो भने भिक्षु आनन्दको बारे तथागत गौतमबुद्धमा भएका अखण्ड, अटल तथा आश्चर्ययुक्त विश्वास प्रदर्शन गरिएको समय थियो ।

१. राजाहरूको अन्तःपुर दुबैमा धर्मदेशना गर्ने जिम्मा लगाउनु ।
२. महाप्रजापति गौतमीप्रमुख राजमहिलाहरू ५०० जनालाई प्रव्रजित हुन सहयोग गर्नु ।
३. चण्डाली युवतीको प्रेमको कारक बन्नु ।
४. भिक्षुणीले भिक्षु आनन्दलाई फँसाउन रोगीको बहाना गर्नु ।
५. भिक्षु आनन्द हुँदाहुँदै पनि महाकाश्यप महास्थविरले भिक्षुणी आराममा धर्मदेशना गरिएकोमा भिक्षुणीले महाकाश्यप महास्थविरलाई दोषारोपण गर्नु ।
६. महाकाश्यप महास्थविरले भिक्षु आनन्दलाई **"नवक भिक्षु"** भनी भनिएकोमा भिक्षुणीले महाकाश्यप महास्थविरलाई दोषारोपण गर्नु ।
७. परिनिर्वाण मञ्चमा महिलाहरूबारे कसरी व्यवहार गर्नुपर्छ भनी भिक्षु आनन्दले तथागत गौतमबुद्धसँग प्रश्न गर्नु ।
८. तथागत गौतमबुद्ध परिनिर्वाण हुनुभए पश्चात् बुद्ध देह (पार्थिव शरीर) दर्शन गर्नको निम्ति आउनुभएका महाजनहरूको बीचमा सर्वप्रथम महिलाहरूद्वारा बुद्ध शरीरलाई वन्दना गराउनु ।

यी यस्ता कारणबारे विमर्शनशील भई हेर्दा भिक्षु आनन्द महिलाहरूबारे धेरै चासो राख्नुहुन्थ्यो भन्ने धेरै जसोलाई लाग्न सक्छ । त्यसरी धेरै चासो राख्नुभएको कारण तिनीहरूमा भएका मातृत्वलाई गौरवसम्मान गर्नु नै हुनुपर्दछ ।

२५०० वर्ष जस्ता अतीत कालदेखि ब्राम्हण रीतिरिवाज तथा विचारद्वारा युक्त भएका समाज र संस्था भएका जम्बुद्वीप (भारत) जस्ता देशका महिलाहरूलाई भएका स्वतन्त्रताबारे परिकल्पना गर्न हामीलाई प्रेरित गराउनेछ । महिलाहरूलाई पनि प्रव्रजित हुन आवश्यक भयो । तथागत गौतमबुद्धसँग अनुमति मागेको बेला



Downloaded from http://dhamma.digital

त्यसमा भएका गम्भीरता इंगित गराउनको निम्ति, तिनीहरूको सुरक्षा गर्नको निम्ति तथागत गौतमबुद्धले त्यस अनुरोध प्रतिक्षेप गर्नुभएको थियो । यस गम्भिरातिगम्भीर समयमा भिक्षु आनन्द अग्रसर हुनुभई तथागत गौतमबुद्धसँग सौहार्द्रपूर्ण छलफल गरी महिलाहरूलाई प्रव्रज्या गराउने सुअवसर, मौका मिलाई दिनुभयो । **यो भने विना: पुरुष महिलाहरू ५०० जना स्वतन्त्रताको निम्ति अग्रसर भएको अभिलेखमय इतिहासको पहिलो अवस्था हो ।** कपिलवस्तु नगरदेखि महाप्रजापति गौतमीसहित राजकुमारीहरू ५०० जना कपाल खौरेर गेरुवस्त्र धारण गरी, खुट्टा चिरा-चिरा परिएको, रगत बगेको, सुन्निएको पैतालाले वैशाली महानगरमा भ्रमण गर्नु **महिला इतिहासमा स्वर्णाक्षरले लेखिनुपर्ने अभिलेख हो ।** उभयमार्गमा बहुसंख्यक देशवासिहरूले सयौं रथ प्रस्तुत गर्दै त्यसमा पाल्नुहुन आग्रह गर्दा पनि त्यस आग्रहलाई प्रतिक्षेप गर्नुहुने वीरमहिला आफ्नो वंशभाव, राजसुकोमल स्वभावसमेत बिर्सेर प्रव्रज्याको निम्ति पदयात्रा गर्नुभएका थिए । तिनीहरूको एउटै मात्र माग प्रव्रज्याको लागि सहयोग गर्नुहुने एकमात्र पुरुष भिक्षु आनन्द हुनुहुन्थ्यो । २५०० वर्षभन्दा पहिले जन्मिनुभएका भिक्षु आनन्दको **यस बराबरीको भावना अर्थात् निर्वाण, विमुक्ति तथा मोक्ष पुरुषलाई जस्तै महिलाहरूलाई पनि यथारूपमा हुनुपर्ने विचार अत्यन्त महत्त्वपूर्णका साथ लिन सकिन्छ ।** यस्तो गर्नुभएको महिलाहरूप्रति विशेष झुकाव वा पक्षपातले नभई राम्रो कुरा, श्रेष्ठ वस्तु तथा उत्तम वस्तु सबैलाई बराबर हुनुपर्छ भन्ने विचार, धारणाले गर्दा नै हो । तसर्थ भिक्षु आनन्दको नाम बौद्ध महिलाहरूले गल्तिवश पनि भुल्न नहुने नाम हो । मल्लिका जस्ती रानीहरूको, विशाखा जस्ती धनी महाउपासिकाहरू, अन्त:पुरका महिषीहरूको गौरव तथा प्रशंसा अन्य व्यक्तिहरूलाई भन्दा भिक्षु आनन्दले प्राप्त गर्नुभए तापनि कदापि तथागत गौतमबुद्धमा वा भिक्षुसंघमा वा भिक्षुणीहरूमा वा महाजनतामा भिक्षु आनन्दप्रति कुनै पनि शंका उपशंका वा खास-खुस आदि कुरा काट्ने कार्य भएको थिएन । सुन्दर पुरुष हुनुभएका, सुन्दर राजकुमार हुनुभएका तर सारा क्लेश नष्ट गरी नसकेका भिक्षु आनन्द महिलाहरूसँग घुलमिल हुनु पनि सम्पूर्ण संघ समाजलाई नै श्रेष्ठ आदर्शमय जीवन थियो ।

पुरुषको रूपमा भिक्षु आनन्दमा भएका श्रेष्ठ स्वभाव, पौरुषभाव, शीलस्वभाव तथा महानता त्यसबाट नै स्पष्ट हुन आउँछ । वहाँले महिलाहरूसँग सँगत गर्नुभए तापनि, तिनीहरूलाई मानसम्मान गरे तापनि त्यसो गर्नुभएको तिनीहरूको नै कल्याणको निम्ति केवल करुणासहगत विना व्यक्तिगत रूपमा केही मनोरञ्जन वा फाइदाको लागि हैन । महिलाको लागि आफ्नो श्रेष्ठभाव, श्रमणत्व क्लिष्ट गर्न वा नष्ट गर्न कदापि नसोच्नु नै वहाँको श्रेष्ठत्वको उत्तम लक्षण थियो ।

## २८. भिक्षुहरूलाई प्रातिमोक्ष देशना गर्नुहुन निवेदन

तथागत गौतमबुद्ध श्रावस्ती नगर **"मिगारमाताको प्रासाद"** भन्ने पूर्वाराममा विराजमान हुनुहुन्थ्यो । त्यस दिन पूर्णिमाको दिन थियो । भिक्षु आनन्द तथागत गौतमबुद्धसमक्ष गई पञ्चाङ्ग दण्डवत् गरी एकछेउ बसेर यसरी बिन्ती चढाउनुभयो- "भो शास्ता ! रात धेरै बितिसक्यो । झिसमिसे बिहानी पनि बितिसक्यो । धेरै बेरदेखि भिक्षुसंघ बसेको बस्यै छन् । भाग्यवत् शास्ता ! भिक्षुसंघलाई प्रातिमोक्ष देशना गर्नुहोस् ।" तथागत गौतमबुद्ध केही कुरा नगरी मौन बसिरहनुभयो । दोस्रोपल्ट पनि भिक्षु आनन्दले त्यसरी निवेदन गर्नुभयो । तथागत गौतमबुद्ध दोस्रोपल्ट पनि तुष्णिम्भूत बसिरहनुभयो । तेस्रोपल्ट पनि निवेदन गरेको



Downloaded from http://dhamma.digital

समयमा "आनन्द ! परिषद् अपवित्र छ" भनी भन्नुभयो । त्यसपछि महामौद्गल्यायन महास्थविरले कसको निम्ति तथागत गौतमबुद्धले यसरी आज्ञा हुनुभएको होला ? भनी एक एकजना गरी आफ्नो मनोचित्तद्वारा (ध्यानद्वारा) परीक्षा गरी हेर्नुभयो । पापस्वभाव भएका छोपिएको (ढाकिएको) कर्म भएका, शंकास्पद गतिविधि र क्रियाकलाप भएका, श्रमणभाव नभएका, भित्री हृदयमा रागादि क्लेशद्वारा परिपूर्ण क्लेशादि फोहरमैला भएका व्यक्ति भिक्षुहरू माझ बसिरहेको महामौद्गल्यायन महास्थविरले देख्नुभयो, देखेर आसनबाट उठ्नुभई त्यस भिक्षुसमीप जानुभई "आवुसो ! उठ, तथागत गौतमबुद्धले तिमीलाई देख्नुभएछ, संघसँग कार्य गर्न तिमी योग्य छैनौ" भनी आज्ञा हुनुभयो । तर पनि त्यस दुश्शील भिक्षु केही नबोली, निशब्द भई नउठिकन बसिरहे । दोस्रोपल्ट पनि, तेस्रोपल्ट पनि महामौद्गल्यायन महास्थविरले त्यसरी आज्ञा हुनुभयो । तर पनि ती भिक्षु उठेन । त्यसपछि महामौद्गल्यायन महास्थविरले त्यस भिक्षुको हात समातेर आसनबाट उठाएर, बाहिर पठाई ढोका बन्द गरी चुकुल लगाएर तथागत गौतमबुद्ध समक्ष गई "भो शास्ता ! त्यस व्यक्तिलाई मैले निकालिदिएँ । अब परिषद् पवित्र छ, भिक्षुसंघलाई प्रातिमोक्ष देशना गर्नुहोस्" भनी तथागत गौतमबुद्धसँग निवेदन गर्नुभयो । तथागत गौतमबुद्ध "आवुसो महामौद्गल्यायन ! आश्चर्य ! आश्चर्य !! हात समातेर ननिकाल्दासम्म त्यस मोघ पुरुष निस्किएन नि" भनी आज्ञा हुनुभयो ।

(उदानपालि, सोणवग्ग उपोसथ सुत्त)

## २९. तथागत गौतमबुद्धले कोकोहोलो गरेका भिक्षु समूहलाई धपाएर पठाउनुहुन्छ

तथागत गौतमबुद्ध श्रावस्तिनगर जेतवनाराममा बसिरहनुभएको समयमा यशोज भन्ने भिक्षुप्रमुख ५०० जना जति भिक्षुहरू तथागत गौतमबुद्धको दर्शनार्थ जेतवनाराममा आउनुभयो । ऊ त्यहाँ रहनुभएका आवासीय भिक्षुहरूकासाथ सुख-दुःखको कुरा गर्दै ठूल-ठूलो स्वरमा हाँस्दै, कोक शब्द निकाल्दै सेनासन मिलाउने, पात्रचीवर मिलाउने आदि कार्य गर्दै रहनुभयो । तिनीहरूको त्यस शब्दघोष सुन्नुभएका तथागत गौतमबुद्ध भिक्षु आनन्दलाई डाक्नुभई "आनन्द ! माछा मार्ने स्थानमा एकत्रित भएका माछा मार्ने समूह जस्तै कोकोहोलो गर्ने को हो ?" भनी प्रश्न गर्नुभयो । "भो शास्ता ! यशोज स्थविर प्रमुख ५०० जना जति भिक्षुहरू तपाईंको दर्शनार्थ पाल्नुभएको छ । तिनीहरूको स्वर हो" भनी भिक्षु आनन्दले निवेदन गऱ्यो । "आनन्द ! त्यसो भए तिनीहरूलाई यहाँ उपस्थित हुन पठाइदिनु" भनी आज्ञा हुनुभयो । भिक्षु आनन्द तथागत गौतमबुद्धले तिनीहरूलाई डाक्नुभएको खबर सूचित गर्नुभयो । ती भिक्षुहरू तथागत गौतमबुद्धसमक्ष जानुभई पञ्चाङ्ग दण्डवत् गरी एकछेउ बसिरहे । तथागत गौतमबुद्ध "भिक्षु हो ! भिक्षुहरू भेलाभएको ठाउँ जस्तो नभई, माछा मार्नेहरू जम्मा हुने ठाउँ जस्तो ठूलो स्वरमा कुरा गर्दै, हाँस्दै किन हिँडिरहेको ?" भनी प्रश्न गर्नुभयो । यशोज स्थविर "भो शास्ता ! यी भिक्षुहरू धेरै टाढाबाट हजुरको दर्शनार्थ आएका हुन् । तर पनि आवासीय भिक्षुहरूसँग कुरा गर्दा हजुर विराजमान हुनुहुन्छ भन्ने कुरासमेत ख्याल नगरी ठूलो शब्द निकाल्दै कुरा गरिरहेछ ।" तथागत गौतमबुद्ध "भिक्षु हो ! म तिमीहरूलाई स्वीकार्न इच्छुक छैन । तिमीहरूसँग कुरा गर्न पनि इच्छा छैन । यहाँबाट जानसक्छौ" भनी आज्ञा हुनुभयो । भिक्षुहरू ५०० जनाले आफूहरूबाट हुन गएको गल्ती स्वीकार्दै निशब्दका साथ पात्रचीवर लिएर तत्क्षण नै त्यहाँबाट निस्की वज्जी भन्ने देश हेर्दै



Downloaded from http://dhamma.digital



आवुसो ! उठ, तथागत गौतमबुद्धले तिमीलाई देख्नुभएछ,
संघसँग कार्य गर्न तिमी योग्य छैनौं

Downloaded from http://dhamma.digital



भिक्षु हो ! भिक्षुहरू भेलाभएको ठाउँ जस्तो नभई, माछा मार्नेहरू जम्मा हुने ठाउँ जस्तो ठूलो स्वरमा कुरा गर्दै, हाँस्दै किन हिँडिरहेको ?

Downloaded from http://dhamma.digital

चारिकामा जानुभयो र वग्गुमुदा भन्ने नदीको छेउमा रोक्नुभई रूखपातबाट कुटी निर्माण गरेर वर्षावास बिताउन थाल्नुभयो । भिक्षु यशोज स्थविरले भिक्षुहरूलाई भेला गरेर "हेर, हाम्रो संयमता र शान्तभाव नभएको हुनाले तथागत गौतमबुद्धले हामीलाई निकालिदिनुभयो, ढपाउनुभयो । त्यसो गर्नुभएको हामीप्रति करुणा, दया तथा मैत्रीसहगत चित्तले नै हो । हामीहरू अब तथागत गौतमबुद्धले रुचाउने अनुसार व्यवहार गर्नुपर्दछ" भनी भन्नुभयो । सबै भिक्षुहरूले त्यस कुरामा मन्जूरी जाहेर गर्नुभयो । बर्षावास समयमा नै सबै भिक्षुहरूले त्रिविद्या ज्ञान प्राप्त गर्नुभयो ।

तथागत गौतमबुद्ध श्रावस्ती नगरमा इच्छा हुन्जेलसम्म विराजमान हुनुभई वैशाली महानगर हेरी चारिकामा निस्कनुभयो । वैशाली महानगरमा पाल्नुभई त्यहाँ महाजङ्गलको कूटागारशालामा रोक्नुभई वग्गुमुदा नदी किनारवासी भिक्षुहरू के गर्दैछन् भनी खोजी हेर्नुभयो । तिनीहरू राम्ररी श्रमणधर्म पूरा गर्दैछन् भन्ने बोध हुनुभई भिक्षु आनन्दलाई डाकी "वग्गुमुदा नदी किनारवासी भिक्षुहरू देख्नलाई अब तथागत गौतमबुद्ध अत्यन्त अधीरका साथ रहनुभएको कुरा जानकारी गराई पठाउनु" भनी आज्ञा हुनुभयो । अरहत्वमा पुग्नुभएका ती ५०० जना भिक्षुहरू त्यस कुरा सुनी अत्यन्त सन्तोष भई सेनासन सुरक्षाका साथ राखी पात्र चीवर लिएर वग्गुमुदा नदीकिनारबाट अन्तर्धान हुनुभई तथागत गौतमबुद्ध सामू दृश्यमान भई रहनुभयो । पहिले तथागत गौतमबुद्धद्वारा निकालिएका, ढपाइएका ती भिक्षुहरूलाई तथागत गौतमबुद्धले अब प्रशंसा गर्नुहुँदै आज्ञा हुनुभयो ।

**यस्सजीतो कामकण्ठको - अक्कोसो च वदोचबन्धनं च**
**पब्बतो वियसोठितो अनेजो - सुखदुक्खेसु नवेधति सभिक्खु ।**

कसैले क्लेश काम भन्ने काँडा र आक्रोश तथा वधबन्धनलाई पनि जितेको हुन्छ, ऊ सुख-दु:ख दुबैमा पर्वत जस्तै कम्प नभई बसिरहन्छ ।

(उदान पालि-नन्दवर्ग, यसोज सूत्र)

Dhamma.Digital

## ३०. भिक्षु आनन्द वैशाली महानगरमा त्रिविधभय शान्त पार्न परित्राण पाठ गर्नुहुन्छ

तथागत गौतमबुद्ध सन्ध्या समयमा नगरको आसपासमा आराम गर्नुहुँदै भिक्षु आनन्दलाई सम्बोधन गर्दै "आनन्द ! यो रतन सूत्र अध्ययन (कण्ठ) गरेर वैशाली महानगरको तीन तहको पर्खालभित्र बसेर परित्राण पाठ गर्दै यक्ष-उपद्रव शान्त पार्नू" भनी आज्ञा हुनुभयो । भिक्षु आनन्द महास्थविरले पनि रतन सूत्र कण्ठ गर्नुभई हाल बुद्ध हुनुभएका, त्यस समयमा बुद्ध हुनु नभएकाले चतुर-महाराजदेव-देवीहरूले ल्याएसरि बुद्धलाई पूजा गरेको माटोबाट बनाइएको विशेष प्रकारको पात्रबाट परित्राण जल लिएर नगरको आसपास जानुभई, दीपंकर तथागत बुद्धबाट हाम्रा तथागत गौतमबुद्धले विवरण प्राप्त गर्नुभएदेखि, पूरा गर्नुभएका तीस पारमिता त्यस त्यस जातकबाट विमर्शन गरी पुनश्च अंग परित्यागादि पञ्चविध परित्यागले, लोकार्थचर्यादि त्रिविध चर्याहरू, बुद्ध हुने समयमा अनेक प्रकारले युक्त हुनुभई आषाढपूर्णिमाको मंगलबारको मध्यम रात्रीको समयमा तुषित देवलोकबाट च्यूत हुनुभई किम्बुलवत नगरका सुद्धोदन महाराजाको छोराको रूपमा



Downloaded from http://dhamma.digital

महामायादेवी महारानीको कोखमा वास लिनुभएको हुनाले पनि, दश महिनापश्चात् लुम्बिनी शालोद्यानमा बादलको घुम्तोमा लुकेर उदाएको चन्द्रमासरि आमाको कोखबाट जन्मनुभएको हुनाले पनि, बुद्ध हुने समयसम्म अर्थात् उनन्तीस वर्षसम्म गृहस्थाश्रममा विचरण गर्नुभई बुद्ध हुनको लागि महाभिनिष्क्रमण गरेको हुनाले पनि, महाभिनिष्क्रमण गर्नुभई ६ वर्षसम्म बुद्धत्वको लागि प्रधान वीर्य गर्नुभएको हुनाले पनि, गरिएको वीर्य सफल पार्नुभई वैशाखपूर्णिमाको दिनमा बोधिवृक्षमुनि विराजमान हुनुभई, मारविजय गर्नुभई सन्ध्यासमयमा महापृथ्वी कम्प गराउँदै बुद्धत्व प्राप्त गर्नुभएको हुनाले पनि, नवलोकोत्तर धर्मदेखि सारा बुद्ध-गुणलाई स्मरण गर्दै नगरभित्र प्रवेश गरेर तीन तहको पर्खालभित्र रातको तेस्रो प्रहरसम्म परित्राण पाठ गर्दै विचरण गर्नुभयो ।

भिक्षु आनन्द महास्थविरले रतन सूत्र **यं किञ्चि वित्तं** ........ इत्यादि गाथाको **यं किञ्चि** .... भन्ने पद उच्चारण गर्दा परित्राणको आनुभावले परित्राण पाठ गर्दै माथि छर्किएको परित्राण जल अमनुष्यहरूको जीउमा लागेपछि यक्षहरू पनि भाग्न शुरु गऱ्यो । पुनः सेतो फिँज जस्तै परित्राणको जल विन्दु आएर रोगव्याधि भएका मानिसहरूको शरीरमा लाग्दा लाग्दै नै उम्मग्ग जातकमा उल्लेख भएअनुसार महौषध पण्डितको समयमा श्रृजित औषधिले सिरिवर्धन सेंठलाई र बाँकी अरुलाई पनि भएका रोगव्याधि शान्त भएर गए जस्तै भिक्षु आनन्द महास्थविरले परित्राण पाठ गर्दै छर्केको जलबाट रोगव्याधि निको भएर गई नयाँ जीवन पाएसरि रोगी भइरहेका मानिसहरूले भिक्षु आनन्द महास्थविरलाई घेरा हालीलियो । बुद्धानुभावले यक्षहरू धेरै जसो उठेर भागेर गए तापनि भित्ता, ढल, नाल तथा फोहरमैलादिमा रहेका यक्ष एकजना मात्र भएपनि लडीबुडी गरेर भागेर जानलाई नगरको ठूलो ढोका पनि पर्याप्त नभएको हुनाले गएकाले पर्खाल आदि भत्काएर भाग्न थाल्यो । यसरी राक्षसहरू लडीबुडी गर्दै भागेर गएको हुनाले यक्ष वा राक्षसहरूको अशान्ति पनि शान्त हुँदै गयो ।

रोग-व्याधि शान्त भएर गएको हुनाले रोग-भय रहित भएर सुखित-मुदित भएका मानिसहरू तथागत गौतमबुद्धलाई विराजमान गराउनको लागि नगरमाझ धेरैजना जमघट भइरहने घर पवित्र गर्नको लागि सुगन्धित गरिएको तथा स्वर्णतारा आदिद्वारा सजिएका अनेक प्रकारका रंगीन झण्डाहरूद्वारा सजिएर तथागत गौतमबुद्धलाई विराजमान भइरहन पण्डुकम्बलासन ल्याउन लगाएर अलंकृत गरी राखेसरि बुद्धासन राख्न लगाउनुभयो । त्रिलोकका गुरु हुनुभएका तथागत गौतमबुद्ध युगान्धरमाथि हजारौं रश्मिद्वारा प्रज्ज्वलित हुने नयाँ सूर्य किरण जस्तै ६ रश्मि फैलाउँदै विराजमान हुनुभयो । स्वर्णमहलमा धेरै हिरामोती, मणी, माणिक्यादिले अलंकृत रूपमा सज्जिए जस्तै पाँचसय भिक्षुहरूको परिषद्सहित बुद्ध लीलाले युक्त हुनुभई विराजमान हुनुभयो । लिच्छवी राजपुत्रहरू, सक्रदेवेन्द्रादि देव-देवीहरूसहित एक ठाउँमा उपस्थित रह्यो । भिक्षु आनन्द महास्थविर पनि नगरभरि परित्राण पाठ गर्दै परित्राण जल छर्किंदै भ्रमण गर्नुभएको थियो । परित्राणको आनुभावले रोगव्याधि तथा दुःखबाट मुक्त भएका मानिसहरू सहित भिक्षु आनन्द महास्थविर तथागत गौतमबुद्धसमक्ष जानुभई पञ्चाङ्ग दण्डवत् गरी बसिरह्यो । तथागत गौतमबुद्धले पनि उपस्थित परिषद्को मनलाई बुझ्नुभई थोरै खाएर स्वाद थाहा पाएको चीज धेरै खाने बिचार गरे जस्तै त्यो रतन सूत्र श्रवण गर्ने मनोकांक्षा रहेको कारण बुझ्नुभई त्यो सूत्र देशना गर्नुभयो । देशनाको अन्तमा चौरासिहजार जति सत्त्व प्राणीहरू क्लेश रोगबाट मुक्त हुनको लागि निर्वाणरूपी औषधी अनुभव गऱ्यो अर्थात् निर्वाण मार्गमा


Downloaded from http://dhamma.digital



बैशाली महानगरमा त्रिविधभय शान्त पार्न परित्राण पाठ

Downloaded from http://dhamma.digital



भिक्षु आनन्द गौतमबुद्धलाई छोपिराखेको इनारबाट पानी प्रदान गर्नुहुन्छ

Downloaded from http://dhamma.digital

प्रतिस्थित भयो । त्यो रतन सूत्र अज्ञानहरूको ज्ञान अभिवृद्धि गर्नुका साथै निर्वाण बोध गराउनको लागि पनि असंख्य करोड सत्त्वलोकसम्म फैलिएर गयो । परित्राण पाठ एकदिनलाई मात्र प्रमाण नभएको हुनाले शान्ति तथा निर्वाणको लागि पनि त्यो रतन सूत्र साप्ताहिक देशना गर्नुभई श्रृजित तीन भय र धेरैजनाको क्लेशभय पनि शान्त भएर गएको कारण बुझ्नुभई आफू फर्किने खबर लिच्छवी राजपुत्रहरूलाई सूचित गर्नुभई फर्केर जानुभयो ।

(सद्धर्मरत्नावली, पेज ८०८- ८०९)

# ३१. भिक्षु आनन्द गौतमबुद्धलाई छोपिराखेको इनारबाट पानी प्रदान गर्नुहुन्छ

तथागत गौतमबुद्ध भिक्षुसंघसँग मल्ल देशमा चारिका गर्नुहुँदै थून भन्ने ब्राम्हणहरूको गाउँमा जानुभयो । तथागत गौतमबुद्ध विशाल संघपरिषद्सँग गाउँमा पाल्नुभएको कुरा सुन्नासाथ ग्रामवासी ब्राम्हणहरू "त्यो मुण्डक श्रमणहरूलाई हाम्रो गाउँको इनारबाट एकथोपा पानी पनि पिउनलाई नदिने" भनी त्यस गाउँका जो कसैले पनि पानी पिउन प्रयोग गरिने इनारमा घाँस तथा पराल राखेर छोपिदियो । धेरै टाढादेखि पैदल यात्रामा पाल्नुभएका तथागत गौतमबुद्ध त्यस इनार नजिक आउनुभई रूखमुनि बस्नुभयो र भिक्षु आनन्दलाई सम्बोधन गर्नुहुँदै "आनन्द ! पानी अलिकति ल्याइदिनु" भनी आज्ञा हुनुभयो । त्यसपछि भिक्षु आनन्दले "भो शास्ता ! यस गाउँका सबै ब्राम्हणहरू एकजूट भई हामी आउँछ भन्ने सुनेर इनारमा घाँस तथा पराल राखेर छोपिराखेछ" भनी बिन्ति चढायो । तथागत गौतमबुद्ध "ठीक छ आनन्द ! तिमी गएर त्यस इनारबाट पानी अलि लिएर आउ ।" दोस्रोपल्ट पनि भिक्षु आनन्दले ब्राम्हणहरूले इनारलाई गरिराखेको विकार अवगत गराउनुभयो । तेस्रोपल्ट पनि "ठीक छ आनन्द ! त्यस इनारमा गई पानी अलि लिएर आउनु" भनी आज्ञा हुनुभयो । त्यसरी तथागत गौतमबुद्धले आज्ञा हुनुभएपछि भिक्षु आनन्द पात्र लिएर इनार नजिक जानुभयो । आश्चर्य ! छोपिराखेको घाँस तथा पराल अन्तर्धान भई जलद्वारा भरिएर, उर्फिएर गएको इनार देखेर "**अच्छरियं भन्ते ! अब्भूतं भन्ते ! तथागतस्स महिद्धिकता, महानुभावता** - तथागत गौतमबुद्धको महाऋद्धिभाव, महानुभाव सम्पन्न हुनुभएको आश्चर्य छ ! अद्भुत छ !" भनी पात्रभरि पानी लिएर आई पूजा गर्नुहुँदै "**पिवतु भगवा, पानीयं पिवतु सुगतो पानीयं- भाग्यवत्, पानी पिउनुहोस्**" भनी तथागत गौतमबुद्धसँग निवेदन गर्नुभयो ।

(उदान पालि-चुल्लवग्ग, उदकपान पालि)



Downloaded from http://dhamma.digital

# ३२. बिसञ्चो हुनुभएका तथागत गौतमबुद्धसँग प्रश्न सोध्दा भिक्षु आनन्दले रोक्नुहुन्छ

तथागत गौतमबुद्ध कपिलवस्तुनगर निग्रोधाराममा विराजमान हुनुहुँदा, अलिकति बिसञ्चो भई सञ्चो हुनासाथै महानाम शाक्य राजा तथागत गौतमबुद्धलाई भेट्न गई पञ्चाङ्ग दण्डवत् गरेर एकछेउ बस्नुभई भो शास्ता ! तपाईले केही क्षण पहिले धर्मदेशना गर्नुहुँदा एकाग्र चित्त भएका व्यक्तिलाई ज्ञान हुन्छ। एकाग्र चित्त नभएकालाई ज्ञान हुँदैन (**समाहितस्स ञाणं नो असमाहितस्स**) भनी देशना गर्नुभएको मलाई याद छ। "शास्ता ! पहिलो समाधि हो ? पछि ज्ञान हो ? हैन भने पहिलो ज्ञान भएर पछि समाधि हो कि ?" भनी प्रश्न गर्नुभयो। त्यस कुरा सुनिरहनुभएका भिक्षु आनन्दले "महानाम ! तथागत गौतमबुद्ध बिसञ्चो हुनुभई बल्ल स्वस्थ हुनुभयो। तपाईंले गम्भीर प्रश्न गर्नुभयो। त्यसको जवाफ दिन गएर तथागत गौतमबुद्धलाई थकावत्मा पार्नुहुँदैन। आउनुस्, म त्यस प्रश्नको जवाफ दिनेछु" भनी महानाम शाक्य राजाको हात समातेर एकछेउमा लगेर प्रश्नको उचित जवाफ दिनुभयो।

(अंगुत्तर निकाय, तिक निपात बु.ज.त्रि. ग्र पेज ३८८)

# ३३. भिक्षु आनन्द गौतमबुद्धको सट्टा धर्मदेशना गर्नुहुन्छ

तथागत गौतमबुद्ध कपिलवस्तु निग्रोधाराममा विराजमान हुनुहुँदा, त्यहाँ शाक्यहरूले नयाँ सन्थागारशाला निर्माण गरेर सर्वप्रथम त्यस शाला उद्घाटन गर्न तथागत गौतमबुद्धलाई निमन्त्रणा गरियो। तथागत गौतमबुद्धले पनि त्यस निमन्त्रणा स्वीकार गर्नुहुँदै भिक्षुसंघसहित त्यहाँ पाल्नुभयो। शाक्यहरूले गौतमबुद्धप्रमुख भिक्षुसंघको खुट्टा धोएर हलमा भित्र्याउँदै हलको बीचमा भएका विशेष आसनमा तथागत गौतमबुद्धलाई विराजमान गराउँदै, वहाँको उभयपार्श्वमा महासंघलाई बस्न लगाई शाक्यहरू पनि आ-आफ्नो खुट्टा धोएर हलभित्र गई एकछेउमा बसेर तथागत गौतमबुद्धसँग सौहार्द्रपूर्ण कुराकानी गर्नुभयो। तथागत गौतमबुद्ध उनीहरूलाई सद्धर्मद्वारा सन्तोष गराउनुभई, समीपमा रहनुभएका भिक्षु आनन्दलाई डाकी, आनन्द ! मेरो पिठ्युँ अलि दुख्छ। त्यसकारण म एकछिन आराम लिन्छु। (**पिट्ठिं मे अगिलायति। तम्हं आयमिस्सामि ति**) भनी संघादि चीवर चौवर गरी बिछ्याएर त्यसमाथि सिँह लीलामा बस्नुभयो। भिक्षु आनन्दले महानाम शाक्य राजाप्रमुख शाक्यहरूलाई डाकी धर्मदेशना गर्नुभयो। तथागत गौतमबुद्ध पनि त्यस धर्मदेशना श्रवण गरिरहनुभयो। धर्मदेशनाको अन्तमा तथागत गौतमबुद्धले भिक्षु आनन्दलाई डाकी "आनन्द ! तिमीले राम्रोसँग धर्मोपदेश गरेछौ" भनी प्रशंसा गर्नुभयो।

(मज्झिम निकाय, सेख सूत्र)



Downloaded from http://dhamma.digital



भिक्षु आनन्दले धर्मदेशना गर्नुहुन्छ

Downloaded from http://dhamma.digital



भिक्षु आनन्द परिव्राजकाराममा

Downloaded from http://dhamma.digital

# ३४. भिक्षु आनन्द परिव्राजकाराममा

तथागत गौतमबुद्ध कौशाम्बिनगर घोषितारामाम विराजमान हुनुभएको समयमा सन्दक भन्ने परिव्राजकले ५०० जना जति परिव्राजकहरूको परिषद् लिएर **पुलिल गुफामा** बसोबास गरिरहेको थियो । त्यसबेला एकदिन साँझपख भिक्षु आनन्द भिक्षु परिषद्सँग सन्दक परिव्राजक र परिषद् बसेको ठाउँमा जानुभयो । सन्दकले भिक्षु आनन्द भिक्षु परिषद्सँग आउँदै गरेको टाढादेखि देखेर, ठूलो स्वरले, महाशब्द गर्दै अनेक चाहिँदो नचाहिँदो कुरा गर्दै, हाँसो, ठट्टा गरी बसिरहेका आफ्ना परिषद्लाई सम्बोधन गर्दै, "आवुसो ! निशब्द हुनु, नकराउनु, ठूलो स्वरमा कुरा नगर्नु, श्रमण भगवत् गौतमको शिष्य हुनुभएका भिक्षु आनन्द भिक्षु परिषद्सँग ऊ टाढा आइरहेको देखिन्छ । त्यो भिक्षु आनन्द अत्यन्त शान्त स्वभावको हुनुहुन्छ । निशब्दभाव, शान्तभावलाई अत्यन्त रुचाउनुहुन्छ । निशब्दभाव तथा शान्तभावको गुण गायन गर्ने हुन् । त्यसकारण कसैले पनि त्यो भिक्षु आएमा खासखुस नगरी, हाँ हुँ नगरी, अत्यन्त शान्तपूर्वक बस्नुपर्छ" भनी आफ्नो परिषद्लाई उपदेश दिनुभयो । उक्त कुरा सुनेका सबै परिव्राजक परिषद् पूर्णरूपमा निशब्द हुनुभयो । भिक्षु आनन्द त्यहाँ पाल्नुहुँदा सन्दक अगाडी आएर अत्यन्त सगौरवका साथ स्वागत गरेर बस्न लगाई छलफल गर्नुभयो । भिक्षु आनन्दको प्रियवचन तथा धर्मिष्ठ कुरामा प्रसन्न भएका सन्दक परिव्राजकले भिक्षु आनन्दका गुरु हुनुभएका तथागत गौतमबुद्धको अनुशरण गर्नु भनी आफ्नो परिषद्लाई आदेश दिनुभयो ।

(मज्झिम निकाय, सन्दक सूत्र)

# ३५. भिक्षु आनन्दको धर्मदेशना श्रवण गरेका कोसल राजा हृदयदेखि प्रशंसा गर्नुहुन्छ

तथागत गौतमबुद्ध श्रावस्तीनगर जेतवनाराममा विराजमान हुनुभएको समयमा एकदिन भिक्षु आनन्द विहान **भिक्षाटन** जानुभई भोजन गरिसकेपछि साँझपख पूर्वारामको **मीगारमाता प्रासादमा** जानुभयो । **कोसल राजा एकपुण्डरिक** भन्ने हात्ती चढेर दिउँसो श्रावस्तीनगरबाट निस्केको समयमा पूर्वाराममा जाँदै गर्नुभएका भिक्षु आनन्द टाढादेखि देखी आफ्नो महामन्त्री सिरिवर्धनलाई डाकी "त्यो जाँदै गरेका भिक्षु आनन्द हो ?" भनी प्रश्न गर्नुभयो । "हो हजुर" भनी मन्त्रीले जवाफ दिएपछि राजपुरुषलाई डाकी तुरुन्त गई कोसल राजा भिक्षु आनन्दको चरणकमलमा दण्डवत् गर्नुहुन्छ भनी आफ्नो वचनद्वारा अभिव्यक्त गरी वहाँलाई हतार छैन भने राजाप्रति अनुकम्पा राखी केही क्षण पर्खिनुहुन अनुरोध गर्न भनी आज्ञा हुनुभयो । त्यस राजपुरुष पनि तुरुन्त गई भिक्षु आनन्दलाई खबर गर्न पुग्यो । स्थविर पनि निशब्द रहनुभई राजाको अनुरोध स्वीकार्दै रोक्नुभयो । त्यसपछि कोसल राजा हात्तीबाट ओर्लिनुभई पैदलमा नै स्थविरसमक्ष पुग्नुभई पञ्चाङ्ग दण्डवत् गर्नुहुँदै "तपाईंलाई अप्ठ्यारो छैन भने **अचीरवती नदीनजिक** पाल्नुहोस्" भनी अनुरोध गर्नुभयो । स्थविरले पनि त्यस अनुरोधलाई स्वीकार्दै अचीरवती नदीतिर जानुभई त्यहाँ भएका रूखमुनिको आसनमा बस्नुभयो । राजा पनि हात्तीबाट जानसक्नेसम्म जानुभई हात्तीबाट ओर्लिएर पैदलमा नै भिक्षु आनन्दकहाँ गई वन्दना गरी आफूसँग भएका हात्तिमाथि लगाउने गलैंचा ओछ्याएर त्यसमा बस्नुहुन स्थविरसँग अनुरोध गर्नुभयो । भिक्षु आनन्द, आफूलाई त्यो आवश्यक नभएको र राजालाई त्यहाँ बस्नुहुन आग्रह गर्नुभयो । त्यसपछि कोसल



Downloaded from http://dhamma.digital

राजा भिक्षु आनन्दसँग केही प्रश्न गर्नुभयो र वहाँको दार्शनिक जवाफबाट अत्यन्त प्रसन्न हुनुभई, **"तपाईंलाई हस्तिरत्न योग्य छ भने म त्यसबाट तपाईंलाई पूजा गर्नेछु। अश्वरत्न योग्य छ भने अश्वरत्नबाट तपाईंलाई पूजा गर्नेछु। गाउँ नै उचित भए, गाउँबाटै तपाईंलाई पूजा गर्नेछु तर ती कुराहरू तपाईंलाई अयोग्य छ भन्ने कुरा मलाई थाहा छ। त्यसकारण अजातशत्रु राजाद्वारा उपहारस्वरूप पठाउनुभएको सोह्र योजन लामो, आठ योजन फराकिलो भएको यो मसँग भएको "बाहितिक" भन्ने मूल्यवान् वस्त्रबाट तपाईंलाई पूजा गर्नेछु"** भनी भन्नुभयो। "महाराज ! त्रिचीवर मसँग छ। त्यसकारण मलाई त्यो वस्त्र आवश्यक छैन।" "स्वामी ! यस अचीरवती नदी उँभो डाँडामा पानी पऱ्यो भने बाढी लाग्छ। त्यस्तै यस बस्त्रबाट आफूलाई त्रिचीवर बनाई लिनु। तपाईंको पुरानो त्रिचीवर अर्कालाई दिन सकिन्छ। त्यसकारण दया राखी यस बस्त्र स्वीकार्नुहोस्।" राजाको आग्रहअनुसार भिक्षु आनन्दले त्यो बस्त्र स्वीकार्नुभयो। राजा गइसकेपछि भिक्षु आनन्द तथागत गौतमबुद्धलाई भेट्न जानुभई यी सबै खबर व्यक्त गर्नुभई त्यस वस्त्रले तथागत गौतमबुद्धलाई पूजा गर्नुभयो। तथागत गौतमबुद्धले भिक्षुहरूलाई सम्बोधन गर्नुहुँदै "भिक्षु हो ! कोसल राजालाई भिक्षु आनन्द देख्न पाउनु पनि लाभ नै रहेछ। सत्संगत् गर्न पाउनु महान् लाभ रहेछ- **लाभा भिक्खवे, रञ्ञो पसेनदिस्स कोसलस्स। सुलद्ध लाभा भिक्खवे, रञ्ञो पसेनदिस्स कोसलस्स। यं राजा पसेनदी कोसलो लभति। आनन्दं दस्सनाय। लभति पयिरुपासनासाति"** भनी व्यक्त गर्नुभयो।

(मज्झिम निकाय-राजवग्ग-वाहितिक सूत्र)

## ३६. तथागत गौतमबुद्ध भिक्षु आनन्दसँग रोगीको सेवा गर्नुहुन्छ

तथागत गौतमबुद्ध एकदिन भिक्षु आनन्दसँग सेनासन (विहार) चारिकामा रहनुहुँदा पेट दुखेर पीडा भोग्दै आफ्नै आशूचिमाथि लडिबुडी रहेका भिक्षुलाई देख्नुभयो।

बुद्ध - तिम्रो बिसञ्चो के हो ?

भिक्षु - मेरो पेट दुख्छ। सहेर बस्न सक्दिनं।

बुद्ध - तिमीलाई उपस्थान गर्ने कोही पनि छैन ?

भिक्षु - छैन, शास्ता

बुद्ध - तिमीलाई कसैले पनि उपस्थान, सेवासुश्रुषा नगर्नुको कारण के हो नि ?

भिक्षु - म अरु बिरामी हुँदा तिनीहरूलाई उपस्थान, सेवासुश्रुषा गर्दिनँ। सायद त्यसैले होला।

बुद्ध - आनन्द ! यहाँ आउनु, पानीको भाजन ल्याउनु। यस भिक्षुलाई नुहाइदेऊ।

भिक्षु आनन्दले पानीको भाजन लिएर आउनुभयो। तथागत गौतमबुद्धले आफ्नै अशूचीमा लडीबुडी भइरहेका भिक्षुको जीउमा पानी खन्याउनुभयो। भिक्षु आनन्दले जीउ पखालिदिनुभयो। त्यसपछि तथागत गौतमबुद्धले भिक्षुको टाउकोमा समात्नुभयो। भिक्षु आनन्दले दुबै खुट्टा समात्नुभयो। दुबैजना एकजुट हुनुभई आवश्यक स्वास्थ्योपचार गर्नुभयो। यसै कारणलाई निमित्त बनाउनुभई तथागत गौतमबुद्धले विहारका सबै



Downloaded from http://dhamma.digital



जसले बिरामीको सेवा गर्दछ उसले मेरो सेवा गरेको हुनेछ

Downloaded from http://dhamma.digital



आनन्द ! ऊ त्यो खेतको आकारअनुसार चीवर काटेर सिउनु

Downloaded from http://dhamma.digital

भिक्षुहरूलाई भेला गर्नुभयो । भेला भएका भिक्षुहरूलाई सम्बोधन गर्नुहुँदै यसरी प्रश्न गर्नुभयो :-

बुद्ध - यहाँ कुनै कोठामा रोगी भिक्षु छ ?

भिक्षुहरू - शास्ता ! फलानो कोठामा एकजना भिक्षु रोगी भई बसेको छ ।

बुद्ध - उसलाई लागेको रोग के हो ?

भिक्षुहरू - पेट दुख्ने रोग हो ।

बुद्ध - उसलाई हेरचाह गरी सेवा गर्ने कोही छ ?

भिक्षुहरू - छैन, शास्ता ।

बुद्ध - त्यसो किन ?

भिक्षुहरू - शास्ता ! उसले अरुहरू बिसञ्चो भएमा त्यसै पनि त्यस ठाउँमा जाँदैन । त्यसकारण ऊ बिरामी हुँदा पनि उसलाई हेर्ने, सेवा गर्ने कोही पनि नभएको हो ।

बुद्ध - भिक्षु हो ! भिक्षुहरूलाई आमा हुँदैन, पिता हुँदैन । सम्बन्ध गाँसिराख्न सक्ने कोही हुँदैन । जिम्मेवारी व्यक्ति हुँदैन । त्यसकारण भिक्षुहरूलाई उपस्थान गर्नुपर्छ भिक्षुहरूले नै ! तिमीहरू एक एकजना आफै बिरामी हुँदा, अरुहरूले मिलेर हेरचाह तथा सेवासुश्रुषा गर्नुपर्छ । त्यसो नगरेमा कस्को भरोसामा बाँच्ने ? "**यो भिक्खवे मं उपट्ठहेय्य । सो गिलानं उपट्ठहेय्य**- भिक्षु हो ! जसले मेरो उपदेशलाई मान्छ, उसले बिरामीहरूको सेवा गर्नेछ" भनी देशना गर्नुभयो ।

(महावग्गपालि-चीवरक्खन्ध)

# ३७. भिक्षु आनन्द तथागतको उपदेशानुसार चीवर सिउने क्रम निर्माण गर्नुहुन्छ

धर्मराज हुनुभएका तथागत गौतमबुद्धको सैनिक परिषद् भनेकै भिक्षुहरू हुन् । त्यस बेला अनेकौं धर्मका तपस्वीहरू, खरानी, रूखको पात, केशद्वारा निर्मित कम्बल आदि अनेकौं बस्तुबाट निर्मित वस्त्र प्रयोग गर्दथे । हुन त तथागत गौतमबुद्धले समय र परिस्थिति नआएसम्म भिक्षुहरूको वस्त्रबारे विनय नियम प्रज्ञप्ति गर्नुभएको थिएन । भिक्षुहरूले नकाटिएका सिङ्गो कपडाको पहेंलो रङ्ग भएको चीवर धारण गर्दथ्यो । महाजनताले **"कामभोगी गृहस्थीहरूले जस्तै श्रमण शाक्यपुत्रहरूले वस्त्र लाउँदो रहेछ"** भनी दोषारोपण गर्न थाल्यो । एकदिन तथागत गौतमबुद्ध राजगृहनगरदेखि **दक्षिणागिरि** भन्ने प्रदेशमा जानुहुँदा **"मगधक्षेत्र"** भन्ने खेतमा चतुराकारमा द्यांग बनाइएको, लम्बाई चौडाईमा गरा बनाइएको, बीच बीचमा आलि बनाइराखेको आकार देख्नुभयो । त्यस खेतलाई देख्नुभई भिक्षु आनन्दलाई डाक्नुहुँदै, **"आनन्द ! ऊ त्यो खेतको आकारअनुसार चीवर काटेर सिउनु भनेर भिक्षुहरूलाई उपदेश दिनु"** भनी आज्ञा हुनुभयो । त्यसअनुसार भिक्षु आनन्दले, कपडाको लम्बाई चौडाई नाप्नुभई, चतुराकारको बीचभाग, सानो चतुराकार, सानो लामो ढर्को, खेतको द्यांग, गरा, आलि आदि जस्तै आकार हुने गरी चीवर सिउने तथा सिकाउने गर्नुभयो । भिक्षु आनन्दले प्रशिक्षण दिनुभएको चीवर काट्ने तथा सिलाउने क्रम भिक्षुहरू सबैमाझ प्रचलित



Downloaded from http://dhamma.digital

तथा प्रख्यात हुँदै गयो । यसरी चीवर भिक्षुहरूलाई सुहाउँदो गरी अत्यन्त राम्ररी निर्माण गरेको हुनाले तथागत गौतमबुद्धले **"पण्डितो भिक्खवे आनन्दो, महापञ्ञो भिक्खवे आनन्दो**- भिक्षु आनन्द पण्डित छ । महाप्रज्ञावान् छ" इत्यादिद्वारा प्रशंसा गर्नुभयो ।

(महावग्ग-चीवरक्खन्ध)

## ३८. तथागत गौतमबुद्धले भिक्षु आनन्दलाई साँप देखाउनुहुन्छ

श्रावस्तीनगर नजीकैको नगरमा एक गरीब किसान खेती गरिरहेका थिए । त्यस दिनभन्दा अघिल्लो दिनको राती चोरहरू त्यस नगरमा प्रवेश गरी साहुको घरमा पसी धेरै गहनाहरू चोरी गरेका थिए । ती चोरहरूमध्ये एकजनाले अन्य चोर साथीहरूले नदेख्ने गरी बहुमूल्य असर्फी एउटा आफ्नो कम्मरमा लुकाएको थियो र साथै अन्य गहनाहरू सबै आपसमा बाँडी चुँडी लिई सकेपछि किसानको खेतबारी भएर गएका थिए । चोरको कम्मरमा लुकाएर राखेको बहुमूल्य असर्फी उसको लापरवाह र हतारले गर्दा किसानको बारीमा खसेको उसले चालै पाइएन । त्यस दिनको बिहानीपख तथागत गौतमबुद्धले करुणा समापत्ति भावनाद्वारा लोकतर्फ हेर्नुभएका थिए । उक्त किसान अरुले गरेको चोरीमा फँसी मृत्युदण्ड सजाँयको भागीदारी बन्ने कुरा, त्यस किसानले चोरी नगरेको कुरा, ऊ निर्दोष भएको कुरा, आफूले भने बिना अरुले जे जसो साक्षी बसे पनि राजाले नस्वीकार्ने कुरा, गरीब किसानले सकृदागामी मार्गफल लाभ गरी लिनसक्ने हेतुफल भएको इत्यादि कुरा तथागत गौतमबुद्धले भावनामय ज्ञानद्वारा देख्नुभई गरीब किसानलाई उद्धार गर्ने अभिलाषा लिनु भई त्यस खेतमा जाने निधो गर्नुभयो र साथमा भिक्षु आनन्दलाई लिई त्यस खेतमा पुग्नुभयो । गरीब किसानले आफ्नो खेत नजिकै पाल्नुभएका तथागत गौतमबुद्ध र भिक्षु आनन्दलाई देखेर शाष्टाङ्ग दण्डवत् गरी पुनः आफ्नो काममा तल्लीन भयो । तथागत गौतमबुद्धले पनि त्यस किसानलाई केही शब्द पनि नभनी भिक्षु आनन्दलाई सम्बोधन गर्नुहुँदै **"त्यहाँ हेर आनन्द ! सर्प देख्यौ ?"** भनी खेतमा खसिरहेको बहुमूल्य गहना भएको दिशातर्फ औंला तेर्स्याउँदै आज्ञा हुनुभयो । भिक्षु आनन्द पनि बुद्धले औंला तेर्स्याएर देखाउनुभएको ठाउँमा गएर हेरी त्यहाँ सर्प नभई बहुमूल्य गहना भएको र तथागत गौतमबुद्धको मनसायलाई बुझी त्यहाँ साँप नभई बहुमूल्य गहना भएको कुरा नभनी **"हजुर, त्यो सर्प हो"** भनी भन्नुभयो । त्यसरी व्यक्त गरी वहाँहरू त्यहाँबाट जानुभयो । वहाँहरू त्यहाँबाट जाने बित्तिकै किसानले साँपलाई मारिदिनुपऱ्यो भन्ने मनसायले त्यसतर्फ लाग्यो । त्यहाँ साँप नभई बहुमूल्य गहना रहेको देखेर टिपेर लियो र आफू खेती गरिरहेको ठाउँको नजिकै एकछेउमा त्यस गहना राखी पुनः खेती गर्न थाल्यो । त्यत्तिकैमा गहना मालिक चोरहरूको पाइला छापअनुसार चोर खोज्दै त्यहाँ आइपुग्यो र ती चोरहरूको पाइला छापअनुसार खोज्दै जाँदा गरीब किसानले टिपेर राखेको गहनालाई देख्यो र खेत जोतिरहेका गरीब किसानलाई पनि समातेर सामानसहित किसानलाई राजासमक्ष पुऱ्यायो । राजाले विनिश्चय गर्नुभई किसानलाई मृत्युदण्ड दिने आदेश दिनुभयो ।

राजपुरुषहरूले किसानलाई पिट्दै, चुट्दै, घिसार्दै लाँदै चोर डाँकाहरूलाई मृत्यु दिने वधकागार गाउँमा लाँदै थियो । किसान पनि बेहोशी भए जस्तो, पागल भए जस्तो हुँदै **"आनन्द ! साँप देख्यौ ? आनन्द ! साँप देख्यौ ? आनन्द ! साँप देख्यौ ?"** भन्दै कराउँदै जान थाल्यो र राजपुरुषहरू किसानले तथागत गौतमबुद्ध



Downloaded from http://dhamma.digital



आनन्द ! साँप देख्यौं

Downloaded from http://dhamma.digital



म प्रव्रजित भएको पकाएर खानलाई हैन

Downloaded from http://dhamma.digital

र भिक्षु आनन्दको नाम किन लिएको होला ? भनी बिचार गर्दै राजासमक्ष उक्त खबर पठायो। राजाले त्यस किसानलाई फिर्ता बोलाई त्यस विषयमा सोधपुछ गर्नुभयो। किसानले आफू खेत जोतिरहेको बेलामा तथागत गौतमबुद्ध र भिक्षु आनन्द त्यस दिनको बिहानीपख त्यहाँ पाल्नुभई साँपको बारे कुरा गर्नुभएको र गहना त्यसै ठाउँमा रहेको कुरा बिन्ति चढायो। तत्पश्चात् राजाले किसानलाई साथमा लिई तथागत गौतमबुद्ध बस्नुभएको विहारमा पुग्नुभई बुद्धलाई शाष्टाङ्ग दण्डवत् गरी एकछेउ बस्नुभई "भो शास्ता ! तपाईं हिजो बिहानीपख भिक्षु आनन्दलाई साथमा लिई फलानो खेतबारी नजिक पुग्नुभएको थियो ? त्यस खेतबारीमा के यो किसान खेती गरिरहेको थियो ? त्यस ठाउँमा रहेको साँपलाई देखेर भिक्षु आनन्दलाई देखाउनुभएको हो ?" भनी आदि प्रश्न सोधनी भयो। तथागत गौतमबुद्ध - "हो राजन ! म त्यहाँ गएको थिएँ। त्यहाँ यस किसानले खेती गरिरहेको पनि थियो। त्यहाँ भएको साँपलाई देखेर आनन्दलाई देखाएको थिएँ। तर यो मूर्ख किसानले मैले भनेको कुरालाई एकछिन पनि बिचार नपुऱ्याई त्यस साँपमाथि हात राखी अनावश्यक प्रश्नमा फँसेको छ। **मैले बहुमूल्य गहनालाई साँपको संज्ञा दिई आनन्दलाई देखाएको थिएँ। धनदौलत भनेको साँप जस्तै हो। धनदौलतको कारणले नै धेरैजसो मानिसहरूले गलत काम गर्छन्, विनाश हुने कार्य गर्ने व्यक्तिहरू कमी छैनन्।** उनी चोर हैन। इमान्दार गरीब किसान हो तैपनि अरुको सामान, चोरीबस्तु, गहनामाथि हात राख्नाले कदापि नसोचेको यस प्रश्नमा फँसेको छ" इत्यादि आज्ञा हुनुभई तथागत गौतमबुद्धले धर्मदेशना गर्नुभयो। तथागत गौतमबुद्धको साक्षिले गर्दा किसान मृत्युदण्डबाट मुक्त भयो साथै सकृदागामि मार्गफलमा समेत प्रतिष्ठित हुनुभयो।

## ३९. भिक्षु आनन्दले पकाएको औषधी जाउला तथागतले प्रतिक्षेप गर्नुहुन्छ

तथागत गौतमबुद्ध गाउँ, शहरहरूमा क्रमशः चारिकामा लाग्नुहुँदै राजगृहनगर कलन्दक निवापमा भएका बेलुवनाराममा जानुभयो। त्यहीं नै वहाँलाई ग्याष्टिक रोग लाग्यो। त्यो कुरा थाहा पाउनुभएका भिक्षु आनन्दले पहिले पनि त्यो रोग लाग्दा उसिना चामलको जाउलो अनुभव गरेमा सञ्चो हुने कुरा थाहाभएको हुनाले चामल, तिल र मुगि एकचोटिलाई पुग्ने गरी एउटा घरबाट मागेर ल्याउनुभई आफैले जाउला पकाएर तथागत गौतमबुद्धलाई चढाउनुभयो।

बुद्ध - आनन्द ! यो जाउलो कहाँबाट पाएको ?

आनन्द - चामल, तिल, मुगि मागेर ल्याई म आफैले जाउलो पकाएर ल्याएँ।

बुद्ध - "आनन्द ! तिमीले गरेको अयोग्य कार्य, उचित नभएको काम, नसुहाउँदो कार्य, श्रमणभावलाई सुहाउँदैन, सुगन्धित चामलको भात तथा स्वादिलो रसयुक्त व्यञ्जन स्वर्णमय थालमा खाएका मैले ती सबै त्यागेर प्रव्रजित भएको पकाएर खानलाई हैन। पकाउन लगाएर खानलाई पनि हैन" भनी भन्नुहुँदै भिक्षु आनन्दद्वारा पकाइएको औषधी जाउलो प्रतिक्षेप अर्थात् अस्वीकार गर्नुहुँदै भिक्षुहरू ! आफैले नै पकाएर खानु **"दुक्कट"** आपत्ति (गर्न नहुने कार्य) को रूपमा प्रज्ञप्ति गर्नुभयो।

(महावग्गपालि-भेसज्जखण्डक)


Downloaded from http://dhamma.digital

## ४०. भिक्षु आनन्द भिक्षु वंगीशलाई अववाद-उपदेश गर्नुहुन्छ

भिक्षु आनन्द श्रावस्तीनगर जेतवनाराम विहारमा बस्नुहुँदा एकदिन बिहान भिक्षाटनमा जानुभयो। वहाँको पछि-पछि भिक्षु वंगीस पनि भिक्षाटन गर्दै जानुभयो। त्यसरी जाँदै गरेका भिक्षु वंगीस नवयुवती देखेर; उनको रूपस्वभावबारे शुभको (नित्य) रूपमा चिन्तन गर्दै कामाशा श्रृजना गरेर, श्रद्धाभावद्वारा प्रव्रजित हुनुभएका, सीधा स्वभाव भएकाले सो कुरा तत्क्षण नै भिक्षु आनन्दलाई यसरी प्रकाश पार्नुभयो :-

**कामरागेन डय्हामि - चित्त मे परि डय्हति**
**साधु निब्बापनं ब्रुहि - अनुकम्पाय गोतम ॥**

"मेरो शरीर रागद्वारा जल्दैछ। मेरो मन एकदम पोल्छ। गौतमजी त्यस राग बुझाउने उपाय बताइदिनुहोस्।" भिक्षु आनन्द "वंगीस ! कुनैमा पनि बस्तुमा सत्यता, यथार्थता नदेख्ने हेतुले गर्दा तिम्रो चित्त रागद्वारा जल्दैछ। राग श्रृजना हुनको निम्ति हेतु भएको राम्रो हो, असल छ, शुभ र नित्य छ भन्ने आरम्मण दूर गर्नु वा हटाउनु। आत्माको रूपमा नहेर्नु। कसैलाई पुनः पुनः जलाउनु, जलाई विनाश गर्ने ठूलो रागरूपि आगोलाई निभाइदिनु। आफ्नो चित्तलाई अशुभ भावनाद्धारा सम्हाल्नु, अशुभ भावना अभ्यास गर्नु अनि चित्तलाई समाधिको रूपमा वृद्धि गर्दै लैजानु, कायगतासति वृद्धि गरी मनमा नैराश्य स्वभाव वृद्धि गर्दै जानु। विदर्शनालाई बृद्धि गरेर मानमत्तालाई दूर गरी शान्त हुनु" भनी अववाद उपदेश गर्नुभयो।

(संयुक्त निकाय-वंगीस संयुक्त)

## ४१. भिक्षु आनन्द ब्राम्हणलाई उपकार गर्नुहुन्छ

तथागत गौतमबुद्ध वाराणशी नगरमा इच्छा हुन्जेलसम्म बस्नुभई अन्दकविन्द भन्ने प्रदेश हेरी १२५० जना भिक्षुहरूसँग भ्रमणमा निस्कनुभयो। त्यसवेला गाँउ शहरमा मानिसहरू धेरै नून, तेल, चामल तथा अनेक आहारद्रव्य रथमा राखेर आफ्नो पालो आउनासाथ दान दिनको लागि तथागत गौतमबुद्धप्रमुख महासंघको पछि-पछि लाग्यो। ५०० जना जति भिखारीहरू पनि तिनीहरूको पछि-पछि लाग्यो। तथागत गौतमबुद्ध क्रमशः भ्रमणमा जानुभई अन्तिममा अन्दकविन्दमा पाल्नुभयो। तथागत गौतमबुद्ध प्रमुख भिक्षुसंघलाई दान दिनको लागि समय पाउनको निम्ति दुई महिनाभन्दा धेरै समय हेरिरहँदा पनि त्यसरी समय मिलाउन असमर्थ भएका एक धनाध्य ब्राम्हणलाई दान दिने पालो एकचोटी पाउनु पनि अत्यन्त मुस्किल थियो। तसर्थ त्यस दिनको दानमा नभएका आहारपान तथा वस्तु भएपनि व्यवस्था गरी दान दिनुपर्छ भनी सोची दानमा नभएका आहार द्रव्य के होला भनी खोजी हेर्नुभयो। जाउला र मह पनि छैन भन्ने कुरा उसलाई महसूस भयो। उसले **भिक्षु आनन्दलाई** भेटी जाउला र महले पूजा गरेमा स्वीकार्नुहुन्छ कि भन्ने कुरा तथागत गौतमबुद्धसँग सोधेर भन्नुहुन आग्रह गर्नुभयो। भिक्षु आनन्दले ब्राम्हणको आग्रहबारे तथागत गौतमबुद्धलाई सूचित गर्नुभयो। "तथागत गौतमबुद्धले स्वीकार्नेछु" भनी प्रकाश पार्नुभयो। ब्राम्हणले जाउला र महले बुद्धप्रमुख भिक्षुसंघलाई पूजा गऱ्यो। जाउला अनुभव गरिसकेपछि तथागत गौतमबुद्धले "जाउला खानुमा दशवटा गुण छ" भनी व्यक्त गर्नुभयो। त्यो गुण दशवटा चाहिँ **"जाउला**


Downloaded from http://dhamma.digital



मेरो शरीर रागद्वारा जल्दैछ। मेरो मन एकदम पोल्दैछ

Downloaded from http://dhamma.digital



खान–पिउनको लागि राम्रो चीवर पाएर पनि बुद्धशासनलाई
त्यागेर यो मैलो लुगा लाउनु र !

Downloaded from http://dhamma.digital

**खाँदा आयु, वर्ण, सुख, बल, प्रज्ञा, प्राप्त हुन्छ, भोक मेटाइदिन्छ, तीर्खा मेटाइदिन्छ, वातलाई समन गरीदिन्छ, पेट (दिसा) शुद्ध पारिदिन्छ, पेटमा अजिर्ण छ भने त्यसलाई दूर गरिदिन्छ। ब्राम्हण ! जाउला खाएमा माथि उल्लेखित दशवटा गुण प्राप्त हुनेछ"** भनी तथागत गौतमबुद्धले प्रकाश पार्नुभयो।

(महावग्ग पालि-भेसज्जखन्धक)

# ४२. भिक्षु आनन्द भिखारीलाई प्रव्रजित गर्नुहुन्छ

एकदिन भिक्षु आनन्द महास्थविरले पुरानो मैलो कपडा लाएर माग्ने भांडो (लोटा) लिएर मागी खाएर हिँडिरहेको बालक भिखारीलाई देख्नुभई "बालक ! तिमी यसरी मागेर खाएर हिंड्नुभन्दा प्रव्रजित हुनु राम्रो हैन र ?" भनी प्रश्न गर्नुभयो। "गुरुजी ! प्रव्रजित हुने मन त छ तर हामी जस्तालाई प्रव्रज्या गर्ने को होला ?" भनी प्रतिप्रश्न गर्‍यो। "प्रव्रजित हुनको लागि गरीब, धनी भनेको हुँदैन। तिमीहरूको कल्पनामात्र हो। यदि तिमी प्रव्रजित हुन इच्छुक छौं भने म प्रव्रजित गर्नेछु" भनी भन्नुहुँदै तिनलाई डाकेर लानु भई आफैले नै नुहाई धुलाई गराउनुभई कम्मट्ठानादि भावना सिकाएर अरहत् हुनको लागि केही बाधा अड्चन नरहने गरी प्रव्रजित गर्नुभयो। उसले आफ्नो पुरानो लुगा धोएर केही कामको लागि लिन सकिन्छ कि भनी हेरेर कमसेकम पानी चाल्ने कपडाको लागि मात्र भएपनि उचित नदेखेर लुगा र लोटा एउटा रूखको हाँगामा राख्नुभयो। भिक्षु आनन्द महास्थविर कुनै पनि गर्नुपर्ने कामकार्य गर्दा अवस्थानुसार गर्नुहुन्छ वा केही बस्तु राख्नुपर्ने ठाउँमा ठीकसँग राख्न जान्नुहुन्छ भन्ने कुरा यस घटनाबाट स्पष्ट हुन्छ।

ऊ प्रव्रजित भई बुद्धको लागि उद्देशना गरी पूजा गरेका खाद्यादि बस्तुहरू चयनका साथ उपभोग गर्दै मासु तथा रगतले युक्त भई हृष्टपुष्ट शरीरको हुनुभयो। बुद्धानुभावद्वारा प्राप्त महंगो चीवर लाएर आफ्नो अतीत जीवनलाई बिर्सेर शासनमा अल्छी भई बसी रहयो। शासनमा मन नलागेपछि श्रद्धावान्हरूले दान गरेको दान दातव्यहरूको अर्थ छैन, यदि मेरो पुरानो लुगा राखेको ठाउँमा अझै पनि छ भने त्यो लाएर **चीवर छोड्नेछु** भनी त्यस ठाउँमा गयो। त्यहाँ गएर पुरानो लुगा हातमा लिएर हेर्दै, पुरानो लुगा नराम्रो जस्तै सोचेको सोचाई पनि राम्रो छैन भनी बुझेर **"आफूले आफैलाई बोल्दै लाजसरम भनेको रत्ति पनि नभएका, खान-पिउनको लागि राम्रो चीवर पाएर पनि बुद्धशासनलाई त्यागेर यो मैलो लुगा लाउनु र ! पात्रद्वारा भिक्षा माग्ने काम छोडेर, लोटा लिएर मागी खानु के उचित होला ?! प्रव्रजित भएको दिनमै मैलो लुगा र लोटा छोडेर आएको थिएँ। यदि मैलो लुगा झुत्रो र च्यातिएको भए, लोटा पनि फुटेको भए आज के गर्थौं ? अहो ! लाजसरम भनेको रत्ति पनि नभएको"** भनी कसैले कसैलाई उपदेश दिएसरि आफूले आफैलाई अववाद-उपदेश गर्नुभयो। अववाद दिइरहँदा रहँदै आफ्नो अल्छीपन हटेर गयो साथै पुरानो मैलो लुगा र लोटा त्यहीं छाडेर पुनः विहारमा नै फर्केर जानुभयो।

केही दिनपछि पुनः मनमा त्यस्तै प्रकारको विकार श्रृजना भएको हुनाले फेरि पनि अल्छी भई पहिले जस्तै पुरानो मैलो लुगा र लोटा राखेको ठाउँमा गई पुरानो लुगा र लोटालाई हेरेर आफैले आफैलाई अववाद-उपदेश दिँदै पुनः विहारमा नै फर्केर जानुभयो। विहारका भिक्षुहरूले "तपाईं कहाँ गएर आउनुभएको" भनी प्रश्न गर्दा "हाम्रा आचार्यकहाँ गएर वहाँबाट अववाद-उपदेश लिएर आएको हुँ" भन्ने गर्दथ्यो। यसरी आफ्नो


Downloaded from http://dhamma.digital

पुरानो मैलो लुगा र लोटाले भावनाविधि सिकाउन असमर्थ भए तापनि शासनमा मन लगाउन र मन लगाई बसाउन सक्षम भएको हुनाले उनको शासनमा अल्छिपन हटेर गयो र शासनमा मन लगाई विदर्शना वृद्धि गरी केही दिन पश्चात् अरहत् हुनुभयो ।

अरहत्वमा संसार यात्रा नभएसरि पुरानो मैलो लुगा र लोटा राखेको ठाउँमा वहाँको जाने क्रम पनि बन्द भयो । त्यसरी वहाँको आउने जाने क्रम बन्द भएपछि त्यस विहारका अन्य भिक्षुहरूले "हे आवुसो ! अहिले आचार्यकहाँ यात्रा छैन कि कसो ?" भनी प्रश्न गर्नुभयो । "जानुपर्ने काम भएको बेला जानेछु । अब सो काम शून्य भएको हुनाले जाने छैन" भनी भन्नुभयो । भिक्षुहरू पनि तथागत गौतमबुद्धकहाँ जानुभई "भो शास्ता ! पिलोतिक स्थविर आफू अरहत् भएको कुरा व्यक्त गर्दैछ" भनी सूचित गर्नुभयो । तथागत गौतमबुद्धले पनि त्यस खबर सुनेर "त्यो सत्य हो भिक्षु हो ! मेरो छोरा मनमा क्लेश रूपी फोहोर रहेको अवस्थामा संसार यात्रामा धेरै रहे जस्तै, धेरै यात्रा गऱ्यो । अब आफू निक्लेशी भएको हुनाले संसारयात्रा नभएसरि त्यस यात्रा पनि रहेन" भनी आज्ञा हुनुका साथै धर्मदेशना गर्नुहुँदै "जसरी असल, संयम घोडाले आफूमाथि आएको कोर्रालाई आफ्नो शरीरमा लाग्न नदिई कोर्राको पीडाबाट बचेसरि कुनै व्यक्ति श्रमणधर्म पुरा गर्नेले आफूमाथि आइपर्ने निन्दा, परिभवबाट बचेको हुन्छ र कर्म शक्तिले यस संसारमा विपाक भोग गरे तापनि परलोकको लागि रोकेको हुनेछ । त्यसरी नै आफूमा श्रृजित अकुशल मनलाई लाजले हटाउने व्यक्ति पिलोतिक स्थविर जस्तै व्यक्तिहरू रहनेछन् । पुनश्च जसरी असल घोडाले पनि अपवादमा कोर्राको चोट खाए झैं हामी जस्ताले पनि कोर्राको चोट खाएको हुनेछ (विपाक वा दुःख भोग गरेको हुनेछ) र पछि उत्साह गर्नेछ त्यसरी नै तिमीहरूले पनि क्लेशलाई नाश गर्न प्रयत्नशील होऊ, संसारमा विरक्त होऊ । त्यसकारण तिमीहरूले पनि लोकोत्तर श्रद्धाका साथ चतुपारिशुद्धि शीलमा प्रतिष्ठित भई कायिक तथा चैतसिकले युक्त भएका वीर्यले युक्त भई लोकोत्तर समाधि पनि श्रृजना गरेर अर्थात् ध्यानको लागि हेतु हुने मार्गफल श्रृजित गरेर कारण कार्य ज्ञात गर्नसक्ने ज्ञानले (यथाभूत ज्ञानले) युक्त भई त्रिविद्या वा अष्टविद्या श्रृजना गरेर शीलादि पन्ध्र प्रकारका आचार धर्मले युक्त भई, सबै ठाउँमा स्मृतिवान् भई संसारमा धेरै समय भोग गरेर आएका धेरै दुःखपीडा पिलोतिक स्थविरले पुरानो मैलो लुगा तथा लोटा आरम्मण (अनुस्मरण) गरी त्यागेसरि संसारमा भोगेर आएका दुःखपीडालाई नै आरम्मण गरेर त्याग्नु" भनी आज्ञा हुनुभयो ।

(सद्धर्मरत्नावली, पेज ६०७–६०९)

# ४३. तथागत गौतमबुद्ध भिक्षु आनन्दसँग भिक्षु अनिरुद्धको चीवर सिउन सहयोग गर्नुहुन्छ

एकदिन भिक्षु अनिरुद्ध महास्थविर आफ्नो चीवर पुरानो भएको हुनाले फोहरमैलादिमा भएको तेईस स्थानमा रहेको कपडाको चीवर आफूलाई योग्य पांशुकूलिक चीवर भएको हुनाले त्यस्तो कपडाको टुक्रा खोज्दै हुनुहुन्थ्यो । वहाँको यस जातिभन्दा तेस्रो जातिमा परिचारिका भएकी एकजना तावतिंस दिव्यलोकमा जालिनी भन्ने नामले दिव्याङ्गना भई जन्मिन पुगेकी थिइन् । उनी महास्थविरले पूर्वजन्ममा परिभोग गरेको श्रीसम्पत्तिअनुसार अहिले कपडाको टुक्रा खोजी हिँडेको देखेर लम्बाईले तेह्र रियन (उनन्चालिस फिट) भएको र


Downloaded from http://dhamma.digital

चौडाईमा चार रियन (बाह्र फिट) भएको दिव्य कपडा तीनवटा लिएर "यदि मैले यसरी नै लगेर पूजा गरेमा वहाँले स्वीकार्नुहुन्न" भन्ने विचार गरेर कपडाको टुक्रा खोज्दै हिँड्नु भएको ठाउँको अगाडी एउटा फोहरको डुंगुरमा कपडाको छेउको टुप्पोमात्र देखिने गरी राखेर गइन् । महास्थविर पनि त्यसै बाटोबाट कपडाको टुक्रा टिप्दै हिँड्नुभएको बेला त्यस दिव्यकपडाको सानो टुप्पो देख्नुभई कपडाको त्यस सानो टुप्पोमा समाटेर तान्नुभयो । आफूले चाहेको अर्थात् इच्छितअनुसार भएको त्यस दिव्यकपडा देखेर पांशुकूल धुताङ्गको लागि यथेष्ठ छ भनी लिएर जानुभयो ।

चीवर सिउने दिनमा तथागत गौतमबुद्ध पाँचसयजना श्रावकहरू लिएर वहाँको विहारमा जानुभई विराजमान हुनुभयो । अस्सी महाश्रावकहरू पनि गएर बस्नुभयो । चीवर सिउनको लागि महाकाश्यप महास्थविर अगाडि बस्नुभयो । सारिपुत्र महास्थविर बीचमा बस्नुभयो भने आनन्द महास्थविर एकछेउमा बस्नुभयो साथै बाँकी रहेका सबै भिक्षुहरूले धागो काटेर दिँदै गर्नुभयो । तथागत गौतमबुद्ध चाहिँ आफ्नो तत्त्वमा अर्थात् बुद्धको रूपमा मात्र एकछेउमा नबसी भिक्षुहरूले दिए-दिएका सियोहरूमा धागो राखेर दिने कार्य गर्नुभयो । पांशुकूलिक चीवर सिउनको लागि तयार भई रहनुभएका महाकाश्यप, सारिपुत्र र आनन्द तीन महास्थविरहरूले चीवर सिउनुभयो । महामौद्गल्यायन महास्थविर त्यस चीवर सिउनको लागि आवश्यक सर-सामानहरू तयार गरिदिनुहुन्थ्यो । चीवरको कपडा दिएकी दिव्याङ्गना भित्र गाउँमा प्रवेश गरेर "अनिरुद्ध महास्थविरको चीवर सिउन तथागत गौतमबुद्ध प्रमुख अस्सी महाश्रावकहरूसँग पाँचसयजना श्रावक परिषद्का साथ विहारमा विराजमान हुनुभयो" भनी अत्यन्त प्रीति भइन् ।

(सद्धर्मरत्नावली, पेज ४८३–४८४)

## ४४. भिक्षु आनन्द 'मानिसहरूले गालि गर्ने हुनाले हामी अर्को शहरमा जाऔं' भनी बुद्धसँग अनुरोध गर्छ

त्यस समयमा **मागन्धिले** श्यामावतिलाई केही गर्न नसकी "उसलाई मैले केही गर्न सकेन, अब श्रमण गौतमलाई नै मैले केही गर्नेछु" भन्ने सोचेर नगरका मानिसहरूलाई पैसा दिएर "श्रमण गौतम शहरमा भिक्षाटन गर्न आउने समयमा तिमीहरू सबैले आ-आफ्ना केटा-केटीहरूलाई साथमा लिएर त्यस त्यस ठाउँमा बसेर आक्रोश-परिभव (गालि-गलौज) गर्दै पिछा गर्नु" भनी भनिन् । त्यस कुरालाई सुनेका त्रिरत्नप्रति अप्रसन्न मिच्छादृष्टिकहरूले शहरमा भिक्षाटनमा आउनुभएका तथागत गौतमबुद्धलाई देखेर पिछा गर्दै **"तँ चोर, मुर्ख, लाटा, ऊँट, भैँडा, भैँसी, नरकको पशु, तिरश्चीन, तँलाई सुगति छैन, दुर्गति नै तँलाई उचित छ"** इत्यादि दशविध आक्रोश-परिभवद्वारा आक्रोश-परिभव (गालि-गलौज) गर्न थाल्यो । त्यो आक्रोश सुनेर भिक्षु आनन्द महास्थविर तथागत गौतमबुद्धलाई सूचित गर्दै "भो शास्ता ! यस नगरका बासिन्दाहरू त्रिरत्नप्रति प्रसन्न छैनन् । आक्रोश-परिभव गर्छन् । यस शहरलाई छोडेर हामी अर्को शहरमा जाऔं" भनी भन्नुभयो । त्यस अनुरोधलाई सुनेर तथागत गौतमबुद्धले "आयुष्मान् आनन्द ! हामी जाने त्यस शहरका मानिसहरूले पनि यसरी नै आक्रोश परिभव गर्‍यो भने फेरि कहाँ जाने" भनी सोध्नुभयो । "भो शास्ता ! जम्बुद्वीप (भारत) त्यति सानो नभएको हुनाले र यदि त्यसो भएमा त्यहाँबाट पनि अर्को शहरमा



Downloaded from http://dhamma.digital

जाने" भनी भन्नुभयो । त्यस अनुरोधलाई सुनेर तथागत गौतमबुद्धले "आयुष्मान आनन्द ! हामी जाने त्यस शहरका मानिसहरूले पनि यसरी नै आक्रोश परिभव गऱ्यो भने फेरि कहाँ जाने ?" भनी प्रतिप्रश्न गर्नुभयो । "भो शास्ता ! त्यस शहरका मानिसहरूले पनि त्यसरी नै आक्रोश परिभव गऱ्यो भने अर्को शहरमा जाने" भनी व्यक्त गऱ्यो । त्यसपछि तथागत गौतमबुद्धले "हे आनन्द ! त्यसरी जानु योग्य छैन । जहाँ अधिकरण (मुद्दा वा प्रश्न) श्रृजना हुन्छ त्यो त्यहीं नै समाधान नभएसम्म अर्को ठाउँमा जानु उचित छैन" भनी भन्नुहुँदै "आनन्द ! कसले आक्रोश परिभव गर्दैछन् ?" भनी प्रश्न गर्नुभयो । त्यस प्रश्नलाई आनन्द महास्थविरले "भो शास्ता ! दास-दासी तथा कामदारहरूदेखि लिएर सबैले आक्रोश परिभव गर्दैछन्" भनी सूचित गऱ्यो । "आवुसो आनन्द ! म चाहिं संग्रामभूमिमा गएको हात्ति जस्तै हुँ । संग्रामभूमिमा गएको हात्तिले चारै दिशाबाट आएका प्रहारलाई क्षमा गर्दै सहे जस्तै धेरै दुश्शीलहरूले गरेका आक्रोश परिभवलाई क्षमा गर्नु मलाई उचित छ" भनी स्वयंले आफ्नोबारे धर्मदेशना गर्नुहुँदै नाग वग्गमा उल्लेखित तीनवटा गाथा देशना गर्नुभयो ।

**"अहं नागो व सङ्गामे - चापातो पतितं सरं ।**
**अतिवाक्यं तितिक्खिस्सं - दुस्सीलो हि बहुज्जनो ॥**

**दन्तं नयन्ति समितिं - दन्तं राजा'भिरूहति**
**दन्तो सेट्ठो मनुस्सेसु - यो'ति वाक्यं तितिक्खति ॥**

**वर मस्सतरा दन्ता - आजानीया च सिन्धवा**
**कुञ्जरा च महानागा - अत्तदन्तो ततो वरं ॥"**

यसरी धर्मदेशना गर्नुहुँदै "आवुसो आनन्द ! एकछिन सोच । तिनीहरूले सातदिनसम्म आक्रोश-परिभव गर्नेछ । आठौं दिनमा तिनीहरू सबै लाटा जस्तै निशब्द भई बस्नेछ । बुद्धहरूको विषयमा श्रृजित केही अधिकरण छ भने सातदिनभन्दा बढी रहने छैन" भनी देशना गर्नुभयो ।

(सद्धर्मरत्नावली, पेज २०६-२०७)

Dhamma.Digital

## ४५. महाप्रजापति गौतमीले पूजा गरेको वस्त्र दुइजोर गौतमबुद्धले प्रतिक्षेप गर्नुहुन्छ । भिक्षु आनन्द त्यो स्वीकारी दिन आग्रह गर्नुहुन्छ ।

तथागत गौतमबुद्ध कपिलवस्तुनगर निग्रोधाराममा विराजमान हुनुहुंदा रानी महाप्रजापति गौतमीले नयाँ वस्त्र दुइजोर ल्याउनुभई तथागत गौतमबुद्धलाई भेट्न गई पञ्चाङ्ग दण्डवत् गरी एकछेऊ बसेर यसरी प्रार्थना गरिन् "भाग्यवत् शास्ता ! यस नयाँ वस्त्र दुइटा तपाईंलाई पूजा गर्नको निमित्त मैले आफ्नै हातले धागो काटेर (कपासबाट धागो बनाएर) आफैले बुनेको हो । यो वस्त्र तपाईंले नै लगाइरहनुभएको हेर्ने मेरो प्रबल इच्छा छ । तसर्थ मप्रति अनुकम्पा राख्नुभई स्वीकार्नुहोस् ।" बुद्ध "गौतमी ! संघलाई पूजा गर्नु, संघलाई पूजा गरेमा मलाई पनि पूजा गरेको हुनेछ । संघलाई पनि पूजा गरेको हुनेछ- **संघे गोतमि देहि, संघे ते दिन्ने अहं चे व पूजितो भविस्सामि संघे च"** महाप्रजापति गौतमी "भाग्यवत् शास्ता ! ५०० जना



Downloaded from http://dhamma.digital



मानिसहरूले गालि गर्ने हुनाले हामी अर्को शहरमा जाऔं

Downloaded from http://dhamma.digital



गौतमी ! संघलाई पूजा गर्नु, संघलाई पूजा गरेमा मलाई पनि पूजा गरेको हुनेछ

Downloaded from http://dhamma.digital

भिक्षुसंघलाई भएपनि दिन राजकीय भण्डारमा कपडा छ। संघलाई चाहिन्छ भने ती कपडाहरू दिन सकिनेछ तर यो वस्त्र तपाईंलाई नै पूजा गरेर, तपाईंले नै लगाइराखेको हेर्नु मेरो प्रबल इच्छा हो। त्यसकारण मप्रति करुणा राखी स्वीकारिदिनुहोस्।" तथागत गौतमबुद्ध "गौतमी ! संघलाई दिनु। त्यसपछि मलाई पनि दिएको हुनेछ" भनी दोस्रोपल्ट पनि प्रतिक्षेप गर्नुभयो। महाप्रजापति गौतमीले तेस्रोपल्ट पनि स्वीकारिदिनु भनी आग्रह गरिन्। तथागत गौतमबुद्धले तेस्रोपल्ट पनि प्रतिक्षेप गर्नुभयो। यस दृश्यलाई हेरेर एकछेऊ बसिरहनुभएका भिक्षु आनन्द "भो शास्ता ! महाप्रजापति गौतमीले अत्यन्त इच्छाका साथ तपाईंलाई पूजा गर्न लागेको यो वस्त्र दुईजोर स्वीकारिदिनुहोस्। तपाईं सानो छँदा दूध खुवाएर, नुहाई-धुलाई गरी, काखमा राखेर हेरचाह गर्नुभएको वहाँ महाप्रजापति गौतमीले नै हो। हजुर जन्मनुभई सातदिन पछि तपाईंकी माता महामायादेवीको मृत्यु भएको हुनाले महाप्रजापति गौतमीले आफ्नो छोरा धाईआमालाई जिम्मा लाउनुभई आफ्नो दूध खुवाएको हजुरलाई नै हो। वहाँले हजुरलाई धेरै उपकार गरेकी छिन्। उनी बुद्धको शरण गएको हजुरलाई सोचेर नै हो। धर्मको शरण गएको हजुरलाई सोचेर र संघको शरणमा जानुभएको पनि हजुरलाई सोचेर नै हो। उनी प्राणिहिंसाबाट विरत हुनुभएको, चोरीबाट विरत हुनुभएको, कामरागबाट विरत हुनुभएको, झूठो बोल्नेबाट विरत हुनुभएको, बेहोशको कारण हुने मद्यपानबाट विरत हुनुभएको हजुरलाई सोचेर नै हो। उनी दुःखको बारे, दुःखको कारणबारे, दुःख उन्मूलन गर्ने बारे, दुःख उन्मूलन गर्ने मार्ग बारे, शंकालाई दूर गर्नुभएको हजुरलाई सोचेर नै हो।"

"आनन्द ! त्यो त्यस्तै हो। त्यो त्यस्तै हो। कोही कसैको कारणले गर्दा त्रिरत्नको शरणमा जान्छ भने, पञ्चपापद्वारा टाढिन्छ भने बुद्ध, धर्म र संघप्रति अटल श्रद्धाले युक्त हुन्छ भने त्यो व्यक्तिले अरु व्यक्तिलाई ठूलो उपकार गऱ्यो भनी म भन्दिनँ। कसैले कसैको कारण वन्दनामान, चतुप्रत्ययद्वारा संग्रह गर्नु आदि गर्छ भने, त्यो व्यक्तिले अरुलाई उपकार गऱ्यो भनी म भन्दिनँ। आनन्द ! व्यक्तिगत दान १४ वटा छन्।"

१. तथागत अर्हत् सम्यक्सम्बुद्धलाई दिने दान। पहिलो व्यक्तिगत दान हो।

२. प्रत्येकबुद्धलाई दिने दान दोस्रो व्यक्तिगत दान हो।

३. तथागत, श्रावक, अरहत्‌हरूलाई दिने दान तेस्रो व्यक्तिगत दान हो।

४. अरहत् फल साक्षात्कार गर्नलाई हिँडेकालाई दिने दान।

५. अनागामि व्यक्तिलाई दिने दान।

६. अनागामि फल साक्षात्कार गर्नलाई हिँडेका व्यक्तिलाई दिने दान।

७. सकृदागामि व्यक्तिलाई दिने दान।

८. सकृदागामि फल साक्षात्कार गर्नलाई हिँडेका व्यक्तिलाई दिने दान।

९. श्रोतापन्न भएका व्यक्तिलाई दिने दान।

१०. श्रोतापन्न फल साक्षात्कार गर्नलाई हिँडेका व्यक्तिलाई दिने दान।



Downloaded from http://dhamma.digital

११. कामरागमा वीतरागी भएकालाई दिने दान ।

१२. पृथक्जन शीलवान्लाई दिने दान ।

१३. पृथक्जन दुश्शीललाई दिने दान ।

१४. पशुहरूलाई दिने दान आदि व्यक्तिगत दान हो ।

"आनन्द ! पशुहरूलाई दिनाले, सयौंगुणा र पृथक्जन दुश्शीललाई दिनाले हजारौं गुणाले, पृथक्जन शीलवान्लाई दिनाले सयौंहजार गुणाले, कामरागमा विरागी तापसहरूलाई दिनाले सयौंहजार कोटी गुणाले, श्रोतापन्न फल साक्षात्कार गर्न हिँडेकालाई दिनाले असंख्य अप्रमाण आनिशंसको फल प्राप्त गर्न सकिन्छ। त्यसो भए श्रोतापन्न, सकृदागामी, अनागामि, अरहत्, प्रत्येक बुद्ध तथा सम्यक्सम्बुद्धलाई दिने दानको आनिशंस, फल कसले भन्न सक्छ र ?"

आनन्द ! सांघिक दान ७ वटा छन् ।

१. बुद्धप्रमुख भिक्षु-भिक्षुणी संघलाई दिने दान पहिलो सांघिक दान हो ।

२. बुद्ध परिनिर्वाणपछि भिक्षु-भिक्षुणी उभयपक्षलाई दिने दान सांघिक दान हो ।

३. भिक्षुसंघलाई उद्देश्य गरी दिने दान तेस्रो सांघिक दान हो ।

४. भिक्षुणीसंघलाई दिने दान चौथो सांघिक दक्षिणा हो ।

५. मलाई यतिजना भिक्षु, भिक्षुणीसंघ चाहिन्छ भनी गणना गरी दिने दान पाँचौं सांघिक दान हो ।

६. मलाई यतिजना भिक्षुसंघ चाहिन्छ भनी निमन्त्रणा गरी दिने दान छैठौं सांघिक दान हो ।

७. मलाई यतिजना भिक्षुणीसंघ चाहिन्छ भनी निमन्त्रणा गरी दिने दान सातौं सांघिक दान हो ।

"आनन्द ! संघको उद्देश्य लिई भविष्यमा हुने कासावकण्ठकहरूलाई दिने दानको पनि आनिशंस असंख्य छ, अप्रमाण छ भनी म भन्दछु । आनन्द ! त्यसकारण कस्ता प्रकारको व्यक्तिगत दान भएमा आनिशंस सांघिक दक्षिणाभन्दा बढी आनिशंस छ भनी म भन्दिनँ । **(न त्वेवाहं आनन्द केनचि परियायेन संघगताय दक्खिणाय पाटिपुग्गलिकं दानं महप्फलतरं वदामि)** महाप्रजापति गौतमीको नयाँ वस्त्र दुइजोर मैले स्वीकार नगरेको मसहित संघलाई दिलाउँदा आनिशंस बढी गराउनको लागि हो । त्यसो नभई उनीसँग हितैषी नभएर, उनले गरेका उपकार बिर्सेर पनि हैन ।"

(दक्खिणा विभङ्ग सूत्र, पेज २५६-२५७)



Downloaded from http://dhamma.digital

# ४६. भिक्षु आनन्दले तथागत गौतमबुद्धलाई पंखा हम्काउँदै गर्दा पाँचजना उपासकहरू धर्म श्रवण गर्छन्

ती उपासकहरू पाँचजना धर्म श्रवण गर्ने अभिलाषाले विहारमा गई तथागत गौतमबुद्धलाई पञ्चाङ्ग दण्डवत् गरी एकछेउमा आसन जमाएर बसे । सर्वज्ञहरूलाई ऊ राजपरिवारका, ऊ ब्राम्हण, ऊ धनी, ऊ गरीब, उसलाई धेरै धर्मदेशना गर्नेछु, त्यसलाई थोरै धर्मदेशना गर्नेछु भन्ने मनसाय हुँदैन । जस्तोसुकै व्यक्तिलाई धर्मदेशना गरे तापनि ती धर्मदेशना श्रवण गरेर धनी व्यक्तिहरू धनी हुने वा गरीबहरू गरीब हुने पनि हैनन् । धर्म भनेको त सबैलाई एकसमान नै हुनेछ । त्यसकारण धर्मप्रति गौरव राखेर आकाश र धर्तीलाई एक गर्न प्रयास गरेसरि धर्मदेशना गर्दै रहनुभएका हाम्रा तथागत गौतमबुद्धको सम्मुख बसेर धर्म श्रवण गर्ने पाँचजना उपासकहरू मध्ये एकजना धर्म श्रवण गर्न त्यति साह्रो रुचि नभएको हुनाले बसेर नै निदाइरहे । एकजना औंलाले भुँइमा धर्सो कोरेर बसिरहे । एकजना छेउमा भएको रूखको हाँगा हल्लाउँदै बसिरहे । एकजना धर्मदेशनाको आवाज कताबाट आएको होला भनी यताउता हेरेर आवाज आएको दिशा थम्याउन कोशिस गरेसरि आकाशतिर हेर्दै बसिरहे । एकजना गएको समयदेखि श्रवण गर्न गएको धर्मदेशना भएको हुनाले चञ्चल तथा विक्षिप्त नभई अत्यन्त संयमका साथ धर्मदेशना श्रवण गरिरह्यो ।

आनन्द महास्थविर तथागत गौतमबुद्धलाई पंखा हम्काउँदै बसिरहनुभएको थियो । ती पाँचजनाले धर्मश्रवण गरिरहेको अवस्थालाई देखेर "भो शास्ता ! तपाईंले ती पाँचजना भएको हुनाले परिषद् कम भएर जाला भन्ने नसोची चारैदिशामा एकैचोटी बर्षिने वर्षा जस्तै गरी धर्मदेशना गर्दै हुनुहुन्छ तरपनि ती पाँचजना उपासकहरू तपाईंले यसरी धर्मदेशना गरिरहनु भए तापनि एकजना रातमा नसुते झैं (रातमा निंद नपुगेसरि गरी) निदाउँदैछ । एकजना जङ्गल भित्र पस्ने समयमा रूखको हांगा हल्लिएसरि आफ्नो उपस्थिति रहेको देखाउन रूखको हाँगा हल्लाउँदै बसिरहेछ । एकजना नक्षत्र हेर्ने झैं जस्तो गरी आकाशतिर हेरेर बसिरहेछ । एकजना कान दिएर अत्यन्त संयमका साथ सुन्दैछ" भनी भन्नुभयो । तथागत गौतमबुद्धले त्यस कुरा सुनी "आनन्द ! तिमीले ती सबैलाई चिन्दछौ ?" भनी प्रश्न गर्नुभयो । "चिन्दिन भो शास्ता !" भनी व्यक्त गरेपछि "आवुसो आनन्द ! ती सबैजनामा कसैले श्रवण गरिरहेको धर्मदेशना छोडेर निदाउँछ भने त्यो सयौं जाति साँप भई घुमाउरो भएर टाउको मात्र देख्ने गरी निदाएको हुनाले अहिले पनि उसलाई निन्द्रा जस्तो रुचि अरु केही छैन । त्यसकारण मेरो धर्मदेशना उसको कानमा छिरेको छैन" भनी आज्ञा हुनुभयो । आनन्द महास्थविर "भो शास्ता ! ती साँप भई जन्मेको पाँचसय जन्म अखण्डरूपमा हो कि खण्डरूपमा आज्ञा हुनुभएको ?" भनी प्रश्न गर्नुभयो । "आनन्द ! ऊ कहिले मनुष्यलोकमा, कहिले देवलोकमा, कहिले नागलोकमा नाग भई जन्मेको थियो । नाग (साँप) भई जन्मेको जाति (जन्म) मात्र लिएर भन्ने हो भने पनि त्यसरी नाग (साँप) भई जन्मेको जन्म बुद्धज्ञानले पनि यति भनेर ज्ञात गरेर व्यक्त गर्न सकिन्न । क्रमशः अखण्ड रूपमा पाँचसय जन्ममा नाग भई जन्मेर गहिरो निन्द्रामा सुतेको हुनाले अहिले पनि ऊ निदाउनमा नै शूर छ" भनी आज्ञा हुनुभयो । ऊ धर्म श्रवण गर्दागर्दै बसेर निदाउनुको कारण आज्ञा भइसकेपछि "औंलाले भुईंमा धर्सो तानेर बसिरहेको व्यक्तितिर देखाउनुहुँदै पाँचसय जन्म गड्यौंला भएर जन्मेको समयमा आउने-जाने बेलामा भुईंमा धर्सो तानेर हिँड्ने बानि रहेको हुनाले अहिले पनि त्यो बानिले गर्दा भुईंमा धर्सो तानेर बस्नु बाहेक उसले सुनेको धर्मदेशना छैन । रूखको हाँगा हल्लाउँदै बसिरहेको व्यक्ति पनि क्रमशः पाँचसय जन्म बाँदर


Downloaded from http://dhamma.digital

भई जन्मेको थियो । अहिले पनि पूर्वजन्मको बानिले गर्दा रूखको हाँगा हल्लाउँदै बस्दैछ । रूखको हाँगा हल्लेको आवाज सुनिन्छ तापनि मैले देशना गरेको धर्मदेशना उसको कानमा छिरेको छैन । आकाशतिर हेरेर बसिरहेका ब्राम्हण क्रमशः पाँचसय जन्म नक्षत्रज्ञ भई जन्मेको थियो । ती ती जन्ममा नक्षत्रतारा हेर्ने बानि रहेको हुनाले आज पनि अत्यन्त रुचिका साथ आकाशतिर हेर्दैछ । मैले देशना गरेको धर्मदेशनाको एकअंश पनि उसको कानमा छिरेको छैन । त्यसकारण कुलोमा फोहरमैला भएपछि खेतमा पानी पस्न नसकेसरि असंयमित व्यवहारले गर्दा सद्धर्मरूपी पानी खेतरूपी मनमा पस्न सकेको छैन । ती संयम भई धर्म श्रवण गर्ने व्यक्ति क्रमशः अखण्ड रूपमा पाँचसय जन्म वेदमन्त्र अभ्यास गर्ने ब्राम्हण भई जन्मेको हुनाले अहिले पनि मन्त्र संस्मरण गर्ने व्यक्ति भैं संयम भई ध्यान दिएर धर्म श्रवण गर्दैछ" भनी आज्ञा हुनुभयो । "भो शास्ता ! हजुरले गर्नुहुने देशना मन लाएर श्रवण गर्नेहरूको शरीरको मसीनो तथा बाक्लो छाला, मासु, नशा, हाडबाट छिरेर गई हाडको मासी छेडन गरेर भित्री मनमा छोएर रहेको हुन्छ तर ती चारजना के कारणले गर्दा मन लाएर धर्म श्रवण नगरेको होला ?" भनी प्रश्न गर्नुभयो । **"आनन्द ! हाम्रो धर्मदेशना सबैले श्रवण गर्न सकिन्छ कि ?"** भनी आज्ञा हुनुभयो । आनन्द "किन ? शास्ता ! श्रवण गर्न नसक्नुको केही कारण पनि छ कि ?" भनी प्रश्न गर्नुभयो । "छ" भनी आज्ञा हुनुभए पछि "के कारणले गर्दा होला ?" भनी प्रश्न गर्नुभयो । "आनन्द ! यी सत्त्वहरू त्रिरत्नबारे चाहिं लाखौं असंख्यकल्प सुन्ने वा अभ्यास गर्ने बानी परेको छैन । त्यसकारण अभ्यास नभएको हुनाले धर्मदेशना श्रवण गर्न एकछिन पनि मन लाग्दैन । बुद्धज्ञानले ज्ञात गर्न नसक्ने यस संसारको अद्योपान्त (शुरुआत् र अन्त) केही बाँकी नभए तापनि यी सत्त्वहरू चाहिं निर्वाणलाई बाधा हुने क्रिडादि नृत्यमै भुल्ने बानी भएका रहेछन् । त्यसकारण क्रिडा नृत्यादिबाट सञ्चय हुने पुण्य नभए तापनि नाचगानद्वारा नै दिन बिताएर बस्दैछन् । घरदेखि धर्म श्रवण गर्ने अभिलाषा लिएर आए तापनि श्रवण गर्ने धर्मदेशनालाई छोडेर वा बिर्सेर क्रिडादि नृत्यद्वारा दिन बिताउँदैछन् । त्यस्तो राम्रो बिचार नरहनुको कारण आज्ञा हुनुहुँदै "आनन्द ! राग-द्वेषादि क्लेशले गर्दा सत्त्वहरूमा त्यसप्रकारका राम्रो बिचार मनमा श्रृजना हुनेछैन । कल्प विनाश हुने समयमा सातवटा चन्द्रमा उत्पन्न हुने भएको कारणले गर्दा पनि उत्पन्न भएको कल्पज्वालाले केही पनि बाँकी नराखी भष्म गर्दछ । त्यतिमात्र नभई त्यस ज्वाला कुनै पनि समयमा निस्कनेछ । त्यस्तै राग रूपी अग्नि नजल्नुको कुनै पनि अवस्था छैन । त्यसकारण धुँवा पनि ननिस्किई कोइला पनि नबनी शरीरभित्रै रही जल्ने हुनाले रागजस्तो अग्नि कहिले पनि देखिँदैन । राक्षसादि सत्त्वहरूलाई सँधै देख्न सकिन्न । द्वेष चाहिं जबसम्म प्रहीण हुँदैन तबसम्म उब्जिरहन्छ वा आलम्बन भइरहन्छ । त्यसकारण द्वेषजस्तो दृढ रूपमा पक्रेर नरकमा पठाउने व्यक्ति अरु कोही छैन । पुनश्च मन विक्षिप्त भएर जाने मोह जस्तो जाल अरु केही छैन । नदी तथा ताल आदि पानीले भरिएको समयमा पनि पानी कम भएको समयमा पनि र पानी सुकेको समयमा पनि देखिन्छ । तृष्णारूपी नदी भरिएको समयमा होस् वा सुकेको समयमा होस् अरहत् ज्ञानद्वारा नाश नगरुन्जेलसम्म देखिँदैन, सँधै कम देखिने हुनाले र भर्न नसकिने हुनाले तृष्णारूपी नदी पनि विद्यमान छैन भनी आज्ञा हुनुभयो । देशनाको अन्तमा संयम भई धर्म श्रवण गरिरहेका उपासकहरू श्रोतापन्न हुनुभयो भने अरु उपस्थितहरूलाई पनि यस देशना सप्रयोजन भयो ।

(सद्धर्मरत्नावली, पेज ७६८-७७१)



Downloaded from http://dhamma.digital



पाँचजना उपासकहरू धर्म श्रवण गर्दैं

Downloaded from http://dhamma.digital



तथागत गौतम बुद्ध वृद्ध हुनुभयो

Downloaded from http://dhamma.digital

## ४७. तथागत गौतमबुद्ध वृद्ध हुनुभयो भनी भिक्षु आनन्द दुःखित हुनुहुन्छ

विशाखा महाउपासिकाद्वारा निर्मित पूर्वाराम विहारमा तथागत गौतमबुद्ध बस्नुहुँदा अधिक जाडो समयमा एकदिन विहार बाहिर खुल्लमखुल्ला ठाउँमा आसन राख्न लगाई त्यस आसनमा बस्नुभई पछाडि घाम लाग्ने गरी चीवर एकछेउ पार्नुभई तथागत गौतमबुद्ध घाम ताप्दै हुनुहुन्थ्यो । भिक्षु आनन्द बुद्धसमक्ष जानुभई पञ्चाङ्ग दण्डवत् गरेर आज्ञा लिनुभई वहाँको पछाडी स्पर्श गर्नुहुँदै यसरी व्यक्त गर्छ- "आश्चर्य शास्ता ! आश्चर्य शास्ता ! हजुरको शरीरको छालाको रंग पहिले अत्यन्त राम्रो थियो । टल-टल टल्किन्थ्यो । अब त्यो फरक भइसक्यो । पहिले छाला धेरै सुकोमल थियो । अहिले छालामा मसिनो चाउरी पर्दैछ । पहिले राम्ररी सीधा भएको शरीर अहिले अलि ढल्किएको जस्तो छ । आँखा, कान, नाक, जिब्रो र शरीर आदि यी पञ्चेन्द्रिय त्यो बेलाको अहिले देखिंदैन, फरक भइसक्यो ।"

बुद्ध - "साँच्चै हो, आनन्द ! तरूणस्वभाव गइसकेपछि बृद्ध हुनु । आरोग्यभाव अन्त्य हुँदै जाँदा रोगी हुनु । जीवन अन्त्य हुँदा मृत्यु हुनु, स्वाभाविकै हो । पहिले मेरो शरीरको छाला अत्यन्त सुकोमल थियो । अत्यन्त राम्रो थियो । सीधा भएको शरीर ढल्किएको छ । आँखा, कान, नाक आदि इन्द्रिय अब दुर्बल भइसक्यो ।"

(संयुक्त निकाय-जरावर्ग, पेज ९४३)

## ४८. भिक्षु आनन्दले प्रतीत्यसमुत्पाद धर्म अत्यन्त सजिलो छ भन्नुहुन्छ

तथागत गौतमबुद्ध कुरुदेश कम्मासदम्म भन्ने गाउँमा विराजमान हुनुभएको समयमा एकदिन भिक्षु आनन्द बुद्धसमक्ष गई पञ्चाङ्ग दण्डवत् गरी एकछेउमा बसेर "भो शास्ता ! आश्चर्य छ, अनौठो छ, यो प्रतीत्यसमुत्पाद धर्म सबैलाई अत्यन्त गम्भीर जस्तो लाग्छ । त्यसो भएपनि मलाई त एकदम सजिलो छ । मैले त राम्ररी बुझ्छु । बोध हुन्छ" भनी भन्नुभयो । बुद्ध - "आनन्द ! त्यसो नभन । आनन्द ! त्यसो नभन । प्रतीत्यसमुत्पाद धर्म अत्यन्त गम्भीर छ । यो प्रतीत्यसमुत्पाद धर्म तत्वाकार रूपमा, यथार्थ रूपमा बुझिलिन, बोध गर्न नसकेको हुनाले, यस लोकमा भएका सबैजसोले मुसाले काटेको धागोको डल्लो जस्तै, अनेक फोहरको डुंगुरले निर्माण गरिराखेको चराको गुँड जस्तै, विभिन्न घाँसपातलाई एक गरी बनाइराखेको डोरी जस्तै अद्योपान्त खोज्न नसकेर समस्याबाट समस्यामा फँसी, मिथ्याविचार धारणले पूर्ण भई, अपाय दुःख, संसार दुःखबाट मुक्त हुन नसकेर यहीं नै बसिराखेका छन्" भनी प्रतीत्यसमुत्पादमा भएका गम्भीरभाव आज्ञा हुनुभयो ।

(महानिदान सूत्र-दीघनिकाय)



Downloaded from http://dhamma.digital

# ४९. तथागत गौतमबुद्धले भिक्षु आनन्दलाई इन्द्रिय भावना सिकाउनुहुन्छ

"आयुष्मान् आनन्द ! पारासरिय ब्राम्हणले आफ्ना श्रावकलाई आँखाद्वारा रूप नहेर, कानद्वारा शब्द नसुन" भनी इन्द्रिय भावना सिकाउँछ । त्यसअनुसार रूप नदेख्ने अन्धा, शब्द नसुन्ने बहिरा स्वतः इन्द्रिय भावना गर्नेहरू हुन् । पारासरिय ब्राम्हणले सिकाउने इन्द्रिय भावना एकतर्फी छ । "मैले सिकाउने अनुत्तर इन्द्रिय भावना फराकिलो छ" भनी बुद्धले आज्ञा हुनुभयो । त्यसबेला भिक्षु आनन्दले "हजुरले सिकाउनुहुने इन्द्रिय भावना कस्तो छ सिकाइदिनुहोस्" भनी बुद्धसँग आग्रह गरे ।

"आयुष्मान् आनन्द ! यो शासनमा प्रव्रजित भई बसेका भिक्षुले रूप देखेर सन्तोष हुन्छ, हैन भने असन्तोष हुन्छ । त्यसो पनि हैन भने सन्तोष-असन्तोष दुबैमा तटस्थ भइरहन्छ, उपेक्षाभावमा हुन्छ । त्यो भिक्षुले आफ्नो मनमा सन्तोषको भावना श्रृजना भयो, हैन भने असन्तोषको भावना श्रृजना भयो, त्यो पनि हैन भने तटस्थभावना श्रृजना भयो भनी महसूस गर्छ । महसूस गरेर त्यस रूपारम्मणमा घट्टन भइरहनु वा आकर्षित भइरहनु, ग्रसित भई वा चित्त क्लिष्ट हुन नदिई त्रिलक्षण[३] स्मरण गर्दै चित्तलाई मध्यस्थ रूपमा राखिराख्छ । त्यो इच्छा अनिच्छा हेतुबाट श्रृजित भएको हुनाले विनाश हुनसक्छ । क्षणक्षणमा बदलिन सक्छ । उचित नभएको तथा नीचताले युक्त अनित्यसम्पन्न भनी स्मरण गर्छ । विदर्शना उपेक्षामा चित्तलाई स्थापित गर्छ । आँखा भएकाले क्षणमात्रमा आँखा खोलेर तत्क्षणमा आँखा बन्द गर्दछ । त्यस्तै कसैले रूप देखेर श्रृजित हुने इच्छा अनिच्छा तथा महत्त्वपूर्ण क्षणमा नै निरुद्ध हुन्छ । विपस्सना उपेक्षा मनमा स्थापित गरेर बसेको त्यो रूपारम्मण विषयलाई इन्द्रिय भावना" भनी म भन्छु ।

कानद्वारा सुनिने शब्दमा, नाकबाट थाहापाउने गन्ध-सुगन्धमा, जिब्रोबाट थाहापाउन सकिने रसस्वादमा, कायद्वारा थाहापाउन सकिने स्पर्शमा, मनद्वारा थाहापाउन सकिने धम्मारम्मणलाई पनि अनुत्तर इन्द्रिय भावना भनी जान्नुपर्छ ।

आँखा, कान, नाक आदि छवटा इन्द्रियलाई आरम्मण हुने रूप, शब्द, गन्ध आदि आरम्मण ६ वटाले गर्दा मनमा श्रृजित हुने इच्छा-अनिच्छा, अनित्य-दुक्ख, अनात्मको रूपमा हेरेर क्षणमात्रले विपस्सना उपेक्षा श्रृजना गर्न सकिन्छ भने त्यो बुद्ध शासनमा सिकाउने अनुत्तर इन्द्रिय भावना हो ।"

"आयुष्मान आनन्द ! कोही भिक्षुले आँखाबाट रूप देखेर, कानबाट शब्द सुनेर, नाकबाट गन्ध आघ्राण गरी, जिब्रोबाट रसास्वाद गरेर, शरीरबाट स्पर्श पाएर, मनबाट आरम्मण गरेर, श्रृजना हुने सन्तोष, असन्तोष महत्त्वपूर्ण छ भन्ने बुझ्दछ भने, त्यसबाट त्यो भिक्षु पीडित हुनेछ । लज्जित हुनेछ । घृणा गर्नेछ । त्यसलाई सेख प्रतिपदा भनिन्छ ।

आयुष्मान् आनन्द ! अत्यन्त श्रेष्ठ इन्द्रिय भावना हो । मद्वारा देशित यो भावना । हितैषी भएका, अनुकम्पा भएका शास्ताद्वारा आफ्ना श्रावकहरूलाई अनुकम्पा राखी केही गर्नुछ भने त्यो मद्वारा तिमीलाई देशित

---

३. अनित्य, दुक्ख र अनात्मालाई त्रिलक्षण भनिन्छ ।



Downloaded from http://dhamma.digital

छ । "आयुष्मान् आनन्द ! **एतानि आनन्द रूक्खमुलानि, एतानि सुञ्ञागारानि, झायथानन्द, मापमादत्थ मापच्छाविप्पटिसारिनो अहुवत्थ । अयं वो अम्हाकं अनुसासना-** यहाँ रूखमूल छ, यहाँ शून्यागार छ, ध्यान बृद्धि गर्नु, प्रमाद नहुनु, पछि पश्चाताप नहुनु । यो नै तिमीलाई मेरो अनुशासन हो ।" भनी बुद्धले भिक्षु आनन्दलाई आज्ञा हुनुभयो । भिक्षु आनन्दले यस बुद्धवचनलाई अत्यन्त हर्षका साथ स्वीकार्नुभयो ।

(इन्द्रिय भावना सुत्त-मज्झिम निकाय)

# ५०. तथागत गौतमबुद्ध तथा भिक्षु आनन्द बीच संवाद

(चीनी त्रिपिटकको सुरंगम सूत्रबाट)

बुद्ध - "आनन्द ! तिमी र म (हामी दुबैजना) एउटै रगत परम्पराको, त्यस्तै हामी दुइजना जीवन बिताउने सहोदर दयाले । त्यसैले म तिमीसँग केही प्रश्न सोध्नेछु । तिमी स्वतन्त्रका साथ त्यसको जवाफ दिनसक्छौ । तिमी सर्वप्रथम बुद्धशासनप्रति चासो के कारणले देखाउनुभएको हो ? हाम्रो बौद्ध जीवनमार्गप्रति तिमी कसरी प्रसन्न भयौ ? लौकिक सुख तथा युवा भएका तिम्रो लिङ्गिक आशालाई त्याग्न, दमन गर्न तिमीले कसरी सोच्यौ ?"

आनन्द - "मेरो शास्ता ! मेरो मन लागेको पहिलो कुरा चाहीं हजुरको पौरुषत्वमा देखिएका बत्तीस महापुरुषलक्षण हो । साँच्चै नै मणीमेखलाबाट सबै बस्तुहरू छर्लङ्ग देख्ने जस्तै मैले त्यस बत्तीस महापुरुषलक्षण स्पष्ट तथा स्वच्छ रूपमा झल्किएको देखें । त्यसरी देखिएदेखि मैले निरन्तर रूपमा त्यसबारे चिन्तन गरें । सबै कामाशाहरू जडैदेखि उखेलेर त्यागेकोलाई बाहेक, अरु कसैलाई त्यो विशिष्ट लक्षण हुन सक्दैन । त्यो किन भने ? कसैलाई रागद्वारा जल्दा उसको मन चञ्चल हुन्छ । विक्षिप्त हुन्छ । आत्मदमन गर्ने शक्ति रहँदैन । साहसिक हुनेछ । जिद्धि हुनेछ । लाज, भय हुने छैन । कामाशाहरूमा हिँड्दा शरीरको रगत तात्नेछ । अपवित्र हुनेछ । दूषित हुनेछ ।

Dhamma.Digital

मैले अत्यन्त स्पष्टकासाथ स्वच्छ रूपमा हजुरको शरीरमा देखेको स्वर्णमय रूपमा टल्किएको प्रभास्वर हो । कामरागी शरीरबाट त्यसरी कदापि स्पष्टकासाथ स्वच्छ रूपमा देखिने छैन । यी यस्तै कारणले गर्दा मैले हजुरलाई उत्तम, श्रेष्ठ रूपमा स्वीकारेका हौं । यी यस्तै कारणले गर्दा म हजुरको साँच्चैको श्रावक, अनुयायी हुन उत्साहित भएको हुँ ।"

बुद्ध - "आनन्द ! धेरै राम्रो छ । यस धर्मसभामण्डपमा उपस्थित भएका तिमीहरू सबैले जानिलिनुपर्छ । त्यस्तै मूल्यांकन गरी लिनुपर्छ । अनादिकालदेखि सबै सचेतनिक प्राणी मर्दै, जन्मिदै, एक जीवनबाट अर्को जीवन प्राप्त गर्दै आइरहेको किन होला भने त्यसको कारण मनबारे, विञ्ञाणबारे यथाबोध नभएको कारणले नै हो ।"

आनन्द - "हजुर, स्वामी ।"

बुद्ध - "आनन्द ! म तिमीसँग अर्को एउटा प्रश्न गर्नेछु । कृपया राम्ररी ध्यान दिएर सुन । अहिले भर्खर तिमीले भन्यौ कि मप्रति तिम्रो श्रद्धाभक्ति श्रृजना भएको मेरो शरीरमा भएका बत्तीस महापुरुषलक्षण देखेर



Downloaded from http://dhamma.digital

भनी। त्यस्तो देख्नेबारे मनमा भावना जागृत गरेको कसले हो ? देखेर वा हेरेर सन्तोष हुन सिकाएको कसले ?"

आनन्द - "मेरो शास्ता ! त्यो हेर्न मलाई अभिप्रेरित गरेको, देखेर म सन्तोष भएको, मेरो आँखा तथा मेरो मन हो। मेरो आँखाले त्यस्तो रूप देखेपछि, मेरो मनले तुरुन्तै मलाई सन्तोष गराउने भावना जागृत गऱ्यो। त्यसकारण हजुरको श्रावक हुनलाई मेरो मनले मलाई प्रेरित गऱ्यो। त्यसबाट मलाई जन्म तथा मरण भएको संसारिक भवचक्रबाट मुक्त हुन सकिन्छ भन्ने मलाई लाग्छ।"

बुद्ध - "आनन्द ! तिमीले भर्खरै निवेदन गऱ्यौ कि तिमी सन्तोष हुनेबारे भावना श्रृजना भएको तिम्रो आँखा तथा मनमा भनी, तरपनि आँखाको दृष्टिबारे तथा मनको क्रियाकारित्वबारे तिमीलाई प्रत्यक्षज्ञान यथाबोध छैन भने तिम्रो लौकिक आलम्बन तथा क्लेश क्षय गर्न तिमीले कदापि सकिने छैन। त्यो सही रूपमा, चोरले भरिएको शहरमा तिनीहरूलाई विनाश गर्न उत्साहित भएका राजालाई तिनीहरू लुकिरहेको ठाउँ राम्ररी थाहा पाउन नसकेको हुनाले उसको प्रयत्न व्यर्थ भएसरि हो। लौकिक आलम्बन बन्धन तथा अनेकौं क्लेशहरूद्वारा निरन्तर यातना दिइनेछ। दृष्टिबारे प्रत्यक्षज्ञान विपरित भएका, विश्वास नभएका, दूषित सोचविचार भएका, पालन नभएर, अविद्याद्वारा सञ्चालित मनुष्य जीवन पनि त्यस्तै छ। आयुष्मान् आनन्द ! तिम्रो आँखा र मनबारे सुन्न मलाई मौका दिनु। त्यो लुकी बस्ने रहस्य ठाउँ के तिमीलाई थाहा छ ?"

आनन्द - "भो शास्ता ! शरीरमा भएका विविध इन्द्रिय दशवटाभित्र आँखाको स्थान अनुहारको अगाडी हो। हजुरको कमलफुल (नीलोत्पल) जस्तो आँखा, मेरो आँखा रहेको पनि त्यसरी नै हो। अन्य इन्द्रिय शरीरको बाहिर हो। तरपनि मनमात्र शरीरको भित्री भागमा विद्यमान छ।"

बुद्ध - (भिक्षु आनन्दको कुरालाई बाधा गर्नुहुँदै।) "आनन्द ! तिमी अहिले धर्मसभामण्डपभित्र छौ। त्यसो हैन र ? तिमी जेतवन उपवनतिर हेरेर भन्न सक्छौ ? मण्डप कहाँ छ ? उपवन कतातिर ?" भनी।

आनन्द - "मेरो शास्ता ! साँच्चै नै भन्नसक्छु। यस निःशब्द, तेजद्वारा युक्त धर्मसभामण्डप र जेतवन गृह-उद्यान रहेको अनाथपिण्डिक श्रेष्ठको दर्शनीय महाउद्यानमा।"

बुद्ध - "आनन्द ! अब तिमीलाई पहिले देखिने यस हलभित्र उपस्थित रहेका मानिसहरू कि उद्यान ?"

आनन्द - "मैले सबैभन्दा पहिले देखिने हजुरलाई, त्यसपछि हलभित्र एकत्रित भएका भिक्षुसंघ परिषद् तथा अन्य व्यक्ति, त्यसपछि उपवन तथा अतिसुन्दर रमणीय उद्यान।"

बुद्ध -"आनन्द ! साँच्चै हो। अब मलाई भन्नु, तिमी यहाँदेखि उपवन तथा उद्यानतिर हेर्दा तिम्रो आँखाबाट देखेका विविध दर्शन भिन्ना-भिन्नै देख्न सकिएको कसरी ?"

आनन्द - "धर्मसभामण्डपमा झ्याल, ढोका राम्ररी खोलेर राखेकोले हो। त्यसकारण यहाँदेखि टाढासम्म भएका वस्तुहरू देख्न सकें।"

बुद्ध - श्रावक समूहको अगाडि आफ्नो स्वर्णमय हात पसारी भिक्षु आनन्दको कपाल बिस्तारै मुसार्दै यसरी आज्ञा हुनुभयो "आनन्द ! तिमीले पहिले भन्यौ कि तिम्रो मन रहेको तिम्रो शरीरभित्र भनी। त्यसोभए यो पवित्र मन साँच्चै नै विद्यमान रहेको तिम्रो शरीरभित्र भए, सबभन्दा पहिले तिम्रो शरीरभित्र देख्नसक्नुपर्ने हो। तरपनि आफ्नो शरीरको बाहिरी भाग जस्तै भित्री भाग देख्नसक्ने कोही पनि छैनन्। आफ्नो हृदय, मुटु,



Downloaded from http://dhamma.digital

आन्द्राभुँडी, फोक्सो, किड्नी आदि शरीरभित्र भएका वस्तुहरू कसैले देख्न सक्दैनन् । अन्तमा नङ् उम्जिने तरीका, कपाल लामो हुने स्वरूप, नाडि चल्ने तरीका भएपनि देख्नुपर्ने हो । शरीरभित्र मन छ भने त्यो किन देख्न नसकेको ? शरीरभित्र मन छ भने, शरीरभित्र भएका वस्तुहरू मनले देख्दैन भने, शरीर विना ती बस्तुहरू देख्ने कसरी ? त्यसकारण मन शरीरभित्र छ भन्ने कुरा स्वीकार्न सकिन्न ?"

आनन्द - "हजुरको कुरा सुनेर मैले सोचें कि मेरो मन मेरो शरीर बाहिर हुनुपर्दछ भनी । त्यो साँच्चै नै बत्ती जस्तै छ । बत्ती कोठाभित्र बालिराख्यो भने, त्यसले सर्वप्रथम कोठालाई उज्यालो पारी, त्यसपछि ढोकाको प्वाल, चुकुलको प्वालबाट बाहिर र चोकमा पनि छरिन्छ । त्यो त्यसो हो भने कसैले भित्र भएका बस्तु नदेख्ने र बाहिर भएका बस्तु देखिने किन होला ? मन कोठा बाहिर राखिएको बत्ती जस्तै हो । भित्र अँध्यारो भएको हुनाले, कसैले मन के हो भनी यथार्थ रूपमा बोध गर्न सकिन्छ भने उसलाई कुनै प्रश्न रहने छैन । उसलाई बुद्धसँग हुनुपर्ने ज्ञान तथा सत्यावबोध प्राप्त हुनेछ ।"

(सुरंगम सूत्र)

## ५१. तथागत गौतमबुद्धले भिक्षु आनन्दसँग प्रश्न गर्नुहुन्छ

बुद्धले पूर्व (पहिले), बीच (मध्य) र अन्त आदि तीनै ठाउँमा राम्रो भएको सुमधुर नरम स्वरमा धर्मदेशना गर्नुभयो । भिक्षु आनन्दसहित श्रावकसमूहले त्यो धर्मदेशना राम्ररी सुनेर सन्तोष भई बुद्धलाई प्रशंसा गऱ्यो ।

तरपनि भिक्षु आनन्द त्यतिबाट सन्तोष नभई बुद्धकहाँ गई पञ्चाङ्ग दण्डवत् गरी एकछेउमा बसेर यसरी निवेदन गरे "भाग्यवत् शास्ता ! हजुरले हामीहरूप्रति कृपा राख्नुभई पवित्र भएका, आश्चर्यले युक्त भएका परमार्थ धातुको अखण्डता आदिअन्तबारे जस्ताको तस्तै देशना गर्नुभयो तर त्यसको सम्पूर्ण अर्थ मैले बुझिलिन सकेनौं । शास्ता ! त्यो मैले बुझेको यसरी "षड्इन्द्रियहरू सबै क्लेशारम्मणमा आलम्बन हुनसक्ने हुनाले मुक्त हुन्छ । चित्त र चैतसिकमा शेष हुने स्वच्छ संकल्प आफै निरोध हुँदै यथाभूत धातुमै बाँकी हुन्छ । त्यसमा निरोध हुनु वा शेष हुने बारे क्रियाकारित्व अखण्ड रूपमा क्रमशः आयतनबाट सिद्ध हुन्छ आदि भनी निवेदन गर्दछु । शास्ता ! हामी जस्ता पृथग्जन भिक्षुहरूको र भविष्यमा हुने भिक्षु परम्पराको पनि हित-सुखको लागि यो विस्तृत रूपमा देशना गर्नुहोस् ।"

त्यसबेला बुद्धले सिल्कद्वारा निर्मित रुमाल हातमा लिनुभई, त्यसमा गाँठो बाँधेर एकत्रित भएका भिक्षुसंघलाई देखाउनुहुँदै, "भिक्षु हो ! यो के हो ?" भनी प्रश्न गर्नुभयो ।

आनन्द - "शास्ता ! हजुरद्वारा गाँठो बाँधिएको सिल्क रुमाल हो ।

बुद्ध - (त्यस रुमालमा अर्को गाँठो गाँस्नुहुँदै) "अब यो के हो ?"

आनन्द - "अर्को गाँठो गाँसेको रुमाल ।"

बुद्ध - अर्को पनि गाँठो बाँध्नुहुँदै पुनः अर्को पनि गाँठो बाँध्नुभयो । यसरी गाँठो पाँचवटा बाँधेर "यो के हो ? यो के हो ?" भनी सोध्नुभयो ।



Downloaded from http://dhamma.digital

आनन्द - "त्यो पनि गाँठो, त्यो पनि गाँठो हो" भनी गाँठो पाँचवटाबारे बेग्ला-बेग्लै निवेदन गरिरहे।

बुद्ध - "आनन्द ! मैले पहिलो गाँठो तिमीलाई देखाएर यो के हो ? भनी सोद्धा तिमीले यो गाँठो भनी भन्यौ। दोस्रोलाई पनि त्यसो भन्यौ। गाँठो पाँचवटा क्रमशः देखाएर सोद्धा पनि ती सबै गाँठो भनी निवेदन गर्‍यौ।"

आनन्द - "भो शास्ता ! रुमाल विविध वर्णले युक्त मसीनो धागोले निर्माण गरिएको कपडाको टुक्रा हो। त्यसमा गाँठो बाँधेमा त्यसलाई गाँठो भनी भन्नु गलत छैन। त्यसमा गाँठो सयवटा बाँधे पनि त्यो एउटा एउटा गाँठो पनि यसरी नै ब्यक्त गर्न सकिन्छ। तर पनि हजुरद्वारा घटिबढी नगरी गाँठो पाँचवटामात्र बाँधियो। के हो शास्ता ! पहिले बाँधेको गाँठोलाईमात्र गाँठो भनी आज्ञा हुनुभएको ?"

बुद्ध - "आनन्द ! यो राम्रो रुमाल एउटै कपडाको टुक्रा भने पनि, त्यसमा गाँठो पाँचवटा छन् भनी व्यक्त गर्नु पनि गलत छैन। अब यहाँ राम्ररी ध्यान दिएर हेर्नु। यो सिल्क रुमाल सिल्क धागोबाट बनाइएको एउटै कपडाको टुक्रा हो। बाहय रूपमा बाहेक गाँठो बाँधिएकोले त्यो कुनै पनि आकार प्रकारमा फरक भएको छैन। अहिले पनि त्यो पहिलेकै रुमाल हो। अब विचार गरी हेर्नु। मैले यो पहिले बाँध्दा पहिलो गाँठो बन्न गयो। दोस्रोपल्ट बाँध्दा दोस्रो गाँठो बन्न गयो। यस प्रकार गाँठो पाँचवटा एउटै रुमालमा रहन पुग्यो। अब मैले छैठौं गाँठोदेखि पछाडि गणना गर्‍यो भने छैठौं गाँठो पहिलो गाँठोको रूपमा गनिन्छ हैन र ?"

आनन्द - "हैन, शास्ता ! रुमालमा क्रमशः गाँठो पाँचवटा बाँधेमा अन्तिम गाँठो छैठौं हुनुपर्दछ।"

बुद्ध - "ठीक छ। म तिम्रो विचारसँग सहमत छु। तरपनि यी गाँठो पाँचवटै पूर्ण रूपमा एकसमान छैन। यस फरकको हेतु वा कारण तिमीले खोजेमा, ती सबै एउटै रुमालमा निर्माण गरिएको भन्ने तिमीलाई बोध हुनेछ। तिमीले यस रुमाललाई बिगार्न पनि सकिँदैन। तर पनि तिम्रो इच्छा छ भने गाँठोबारे यथार्थ रूपमा, फरक पार्न सकिनेछ। रुमाललाई बिगार्न नसक्ने किन भने ? त्यो सिङ्गै रुमाल एउटै कपडाको टुक्रा भएकोले हो। आनन्द ! षड्इन्द्रियमा[४] भएका यथासत्य पनि यो जस्तै हो। षड्इन्द्रिय मानिसको मनमा भएका निश्चित स्वभावमा बाँधिराखेको गाँठो छवटा हुनजान्छ र त्यसको अन्तबाट नै षड्इन्द्रियबारे विविधाकारको स्वरूप स्पष्टिन्छ।

आनन्द - शास्ता ! रुमालमा गाँठो जबसम्म रहन्छ। तबसम्म त्यससम्बन्धी क्रमशः आकारप्रकार आदिबारे तर्कवितर्क श्रृजना हुन्छ। केही गरेर गाँठो फुकालिदिएमा त्यस्तो श्रृजना हुने छैन। किन भने, गाँठो फुकालिएपछि केवल रुमालमात्र बाँकी हुने हुनाले हो।"

बुद्ध - "आनन्द ! त्यो त्यस्तै हो। षड्इन्द्रिय स्वच्छ मनप्रति आलम्बन भइरहने तरिका पनि त्यस्तै हो। षड्इन्द्रियद्वारा सारा क्लेश प्रहीण भएमा विमर्षण चैतसिकमा शेष भएका स्वच्छन्द संकल्प पनि बिलाएर जानेछ। किन भने अनादिकालदेखि सञ्चय गरी आएका सावद्य इन्द्रिय संकल्प हेतु गरी रोगी भएका, विकृत भएका मनभित्र तृष्णा, द्वेष तथा रागादि क्लेशले बढिसे बढि फल श्रृजित गएिको हुन्छ। यस क्लेशबाट निरन्तर फरक हुँदै रहने इन्द्रियप्रति, सक्कायदिट्ठि, विचिकिच्छा संख्यात, संकल्प पनि प्रकट भइरहने हुनाले षड्इन्द्रियद्वारा आश्रित भवपासा वृद्धि हुँदै आएका भूठो संकल्प चाहिं मायाकारी संकल्प हो। त्यो विकृत

४ आँखा, कान, नाक, मुख, शरीर र मन आदि हुन् षड्इन्द्रिय।



Downloaded from http://dhamma.digital

मन भएका व्यक्तिलाई आकाशमा देखिने मायाकारी फुलगुच्छा जस्तै हो, मरुभूमिमा देखिने मृगतृष्णा जस्तै हो । त्यस्तो क्लेश प्रहीण भएकाले प्रफुल्लित भएका, प्रज्वलित भएका स्वच्छ मनमा श्रृजित हुने संकल्पको स्वभाव प्रकट भएपनि, यथार्थ रूपमा त्यस्तो श्रृजना हुने कारण मनमा भएका रोगी स्वभावले गर्दा नै हो ।

मृत्यु, पुनरुत्पत्ति जस्ता आध्यात्मिक भएका, नदी, पहाड डाँडा-काँडा जस्ता बाहिरी रूपमा सारा संकल्पप्रति यी नै स्वभाव रूपमा विद्यमान रहन्छ । पुनश्च छरिएका, भ्रमित भएका, विपरीत स्वभाव आश्रित भएका अविवेक चित्तभित्र मनोधातु तथा निर्वाणसंख्यात विचक्षण, विवेकमय मनस्थितिमा समेत रोगी मनभित्र, आकाशमा दृश्यमान हुने आश्चर्य, मायाजाल पुष्पको रूपमा वा मरुभूमिमा देखिने मृगतृष्णा जस्तै परिवर्तन हुन्छ" भनी बुद्धले आज्ञा हुनुभयो ।

आनन्द - "भो शास्ता ! मनभित्र निरन्तर रूपमा विद्यमान हुन आउने, फरक हुने स्वभाव प्रत्यय गरी राखेको यी स्वच्छ संकल्प (स्त्री-पुरुषादि स्वभावलाई ग्रहण गरी लोभसहगत चैतसिक) भन्ने अद्भूतधर्म रुमालमा भएका गाँठोसँग समान छ भने त्यस्तो गाँठोलाई कसरी खोल्न सकिन्छ ?"

बुद्ध - "रुमाल लिएर अनावश्यक रूपमा यताउता तानेर यताउता झट्का हानेर, यो गाँठो यसरी खोल्न सकिन्छ कि ?" भनी प्रश्न गर्नुभयो ।

आनन्द - "सकिंदैन शास्ता !"

बुद्ध - "पुनः रुमाललाई अर्को तरीकाले यताउता तानेर, त्यसो भए यस प्रकारले फुकाल्न सकिन्छ कि ?" भनी प्रश्न गर्नुभयो ।

आनन्द - "त्यसरी पनि सकिंदैन शास्ता ।"

बुद्ध - "आनन्द ! यो रुमालको गाँठो फुकाल्न मैले यसरी प्रयास गरें । ठीक (सफल) भएन । त्यसपछि अर्को तरीकाले प्रयास गरें । त्यो पनि ठीक भएन । गाँठो फुस्किएन । मेरो प्रयास सफल भएन । ठीक छ ? आनन्द ! यो गाँठो फुकाल्नुपर्‍यो भने कसरी फुकाल्ने ?"

Dhamma.Digital

आनन्द - "भो शास्ता ! म सर्वप्रथम यो गाँठो बाँधेको तरीका कसरी ? भनी एउटा एउटा गरी राम्ररी परीक्षा गरी हेर्नेछु । त्यसमा यथार्थता बुझिसकेपछि गाँठो फुकाल्नेछु ।"

बुद्ध - अति राम्रो छ आनन्द ! त्यो गाँठो खोल्नलाई त त्यसो नै गर्नुपर्छ । आनन्द ! मद्वारा तिमीलाई सिकाइएका धर्मबारे गर्नुपर्ने तरीका पनि त्यसरी नै हो । "हेतुफल नियमानुसार सारा धर्मस्वभाव पनि उत्पन्न हुन्छ भनी मैले तिमीलाई देशना गरिएको धर्म पनि स्वयम्भूज्ञानद्वारा अवबोध गरिएका इहलोक तथा परलोक दुबैलाई प्रयोजन हुने, सारा धर्मलाई समान भएको धर्म हो । आनन्द ! तथागतलाई सबै धर्मको प्रकृतिस्वभाव ज्ञात भएको हुन्छ । वहाँलाई इच्छित भएअनुसार जस्तोसुकै तरीकाले पनि प्रकाशित गर्न सक्नुहुन्छ । नदीले नदीको बालुवामाथि परेको पानीको थोपा थोपाबारे थाहा पाएको हुन्छ । देवदार भन्ने रूखको सीधा वा ठाडो बारे, काँडा तथा झाडीको वक्रस्वभाव, बकुलाको सेतो रङ्ग, Coconut bird को खैरो रङ्ग आदि विभिन्न धर्मको बारे यथास्वभाव हेतुफल नियामधर्म अनुसार थाहा हुन्छ ।

तसर्थ आनन्द ! तिमीले मनपराएका जुनसुकै इन्द्रिय भएपनि छानेर त्यससँग घट्टन भइरहेका अभ्यन्तर तथा बाहिरका सारा बन्धन टोडिदियो भने, विमर्शन चैतसिकमा रहेका सारा मिथ्या संकल्प विनाश भएर



Downloaded from http://dhamma.digital

जानेछ। कुनै इन्द्रिय संकल्प वा त्यसमाथि उत्पन्न भएका चेतना वा अनित्यस्वभाव तथा मायाकारीस्वभाव बोध गरिलिएमा, इन्द्रिय संकल्पप्रति आलम्बन (आकर्षित) हुने स्वभाव पनि नाश भएर जानेछ। यसप्रकार इन्द्रियको बशमा पर्ने स्वभावलाई सम्पूर्ण रूपमा नाश गरिएका स्वच्छ मनोधातु मात्र बाँकी रहनेछ।

आनन्द ! म तिमीसँग अर्को प्रश्न सोध्नेछु। रुमालमा भएका ६ वटै गाँठो एकैचोटी फुकाल्न सकिन्छ ?"

आनन्द - "सकिँदैन शास्ता ! यस गाँठो तपाईंले पार्नुभएको एउटा एउटा गरी बेग्ला-बेग्लै हो। त्यसकारण फुकाल्नलाई पनि एउटा एउटा गरी बेग्ला-बेग्लै फुकाल्नुपर्छ।"

बुद्ध - "आनन्द ! षड्इन्द्रिय संकल्पले युक्त भई रहने स्वभावलाई छेदन गर्ने तरीका पनि त्यसरी नै हो। सावद्यसंकल्प संख्यात गाँठोमध्ये प्रथमतः फुकालिदिनुपर्छ, गाँठो भन्नाले मानिससँग, व्यक्तिसँग विद्यमान माया तथा ममत्वसम्बन्धी गाँठो हो। मानिस वा व्यक्तिले प्रथमतः आफूमा भएका ममत्वको सावद्यता, अनित्यतालाई यथोचित रूपमा बोध गरी लिनुपर्छ। त्यो सम्पूर्ण रूपमा, यथार्थ रूपमा बोध गरेमा उसको मन शान्त रूपमा प्रफुल्लित हुनेछ। दीप्तिमान हुनेछ। दोस्रो फुकाल्नुपर्ने गाँठो चाहिँ आफूले पाइराखेको अवस्था संख्यात गाँठो हो। त्यसमा भएका खोक्रोपन, अनित्य स्वभाव, सावद्यभाव, अस्थिरभाव सम्पूर्ण रूपमा बोध गरेर त्यस गाँठोलाई पनि छेदन गरिनुपर्छ। ममत्व तथा स्वयंले पाइराखेका स्वभाव जस्ता संकल्पबारे सावद्यता, विक्षिप्तभाव यथार्थ रूपमा बोध गरिलिएमा त्यो सबै सम्पूर्ण रूपमा छेदन गरिनुपर्छ भन्ने पनि बोध हुनेछ। त्यो स्वच्छ मन भित्र फेरि-फेरि पनि टाँसिएर मनलाई विक्षिप्त गर्न, व्याकुल पार्नलाई अवस्था प्राप्त हुने छैन।

(From PAGN TO CHRISTIAN BY LIN YUTANG)

(चीनी त्रिपिटकमा उल्लेखित सुरंगम सूत्रबाट उद्धृत गरिएको अंश हो।)

## ५२. तथागत गौतमबुद्धको महापरिनिर्वाण

अस्सीवर्ष उमेर पुग्नुभएका तथागत गौतमबुद्ध एकदिन भिक्षु आनन्दलाई सम्बोधन गर्नुहुँदै, "आनन्द ! हामी हिरण्यवती नदीबाट पारी गएर कुशीनारानगर मल्लराजाहरूको उपवन भन्ने साल उद्यानमा जाऔं" भनी आज्ञा हुनुभयो। भिक्षु आनन्द, "हवस् शास्ता ! जाऔं" भनी तथागत गौतमबुद्धको अनुरोध स्वीकार्नुभयो। त्यसपछि तथागत गौतमबुद्ध आफू वरिपरि उपस्थित भई बसिरहनुभएका भिक्षुसंघसहित उपवत्तन साल उद्यानमा पाल्नुभयो। त्यहाँ भिक्षु आनन्दलाई सम्बोधन गर्नुहुँदै, तथागत गौतमबुद्ध त्यहाँ भएका विशाल सालवृक्ष दुइटा देखाउनु हुँदै "यस सालवृक्ष दुइटा बीच आसन राख्नु" भनी आज्ञा हुनुभयो। भिक्षु आनन्द उद्यानमा राजाहरूको प्रयोजनको लागि राखिएको आसन ल्याउन लाएर राख्न लगाउनुभयो। तथागत गौतमबुद्ध दाँया खुट्टामाथि बाँया खुट्टा राख्नुहुँदै दायाँतिरबाट खातमा लेट्नुभयो। सालवृक्षद्वयभरि फुलेका सालको फूल सबै झरेर सारा प्रदेश फूल बिछ्याइएसरि, फूलको बिछ्यौना जस्तो भयो। बुद्धले भिक्षु आनन्दलाई सम्बोधन गर्नुहुँदै "हेर, यस अचेतनिक सालवृक्षद्वयले समेत फिजाइएका फूलगुच्छाद्वारा फैलिएको हावाको सुगन्धले मलाई पूजा गरिरहेको स्वभाव। आनन्द ! तिमीले नदेखेता पनि आकाश र यस सारा प्रदेशमा रहेका देवी-देवताहरूले समेत पुष्पादि सुगन्धद्वारा मलाई पूजा गर्दैछन्। आनन्द ! यस


Downloaded from http://dhamma.digital



शास्ता ! हजुरद्वारा गाँठो बाँधिएको सिल्क रूमाल

Downloaded from http://dhamma.digital



तथागत गौतमबुद्धको महापरिनिर्वाण

Downloaded from http://dhamma.digital

आमिष पूजा मलाई गरिने श्रेष्ठ पूजा हैन। श्रेष्ठ गौरव सत्कार हैन। साँचैको मानसम्मान हैन। कुनै भिक्षु वा भिक्षुणी, उपासक वा उपासिका धर्मानुसार आचरणले युक्त हुन्छ भने वा भई बस्छ, सामिचि प्रतिपदाले युक्त भई बस्छ, धर्मानुसार आचरण गर्छ भने ह ! ह ! त्यो व्यक्ति नै मलाई साँचो अर्थमा सत्कार गरेको व्यक्ति हुनेछ। गौरव गरेको व्यक्ति हुनेछ। मानसम्मान गरेको व्यक्ति हुनेछ। श्रेष्ठ पूजाद्वारा मलाई पूजा गर्ने व्यक्ति हुनेछ। आनन्द ! त्यसकारण मैले यी व्यक्त गरिएका विषयबारे विशेष रूपमा सचेत तथा अप्रमादि हुनु जरूरी छ।"

आनन्द ! श्रद्धावान् कुलपुत्रद्वारा देख्नुपर्ने, हेर्नुपर्ने, हेरेर संवेग जगाउनुपर्ने ठाउँ चारवटा छन्। बुद्ध जन्मनुभएको ठाउँ, बुद्धत्व लाभ गरेको ठाउँ, प्रथम धर्मदेशना गरेको ठाउँ तथा महापरिनिर्वाण हुनुभएको ठाउँ हो। यी चार ठाउँमा जाने जस्तोसुकै श्रद्धावान् व्यक्तिलाई त्यस संवेजनीय स्थानमा धर्मसंवेग उत्पन्न हुनेमा शंका छैन।"

भिक्षु आनन्द - **"भो शास्ता ! महिलाहरूको सम्बन्धमा हामीले कसरी व्यवहार गर्नुपर्छ** ? भनी हजुरबाट थाहा पाउन इच्छुक छु।"

बुद्ध - **"तिनीहरूलाई नहेरी बसेमा अति नै राम्रो हुनेछ।"**

आनन्द - **"ठीक छ। हेर्नु वा देख्नुपरेमा ?"**

बुद्ध - **"देख्नुपरेमा कुराकानी नगरी बसेमा राम्रो हुनेछ।"**

आनन्द - **"ठीक छ। कुराकानी गर्नुपरेमा ?"**

बुद्ध - **"राम्रो कल्पनाकासाथ (होशले युक्त भई) कुराकानी गर्नुपर्छ**। आफूभन्दा सानो उमेरकी महिलासँग कुराकानी गर्नुपरेमा, ऊ आफ्नो **बहिनी** भन्ने पवित्र चेतनाले युक्त भई तथा आफूभन्दा जेठो महिलासँग कुराकानी गर्नुपरेमा ऊ आफ्नो **ठूली दिदी** भन्ने पवित्र चेतनाले र वृद्ध महिलासँग कुराकानी गर्नुपरेमा ऊ **आफ्नो आमा** भन्ने पवित्र चेतनाले ओतप्रोत भई कुरा गर्नुपर्छ।"

आनन्द - "बुद्ध शरीरबारे हामीले कसरी व्यवहार गर्नुपर्छ भनी थाहा पाउन इच्छुक छु।"

बुद्ध - "आनन्द ! **बुद्ध शरीरलाई पूजोपहार गर्नको लागि तिमी आफ्नो समय खेर नफाल्नु**। मप्रति अत्यन्त प्रसन्न भएका राजाहरू, साहु-महाजनहरू, ब्राम्हणहरू, गृहपतिहरू धेरै छन्। तिनीहरूले ती कार्य राम्ररी गर्नेछन्।"

आनन्द - "ठीक छ, तिनीहरूले बुद्ध शरीरप्रति कसरी व्यवहार गर्नेछन् त ?"

बुद्ध - "चक्रवर्ती राजाको शरीरप्रति गरिने केही व्यवहार वा नियम छ, ह ... ! ह ... ! त्यसरी नै बुद्ध शरीरप्रति पनि व्यवहार गर्नुपर्छ।"

आनन्द - "चक्रवर्ती राजाको शरीरप्रति कसरी व्यवहार गरिन्छ भन्ने कुरा जान्न इच्छुक छु।"

बुद्ध - चक्रवर्ती राजाको लाशमा नयाँ रेशमी कपडाले बेरिन्छ। त्यसपछि फेरि राम्ररी पेलिएको सूती कपडाले बेरिन्छ। त्यसपछि फेरि नयाँ रेशमी कपडाले बेरिन्छ। यस्तै क्रममा ५०० चोटी रेशमी कपडाले


Downloaded from http://dhamma.digital

बेरिन्छ । त्यसपछि सुनबाट बनाइएको भाँडामा तेल राखेर त्यसभित्र लाशलाई राखेर त्यस्तै अर्को सुनले बनाएको भाँडाले छोपेर चन्दनको दाउराले बनाइएको चितामाथि राखेर गौरव सम्मानसहित दाहसंस्कार गरिनेछ ।

आनन्द ! मृत्यु भएपछि चैत्य बनाएर वन्दनामान गर्नुपर्ने व्यक्तिहरू चारजना छन् । तिनीहरू चाहिँ बुद्ध, प्रत्येकबुद्ध, बुद्धश्रावक तथा चक्रवर्ती राजा हुन् । यी चारजनाको स्तुप देखेर धेरैले मन प्रसन्न गर्नेछन् । वन्दनामान गर्नेछन् । पूजोपहार गर्नेछन् । त्यसरी मन प्रसन्न गरेर वन्दनामान गर्नाले प्राप्त हुने पुण्यको हेतुले निश्चय नै ऊ मृत्युपछि सुगति स्वर्गलोकमा जन्मिनेछ ।"

(महापरिनिब्बाण सूत्र)

## ५३. भिक्षु आनन्द रुवाबासी गर्नुहुन्छ

तथागत गौतमबुद्ध तथा भिक्षु आनन्दबीच माथि उल्लेखित कुराकानीपश्चात् भिक्षु आनन्द गौतमबुद्ध बसिरहनुभएको ठाउँबाट विस्तारै उठ्नुभई मण्डलमाल विहारमा जानुभई ढोका बन्द गरी एक छेउमा भएको ढोकाको चुकुलमा झुण्डीएर, "बुद्धको अग्रोपस्थापक हुनको लागि कल्पलक्षदेखि पारमी धर्म पूरा गरी मैले प्राप्त गरिएका मेरा शास्ता, म जन्मेको दिनमा नै जन्मनुभएका, मेरो ठूलबाको ठूलो छोरो, मैले मागेको आठवटा वरदान मलाई दिनुभएका, सारिपुत्रादि महास्थविरहरू उपस्थित हुनुभई उपस्थापक पदको लागि आग्रह गर्नुभए तापनि अग्रोपस्थान पदमा मलाई नै नियुक्त गर्नुभएका मेरा शास्ता, छ्याँयासरि पच्चीस वर्षभरि आफू पछि पछि मलाई साथमा लिएर जानुभएका, अन्तःपुरका महिलाहरूलाई धर्मदेशना गर्नको लागि एकजना भिक्षुको माग गरेको समयमा अरहत् भिक्षुहरू हुँदा हुँदै पनि मलाई नै नियुक्त गर्नाले मप्रति अल्पमात्र भएपनि शंका नभएका, अनेकौं स्थानमा, समयमा मेरो दक्षताबारे प्रशंसा गर्नुभएका, मेरोबारे अरुलाई भन्दा राम्ररी जान्नुभएका मेरा शास्ता आज परिनिर्वाण हुँदै हुनुहुन्छ । म भर्खर श्रोतापन्न मात्रै भएँ, अरहत्सम्म पनि हुन सकेको छैन । मलाई अनुकम्पा राख्नुभएका, मेरा शास्ता हुनुभएका तथागत गौतमबुद्ध परिनिर्वाण हुँदै हुनुहुन्छ । म एक्लो हुँदैछु । त्यसप्रकारको करुणासागर जस्तो, मैत्रीको मूर्ति जस्तो, दशदिशामा फैलिएका रश्मिद्वारा युक्त, उज्ज्वल रश्मिले युक्त हुनुभएका, सुमधुर स्वर भएका करुणाले युक्त हेराई भएका, मैत्रीको धारा बगेको जस्तो वचन तथा सुमधुर स्वरले युक्त, श्रेष्ठ, उत्तम शरीर स्वभावद्वारा युक्त (श्रेष्ठतम देह विलासद्वारा युक्त) शान्त यात्रा भएका, देख्नेहरूको मन प्रसन्न गराउने दर्शन म अब फेरि कहिले देख्न पाउँला र ?" कहिले पाउन सकुँला ? त्यस्ता श्रेष्ठ हुनुभएका स्वामीलाई, शास्तालाई, दार्शनिकलाई, तापसलाई, ऋषिलाई, वीर्यवान्लाई, लोकनायकलाई उपस्थान गर्न मैले फेरि मौका पाउँला र ? अहो ! वहाँलाई नदेखी एकदिन, एकघण्टा, एकक्षणमात्र भए पनि म कसरी बिताउने ? राती नसुतिइ चिराग हातमा लिई सात-आठचोटी गन्धकुटी घुम्दै यतिका समय मैले मेरो शास्ता गौतमबुद्धको हेरचाह गरें हैन र ? आजदेखि मैले तातोपानी, चीसोपानी कसलाई चढाउने ? अबदेखि आनन्द ! भनी आनन्दयुक्त सुमधुर स्वरले मलाई कसले बोलाउला र ? मलाई अववाद उपदेश कसले गर्ला ? मेरो अनुपस्थितिमा भए, घटेका घटना, गर्नुभएका कुराकानी, प्रश्न, छलफल, दिनुभएका उत्तर, देशना गर्नुभएका धर्मोपदेश आदि यथाकार रूपमा पुनः मलाई कसले सुनाउला ? **"एवं मे सुतं ...."** भनी अझ धेरै भन्न बाँकी कुराहरू आजदेखि



Downloaded from http://dhamma.digital

समाप्त हुनेछ। बिम्बिसार, कोसल नरेश, अजातसत्रु आदि श्रीपेच लाउनुभएका राजा-महाराजाहरू तथागत गौतमबुद्धलाई भेट्न जानुभएको मसँग अनुमति लिएर जानुभएको थियो हैन र ? त्यो दिन मद्यपान गरी बेहोशीका साथ यत्रतत्र लड्दै तथागत गौतमबुद्धको अगाडी आएका नालागिरी हात्तीलाई आफ्नो ज्यान बाजि राखी तथागत गौतमबुद्धलाई बचाउन अगाडी गएको बेलामा मलाई रोक्नुभएको कुरा म कसरी भुलौं ?

कहिलेकाहिँ तथागत गौतमबुद्धले मन्द मुस्कानका साथ हाँस्नुभएको बेला किन हाँस्नुभएको ? भनी मैले सोधेको जुनसुकै समयमा पनि अत्यन्त खुशीकासाथ त्यसको कारणाकारण आज्ञा हुनुभएका कुरा म कसरी बिर्सौं ? जुनसुकै समयमा पनि प्रश्न सोध्ने अनुमति दिई राख्नुभएको कोटिसंख्यात जनताहरूमध्ये मलाई मात्र हैन र ? इत्यादि हजारौं कल्पनाद्वारा युक्त हुँदै रुँदै विलाप गर्न थाल्नुभयो।

एकछिनपछि तथागत गौतमबुद्धले, भिक्षु आनन्दलाई नदेखिएपछि "आनन्द कहाँ छ?" भनी भिक्षुसंघसँग सोध्नुभयो। भिक्षुहरूले "आनन्द ढोका छेउमा बसेर रुँदैछन्" भनी बुद्धलाई जानकारी गराउनुभयो। तथागत गौतमबुद्धले एकजना भिक्षुद्वारा डाक्न पठाउनुभई आफू नजिक बोलाउनुभयो। धेरै दु:खितकासाथ नजिक आएका भिक्षु आनन्दलाई सम्बोधन गर्नुहुँदै "आनन्द नरोऊ, शोक नगर्नु, कुनै पनि दिनमा सबै प्रिय बस्तुदेखि बिछोड भई बस्नुपर्नेछ" भनी मैले पहिले नै भनेको थिएँ। "जन्मेका, उत्पन्न भएका सारा बस्तु टुट्ने, विनाश हुनेछ, क्षय हुने स्वभावको छ। त्यसो नहोऊ भनी कसैले पनि रोक्न सक्नेछैन। "आनन्द ! तिमी धेरै समयसम्म विना दोधार, इमान्दारका साथ, स्वच्छ, सफा मनले करुणाका साथ मलाई सेवा गर्‍यौं। तिमी पहिले धेरै सञ्चित पुण्यद्वारा युक्त छौ। प्रमादी नभई वीर्य वृद्धि गर्नु, चाँडै अरहत् फलमा प्रतिष्ठित हुनु" भनी आज्ञा हुँदै आनन्दलाई सम्झाउनुभयो। त्यसपछि भिक्षुहरूलाई सम्बोधन गर्नुहुँदै "भिक्षु हो ! अतीतका सारा बुद्धहरूलाई पनि आनन्द जस्तै उपस्थापक भिक्षुहरू थियो। भविष्यमा जन्मिने सारा बुद्धहरूलाई पनि आनन्द जस्तै उपस्थापक भिक्षुहरू हुनेछ। भिक्षु हो ! मलाई भेट्न आउने भिक्षु-भिक्षुणी, उपासक-उपासिकाहरू चारपरिषद्लाई मलाई भेट्न यो उचित समय हो। राजाहरू, सेंठहरू, महामन्त्रीहरूले पनि मलाई भेट्ने यो उचित समय हो। तीर्थंकर तथा तिनीहरूका श्रावकहरूलाई यो उचित समय हो भनी आनन्दलाई राम्ररी थाहा।"

"भिक्षु हो ! आनन्दमा आश्चर्यले युक्त अचम्मको चारवटा गुण विद्यमान छन्। मलाई भेट्न आउने कुनै पनि भिक्षु समूहले प्रथमत: भेट्ने आनन्दलाई नै हो। आनन्दलाई देख्नासाथ ती भिक्षुहरू आनन्दप्रति अचम्मकासाथ प्रसन्न हुँदा रहेछन्। त्यसपछि आनन्द ती भिक्षुहरूसँग कुराकानी गरेमा त्योभन्दा अझ बढी प्रसन्न हुन्थ्यो। त्यसपछि पनि अलिकति धर्मोपदेश गरेमा त्यतिले मात्र सन्तुष्ट नभई अझ झन् झन् सुनिरहुँ जस्तो गरी झन् बढी सुन्न प्रतिक्षा गरी बसिरहन्छन्। तर पछि आनन्द नि:शब्द भई बसिदिन्छ र भिक्षुहरू भने आनन्दको त्यस नि:शब्दता पनि प्रसन्न भई अत्यन्त सन्तोष हुन्छन्।"

यसरी व्यक्त गर्नुभएपछि आनन्द, "भो शास्ता ! यस कुशीनगर जस्तो सानो शहरमा परिनिर्वाण नहुनुहोस्। चम्पा, राजगृह, सावत्थि, साकेत, कौसम्बी, वाराणसी जस्ता धेरै ठूला शहर यस जम्बुद्वीपमा छन्। तपाईंलाई धेरै सम्मान सत्कार गर्नुभई अत्यन्त प्रसन्न भएका राजा, महाराजाहरू, मन्त्री, महामन्त्रीहरू, सेँठ तथा महासेँठहरू ती शहरहरूमा छन्। तिनीहरूले तपाईंको शरीर देहलाई अत्यन्त योग्यतानुसार, श्रेष्ठ पूजा-आजा, मानसम्मान गर्नेछन्।" "आनन्द ! कुशीनगर सानो शहर भनी नभन्नु। अतीत समयमा



Downloaded from http://dhamma.digital

**महासुदस्सन** नामका **चक्रवर्ती राजाले** यस शहरमा बास गरेका थिए । त्यस समयमा यस शहरको नाम **कुसावति** थियो । बाह्रयोजन लम्बाई, चौडाइले सात योजन थियो भने त्यस समयमा देवी-देवताहरूको **आलकमन्दा** भन्ने राजधानी ऐशआरामद्वारा समृद्धशाली हुनाका साथै सुखित-मुदित जनताहरूद्वारा भरिपूर्ण थिए ।"

"आनन्द ! कुशीनगरका मल्ल राजाहरूलाई भेटेर भन्नु कि "आजको रातमा तथागत गौतमबुद्ध परिनिर्वाण हुनुहुँदैछ र चाँडै आउन खबर गर ।" भिक्षु आनन्द अर्को एकजना भिक्षुसँग कुशीनगरमा गई मल्लराजाहरूलाई उक्त खबर सुनाउनुभयो । त्यसपछि मल्लराजाहरू, महारानीहरू, राजकुमार-राजकुमारीहरू पनि रुँदै विलाप गर्न थाल्नुभयो । टाउकोमा हात राखी, कपाल यत्रतत्र फिजाउँदै, भुईंमा लड्दै, रुवाबासी गर्दै, विलाप गर्न थालिन् । त्यसरी रुँदै कराउँदै तुरून्तै सालोद्यानमा गई तथागत गौतमबुद्धसम्मुख पञ्चाङ्ग दण्डवत् गरी वन्दना गर्दै बसिरहे ।

यसैबीच सुभद्र भन्ने परिव्राजक भिक्षु आनन्दकहाँ आई "आज तथागत गौतमबुद्ध परिनिर्वाण हुँदैछ भन्ने थाहा पाएँ । मलाई एउटा कारणमा शंका लागिरहेको छ । त्यो सोधेर शंका निवारण गर्नको लागि तथागत गौतमबुद्धलाई भेट्न अनुमति दिनुस्" भनी आग्रह गऱ्यो । भिक्षु आनन्द, "तथागत गौतमबुद्ध बिरामी हुनुहुन्छ, वहाँलाई धेरै मेहनत नगराउनु" भनी उसको आग्रहलाई इन्कार गर्नुभयो । उसले पनि दोस्रोपटक, तेस्रोपटक पनि त्यसरी नै आग्रह गरिरहे । जुन तथागत गौतमबुद्धले सुन्नुभई "आनन्द ! मलाई भेट्न आएका सुभद्रलाई नरोक्नु, पठाइदिनु" भनी आज्ञा हुनुभयो । भिक्षु आनन्दले पनि उसलाई नरोकी तथागत गौतमबुद्धलाई भेट्न पठाउनुभयो । तथागत गौतमबुद्धले "जे सोध्नुछ, सोध्नु" भनी सुभद्रलाई आज्ञा हुनुभयो । सुभद्रले सोधेको जस्तोसुकै प्रश्नको पनि उचित जवाफ दिनुभएपछि बुद्धप्रति अत्यन्त प्रसन्न भई त्यस समयमा नै आफूलाई प्रव्रज्या गर्नुहुन आग्रह गरी बसिरहे । त्यसै अनुरूप उसले प्रव्रज्या उपसम्पदा प्राप्त गऱ्यो । सुभद्र परिव्राजक तथागत गौतमबुद्धबाट प्रव्रज्या उपसम्पदा प्राप्त गरेका अन्तिम श्रावक हुनुभयो ।

त्यसपछि तथागत गौतमबुद्धले आनन्दलाई सम्बोधन गर्नुहुँदै "आनन्द ! म नभएपछि, मबाट देशित धर्म पनि विलाएर जानेछ भनी सायद तिमीलाई लाग्न सक्छ । आनन्द ! त्यसो नसोच्नु ।" **"यो वो आनन्द, मया धम्मो च विनयो च देसितो पञ्ञत्तो सो वो ममच्चयेन सत्था-** आनन्द ! मबाट तिमीहरूलाई कुनै पनि धर्म यथानुरूप देशना गरेको छु, कुनै पनि विनय यथानुरूप देशना गरिएको छ, ती धर्म विनय दुइटा मेरो परिनिर्वाण पछि तिमीहरूको शास्ता हुनेछ" भनी देशना गर्नुभयो ।

"आनन्द ! छन्न भिक्षुलाई ब्रम्हदण्ड दिनु ।" "भो शास्ता ! ब्रम्हदण्ड भनेको के हो ?" "त्यस भिक्षुसँग कुराकानी नगरी, उसलाई अववाद उपदेश नगरी, उसलाई पन्छ्याउनु हो । उसलाई समाजबाट एक्ल्याउनु हो ।"

त्यसपछि तथागत गौतमबुद्धले भिक्षुहरूलाई सम्बोधन गर्नुहुँदै "भिक्षु हो ! यहाँ मेरो वरिपरि बसिरहेका कुनै पनि भिक्षुहरूलाई मप्रति, धर्मप्रति, संघप्रति, प्रतिपत्तिबारे केही शंका-उपशंका छ भने अहिले मसँग सोध्नु । हाम्रा तथागत गौतमबुद्ध बाँचुन्जेल फलाना कारण वा प्रश्नबारे सोध्न बिर्से भनी पछि पश्चात्ताप नहुनु । दुःखि नहुनु । कसैलाई मेरो समीप आई सोध्न मन लाग्दैन भने आफ्नो साथीलाई भनेर भएपनि सोध्न लाउनु" भनी भिक्षुहरूसँग आग्रह गर्नुभयो । तर पनि त्यहाँ उपस्थित कुनै पनि भिक्षुले कुनै पनि प्रश्न सोध्न



Downloaded from http://dhamma.digital

तत्परता देखाएनन् । "आश्चर्य छ आनन्द ! एकजना भिक्षुलाई पनि कुनै शंका-उपशंका छैन । म यस संघ समाजदेखि अत्यन्त प्रसन्न भएँ" भनी आज्ञा हुनुभयो ।

त्यसपछि तथागत गौतमबुद्धले भिक्षुहरूलाई सम्बोधन गर्नुहुँदै **"हन्ददानि भिक्खवे आमन्तयामि वो वय धम्मा संखारा अप्पमादेन सम्पादेथ अयं तथागतस्स पच्छिमा वाचा** - भिक्षु हो ! अहिले म तिमीहरूलाई सम्बोधन गर्दैछु । सबै संस्कारधर्म विनाश हुने स्वभावको छ । त्यसकारण आफ्नो विमुक्तिको निम्ति आवश्यक सारा कार्यहरू चाँ-चाँडै सम्पादन गर्नु । यो मेरो अन्तिम बचन हो" भनी अन्तिम आग्रह गर्नुभयो ।

त्रिलोकगुरु, तथागत गौतमबुद्ध त्यसपछि विभिन्न समापत्तिमा समाधिस्थ हुनुभई अन्तमा महापरिनिर्वाण हुनुभयो ।

(दीघनिकाय, महापरिनिर्वाण सूत्र)

## ५४. भिक्षु आनन्द अरहत् हुनुभयो

संघनायक आयुष्मान् महाकाश्यप महास्थविरले भिक्षु आनन्दलाई सम्बोधन गर्नुहुँदै "आवुसो आनन्द ! हामीहरू राजगृह नगरमा वर्षावास अधिष्ठान गरी धर्म संगायना गर्नेछौं । तसर्थ छिटो गई सेनासनमा बसेर बाँकी मार्ग त्रयको[५] लागि वीर्य गर्नु" भनी आज्ञा हुनुभयो । वहाँले पनि त्यस वचन सुन्नुभई तथागत गौतमबुद्धको पात्र चीवरकासाथ कोसल राज्यमा जानुभई एउटा आरण्य सेनासनमा पसेर वीर्य वृद्धि गर्नुभई दोस्रो दिनमा नै सकृदागामी मार्गमा प्रतिस्थित हुनुभयो । "वहाँ त्यहाँ वास गर्दै हुनुहुन्छ ।" भन्ने खबर सुनेका मानिसहरू त्यहाँ गई तथागत गौतमबुद्ध कहाँ हुनुहुन्छ ? भनी सोद्धै रुन थाले । स्थविरले पनि तिनीहरूलाई धर्मोपदेश गर्नुहुँदै शान्त पारेर पठाउनुहुन्थ्यो । यसरी मानिसहरूलाई धर्मोपदेश गर्नुहुँदा एकदिन राती त्यस वनमा अधिगृहित, आनन्द स्थविरसँग हितैषी भएका एकजना देवताले "यो स्थविर भिक्षुहरूको वचनले उत्साहित हुनुभई वनमा पस्नुभयो । तर मानिसहरूलाई फकाउँदै, मनलाई शान्त पार्दै हुनुहुन्छ । सद्धर्मको हावाले नछोएका फूलको थुप्रो जस्तै विक्षिप्त मनले युक्त हुँदैछ । वहाँ विना धर्मसंगायना पनि त गर्न सम्भव छैन" भन्ने सोची वहाँ समीप आउनुभई "स्वामी ! तथागत गौतमबुद्धको वियोगले शोकमग्न हुनुभएका तपाई, अरुलाई कसरी शान्त्वना दिँदै हुनुहुन्छ ?" भनी भन्नुभयो ।

**"रूक्ख मूल गहणं पसक्किय - निब्बाणं हदयस्मिं ओपिय**
**झाय गोतम मा च पमादो - किन्ते बिलि बिलि का करिस्सति ॥**

इत्यादिद्वारा गौतम गोत्रद्वारा उत्पन्न हुनुभएका आनन्द स्थविर, जङ्गलमा पस्नुभई निर्वाण साक्षात्कार गर्नेछु भनी उत्साह गर्दै कृत्यानुरूपले पनि, निर्वाण आरम्मण गर्दै समाधिमा समाधिष्ठ हुँदै, आरम्मणले पनि निर्वाण नै मनमा राख्नु हुँदै आरम्मणोपनिध्यान द्वयद्वारा युक्त भई ध्यान गर्नुस्, प्रमादी नहुनुहोस् । गृहस्थीहरूसँग गर्ने यो **"अनावश्यक"** कुराबाट तपाईंलाई के प्रयोजन ?" भनी प्रश्न गर्नुभयो ।

त्यसपछि आयुष्मान् आनन्द स्थविर देवताको कुराले संवेग उत्पन्न गरी विहारमा जानुभई तथागत

---

५ भिक्षु आनन्द यतिबेलासम्म श्रोतापन्न मात्रै हुनुहुन्थ्यो । त्यसैले बाँकी मार्ग त्रयको लागि अर्थात् अरहत् हुनको लागि उत्साही हुनु भनेको हो । मार्ग त्रय - सकृदागामी, अनागामी तथा अरहत् हो ।



Downloaded from http://dhamma.digital

गौतमबुद्धको परिनिर्वाण समयदेखि अत्यधिक उठबस् भएको हुनाले अत्यन्त थकित भएका शरीरलाई आराम गराउनको लागि दोस्रो दिन विरेचन औषधि प्रयोग गर्नुभएको थियो । फेरि जेतवनाराम सफासुग्घर गर्न लगाई, टुटेफुटेका तथा बिग्रेका ठाउँहरू मर्मत सम्भार गर्न लगाई, वर्षावासको समय नजिक भएको हुनाले एक्लै राजगृहनगरमा जानुभई धर्मविनय संगायना गर्नको लागि छनौट गरेका अन्य भिक्षुहरूकासाथ आषाढपूर्णिमाका दिन गर्मी याममा अन्तिम उपोसथ गर्नुभई सानो कुटीमा वर्षावास बस्नुभयो ।

त्यसपछि अजातशत्रु राजाले संगायनाको लागि आवश्यक धर्ममण्डप बनाउन लगाई भिक्षुसंघलाई सूचित गरेपछि कोहीले "यस भिक्षुसंघमाझ एकजना श्रमण विश्वगन्ध (सबै गन्ध) फैलाउँदै भ्रमण गर्दैछ" भनी व्यक्त गऱ्यो । त्यस कुरा सुन्नुभएका आनन्द स्थविर यस संघमाझ विश्वगन्ध फैलाउने अरु कोही पनि भिक्षु छैन । सायद यी भिक्षुहरूले मलाई नै त्यसो भनेको हुनुपर्छ भन्ने सोच्नुभई अत्यन्त संवेग हुनुभयो । क-कसैले त "आयुष्मान् आनन्द ! धर्म संगायनाको लागि जमघट हुने भोलि हो । तिमी पनि अगाडीको बाँकी कार्यको लागि उत्साही हुनुपऱ्यो । त्यसो नभएको हुनाले सभामा जान पनि अयोग्य छौ । अप्रमादि हुनुहोस्" भनी अनुरोध गऱ्यो ।

त्यसपछि आनन्द स्थविर भोलि सम्मेलन हुँदैछ । म पनि शैक्ष हुँदै अशैक्ष भिक्षुहरूसँग सभा सम्मेलनमा जानु उचित छैन भन्ने सोच्नुहुँदै उत्साहका साथ विदर्शना अभिवृद्धि गर्नुभयो । रातभरि नै कायगतासति ध्यानले युक्त हुँदै चक्रमन गर्नुहुँदा पनि विशेष केही फल प्राप्त गर्न नसकेपछि सोच्दै, मलाई तथागत गौतमबुद्धले "आनन्द ! तिमी सञ्चय गरेको पुण्यद्वारा युक्त छौ । म जस्ता बुद्धलाई गरेको उपस्थान सेवा निष्फल हुनेछैन । उत्साह गरेर चाँडै अनाश्रव (अरहत्) हुनु" भनी आज्ञा हुनुभएको थियो हैन र ? बुद्धहरूको कुरा कहिले पनि असत्य हुनेछैन । मैले पनि अत्यन्तै उत्साह गरेको छु । त्यसकारण मेरो मन अत्यन्तै वीर्यले युक्त छ । तसर्थ समान गरी वीर्य गर्नेछु भन्ने सोच्नुभई चक्रमन गर्ने आँगनमा नै वीर्य समान नभए पछि शरीर श्रृतु गर्नेछु भनी मध्यरातमा चक्रमन आँगनबाट फर्किनुभई खुट्टा धुने ठाउँमा खुट्टा धुनुभई विहारमा पसी "खातमा बसेर एकछिन ठकाई मार्नेछु" भनी शरीर खातमा लेट्टाउँदै खुट्टा पनि भुईंबाट माथि उठाउनुका साथै टाउकोले पनि टकिया छुएको थिएन । यसै बीचमा काम तृष्णादि आश्रवद्वारा चित्त मुक्त भयो अर्थात् सारा क्लेशहरूलाई नाश गर्नुभई अरहत् फलमा प्रतिष्ठित हुनुभयो ।

यो आनन्द स्थविर त्रिविद्या, षड्भिज्ञा, अष्टविमोक्ष आदि सबै विशेष गुणद्वारा युक्त हुनुभएका अरहत् भिक्षु हुनुभयो । स्थविरको अरहत् फल पनि चार इरियापथद्वारा मुक्त थियो । (त्यसकारण यस बुद्ध शासनमा ननिदाई, नबसी, नउठी, चारिका नगर्दै को अरहत् हुनुभएको थियो ? भनी कसैले सोधिएमा आनन्द स्थविर भनी विना संकोचकासाथ भनिएमा केही फरक पर्ने छैन ।) यसरी विना चार इरियापथद्वारा अरहत्फलमा प्रतिष्ठित हुनुभएको दोस्रो दिनमा अर्थात् तथागत गौतमबुद्ध परिनिर्वाण हुनुभएको तीन महिना चार दिन बितेपछि गुंपुन्हि (श्रावण पूर्णिमा) पश्चात्को दिनमा निश्चित अधिस्थान गरिएअनुसार नै सद्धर्म संग्रह गर्ने भिक्षुहरू पात्र चीवर एक ठाउँमा राख्नुभई धर्मसभामण्डपमा जम्मा हुनुभयो ।

त्यस समयमा भिक्षु आनन्द स्थविर "अब धर्मसभामण्डपमा जाने ठीक समय भयो" भनी सन्तोष हुनुभई चीवर एकांश गर्नुभई हाँगाबाट झरेको तालको फलसरि पाण्डुकम्बलमा चोपीराखेको मणि जस्तो, बादल हटेर गएको आकाशमा पूर्णचन्द्रमण्डल जस्तै, मधुर सूर्यकिरणद्वारा प्रबोध भई रश्मिद्वारा विचित्रालंकार



Downloaded from http://dhamma.digital

भएका कमलको फूल जस्तै पवित्र निर्मलभावद्वारा युक्त भई मुख्य ढोकाबाट (शैक्ष हुनुभएको हुनाले धर्म संगायनामा सहभागि गराउन अयोग्य भए तापनि बहुश्रूत हुनुभएको हुनाले उपस्थित गराउँ भनी मनन गरिरहनुभएका भिक्षुहरूलाई सौमनस्स श्रृजना गर्नको लागि पनि, भिक्षुहरूद्वारा "प्रमादि नहुनु" भनी दिएको अववादोपदेश सफल भएको ज्ञात गराउनको लागि पनि आफूलाई त्यत्तिकै प्रदान नगरी अरहत्त्वको भविष्यवाणी गर्ने बुद्धद्वारा प्रशस्त भएको हुनाले पनि आफ्नो अरहत् फल प्राप्ति सूचित गराउने जस्तै गरी ऋद्धिद्वारा) पाल्नुभई आफ्नो लागि छुट्याइराखेको आसनमा विराजमान हुनुभयो ।

(त्यस दृश्य देख्नुभएका महाकाश्यप महास्थविर **"अरहत् फलमा प्रतिष्ठित हुनुभएका आयुष्मान् आनन्द स्थविर अत्यन्त शोभनीय छ । यदि आज शास्ता जीवमान हुनुभएको भए आनन्द स्थविरलाई निश्चय नै साधुकार दिने थियो । आज तथागत गौतमबुद्ध नरहनुभएको हुनाले त्यस साधुकार म आफैंले दिनेछु"** भन्ने सोच्नुभई तीन चोटी साधुकार दिनुभएको थियो भनी दीघभाणकहरूले भनिएको छ । मध्यभाणक भन्नाले आनन्द स्थविर आफ्नो अरहत् फल प्राप्ति सूचित गराउन इच्छुक हुनुभई भिक्षुहरूसँग धर्मसभामण्डपमा उपस्थित नभई अन्य स्थविरहरू आ-आफूलाई छुट्याइराखेको आसनहरूमा बस्नुभएपछि आनन्द स्थविरको आसन खालि रह्यो । "त्यो देखेका स्थविरहरू यो आसन कसको निम्ति ?" भनी प्रश्न गरेपछि आनन्द स्थविरको लागि भनी भन्नुभयो । वहाँ कहाँ जानुभयो ? भनी पुनः सोधेपछि आनन्द स्थविर "अब म त्यहाँ जान उचित समय" भयो भन्ने सोच्नुभई ऋद्धिद्वारा पृथ्वीभित्र दुबेर बाहिर आउनुभई आफ्नो लागि खालि रहेको आसनमा बस्नुभयो भनी भनिए । त्यो जे जस्तो भएपनि !) त्यस स्थविरको लागि कोही भिक्षुले पनि "यहाँ एकजना श्रमण विश्वगन्ध फैलाउँदैछ" भनी भनिएको थियो र त्यस भिक्षुहरूलाई लज्जित पार्दै त्यस सप्तपर्णि गुफाभित्र प्रवेश गर्नुभई सुद्धावासी हुनुभएका क्षीणाश्रव महाब्रम्हाले आनन्द स्थविरको क्षीणाश्रवभाव प्रकाश गर्नको निम्ति-

Dhamma.Digital

**"यस्मिं पतिट्ठिता धम्मा - बुद्धस्सादिच्च बन्धु नो ।**
**निब्बाण गमने मग्गे - सो यं तिट्ठति गोतमो ॥**

आदिद्वारा आदित्यबन्धु भएका तथागत गौतमबुद्धको धर्म कसैको लागि प्रतिष्ठित भएको थियो भने, गौतम गोत्रमा जन्मनुभएका वहाँ धर्मभण्डागारिक स्थविर सउपादिशेष निर्वाण अवबोध गर्नुभएको हुनाले अनुपादिशेष निर्वाण मार्गमा प्रतिष्ठित हुनुहुन्छ" भनी भन्नुभयो । त्यो कुरा सुनेका धर्मसंग्राहक स्थविरहरूले पनि -

**"बहुस्सुतो धम्मधरो - कोसारक्खो महेसिनो**
**चक्खु सब्बस्स लोकस्स - आनन्दो परिनिब्बुतो ॥"**

बहुश्रृत हुनुभएका, धर्मधर हुनुभएका महर्षिको सद्धर्मरत्न रक्षा गर्नुभएका आनन्द स्थविरले क्लेशलाई नाश गर्नुभयो इत्यादिद्वारा वहाँको गुण गायन गर्दै प्रशंसा गर्नुभयो ।

(श्रावक चरित, पेज २६५, २६६, २६७)

# ५५. भिक्षु आनन्द तथा प्रथम धर्म संगायना

"सूत्र तथा अभिधर्म संगायना गर्नको लागि आयुष्मान् महाकाश्यप महास्थविरले भिक्षुसंघसँग सोध्नुभयो । "आवुसो ! विनयपिटक उपालि स्थविरले सज्भायना गरियो । सूत्र र अभिधर्म कसको प्रमुखतामा संगायना गरौं ?" भनी प्रश्न गर्नुभयो । भिक्षुसंघले त्यस प्रश्नको जवाफ दिनुहुँदै तथागत गौतमबुद्ध जीवित रहुन्जेलसम्म आनन्द स्थविरले **"एतदग्गं भिक्खवे, मम सावकानं भिक्खु नं बहुस्सुतानं यदिदं आनन्दो"** इत्यादिद्वारा एतदग्गपालिमा उल्लेख गर्नुभएको हुनाले पनि आनन्द स्थविरको प्रमुखत्वमा सूत्र अभिधर्म संगायना गरौं भनी भन्नुभयो । त्यसबखत महाकाश्यप महास्थविरले धर्मबारे प्रश्न गर्नका लागि आज्ञा लिएर बस्नुभएपछि आयुष्मान् आनन्द स्थविर पनि सम्मुख बस्नुभई भिक्षुसंघलाई अभिवादन गरेर आज्ञा लिई धर्मासनमा जानुभई हातेपंखा हातमा लिएर बस्नुभयो । त्यसबखत महाकाश्यप महास्थविर आनन्द स्थविरसँग धर्मबारे प्रश्न गर्नुभयो । **"ब्रम्हजालं आवुसो आनन्द कत्थ भासितं ? कं आरब्भ ? कस्मिं वत्थुस्मिं ?** आनन्द स्थविर ब्रम्हजालसूत्र कहाँ, कसको अरभया (बारेमा), के निमित्तमा देशना गर्नुभएको थियो ?" भनी प्रश्न गर्नुभयो । त्यस प्रश्न सुनेर आनन्द स्थविरले विस्सज्जन (निराकरण) गर्नुहुँदै, महाकाश्यप महास्थविर, हाम्रा तथागत गौतमबुद्धले ब्रम्हजालसूत्र राजगृहनगर र नालन्दानगरको बीचमा भएका **अम्बलट्ठिक** भन्ने उद्यानमा निर्मित राजगृहमा, **ब्रम्हदत्त** मानवक र **सुप्पिय** भन्ने परिव्राजक अरभया (बारेमा) स्पष्टका साथ विस्तृत देशना गर्नुभएको थियो" भनी भन्नुभयो ।

यसरी ब्रम्हजाल सूत्रलाई निदान पुग्गलवत्थु भन्ने सबै आनन्द स्थविरले उत्तर दिनुभयो । फेरि महाकाश्यप महास्थविरले श्रामण्यफल सूत्र सोध्नुभयो । आनन्द स्थविरले ती सबैको उत्तर दिनुभई व्याख्यात्मक धर्मदेशना गर्नुभयो ।

यसरी आनन्द स्थविर भिक्षुसंघमाभ्क धर्मासनमा बस्नुभई सुमधुर स्वरका साथ धर्मसंगायना गर्नुहुँदा धर्मदेशना श्रवण गर्नको लागि त्यहाँ उपस्थित हुनुभएका तीन लोकमा अधिपति गरुड, महिष, निशाचर, विद्याधर, आकाश आदिमा बास गर्नु भएका सारा देवी-देवताहरू माभ्क कोही देवताहरूले, आफ्नो मनमा उत्पन्नभएका शंकाले यसरी सोच्न पुग्यो । कसरी भने "आयुष्मान् हुनुभएका आनन्द स्थविर शाक्यवंशमा जन्मनुभएको थियो । लोकोत्तर तथागत गौतमबुद्धको भाई हुनुहुन्छ । बुद्ध जीवमान छँदा नै **एतदग्गस्थानमा** प्रतिष्ठापित हुनुभएको थियो । आश्चर्य, अद्भूत गुणद्वारा सम्पन्न हुनुहुन्छ । भिक्षु-भिक्षुणी, उपासक-उपासिकादि चतुपरिषद्माभ्कमा पनि प्रियपात्र हुनुभएका धर्मकथिक पनि हुनुहुन्छ । त्यसकारण तथागत गौतमबुद्धको धर्मराज्य दायाद (अंश) प्राप्त गरेर अहिले सम्यक्सम्बुद्धत्वमा प्रतिष्ठित हुनुभई भिक्षुसंघसहित बस्नुभई धर्मदेशना गर्दै हुनुहुन्छ भनी सोच्न पुग्यो । यसरी देवी-देवताहरूद्वारा सोचिएका कारण वहाँ आनन्द स्थविरले दिव्यचक्षुज्ञानद्वारा देख्नुभई आफूप्रति अनन्त गुण भएको भन्नेमा अनिच्छुक हुनुभई आफू बुद्धत्वमा प्रतिष्ठित नभएको, सर्वज्ञ बुद्धको श्रावक भई बसेको, तथागत गौतमबुद्धबाट नै धर्म अध्ययन गरेको इत्यादि सबै गुणहरू एउटै स्थानमा उपस्थित हुनुभएका दिव्यसेना तथा देवी-देवताहरूलाई प्रकाश पार्नुहुँदै **"एवं मे सुतं एकं समयं भगवा सावत्थियं विहरति जेतवने अनाथपिण्डिकस्स आरामे ...."** इत्यादिद्वारा एक समयमा श्रावस्तिनगर नजिक भएका जेत भन्ने राजकुमारद्वारा खेत आदि गरी बनाइएका प्रासादादिद्वारा युक्त भएका जेतवनमा अनाथपिण्डिक सेंठद्वारा बनाइएको आराममा उठ्नु, बस्नु, सुत्नु र चंक्रमण यी चार इर्यापथद्वारा



Downloaded from http://dhamma.digital

युक्त भई विराजमान हुनुभएका तथागत गौतमबुद्धले यस सूत्र सत्त्वहरूको हित-सुखको लागि देशना गर्नुभएको थियो । मैले पनि त्यस सूत्र देशना यसै प्रकारले सुनें" इत्यादिद्वारा आफू लोकोत्तर बुद्ध नभएको कुरा देव, ब्रम्हादि सेनामाझ प्रकाश पार्नुहुँदै सारा देवी-देवताहरूको शंका उपशंकाहरू निवारण गर्नुभयो । त्यस समयमा पाँचसयजना अरहत् भिक्षुहरू तथा असंख्य देवसेनाहरू आयुष्मान् आनन्द स्थविरप्रति अत्यन्त सन्तोष हुनुभई पृथ्वी तथा आकाशादि सम्पूर्ण लोक एउटै शब्दद्वारा ध्वनित गराउँदै एकैचोटी सबैले साधुकार दिनुभयो । त्यस समयमा युगन्धर, मेरू, मन्दर तथा पर्वतादिले स्तुति गायन गर्ने जस्तै सयौं हजार उद्घोषणा गर्दै एकैचोटी नृत्यादि शुरु भयो । आकाशबाट नानाविध रागद्वारा विचित्र मकरन्ध फूलको सुगन्ध वासना अखण्डरूपमा फैलिएको सुगन्ध पुष्पादिको वर्षा शुरु भयो । पुनश्च तुर्यनाद तथा सप्तविध रत्नादि नाना प्रकारका आश्चर्यले युक्त बस्तुहरू पनि प्रादुर्भाव भयो ।

त्यसपछि आनन्द स्थविरले यसरी महाकाश्यप महास्थविरद्वारा सोधिएका सबै प्रश्नको उत्तर दिनुभई यस क्रमद्वारा संग्रहित भएका चौंतीस सूत्रद्वारा सुशोभित भएका साठी भाणवारद्वारा युक्त पालि संगायना गर्नुभई दीघनिकाय भनी आनन्द स्थविरप्रमुख भिक्षुहरूलाई त्यस दीघनिकाय रक्षा गर्नको लागि जिम्मा लाउनुभयो ।

(सद्धर्मरत्नाकर, पेज २७६, २७७, २७८)

## ५६. महास्थविरहरू भिक्षु आनन्दलाई दोषारोपण गर्नुहुन्छ

प्रथम धर्म तथा विनय संगायनामा सहभागी हुनुभएका अरहत् भिक्षुहरूले आनन्द स्थविरलाई पाँचवटा कारणद्वारा दोषारोपण गर्नुभयो ।

१. आनन्द ! **खुद्दानुखुद्दक** सिक्खापद, **(स-सानो शिक्षापद) के हो ? भनी तथागत गौतमबुद्धसँग सोधेनौ ।** त्यसकारण सबै सिक्खापद शुरुदेखि सोध्नुपर्‍यो । यो तिम्रो दोष हो । त्यो देशना गर्नु, स्वीकार्नु भनी भन्नुभयो । आनन्द स्थविरले पनि म बुद्ध परिनिर्वाण हुने कुराले दुःखित थिएँ । त्यसले गर्दा ती कुराहरू बुद्धसँग सोध्न असमर्थ भएँ । त्यसकारण त्यसमा दोष छ जस्तो मलाई लाग्दैन तैपनि तपाईंहरूको वचनलाई शिरोपर, गौरव गर्दै त्यस दोष स्वीकार्छु भनी भन्नुभयो ।

२. आनन्द ! **तिमीले तथागत गौतमबुद्धको उत्तरासंघ (चीवर) खुट्टाले कुल्चेर सियौ ।** त्यो तिम्रो दोष हो । त्यसकारण त्यो देशना गर्नु, स्वीकार्नु भनी भन्नुभयो । आनन्द स्थविरले मैले अगौरव गरेर कुल्चेको थिएन । उक्त चीवर सिउँदा सहयोग गर्ने कोही नभएको हुनाले त्यसो गरेको हुँ । त्यसकारण त्यसमा दोष छ जस्तो मलाई लाग्दैन तापनि तपाईहरूको वचनलाई शिरोपर गर्दै त्यस दोष देशना गर्दछु, स्वीकार्छु" भनी भन्नुभयो ।

३. आनन्द ! **तिमीले सर्वप्रथम महिलाहरूद्वारा बुद्ध शरीर वन्दना गर्न लगाइयो ।** तिनीहरूको आँसुद्वारा बुद्ध शरीर क्लिष्ट गर्‍यो । यो तिम्रो दोष हो । त्यसकारण त्यो देशना गर्नु, स्वीकार्नु भनी भन्नुभयो । आनन्द स्थविर, "मैले त्यसो गरेको तिनीहरूलाई अबेर भई राती घर फर्किन नसक्ला भन्ने लागेर समय हुँदै फर्किन सकोस् भन्ने मनसायले गरेको हुँ । (तथागत गौतमबुद्ध परिनिर्वाण हुनुभएको बेलामा उपस्थित भएका


Downloaded from http://dhamma.digital

महाजनता अत्यन्त विशाल भएको हुनाले तिनीहरूलाई विभाजन गरेर सबैभन्दा पहिले महिलाहरूलाई बुद्ध शरीर देखाउनुभएको थियो ।) त्यसकारण त्यसमा दोष छ जस्तो मलाई लाग्दैन तापनि तपाईंहरूको बचनलाई शिरोपर गर्दै त्यो पनि देशना गर्दछु, स्वीकार्छु" भनी भन्नुभयो ।

४. आनन्द ! तिमी तथागत गौतमबुद्ध चापाल चैत्यादि केही स्थानहरूमा परिनिर्वाण हुने बिचार व्यक्त गर्नुभएको बेला, **"भो शास्ता ! धेरै जनाको हितसुखको लागि आयुकल्प (१०० वर्ष) बाँच्नुहोस् भनी प्रार्थना गरेनौ ।"** यो तिम्रो दोष हो । त्यसकारण त्यो देशना गर्नु, स्वीकार्नु भनी स्थविरहरूले भन्नुभयो । आनन्द स्थविरले "त्यस समयमा मेरो मनमा मारले बास गरेको हुनाले मलाई त्यस्तो आग्रह गर्न मनले दिएको थिएन । त्यसकारण त्यो मेरो दोष जस्तो लाग्दैन तापनि तपाईंहरूको बचनलाई शिरोपर गर्दै त्यो पनि देशना गर्दछु, स्वीकार्छु ।"

५. आनन्द ! **तिमीले तथागत गौतमबुद्धको शासनमा प्रव्रजित हुनको लागि महिलाहरूलाई उत्साहित गर्‍यौ ।** त्यो तिम्रो दोष हो । त्यसकारण त्यो देशना गर्नु, स्वीकार्नु भनी स्थविरहरूले भन्नुभयो । आनन्द स्थविर, "तथागत गौतमबुद्धको आमा बित्नुभएपछि महाप्रजापति गौतमीले आफ्नो दूध आफ्नो छोरा हुनुभएका नन्दकुमारलाई नपिलाई सिद्धार्थ कुमारलाई पिलाउनुभयो । त्यसकारण तथागत गौतमबुद्धको दूधेमाता हुनुभएका महाप्रजापति गौतमीप्रति गौरव, सम्मान व्यक्त गर्नको लागि मैले त्यसो गरें । त्यसकारण त्यसमा दोष छ जस्तो मलाई लाग्दैन तापनि तपाईहरूको बचनलाई शिरोपर गर्दै आपत्ति देशना गर्दछु, स्वीकार्छु" भनी भन्नुभयो ।

(आनन्द स्थविरलाई दोष लगाउने कार्य महाकाश्यप महास्थविरले गर्नुभएको थियो भने त्यसरी दोष लाएको आनन्द स्थविर अरहत् हुनु अगाडि भनी तिब्बेत विनयमा समुल्लेख गरिएको छ ।)

## ५७. भिक्षु आनन्द तथा भिक्षु सारिपुत्र महास्थविर

**आनन्द स्थविर तथा सारिपुत्र महास्थविर बीच अत्यन्त आश्चर्ययुक्त हितैषिभाव तथा सम्बन्ध विद्यमान रहेको थियो ।** (स्वादिष्ट आहारपानादि प्राप्त भएमा आनन्द स्थविरले त्यसबाट केही हिस्सा सारिपुत्र महास्थविरलाई पूजा गर्नुहुन्थ्यो । आफ्नो दाताहरूको छोराहरू प्रव्रज्या गराउँदा सारिपुत्र महास्थविरलाई उपाध्याय गर्नुभई उपसम्पदा गर्नुहुन्थ्यो । सारिपुत्र महास्थविरले पनि आनन्दलाई त्यसरी नै व्यवहार गर्नुहुन्थ्यो ।) (**पणीतानि लभित्वा थेरस्सदेति । अत्तनो उपत्थाक दारको पब्बाजेत्वा थेरस्स सन्तिके उपज्झं गण्हापेति, उपसम्पादेति, सारिपुत्त थेरो'पि आनन्द थेरस्स तथेव करोति** - संयुक्त निकाय कथा, पेज ९३) यी दुबैजना बीच यस्ता सम्बन्ध विद्यमान हुनुको पछाडि एकअर्काप्रति भएका गुणधर्मप्रति प्रसन्न भएको हुनाले नै हो । गुणधर्मले गर्दा ममत्व गर्नुभएको थियो ।

एकदिन तथागत गौतमबुद्धले आनन्द स्थविरलाई सम्बोधन गर्नुभई "आनन्द ! तिमीलाई सारिपुत्र मन पर्छ ? तिमी सारिपुत्रलाई रुचाउँछौ ?" भनी सोध्नुभयो ।

"भो शास्ता ! मुर्ख नभएका, दुष्ट नभएका, बाल (मुर्ख) नभएका, दिमाग खराब नभएका जोसुकैले पनि सारिपुत्र महास्थविरलाई रुचाउँछन् । सारिपुत्र महास्थविरलाई प्रिय गर्छन् । सारिपुत्र महास्थविरलाई



Downloaded from http://dhamma.digital

नरुचाउने मान्छे छ भने त्यो बालमुर्ख व्यक्ति हुनुपर्छ । मुर्ख भएको हुनुपर्छ । दिमाग खराब भएको व्यक्ति हुनुपर्दछ । भो शास्ता ! सारिपुत्र महास्थविर प्रज्ञावान् हुनुहुन्छ । **(पण्डितो भन्ते सारिपुत्तो)**, महाप्रज्ञावान् **(महापञ्ञो)**, अनेकौं विषयबारे राम्रो ज्ञान भएका **(पुथु पञ्ञो)**, सन्तोषयुक्त धेरै प्रज्ञा भएका **(हासु पञ्ञो)**, जेसुकै भएपनि तत्काल तुरुन्त जान्नसक्ने प्रज्ञा भएका **(जवन पञ्ञो)**, अत्यन्त तीक्ष्ण ज्ञान भएका **(तिक्ख पञ्ञो)**, निर्वाण सम्बन्धी ज्ञान भएका **(निब्बेधिक पञ्ञो)**, अल्पेच्छ भएका **(अप्पिच्छो)**, निरन्तर सन्तोषपूर्वक बस्नुहुने **(सन्तुट्ठो)**, अत्यन्त विवेकपूर्वक बस्ने व्यक्ति **(पविवित्तो)**, समूहमा निरन्तर लिप्त नहुने **(असंसट्ठो)**, ४४ वर्षसम्म खातमा नलेट्नु भएका, परिपूर्ण वीर्य भएका **(आरद्ध विरियो)**, अववाद गर्नुपर्ने केही कारण भएमा तुरुन्त गर्ने **(वत्ता)**, अरुले दिएको अववाद उपदेश तुरुन्त स्वीकार्ने **(वचनक्खमो)**, भिक्षुको गल्ति देखेमा दोष देखाउनुहुँदै अववाद गर्नुहुने **(चोदको)**, पापी व्यक्तिहरूलाई देख्न, कुरा गर्न नपरोस् भनी प्रार्थना गर्ने **(पाप गरही)** इत्यादि गुण सोह्रवटा सारिपुत्र महास्थविरमा विद्यमान रहेको कुरा भिक्षु आनन्द स्थविरले व्यक्त गर्नुभयो । तथागत गौतमबुद्धले पनि "आनन्द ! सारिपुत्र पण्डित, **पण्डितो आनन्द सारिपुत्तो"** इत्यादिद्वारा आनन्द स्थविरले देखाएका गुण सोह्रवटा आफूले पनि जिनमुद्राले व्यक्त गर्नुभई आनन्द स्थविरको त्यस प्रकाशनलाई बुद्ध भाषितको रूपमा रूपान्तरित गर्नुभयो ।

(संयुक्त निकाय देवपुत्त संयुक्त सुसीम सूत्र)

## ५८. भिक्षु आनन्द तथा भिक्षु महाकाश्यप महास्थविर

भिक्षुणीहरूले महाकाश्यप महास्थविरलाई भन्दा आनन्द स्थविरलाई मन पराए तापनि, प्रिय गरे तापनि, आनन्द स्थविरले महाकाश्यप महास्थविरलाई गुरुलाई गर्नुपर्ने, देखाउनुपर्ने जस्तोसुकै गौरवमानसम्मान देखाउनुहुन्थ्यो । एकदिन एकजना श्रामणेरले महाकाश्यप महास्थविरबाट उपसम्पदा भिक्षुत्व अपेक्षा गरेको बेला उसलाई कर्मवाक्य पढ्नको लागि महाकाश्यप महास्थविरले आनन्द स्थविरलाई खबर पठाउनुभयो । आनन्द स्थविर महाकाश्यप महास्थविरको नाम भन्नुपर्ने हुनाले त्यसको लागि रुचाउनुभएन । **"नाहं उस्सामि थेरस्स नामं गहेतुं, गरू मे थेरो** ति - म महाकाश्यप महास्थविरको नाम उच्चारण गरेर कर्मवाक्य पढ्न, भन्न अनिच्छुक छु" भनी सूचित गर्नुभयो ।

(महावग्ग पालि)

## ५९. भिक्षु आनन्द महास्थविर परिनिर्वाण हुनुहुन्छ

आनन्द महास्थविर १२० वर्षको उमेरमा आफ्नो आयुशक्ति हेर्नुभयो । आयु सकिन लागेको भन्ने जान्नुभई आजको सातदिनपछि परिनिर्वाण हुनेछु भनी घोषणा गर्नुभयो । त्यस घोषणा सुनेका रोहिनी नदिको वारिका बासिन्दाहरू "हामी महास्थविरप्रति उपकारी छौं । त्यसकारण हामीकहाँ परिनिर्वाण हुनुहोस्" भनी अनुरोध गरिरहे । पारिकाहरूले पनि "हामी महास्थविरप्रति अत्यन्त उपकारी छौं । त्यसकारण हामीकहाँ परिनिर्वाण हुनुहोस्" भनी अनुरोध गरिरहे । महास्थविरले तिनीहरूको अनुरोध सुनेर वारि र पारि दुबैतिरका मानिसहरू मलाई अत्यन्त उपकारी छन् । ऊ उपकारी, ऊ अनुपकारी भनी भन्न सक्दिन । यदि म वारिमा



Downloaded from http://dhamma.digital

वा पारिमा परिनिर्वाण भएमा धातुको लागि दुबैतिरका मान्छेहरू झगडा गर्नेछन् । झगडा श्रृजना हुनेछ । मेरो लागि कलह, झगडा शान्त हुने पनि मेरै निमित्त गरेर नै हो भन्ने सोच्नुभई "वारिकाहरू वारिमा नै पारिकाहरू पारिमा नै जमघट भई बस्नु" भनी आज्ञा हुनुभयो ।

त्यसपछि सातौं दिनमा नदीको बीचमा सत्तल जस्तो सानो कुटी आकाशमा निर्माण गरेर बस्नुभई उपस्थित सबैलाई धर्मदेशना गर्नुभयो । मेरो शारीरिक धातु आधा वारिमा र आधा पारिमा परोस् भन्ने सोच्नुभई अधिष्ठानपूर्वक बस्नुका साथै तेजोधातुमा समाधिस्थ हुनुभयो । परिनिर्वाणका साथै शरीरबाट निस्केको अग्नी ज्वालाले छाला, नहर आदिबाट धातुमात्र छुट्याएर नापेको जस्तो इट्ट भन्ने फूलको राशि जस्तो धातु आधा पारि र आधा वारि खस्नपुग्यो । धेरैजना रुँदै विलाप गर्न थाले, पृथ्वी कम्प भई फाटेर जाला जस्तो भयो । तथागत गौतमबुद्ध परिनिर्वाण हुनुभएको समयभन्दा पनि शोक विलाप अत्यन्त ठूलो भयो । मानिसहरू पनि **"तथागत गौतमबुद्ध परिनिर्वाण हुनुभए पनि आनन्द महास्थविर जीवित रहनुभएको भए तथागत गौतमबुद्ध विराजमान भएसरि हुने थियो । तथागत गौतमबुद्ध परिनिर्वाण हुनुभएको पनि आजकै दिन थियो ।"** भन्दै चार महिनासम्म रोएर शोकी र दुःखित भएर बसे । त्यसकारण आनन्द महास्थविरको परिनिर्वाण नदीको बीचमा सत्तल जस्तो सानो कुटी आकाशमा निर्माण गरी भएको हुनाले वहाँको परिनिर्वाण अरु-अरुको मृत्यु हुने ठाउँमा भएको हैन ।

(सद्धर्मरत्नावली, पेज ४३०)


## ६०. आनन्दबोधि (आनन्द पीपलबोट)

तथागत गौतमबुद्ध श्रावस्तिनगरमा वास गर्नुभई नगर चारिका गर्नुभएको समयमा श्रावस्तिनगरवासीका धेरै महिला तथा पुरुषहरू सुगन्धित फूलमालादि लिएर विहारमा गई तथागत गौतमबुद्धको दर्शन नपाई अत्यन्त दुःखित भई बुद्धको निम्ति ल्याएका फूलमालादि पूजा गर्न योग्य अन्य व्यक्ति वा स्थान नपाएर विहारको एक छेउमा थुपारेर छाडेर जान्थ्यो । अनाथपिण्डिक सेंठ आदि अन्य धेरै उपासक-उपासिकाहरूले त्यस ओइलिएर कुहिएको फूलमालाको थुप्रो देखेर दुःखित भई तथागत गौतमबुद्धलाई नदेखेर हामी सबैजना तथागत गौतमबुद्धलाई देखेसरि वन्दनामान गर्न योग्य उचित पूज्यस्थान भएमा अत्यन्त उपकारी हुने थियौं भनी एकआपसमा छलफल गर्नुभयो । तथागत गौतमबुद्ध जेतवनाराममा फर्किनुभएपछि सबैजना गएर तथागत गौतमबुद्धलाई भेटी वन्दनामान गरेर अत्यन्त खुशी भई पछि आनन्द स्थविरकहाँ गएर "भन्ते ! यतिका दिन तथागत गौतमबुद्धलाई नदेखेर, नभेटेर वन्दनामान गर्न उपयुक्त, योग्य वस्तु केही नपाएर अत्यन्त दुःखित छौं । तथागत गौतमबुद्ध भने अनेक ठाउँमा लोकार्थसिद्धिको लागि पाल्नुहुन्छ । तथागत गौतमबुद्ध विहारमा अनुपस्थित भएको समयमा हामी सबैले वन्दनामान गरी पूजासत्कार गर्न योग्य पूज्यवस्तु तथागत गौतमबुद्धलाई बिन्ति गरेर मागी दिनुहोस्" भनी प्रार्थना गरिरहे ।

त्यसै समयमा आनन्द महास्थविर तथागत गौतमबुद्धकहाँ गई अभिवादन गरी उक्त खबर सुचित गर्दै "भो शास्ता ! हजुरलाई देखेसरि, भेटेसरि पूजा गर्न योग्य वस्तु के हो ?" भनी प्रश्न गर्नुभयो । तथागत गौतमबुद्धले "आनन्द ! पूजा गर्न योग्य वस्तु **शारीरिक, उद्देशिक र पारिभोगिक**" भनी तीनवटा आज्ञा हुनुभयो । त्यसमध्ये शारीरिक धातु पूजा बुद्ध परिनिर्वाणपछि हुनेछ । उद्देशिक पूजा धर्मधातु तथा बुद्धमूर्ति




Downloaded from http://dhamma.digital



भिक्षु आनन्दको महापरिनिर्वाण

Downloaded from http://dhamma.digital



आनन्दबोधि

Downloaded from http://dhamma.digital

जस्ता मूर्ति आदिलाई गरिनेछ। पारिभोगिक पूजा चाहिं बुद्धद्वारा परिभोग गरिएका पात्र, चीवर आदि तथा बुद्ध हुने बेला अडेश लिएर बसेको श्रीमहाबोधि (पीपलको बोट) लाई गर्ने पूजासत्कार हुन्। त्यसकारण **"जयश्री महाबोधिबाट (पिपलको बोटबाट) एक शाखा ल्याई यस जेतवनाराममा रोपण गर्न लगाई त्यस पीपलको बोट (बोधि) लाई मलाई देखेसरि पूजासत्कार तथा अभिवादन गरेमा मलाई गरेको पूजासत्कार सरि हुनेछ"** भनी आज्ञा हुनुभयो।

त्यस समयमा आनन्द महास्थविरले यो खबर कोसल राजा आदि सबैलाई सुनाएर त्यसै समयमा जेतवनारामको ढोका नजिक खाल्टो खनेर राम्ररी व्यवस्थित गरेर महामौद्गल्यायन महास्थविरकहाँ गई "भन्ते ! जयश्री महाबोधिमा जानुभई एउटा फलशाखा हामीलाई ल्याई दिनुहोस्" भनी अनुरोध गर्नुभयो।

त्यस समयमा महामौद्गल्यायन महास्थविर सबै राजपरिषद्ले हेरिरहँदारहँदै नै "म जाने, गएको अवस्था र फलशाखा ल्याउने तरीका पनि सबैजनाले देखोस्" भनी अधिष्ठान गर्नुभई आकाशमा उडेर बोधिमण्डलमा जानुभई हाँगाबाट झरेको फलशाखा भुईंमा खस्न नदिई आकाशमै आफ्नो चीवरमा ठापेर लिनुभई पुनः तत्क्षणमै फर्किनुभयो र आकाशमार्गबाटै आनन्द महास्थविरलाई सुम्पिनुभयो।

आनन्द महास्थविरले दुबै हात ठापेर लिई कोसल महाराजाको हातमा दिंदै "महाराज ! तपाईंको स्वकीय हातले नै बोधिवृक्ष रोपण गर्नुहोस्" भनी भन्नुभयो। राजाले त्यस फलशाखा सुनको थालमा ठापेर लिनुभई टाउको माथि राखेर विहार वरिपरि तीनपटक प्रदक्षिणा गर्दै सोच्नुभयो कि मेरो राज्य सँधै मलाई स्थीर हुनुपर्छ भन्ने नियम छैन। त्यसकारण पछि हुने राजाहरूले मैले रोपेको बोधिवृक्षलाई गौरव मानसम्मान गर्ने गर्छ, गर्दैन थाहा छैन। सेंठहरू चाहिँ महापृथ्वी जस्तै हुन्। त्यसकारण अनाथपिण्डिक सेंठको हातबाट वृक्षरोपण गराउनेछु भन्ने सोच्नुभई "सेंठ ! तिम्रो हातबाट रोप्नु" भनी उनको हातमा हस्तान्तरण गर्नुभयो। त्यस समयमा लाखौं मूल्य पर्ने बाक्लो स्वर्ण थालको मुनि प्वाल पारेर खाल्टो बीच रोपेर त्यस फलशाखा सेंठले आफ्नो स्वकीय हातद्वारा जमिनमा रोप्नुभयो।

तत्क्षणमै सारा सत्त्वप्राणीहरूले हेर्दा-हेर्दै, देख्दा-देख्दै पृथ्वी फाटेर बाहिर निस्केको दिव्य नागराजासरि शाखाहरू फैलिएर बुद्ध, अरहन्तहरूको अधिस्थान शक्तिले, राजाहरूको तथा सेंठहरूको श्रद्धादि कुशल शक्तिले उम्रेको त्यस बोधिवृक्ष अत्यन्त धेरै नै ठूलो हुँदै समानरूपमा शोभायमान भएको ठूलो चाँडीको हाँगा जस्तै पचास योजन माथिसम्म हाँगा माथि उम्रेर त्यहीं पचास पचास योजन लामो शाखा पाँचवटा सोही सोही दिशामा फैलिएर बनस्पति वृक्षराज जस्तै विद्यमान हुनपुग्यो। त्यस वृक्षमा पनि नीलो मणि जस्ता पात समूह तथा अंकुर जस्ता राम्ररी फलेफुलेको रूखसरि फलसमूहले त्यस वृक्ष शोभा सम्पन्न भयो।

त्यो महाबोधिवृक्ष तलदेखि माथि टुप्पोसम्म एकसय रियनको उचाईमा हुर्किंदै गयो। पूर्वशाखादेखि पश्चिमशाखासम्म एकसय रियन, उत्तरशाखादेखि दक्षिणशाखासम्म एकसय रियन भई फैलियो। शाखा मण्डल अर्थात् जरामूलहरू तीनसय रियन हाम्रा तथागत गौतमबुद्धको अप्रमाण पुण्यशक्तिले श्रृजित भएको यस बोधिवृक्षको आश्चर्ययुक्त स्वभाव देखेर सातकोटी मानिसहरूको बसोबास रहेको त्यस श्रावस्तिनगर सप्तरत्नहरू उत्पन्न भएको बेलामा अप्रमाण सन्तोषभएका चक्रवर्ती सेना जस्तै अत्यन्त चकित तथा आश्चर्य हुनुभई महान् उत्सव तथा पूजासत्कार गर्नुभयो। साधु भन्नेहरूको संख्या कतिलाख होला भनेर अनुमान नै गर्न सकिन्न। अनेक पूजा सरसामानहरूका साथ तालि बजाउँदै प्रीति घोषणा गर्नेहरूको संख्या



Downloaded from http://dhamma.digital

कति होला भनी अनुमान नै गर्न सकिन्न । हातको दुईटा औंलाले चुट्किला बजाउँदै नाचगान गर्नेहरूको संख्या कति होला भनेर यकीन गर्न सकिन्न । लुगाफाटाहरू माथि आकाशतिर फ्याँक्दै पागलसरि उफ्रेर नाचगान गर्नेहरूको संख्या यकीन गरेर भन्न सकिन्न । पूजा सरसामानहरू लिएर विहारमा जानेहरूको संख्या पनि ठाउँ नभएको हुनाले मूल ढोकाबाट प्रवेश गर्न नसकी एकअर्कालाई घचेट्दै हिँड्दै गरेका मानिसहरूको संख्या कति लाख होला भनी कसरी भनौं ? हाम्रा तथागत गौतमबुद्ध आजै बुद्ध हुनुभएको होकि जस्तो लाग्छ किनकि यसप्रकारको जात्रा आजै भइरहेको छ । त्यसैले आज विश्वमा आश्चर्यको घटना घटिरहेको हो कि भनी विचार गर्न पुग्छु ।

यसरी आश्चर्यले युक्त भएको समयमा कोसल राजा, अनाथपिण्डिक सेंठ, विशाखा महाउपासिका, बन्धुलमल्लिका, कोसलमल्लिका तथा वासभखत्तिया इत्यादिहरू तथागत गौतमबुद्धप्रति प्रसन्न भएका धेरै महिला तथा पुरुषहरू त्यस बोधिवृक्षलाई घेरेर बस्दै सप्तरत्नद्वारा बोधिमण्डल बनाउन लगाई भित्री भागमा सप्तरत्नद्वारा आलेपन गर्न लगाई बोधिमण्डलको चारैतर्फ स्वर्णमय, रत्नमय, चाँदी आदिद्वारा निर्मित कलसहरूले घेरेर राख्नुभई अत्यन्त विचित्रको स्वर्णमय पर्खाल बनाउन लगाई सप्तरत्नले युक्त बाक्लो स्वर्णमय ढोका बनाउन लगाई सारा सत्त्व-प्राणीहरूलाई चित्तानन्द बनाई उम्रेको हुनाले, आनन्द महास्थविरको निर्देशनमा रोपेको हुनाले पनि यस बोधिलाई आनन्द महाबोधि भनी नामाकरण गरी प्रत्येक व्यक्तिले दिनहुँ पूजासत्कार गर्नु भनी आदेश गरी त्यस दिन अनेक प्रकारका पूजासत्कार गरी तथागत गौतमबुद्धलाई पञ्चाङ्ग दण्डवत् गरी बसिरहे ।

त्यस समयमा आनन्द महास्थविर तथागत गौतमबुद्धकहाँ गई पञ्चाङ्ग दण्डवत्का साथ अभिवादन गर्दै "भो शास्ता ! हजुरको महिमा हजुरले व्यक्त गरिरहनुपर्दैन । आजदेखि यो आनन्द बोधिवृक्षले नै लोकानन्द गर्दै लोकार्थ सिद्ध गर्नेछ । यो बोधिवृक्षलाई मानिसहरूले देखाएको मानसत्कार अत्यन्त श्रेष्ठ छ । हजुरले पनि यो आनन्द बोधिवृक्षमा अडेस लिएर वज्रासनमा बस्नुभई समापत्ति ध्यानमा बसेर यस बोधिवृक्ष परिभोग गरिदिनुहोस्" भनी अनुरोध गर्नुभयो । तथागत गौतमबुद्धले त्यस कुरा सुनेर मुखुक्क हाँस्नुहुँदै "आनन्द के भन्छौ ? मलाई समापत्ति ध्यान बस्नको लागि बोधिवृक्ष जस्तो योग्य अरु ठाउँ अनन्तपर्यन्त चक्रवालमा होस् वा यस मनुष्य लोकमा होस् वा दिव्यलोकमा होस् वा ब्रम्हलोक आदिमा होस् कुनै पनि ठाउँमा छैन । हात्तीले बोक्ने भारी चराले बोक्न सकिन्छ र ?" भनी आज्ञा हुनुभयो । आनन्द महास्थविर आफू तथागत गौतमबुद्धको अत्यन्त नजीकको सेवक भएको हुनाले "त्यसो भए भो शास्ता ! यो बोधिवृक्षमा अडेस् लिई समापत्ति सुखमा ध्यान बस्नुभई त्यस महाबोधिवृक्ष तथा भूमि परिभोग गरी दिनुहुन" भनी अनुरोध गरिरहे ।

त्यस समयमा तथागत गौतमबुद्ध त्यस बोधिवृक्षमुनि विराजमान हुनुभई त्यस बोधिवृक्षमा अडेस् लिएर पूर्वदिशाभिमुख गरी बस्नुभई त्यस दिनको मध्यरातभरि समापत्ति सुखले रात बिताउनुभयो । त्यहाँदेखि जेतवनाराम विहारमा तथागत गौतमबुद्धको अनुपस्थिति भएको समयमा पनि तथागत गौतमबुद्धको उपस्थिति रहेसरि भयो । त्यस आनन्द बोधिवृक्षलाई दिनहुँ लाखौं लाख परित्याग गरी गरिएका महान् पूजासत्कार हुनगयो ।

(पूजावली आनन्द बोधिपूजा)



Downloaded from http://dhamma.digital

# ६१. भिक्षु आनन्दको अतीत जीवनी

पियमतुरा भन्ने बुद्ध आफ्ना पिता महाराजालाई सत्कार संग्रह गर्नको लागि श्रावक समूहसँग हंसवतीनगरमा जानुभई त्यहाँ बास गरी बस्नुभयो । आफ्ना पिता महाराजा त्यस समयमा तथागत गौतमबुद्धप्रमुख भिक्षुसंघलाई चतुप्रत्ययद्वारा सत्कारसंग्रह गर्नुभयो । बुद्धको आफ्ना आमाको बहिनीको (सानी आमाकी) छोरा सुमन कुमार शहर बाहिर धेरै टाढाको ठाउँमा युवराजको पद धारण गरी बसिरहयो । त्यस समयमा राजाको टाढाको शहरमा चोर डाँकाहरूद्वारा अशान्ति मच्चाएको हुनाले सो खबर आफ्ना पिता महाराजालाई सूचित गरिरहयो । आफ्ना बुबा महाराजाले त्यस अशान्तिलाई शान्त पार्नु भनी सुमन राजकुमारलाई हुकुम हुनुभयो । सोअनुसार राजकुमार त्यहाँ गई उक्त अशान्तिलाई शान्त पार्नुभयो । त्यसबाट प्रसन्न हुनुभएका महाराजा, इच्छित बरदान माग्नु भनी आफ्ना छोरा सुमन राजकुमारलाई हुकुम भयो । सुमन राजकुमारले "तीन महिनाभरि बुद्धप्रमुख भिक्षुसंघलाई चतुप्रत्ययद्वारा सत्कार संग्रह गर्न मौका, अवस्था प्रदान गर्नुहोस्" भनी मागे । सो कुरा प्रदान गर्न आफू असमर्थ रहेकोले, अर्कै इच्छित बरदान माग्न महाराजाले आज्ञा हुनुभयो । आफूलाई आवश्यक एउटै बरदान उक्त कुरा नै हो भनी प्रकाश गरेपछि, त्यसोभए सोसम्बन्धी बुद्धको इच्छा जानीलिनु भनी महाराजाले सुमन राजकुमारलाई हुकुम हुनुभयो । सुमन राजकुमार बुद्धको दर्शन गर्न विहारमा जानुभयो । ऊ गएको समयमा बुद्ध गन्धकुटीमा विराजमान हुनुभएको थियो । सुमन राजकुमार विहारमा रहनुभएका भिक्षुहरूलाई भेटी आफू बुद्धको दर्शन गर्न आएको भनी सूचित गऱ्यो । सोचेको समयमा, मन लागेको बेलामा बुद्धको दर्शन गर्न नसकिने र सुमन भन्ने स्थविर मार्फत मात्र पियमतुरा भन्ने बुद्धको दर्शन गर्न सकिनेछ भनी सूचित गरे । तत्पश्चात् सुमन राजकुमार, सुमन स्थविरलाई भेटी बुद्धको दर्शन गर्न आएको खबर व्यक्त गर्नुभयो । सुमन स्थविर गन्धकुटीबाट आसन लिएर अन्तर्धान हुनुभई बाहिर विहारको आँगनमा दृश्यमान भई बुद्धको लागि आसन राख्नुभयो । त्यस आश्चर्य दृश्य देख्नुभएका सुमन राजकुमार, सुमन स्थविर श्रेष्ठ, पूजा गर्न योग्य भनी सोच्नुभयो । बुद्ध आफूलाई राखिएको आसनमा विराजमान हुनुभयो । राजकुमारले बुद्धलाई पञ्चाङ्ग दण्डवत् गरेर सो स्थविरसम्बन्धी सोध्नुभयो । बुद्धले सुमन स्थविर अग्रोपस्थापक भएको र ऊ त्यसको लागि सञ्चय गरेको अनेकौं पुण्यधर्म बारेमा पनि सविस्तार व्याख्या गर्नुभयो । सुमन राजकुमार आफू पनि भविष्यमा बुद्धको अग्रोपस्थापक बन्न इच्छुक भएको सूचित गर्दै बुद्धप्रमुख भिक्षुसंघलाई दानादिद्वारा अनेक पुण्यकर्म सञ्चय गरी लियो । पियमतुरा भन्ने बुद्धले सुमन राजकुमारलाई सम्बोधन गर्नुहुँदै "तिमी आजबाट लाखौं कल्पमा तथागत गौतम भन्ने बुद्धको अग्रोपस्थापक बन्ने छ" भनी भविष्यवाणी गर्नुभयो । तत्पश्चात् विपस्सि बुद्धको समयमा, काश्यप बुद्धको समयमा अप्रमाण पुण्यकर्म सञ्चय गरेर, अनेकौं जन्ममा दिव्यलोक तथा मनुष्य लोकमा जन्म लिएर आउनु भई तथागत गौतमबुद्धको समयमा किम्बुलवत्नगर सुद्धोदन महाराजाको सहोदर अमितोदन शाक्य राजाको छोरा भई जन्मनुभयो ।

(श्रावक चरित)



Downloaded from http://dhamma.digital

# ६२. भिक्षु आनन्दको तथागत गौतमबुद्धसँग पूर्वसम्बन्ध

सो आनन्द महास्थविर कस्तो प्रकारको विश्वासले गर्दा यसप्रकारको प्रेमले युक्त भई बुद्धलाई सेवासत्कार गरेको हो भने ?

पूर्वजन्ममा पियमतुरा भन्ने बुद्धको समयमा अनेक पुण्यकर्म सञ्चय गरेको हुनाले, बुद्धलाई यसरी सेवासत्कार गर्नेछु भनी प्रार्थना गरी आउनुभएको थियो। सारा संसारमा पनि बुद्धबाट धेरै उपकार पाई आउनुभएको थियो। बुद्धलाई पनि धेरै उपकार गरी आउनुभएको थियो।

शेष कल्प छोडेर यस कल्पमा **"जुण्ह जातकमा"** जुण्ह भन्ने राजाको समयमा अप्रमाण विश्वासले युक्त भएका प्रत्येक वर्ष लाखौं मूल्य पर्ने पाँचवटा गाउँहरू, सयौं स्त्रीहरू, सातसय गाईभैंसी, पन्ध्र हजारौं स्वर्णाभरण साथै स्त्रीहरू दुई दुईजना तथा यी यस्ता अनेक धनराशी एकैदिनमा पाएका त्यस समयका सो ब्राम्हण यस समयमा आनन्द महास्थविर हुन्।

पुनश्च भद्दसाल जातकमा भद्दसाल भन्ने वृक्षदेवताको समयमा बोधिसत्त्वबाट अववादोपदेश पाएर त्यस समयदेखि प्रत्येक वर्ष लाखौं मूल्यको बलिपूजा गराइएका त्यस समयका सो राजा यस समयमा आनन्द महास्थविर हुन्।

पुनश्च कालिङ्गबोधि जातकमा बोधिमण्डल देख्नु भई बुद्ध हुनुभएको स्थान भनी सुनेर बुद्धप्रति श्रद्धाले युक्त भई त्यस ठाउँमा अठार योजन उचाई भएको ठूलो स्तम्भ गाडेर, चारैतिर सात योजन वेदिका stage बनाएर, बीचमा सुनले लेपन गराएर, सुनको पर्खाल, सुनको ढोका बनाएर साठ्ठी हजार सुगन्ध फूलमालाले पूजोपहार गरेर, "प्रत्येक दिन यसरी नै पूजा गर्नु" भनी आदेश दिएर जानुभएका त्यस समयका सो कालिङ्ग भन्ने चक्रवर्ती राजा यस समयमा यही आनन्द महास्थविर हुन्।

पुनश्च रुरुमिग जातकमा उनी रुरु मृग भन्ने मृगराजाको समयमा मृगको मुखबाट देशना गरिएका धर्मदेशना श्रवण गरी प्रसन्न भई जल, थलमा रहेका सारा प्राणीहरूलाई अभय दान प्रदान गर्नुभएका त्यस समयका वाराणसी राजा पनि यही आनन्द महास्थविर हुन्।

पुनश्च सालितेदार जातकमा उनी सुगा राजाको रूपमा जन्मनुभएको समयमा सुगाले गरेको धर्मदेशना श्रवण गरेर प्रसन्न भई आठ भखारी चामलले पूजा गर्नुभएको त्यस समयका सो सालिन्द भन्ने ब्राम्हण यस समयमा यही आनन्द महास्थविर हुन्।

पुनश्च चित्तसम्भूत जातकानुसार बुद्धचित्त भन्ने महातापसको समयमा लगातार चार जन्ममा विश्वास धर्मले नै जन्मभई अन्तिम जन्ममा बोधिसत्त्वबाट धर्मश्रवण गरेर प्रसन्न भई, त्यसै समयमा वाराणसी राज्य त्याग गरेर, त्यसैदिन प्रव्रजित भई जीवनको अन्तिम अवस्थासम्म प्रेमभक्तिद्वारा युक्तभई सेवासत्कार गरेको त्यस समयका सो सम्भूत भन्ने राजा यस समयमा यही आनन्द हुन्।

पुनश्च सिवि जातकानुसार उनी सिवि भन्ने नेता अन्धा ब्राम्हणलाई आँखा दान दिने समयमा बोधिसत्त्वको आदेशले र औषधिको शक्तिले आँखा दुइटा निकालेर दिनुभएकोले गर्न नसकिने अङ्ग परित्यागले समेत प्रेरित भएको, त्यस समयका सिवि भन्ने बैद्य यस समयमा यही आनन्द हुन्।

पुनश्च रोहन्तमिग जातकानुसार रोहन्त भन्ने मृगराजा भएको समयमा पासोमा फँसेको बेलामा अस्सिहजार मृगहरूलाई भाग्न जानदिई आफू पनि त्यस पासोमा फसेसरि प्रेमरूपी पासोमा फसेर "मलाई हत्या गरे तापनि तिनीहरूको हत्या गर्न दिइनेछैन" भनी बोधिसत्त्व स्वयं आफू पनि त्यस पासोमा फसेर त्यस हुललाई आश्चर्य बनाई, बोधिसत्त्वको जीवन रक्षा गरिदिएको त्यस समयका सो चित्त भन्ने सहोदर



Downloaded from http://dhamma.digital

मृग चाहिं यस समयमा यही आनन्द महास्थविर हुन् ।

पुनश्च महाबोधि जातकानुसार बुद्ध महातापस भएर राजाको घरमा भिक्षा माग्न आएको दिनमा भित्र नै जीवनलाई खतरा भएको देखेर खुट्किला माथि टाउको राखेर भुक्ने स्वरमा ठूलो हुनेगरी मुख खोलेर "स्वामी ! यस गृहमा न आउनुस्, राजाले तपाईंलाई मार्ने हुकुम भएको छ । अर्कैतिर भिक्षा मागेर जानुस्" भनी कुकुरको भाषामा ठूलो स्वरमा भनेर बोधिसत्त्वलाई अर्कोतिर पठाएर जीवन रक्षा गरी दिएको त्यस समयका सो कोलेच्च भन्ने कुकुर यस समयमा यही आनन्द हुन् ।

पुनश्च सोनन्द जातकानुसार सोनन्द भन्ने महातापसको समयमा तिमीबाट क्रोध भएको सुनेर, डराई काँप्दै चौबीस हजार महासेना त्यत्ति नै प्रमाणका राजपरिषद्हरू डाकेर गई यतिका जनाले आग्रह गरेर तापस भान्जाहरूलाई दण्डवत् गरेर, क्षमा लिई धेरै दिनसम्म गौरवकासाथ सत्कार संग्रह गरेर, वास गराउनुभएका, त्यस समयका सोनन्द भन्ने तापस यस समयमा यही आनन्द महास्थविर हुन् ।

पुनश्च चुल्लहंस जातकानुसार धृतराष्ट्र भन्ने हंसराज भई कमल फूलका पोखरीको पासोमा फँसेको बेला नब्बे हजार हाँसहरू ती ती ठाउँमा भागेर गएको बेलामा आफू पनि भागेर नगई बोधिसत्त्वको जीवन रक्षा गरेर त्यस समयदेखि एक आपसलाई नछोडी आउनुभएका, त्यस समयमा सुमुख भन्ने हाँस सेनापति (हंस सेनापति) यही आनन्द महास्थविर हुन् ।

पुनश्च गुण जातकानुसार सिंहराजाको समयमा हिलोको खाल्टोमा खसेर मृत्यु हुन लागेको बेला जीवन रक्षा गरेकाले त्यहाँदेखि सातपुस्तासम्म विश्वास धर्म विनाश नगरी गरेको त्यस समयका ती स्याल भन्ने यस समयमा यही आनन्द महास्थविर हुन् ।

पुनश्च चुल्लपदुम जातकानुसार एकजना स्त्रीले बोधिसत्त्वलाई पर्वतको टुप्पाबाट खसालेको बेला आफ्नो कांधमा थापेर जीवन रक्षा गरिदिएको त्यस समयका ती देवता यस समयमा यही आनन्द महास्थविर हुन् ।

पुनश्च तित्तीर वच्छ जातकानुसार तित्तीरवच्छ भन्ने महातापसको समयमा युद्धमा पराजित भई इनारमा खसेको बेलामा बोधिसत्त्वले गर्दा जीवन पाएको हुनाले त्यस समयदेखि जीवनको अन्तसम्म प्रणीत भोजनादिद्वारा धेरै उपस्थान गर्नुभएका त्यस समयका ती वाराणसी राजा यही आनन्द महास्थविर हुन् ।

पुनश्च सिवि जातकानुसार बुद्ध तापसधर्म अभ्यास गरी पूर्ण गरिरहेको समयमा तपाईंको उपदेशले कुकुरको मांशानुभव गरेर वाराणसीनगर राज्य पाएर धेरै दिन तपाईंलाई नै उपस्थान गर्नुभएको त्यस समयमा ती हस्त्याचारी भन्ने यस समयमा यही आनन्द महास्थविर हुन् ।

पुनश्च महाअश्वारोह जातकानुसार बुद्ध वाराणसीमा राज गर्नुभएको समयमा वहाँ किसानकुलमा जन्मेर धेरै समयसम्म राज्यसुख भोग गर्नुहुँदै रहनुभएका त्यस समयमा त्यस प्रत्यन्त वासी पुरुष यस समयमा यही आनन्द महास्थविर हुन् ।

पुनश्च पीठ जातकानुसार बुद्ध प्रव्रज्याधर्म अभ्यास गरी पूर्ण गरिरहेको समयमा धेरै दिन आदर गौरवले उपस्थान गरेका त्यस समयका ती धनवान् सेंठ यस समयमा यही आनन्द महास्थविर हुन् ।

पुनश्च स्वर्ण कर्कटक जातकमा बुद्ध ब्राम्हण महासारको रूपमा रहनुभएको समयमा साँपले तोकेर बिषको कारणले मुर्च्छा भई मृत्यु हुन लागेको बेलामा जीवन रक्षा गरी दिनुभएका त्यस समयका ती स्वर्णमय गँगटो यस समयमा यही आनन्द महास्थविर हुन् ।

(पूजावलि-असदृश महादान पूजा कथा, पेज ३९५-३९८)



Downloaded from http://dhamma.digital

## ६३. भिक्षु आनन्द उदान

१०१७. पिसुनेन च कोधनेन च मच्छरिना च विभूतनन्दिना,
सखितं न करेय्य पण्डितो, पापो कापुरिसेन सङ्गमो ।

१०१८. सद्धेन च पेसलेन च पञ्ञवता बहुस्सुतेन च,
सखितं हि करेय्य पण्डितो भद्दो सप्पुरिसेन सङ्गमो ।

१०१९. पस्सचित्त कतं बिम्बं अरुकायं समुस्सितं,
आतुरं बहु संकप्पं यस्सनत्थि धुवं ठिति ।

१०२०. पस्सचित्त कता रूपं मणिना कुण्डलेन च,
अट्ठिं तचे न ओनद्धं सह वत्थेन सोभति ।

१०२१. अलत्तक कता पादा मुखं चुण्णकमक्खितं,
अलं बालस्स मोहाय नो च पार गवेसिनो ।

१०२२. अट्ठपादकता केसा नेत्ता अञ्जनमक्खिता,
अलं बालस्स मोहाय नो च पार गवेसिनो ।

१०२३. अञ्जनीव नवा चित्ता पूतिकायो अलंकतो,
अलं बालस्स मोहाय नो च पार गवेसिनो ।

१०२४. ओदहि मिगवो पासं नासदा वागुरं मिगो,
भुत्वा निवापं गच्छाम कन्दन्ते मिगबन्धके ।

१०२५. छिन्ना पासा मिगवस्स नासदा वगूरं मिगो,
भुत्वा निवापं गच्छाम सोचन्ते मिगलुद्दके ।

१०२६. बहुस्सुतो चित्तकथि बुद्धस्स परिवारको,
पन्नभारो विसञ्ञत्तो सेय्यं कप्पेतिगोतमो ।

१०२७. खीणासवो विसञ्ञत्तो संगातीतो सुनिब्बुतो,
धारेति अन्तिमं देहं जातिमरण पारगू ।

१०२८. यस्मिं पतिट्ठिता धम्मा बुद्धस्सादिच्चबन्धुनो,
निब्बानगमने मग्गे सो'य तिट्ठति गोतमो ।

१०२९. द्वासीतिं बुद्धतो गण्हिं द्वे सहस्सानि भिक्खुतो,
चतुरासीति सहस्सानि ये मे धम्मा पवत्तिनो ।

१०३०. अप्पस्सुता'यं पुरिसो बलिवद्धो'व जीरति,
मंसानि तस्स वड्ढन्ति पञ्ञा तस्स न वड्ढति ।



Downloaded from http://dhamma.digital

१०३१. बहुस्सुतो अप्पस्सुतं सो सुतेनातिमञ्ञति,
अन्धो पदीपधारो'व तथेव पटिभाति मं।

१०३२. बहुस्सुतं उपासेय्य सुतं च न विनासये,
तं मूलं ब्रम्हचरियस्स तस्मा धम्मधरोसिया।

१०३३. पुब्बापरञ्ञु अत्थञ्ञु निरुत्तिपद कोविदो,
सुग्गहीतं च गण्हाति अत्थं चोपपरिक्खति।

१०३४. खन्त्या छन्दीकतो होति उस्सहित्वा तुलेति तं,
समये सो पदहति अज्झत्तं सुसमाहितो।

१०३५. बहुस्सुतं धम्मधरं सप्पञ्ञं बुद्धसावकं,
धम्मविञ्ञाणमाकङ्खं तं भजेथ तथाविधं।

१०३६. बहुस्सुतो धम्मधरो कोसारक्खो महेसिनो,
चक्खु सब्बस्स लोकस्स पूजनीयो बहुस्सतो।

१०३७. धम्मारामो धम्मरतो धम्मं अनुविचिन्तयं,
धम्मं अनुस्सरं भिक्खु सद्धम्मा न परिहायति।

१०३८. कायमच्छेर गरुनो भिय्यमानो अनुट्ठहे,
सरीरसुख गिद्धस्स कुतो समण फासुता।

१०३९. न पक्खन्ति दिसा सब्बा धम्मा न पटिभन्ति मं,
गते कल्याणमित्तम्हि अन्धकारं व खायति।

१०४०. अब्भतीत सहायस्स अतीतगत सत्थुनो,
नत्थि एतादिसं मित्तं यथाकायगता सति।

१०४१. ये पुराणा अतीता ते नवेहि न समेति मे,
स्वज्ज एको'व झायामि वस्सुपेतो'व पक्खिमा।

१०४२. दस्सनाय अभिक्कन्ते ना ना वेरज्जके बहु,
मा वारयित्थ सोतारो पस्सन्तु समयो ममं।

१०४३. दस्सनाय अभिक्कन्ते ना ना वेरज्जके पुथु,
करोति सत्थाओकासं न निवारेति चक्खुमा।

१०४४. पण्णवीसति वस्सानि सेखभूतस्स मे सतो,
न कामसञ्ञा उप्पज्जि पस्सधम्म सुधम्मतं,

१०४५. पण्णवीसति वस्सानि सेखभूतस्स मे सतो,
न दोससञ्ञा उप्पज्जि पस्सधम्म सुधम्मतं



Downloaded from http://dhamma.digital

१०४६. पण्णवीसति वस्सानि भगवन्तं उपट्ठहिं,
मेत्तेन काय कम्मेन छाया'व अनपायिनि ।

१०४७. पण्णवीसति वस्सानि भगवन्तं उपट्ठहिं,
मेत्तेन वची कम्मेन छाया'व अनपायिनि ।

१०४८. पण्णवीसति वस्सानि भगवन्तं उपट्ठहिं,
मेत्तेन मनो कम्मेन छाया'व अनपायिनि ।

१०४९. बुद्धस्स चङ्कमन्तस्स पिट्ठितो अनुचङ्कमिं,
धम्मे देसियमानम्हि ञाणं मे उदपज्जथ ।

१०५०. अहं सकरणीयोम्हि सेखो अप्पत्तमानसो,
सत्थु च परिनिब्बाणं यो अम्हं अनुकम्पको ।

१०५१. तदासि यं भिंसनकं तदासि लोमहंसनं,
सब्बाकारवरूपेते सम्बुद्धे परिनिब्बुते ।

१०५२. बहुस्सुतो धम्मधरो कोसारक्खो महेसिनो,
चक्खु सब्बस्स लोकस्स आनन्दो परिनिब्बुतो ।

१०५३. बहुस्सुतो धम्मधरो कोसारक्खो महेसिनो,
चक्खु सब्बस्स लोकस्स अन्धकारे तमोनुदो ।

१०५४. गतिमन्तो सतिमन्तो धितिमन्तो च यो इसि,
सद्धम्मधारको थेरो आनन्दो रतनाकरो ।

१०५५. परिचिण्णोमया सत्था कतं बुद्धस्स सासनं,
ओहितो गरुको भारो नत्थिदानि पुनब्भवो'ति ।

(थेरगाथा-आनन्दथेर गाथा)

६५३. आरामद्वारा निक्खम्म पदुमुत्तरो महामुनि,
वस्सनेतो अमतं वुट्ठिं निब्बा पेसि महाजनं ।

६५४. सतसहस्सा ते वीरा छलभिञ्ञा महिद्धिका,
परिवारेति सम्बुद्धं छायाव अनपायिनि ।

६५५. हत्थिक्खन्धगतो आसिं सेतच्छत्तं वरुत्तमं,
सुचारुरूपं दिस्वान वित्ति मे उपपज्जथ ।

६५६. ओरुय्ह हत्थिक्खन्धम्हा उपगच्छिं नरासभं,
रतनामय छत्तं मे बुद्धसेट्ठस्स धारयिं ।



Downloaded from http://dhamma.digital

६५७. मम सङ्कप्पमञ्ञाय पदुमुत्तरो महामुनि,
तं कथं ठपयित्वान इमा गाथा अभासथ।

६५८. यो सो छत्तं अधारेसि सोण्णालङ्कारभूसितं,
तम्हा कित्तयिस्सामि सुनाथ मम भासतो।

६५९. इतो गन्त्वा अयं पोसो तुसितं आवसिस्सति,
अनुभोस्सति सम्पत्तिं अच्छराहि पुरक्खतो।

६६०. चतुत्तिंसतिक्खत्तुञ्च देवरज्जं करिस्सति,
बलाधिपो अट्ठसतं वसुधं आवसिस्सति।

६६१. अट्ठपञ्ञासक्खत्तुञ्च चक्कवत्ति भविस्सति,
पदेसरज्जं विपुलं महिया कारयिस्सति।

६६२. कप्पसतसहस्सम्हि ओक्काककुलसम्भवो,
गोतमो नाम गोत्तेन सत्ता लोके भविस्सति।

६६३. सक्यानं कुलकेतुस्स ञाति बन्धु भविस्सति,
आनन्दो नाम नामेन उपट्ठाको महेसिनो।

६६४. आतापि निपको चापि बाहुसच्चेसु कोविदो,
निवात वुत्ति अत्थद्धो सब्बपाठि भविस्सति।

६६५. पधानपहितत्तो सो उपसन्तो निरूपधि,
सब्बासवे परिञ्ञाय निब्बायिस्सति नासवो।

६६६. सन्ति अरञ्ञका नागा कुञ्जरा सट्ठिहायना,
तिधापभिन्नमातङ्गा ईसादन्ता उरूल्हवा।

६६७. अनेक सतसहस्सा पण्डिता'पि महिद्धिका,
सब्बेते बुद्धनागस्स न होन्तु पनिधिम्हि ते।

६६८. आदियामे नमस्सामि मज्झिमे अथ पच्छिमे,
पसन्नचित्तो सुमनो बुद्धसेट्ठं उपट्ठहिं।

६६९. आतापी निपको चापि सम्पजानो पतिस्सतो,
सोतापत्तिफलम्पत्तो सेक्खभूमिसु कोविदो।

६७०. कप्पेतो सतसहस्से यं कम्ममभिनीहरिं,
ता'हं भूमिमनुप्पत्तो ठीतो सद्धम्म मचले।

(अपदान पालि-आनन्दत्थेरापदानं)



Downloaded from http://dhamma.digital

## ६४. भिक्षु आनन्द राजाको रूपमा जन्मेको देखाइएका जातक कथाहरू

| क्र.सं. | जातक | जातक अंक | क्र.सं. | जातक | जातक अंक |
|---|---|---|---|---|---|
| १. | निग्रोधमिग | १२ | २. | कल्याण धम्म | १६६ |
| ३. | कुक्कुर | २२ | ४. | कलहसमुट्ठि | १७१ |
| ५. | भोजाजनीय | २३ | ६. | वालोदक | १७८ |
| ७. | आजञ्ञ | २४ | ८. | गिरिदत्त | १७९ |
| ९. | तीर्थ | २५ | १०. | पर्वतोत्तर | १८९ |
| ११. | महिलामुख | २६ | १२. | कच्छप | २०९ |
| १३. | मुदु लक्खण | ६६ | १४. | कोसिय | २१९ |
| १५. | कुद्दाल | ७० | १६. | गुत्तिल | २३६ |
| १७. | महासुपिन | ७७ | १८. | सिन्धव | २४७ |
| १९. | इल्लीस | ७८ | २०. | सुपत्त | २८५ |
| २१. | महासार | ९१ | २२. | छवक | ३०० |
| २३. | सालिक | १०६ | २४. | सयह | ३०१ |
| २५. | बन्धनमोक्ख | ११६ | २६. | ब्रम्हदत्त | ३१६ |
| २७. | एकपण्ण | १४५ | २८. | केसव | ३३६ |
| २९. | राजोवाद | १४७ | ३०. | सुस्सोन्दि | ३४९ |
| ३१. | गग्ग | १५१ | ३२. | तवसार | ३५६ |
| ३३. | सुहनु | १५४ | ३४. | अवारिय | ३६४ |
| ३५. | स्वर्णमयुर | १५५ | ३६. | नन्दियमिग | ३७३ |
| ३७. | सुसीम | १५९ | ३८. | धजविहेठ | ३७९ |
| ३९. | गिज्झ | १६० | ४०. | कुक्कु | ३८४ |
| ४१. | अट्ठिसेन | ३९१ | ४२. | सुतनु | ३८७ |
| ४३. | महाकपि | ३९५ | ४४. | सत्तिकुम्वल | ४९५ |
| ४५. | सुसीम | ३९९ | ४६. | सम्भव | ५०६ |
| ४७. | धूमकारी | ४०१ | ४८. | तेसकुण | ५११ |
| ४९. | अट्ठसद्द | ४०६ | ५०. | संखपाल | ५१४ |
| ५१. | चुल्लबोधि | ४३० | ५२. | साम | ५२८ |
| ५३. | मातुपोसक | ४४१ | ५४. | एकराज | ३०८ |
| ५५. | भद्दसाल | ४५९ | ५६. | असदृस | १७६ |
| ५७. | मित्तामित्त | ४६५ | ५८. | किरीटवच्छ | २५२ |
| ५९. | अम्बा | ४६६ | ६०. | सेय्यंस | २७५ |



Downloaded from http://dhamma.digital

| | | | | | |
|---|---|---|---|---|---|
| ६१. | जवनहंस | ४६८ | ६२. | घन | ३४४ |
| ६३. | दूत | ४७० | ६४. | तुण्डिल | ३७६ |
| ६५. | कालिङ्गबोधि | ४७१ | ६६. | हारीत | ४१९ |
| ६७. | रूरमिग | ४७४ | ६८. | राजोवाद | ४२० |
| ६९. | सरभमिग | ४७५ | ७०. | कुम्भ | ५०४ |
| ७१. | उद्दालक | ४७९ | ७२. | चित्त सम्भूत | ४९० |
| ७३. | दसब्राम्हण | ४८७ | ७४. | विधुर | ५३४ |
| ७५. | भिक्खापरम्परा | ४८८ | | | |

## ६५. भिक्षु आनन्द सत्वको रूपमा जन्मेको देखाइएका जातक कथाहरू

| क्र.सं. | जातक | जातक अंक | क्र.सं. | जातक | जातक अंक |
|---|---|---|---|---|---|
| १. | सच्चंकिर | ७३ | २. | नेरु | ३६७ |
| ३. | राध | १४१ | ४. | सुवण्णकक्कटक | ३७७ |
| ५. | गुण | १५३ | ६. | महापदुम | ४६४ |
| ७. | विनीलक | १५६ | ८. | रोहन्तमिग | ४९३ |
| ९. | कच्छप | १७३ | १०. | चुल्लहंस | ५२१ |
| ११. | संगामावचर | १७७ | १२. | कुणाल | ५२४ |
| १३. | चुल्लपदुम | १८७ | १४. | महाउम्मग्ग | ५३४ |
| १५. | राध | १९२ | १६. | महाबोधि | ५३७ |
| १७. | अभ्यन्तर | २७४ | १८. | महाहंस | ५२२ |
| १९. | सस | ३०७ | २०. | मुनिक | ३० |
| २१. | कालबाहु | ३२२ | २२. | चुल्लनन्द | २१६ |

## ६६. भिक्षु आनन्द तथा बोधिसत्वसँग सम्बन्ध देखाइएका अर्को पनि जातक कथाहरू

| क्र.सं. | जातक | जातक अंक | बोधिसत्त्व | आनन्द स्थविर |
|---|---|---|---|---|
| १. | देवधर्म | ६ | महिंसास कुमार | सूर्य कुमार |
| २. | मखादेव | ९ | मखादेव राजा | हजाम |
| ३. | कुलावक | ३१ | शक्रदेवेन्द्र | मातली |
| ४. | असातमन्त | ६१ | दिसापामोक्ष आचार्य | शिष्य |
| ५. | तक्क | ६३ | तक्क पण्डित | चोर पुरुष |



Downloaded from http://dhamma.digital

| | | | | |
|---|---|---|---|---|
| ११. | गामणीचण्ड | २५० | अद्दसमुख राजा | गामणीचण्ड सेवक |
| १२. | नानाच्छन्द | २८२ | वाराणशी राजा | पुरोहित ब्राम्हण |
| १३. | महाअश्वारोहक | २९५ | वाराणशी राजा | देशसीमाका बासिन्दा |
| १४. | गन्धार | ३९४ | गन्धार तापस | वेदेह तापस |
| १५. | इन्द्रिय | ४११ | सरभङ्ग तापस | उपशिष्य तापस |
| १६. | संख | ४२९ | संख ब्राम्हण | उपस्थापक |
| १७. | कण्हदीप | ४३१ | कण्हदीपायन तापस | मण्डप्प उपासक |
| १८. | निग्रोध | ४३२ | निग्रोध राजा | मुत्तिय कुमार |
| १९. | बिलारकोसिय | ४३७ | शक्रदेवेन्द्र | पञ्चसिख दिव्यपुत्र |
| २०. | जुण्ह | ४४२ | जुण्ह कुमार | गाँउप्राप्त ब्राम्हण |
| २१. | युद्धञ्जय | ४४६ | युद्धञ्जय कुमार | युधिट्ठिल कुमार |
| २२. | दसरथ | ४४७ | राम पण्डित | भारत कुमार |
| २३. | सालिकेदार | ४७६ | सुगा राजा | कोसिक ब्राम्हण |
| २४. | सिवि | ४९१ | सिवि राजा | वैद्य |
| २५. | शरभङ्ग | ५१२ | शरभङ्ग आचार्य | अन्तेवासि उपशिष्य |
| २६. | चुल्लसुतसोम | ५१५ | सुतसोम राजा | सोमदत्त कुमार |
| २७. | कुस | ५१९ | कुस राजा | जयम्पति कुमार |
| २८. | सोणनन्द | ५२० | सोण पण्डित | नन्द पण्डित |
| २९. | सुधाभोजन | ५२३ | शक्रदेवेन्द्र | मातली दिव्यपुत्र |
| ३०. | महासुतसोम | ५२५ | सुतसोम राजा | नन्द ब्राम्हण |
| ३१. | महाजनक | ५२७ | महाजनक राजा | धनुष बनाउनेव्यक्ति |
| ३२. | महानारद काश्यप | ५३१ | नारद भन्ने महाब्रम्हा | राज कुमारी |
| ३३. | भूरिदत्त | ५३२ | भूरिदत्त नागराज | सोमदत्त ब्राम्हणपुत्र |
| ३४. | उम्मादन्ति | ५३६ | सिवि राजा | सुनन्द रथवाहक |
| ३५. | सत्तुभस्त | ३९१ | सेनक पण्डित | ब्राम्हण |
| ३६. | नन्दिविसाल | २८ | नन्दिविसाल वृषभ | ब्राम्हण |
| ३७. | मच्छ | ७५ | मत्स्य राजा | बादल दिव्यपुत्र |
| ३८. | दुम्मेध | ११८ | हात्ती | हाती माउ |
| ३९. | सालोहित | २७९ | महालोहित | चुल्ललोहित |
| ४०. | पलास | २९८ | वृषभ देवता | ब्राम्हण |

बुद्धोपस्थापक भिक्षु आनन्द महास्थविर चरित्र समाप्त


Downloaded from http://dhamma.digital

# NAME LIST OF DONORS:

| | |
|---|---|
| Mr. Montri Tawaro | 3,000 Baht |
| Mr. Gopal and Sumikar Lama | 2,500 Baht |
| Mr. Avishor & Mala Tamang Family | 1,500 Baht |
| Sramanera Susasak (Sanjeev) Kunti | 1,115 Baht |
| Mr. Sagar Lama family | 3,111 Baht |
| Mrs. Leelawati Kharel Chetri Family | 1,100 Baht |
| Vijay Thapa and Nilar Gurung | 1,005 Baht |
| Ven. Phramaha Chairat Phukdee | 1,000 Baht |
| Mr. Rosan Gautam Chettri | 1,000 Baht |
| Mr. Bowly Lama | 1,000 Baht |
| Mr. Ganbse Lama | 1,000 Baht |
| Miss. Meena Tamang | 1,000 Baht |
| Miss Hema Thapa | 500 Baht |
| Mr. Shyam and Susila Lama | 1,000 Baht |
| Mrs Sila Rai Family | 1,000 Baht |
| Phra Prapas Pabhaso, Wat Sraket | 1,000 Baht |
| Miss. Bishnu Subedi (Nurse) Tachiliek, Myanmar | 1,000 Baht |
| Bhikkkhu Surya Sudassi (Surya Bahadur Gurung) | 1,000 Baht |
| Maina Rai Family | 777 Baht |
| Mrs. Shanti Lama and Family | 600 Baht |
| Niichadar Group | 600 Baht |
| Durga Thakuri | 560 Baht |
| Mrs. Ganga Sangraula Chetri Family | 542 Baht |
| Mr. Lelardar Kharel Family, Thailand | 520 Baht |
| Mrs. Pholmaya Subedi, Tachiliek, Myanmar | 520 Baht |
| Ms. Lavanya Gurung | 509 Baht |
| Mr. J. B. Chetri family | 500 Baht |
| Mr. Mohan Thapa | 500 Baht |
| Miss. Anunya Amonsinthavee | 500 Baht |
| Mrs. Supavadee Rwsitienchai | 500 Baht |
| Mr. Tun Kyi and Kalawati | 500 Baht |
| Miss Phoolu Dangol | 500 Baht |
| Mrs. Simar & Mrs. Kamalar, Tachiliek, Myanmar | 500 Baht |
| Mr. Prem Adhikari Family, Thailand | 500 Baht |
| Mrs. Radhika Subedi, Tachiliek, Myanmar | 500 Baht |
| Mr. Kumar Pokharel Family, Myanmar | 500 Baht |
| Nepalese Devotee | 480 Baht |

Dhamma.Digital




Downloaded from http://dhamma.digital

| | |
|---|---|
| Miss. Bindu Rai | 300 Baht |
| Miss. Bella Rai | 200 Baht |
| Miss. Sumita Rai | 50 Baht |
| Mr./Mrs. Punya Laxmi Shakya Family | 30 000 Nrs. |
| Mrs. Anita Shakya | 6000 Nrs. |
| Mrs. Mangal Laxmi Tuladhar | - |
| Mr. Pradip Thapa | 4000 Nrs. |
| Miss Samita Yesmali Magar | 2500 Nrs. |
| Bhikkshu Magar (Medhankar) | 2500 Nrs. |
| Miss. Kalpana Pun (Pariyatti) | 2500 Nrs. |
| Mr. Suresh Maharjan | 2000 Nrs. |
| Mr. Gyan Ratna Dangol | 2000 Nrs. |
| Mr. Pragyaratna Ghulu | 2000 Nrs. |
| Mrs. Deepika Shakya | 2000 Nrs. |
| Nun. Sobhawati | 2000 Nrs. |
| Mr. Sundar Kumar Shrestha | 1500 Nrs. |
| Mrs. Gyani Shrestha | 1055 Nrs. |
| Mrs. Kalpana Maharjan | 1,100 Nrs. |
| Mrs. Mayadevi Shrestha | 1010 Nrs. |
| Miss Amrita Shakya | 1005 Nrs. |
| Mr./Mrs. Prem + Dilkumari | 1000 Nrs. |
| Mr. Rakesh Maharjan | 1000 Nrs. |
| Mrs. Sushila Shakya | 1000 Nrs. |
| Miss. Renuka Bajracharya | 1005 Nrs. |
| Mrs. Laxmi Shova Nakarmi | 1000 Nrs. |
| Mrs. Sumitra Tandukar Shrestha | 1000 Nrs. |
| Mr. Ratna Bahadur Tandukar | 1000 Nrs. |
| Mrs. Buddhi Pun | 500 Nrs. |
| Mrs. Hera Maya Dangol | 500 Nrs. |
| Mrs. Mallika Tandukar | 500 Nrs. |
| Mrs. Chandra Maya Dangol | 100 Nrs. |



Downloaded from http://dhamma.digital



Downloaded from http://dhamma.digital